# अनुभवहरू

वर्ष २१, अंक ८ साल २०७७

## बाल अधिकार महासन्धिको तीन दशक





CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION
कन्सोर्टियम-नेपाल

कन्सोर्टियम-नेपाल
Consortium Nepal

# वर्तमान कार्यकारिणी समिति



**किरण थापा**
अध्यक्ष



**मोहन दङ्गाल**
उपाअध्यक्ष



**सन्तोष महर्जन**
महासचिव



**प्रदिप कुमार लामिछाने**
सचिव



**देवी रेग्मी**
कोषाध्यक्ष



**सालिकराम पाण्डे**
सदस्य



**वृजमोहन कुशवाहा**
सदस्य



**प्रकाश खतिवडा**
सदस्य



**उषा वि. क.**
सदस्य



**गङ्गा गुरूङ**
सदस्य



**अनिता पाण्डे**
सदस्य

# अनुभवहरु

वर्ष २१, अंक ८ साल २०७७

## बाल अधिकार महासन्धिको तीन दशक





CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION
कन्सोर्टियम-नेपाल

| | |
|---|---|
| **प्रकाशन सल्लाहकार** | तारक धिताल<br>कृष्ण सुवेदी<br>प्रकाश कोइराला<br>चन्द्रिका खतिवडा<br>किरण थापा |
| **सम्पादन** | कुमार भट्टराई |
| **संयोजन** | मोहन दङ्गाल |
| **सह-संयोजन** | गौरव के. सी. |
| **विशेष सहयोग** | सन्तोष महर्जन<br>प्रदिप कुमार लामिछाने<br>सरोज के. सी.<br>पद्मावती प्रधान<br>अरज गौतम |
| **कम्प्युटर** | कुमार अधिकारी |
| **संस्करण** | २०७७ साल आषाढ १५ गते । |
| **प्रकाशित संख्या** | ७०१ प्रति । |

| **सर्वाधिकार** | प्रकाशकमा । |

---

**कन्सोर्टियम-नेपाल (Consortium Nepal)**

शंखमुल, प्रगतिमार्ग - १०, नयाँ बानेश्वर, काठमाडौं ।

फोन नं. : ०१-४७८१३२७

इमेल : participation.consortium@gmail.com

वेवसाइट : http://www.consoritum.org.np

## प्रकाशकीय

बाल सहभागितामा काम गर्ने संस्थाहरूको साझा समूह (कन्सेर्टियम-नेपाल) को दुई दशकभन्दा लामो यात्रा नेपालको बाल अधिकार आन्दोलनको एक सुन्दर उपलब्धि हो । बालबालिकाका सवालहरूमा बालबालिकाहरूलाई नै सशक्तीकरण गरी घर परिवारदेखि राज्यको नीति निर्माण तहसम्म उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अनवरत रूपमा एक सवल नागरिक सञ्जालका रूपमा कन्सोर्टियम-नेपाल रहँदै आएको छ । यस क्रममा नेपाल सरकारसँग सहकार्य र समन्वय गर्दै सञ्जालले राज्यका नीति तथा कार्यक्रमहरूमा बाल सहभागिताको प्रवर्द्धन गर्दै पैरवी पनि गर्दै आएको छ ।

अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्ने यो यात्रामा सञ्जालले विविध गतिविधिहरूलाई प्राथमिकताका साथ अगाडि बढाइरहेको छ र यस अन्तर्गत कर्न्सोटियमले गर्ने प्रकाशनहरू पनि पर्दछन् । कर्न्सोटियम-नेपालले गर्ने प्रकाशनहरूमा "अनुभवहरू" नामक प्रकाशन लामो समयदेखि प्रकाशित हुँदै आएको छ । बाल सहभागिता प्रवर्द्धनमा बालबालिकाका साथै नागरिक समाज तथा राज्यका निकायमा रहनुभएका व्यक्तिहरूको अनुभवहरूलाई एक सङ्गालोको रूपमा यो प्रकाशन गरिँदै आएको छ । यो अङ्कलाई हामीले "बाल अधिकार महासन्धिको तीन दशक" लाई केन्द्रमा राखेर प्रकाशन गर्ने जमर्को गरेका छौं । यसरी यस अङ्कको प्रकाशनका क्रममा विभिन्न चरणहरूमा हामीले गरेका केही महत्त्वपूर्ण अनुभवहरूलाई यहाँ उल्लेख गर्न उपयुक्त ठान्दछौं ।

आन्तरिक छलफलबाट यस अङ्कको प्रकाशन गर्ने निर्णय भएपछि कर्न्सोटियमका उपाध्यक्ष मोहन दङ्गालको संयोजकत्वमा एक समिति बनाई प्रकाशनसँग सम्बन्धित गतिविधिहरू अगाडि बढाउन थालियो । यसक्रममा कर्न्सोटियमका पूर्व अध्यक्ष कुमार भट्टराईलाई सम्पादनको जिम्मेवारी दिने निर्णय गरियो भने यस अङ्कका लागि संभावित लेखकहरूको नामावली तयार पार्ने कार्य गरियो । बाल अधिकार महासन्धिको तीन दशकका अनुभवहरू विशेषतः नेपालको राज्य संयन्त्र, नागरिक समाज, विकास साझेदार संस्थाहरू र स्वयम् बालबालिकाका अनुभवहरू समेट्नु पर्ने काम हाम्रालागि सुखद् चुनौती थियो । यसैबीच कन्सोर्टियम-नेपालका सल्लाहकार र बाल सल्लाहकार समूहमा यस प्रकाशनका लागि एक अनलाईन बैठक आयोजना गरी आवश्यक सल्लाह र सुझाव लिने कार्य भयो । उक्त बैठकमा अनुभवहरू कस्तो रहने, लेख रचनाको शब्द संख्या कति रहने, प्रस्तावित शीर्षकहरूलाई परिमार्जन गर्ने जस्ता विषयमा छलफल गरी अन्तिम टुङ्गोमा पुगिएको थियो । यसरी आन्तरिक तयारी पूरा भएपछि सम्भावित सबै लेखकहरूलाई इमेलमार्फत लेख रचना पठाइदिन अनुरोध गरियो र सामग्री सङ्कलनका लागि फलो अप शुरू भयो । सदाझैं सबैको साथ सहयोगबाट हामीलाई भनेजस्ता सामग्रीहरू प्राप्त भए । समय मै सम्पादन कार्य सम्पन्न भएपछि हामी डिजाइन र साजसज्जा लाग्यौं र अन्तिममा एकपटकको शुद्धाशुद्धीमा ध्यान दिएपछि हामीले यसलाई प्रकाशनका लागि प्रेसमा पठाइदियौं । यसरी धेरैजनाको प्रत्यक्ष तथा परोक्ष योगदानबाट अनुभवहरूको यो अङ्क यहाँहरूको हातमा आइपुगेको छ ।

सदा झैं अनुभवहरूको यस अङ्कलाई यस स्वरूपमा ल्याउनका लागि कन्सोर्टियम-नेपालका सल्लाहकारहरू नुपूर भट्टाचार्य, चन्द्रिका खतिवडा, तारक धिताल, प्रकाश कोइराला, कृष्ण सुवेदी र उद्धवराज पौड्यालबाट अमूल्य सल्लाह प्राप्त भयो । कन्सोर्टियम नेपालका अध्यक्ष किरण थापाको सुझबुझपूर्ण नेतृत्व र कार्यसमिति सदस्यहरूबाट पनि उत्तिकै साथसहयोग रह्यो । दिइएको विषयमा आफ्ना अनुभवहरू समेटिएको लेख रचना समयसीमा भित्रै उपलब्ध गराउने लेखकहरूको सहयोग अर्को महत्त्वपूर्ण पक्ष थियो । सामग्री सङ्कलनदेखि प्रकाशन र वितरणसम्मको काममा गौरव के. सी. सहित कन्सोर्टियम सचिवालयका सदस्यहरू लागिपर्नु भएको छ । यसरी यस अङ्कको प्रकाशनमा योगदान पुऱ्याउने सम्पूर्ण महानुभावहरू प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछौं ।

कामको अनुभवले हामीलाई परिस्कृत बनाउँछ, अनुभवी बनाउँछ र हामीभित्र सिकाइ बढाउँछ । यस अङ्कका लागिको हाम्रो यो अनुभवबाट पनि हामीलाई थुप्रै सिकाइहरू भएका छन् । हामीले यस अङ्कमा सकेसम्म पहिलेका अङ्कहरूमा देखिएका कमजोरीहरूलाई हटाउने प्रयास गरेका छौं । तथापी कतै कुनै त्रुटी पाइएमा क्षमाप्रार्थी छौं । यो अङ्क कस्तो लाग्छ, विज्ञ पाठकहरूले आफ्ना सिर्जनशील टिप्पणीहरू कर्न्सोटियममा पठाइदिनु हुने नै छ । अनुभवहरूको प्रकाशन कार्यमा लागेर अनुभवी बन्ने अवसर जुटाइदिएकोमा प्रकाशन समूह कन्सोर्टियमका अध्यक्ष किरण थापा र समग्र कार्यसमिति प्रति कृतज्ञता व्यक्त गर्दछौँ । धन्यवाद ।

**मोहन दङ्गाल**
संयोजक
प्रकाशन समूह

## अध्यक्षको कलमबाट..................

कन्सोर्टियम-नेपाल बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह हो । यो सञ्जाल स्थापना भएको २० वर्ष भएको छ । मूलतः ९० को दशकबाट आरम्भ भएको बाल क्लब अभियानलाई नेतृत्व प्रदान गर्दै बालबालिकाको सहभागिताको अधिकारको सुनिश्चितताका लागि कन्सोटियम क्रियाशील रहँदै आएको छ । नेपालको संविधान (२०७२) ले सुनिश्चितता प्रदान गरेको बाल सहभागिताको अधिकारको व्यवहारिक कार्यान्वयनका लागि यसले स्थानीय, प्रदेश तथा संघीय सरकारका संरचनाहरूमा पैरवी गरिरहेको छ ।

यसैगरी कन्सोर्टियम-नेपालले बाल सहभागिता प्रवर्द्धनका निमित्त बाल क्लव गठन तथा परिचालन, बाल क्लव सहजीकरण, जीवन उपयोगी सिप लगायतका तालिम, बाल सहभागिताको अवधारणागत स्पष्टता एवम् विविध आयामहरूमा गोष्ठी, सेमिनार, अन्तरक्रिया एवम् छलफल जस्ता कार्यक्रमहरूको आयोजना गर्दै आएको छ । यसका साथै यस सञ्जाललाई एक स्रोत केन्द्रको रूपमा विकास गर्ने अभिप्रायले विगतदेखि नै बाल अधिकार र बाल सहभागिताको विषयमा विविध किसिमका प्रकाशनहरू पनि प्रकाशित गर्दै आइरहेको छ । यसरी विभिन्न सामग्री प्रकाशन गर्ने क्रममा कन्सोर्टियम नेपालले आफ्नो स्थायी प्रकाशनका रूपमा बाल अधिकारकर्मी एवम् बालबालिका स्वयम्का अनुभवहरूको सङ्गालो अनुभवहरू प्रकाशन गरिआएको छ । यस प्रकाशनबाट बाल अधिकार विशेषतः बाल सहभागितामा चासो राख्ने व्यक्ति, संघ-संस्था, बालक्लव, सरकारी निकाय सबैका लागि लाभप्रद रहेको पाएका छौं ।

तपाईंको हातमा रहेको अनुभवहरूको यस अङ्कलाई संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि १९८९ पारित भएको ३० वर्ष पूरा भएको सन्दर्भमा विशेष अङ्कारूपमा प्रकाशित गरेका छौं । यस अङ्कको प्रकाशनका लागि आफ्ना अमूल्य विचार र अनुभव सहित लेख रचना उपलब्ध गराइदिने बालबालिका, बाल अधिकार अभियन्ता, बाल अधिकार आन्दोलनका अगुवा एवम् अग्रजहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस विशेष अङ्कको प्रकाशनको लागि संयोजनकारी भूमिका निर्वाह गर्ने संस्थाका उपाध्यक्ष मोहन दङ्गाल, सम्पादन र आवश्यक सल्लाह प्रदान गर्नुहुने पूर्व अध्यक्ष आदारणीय कुमार भट्टराई, सचिवायका कर्मचारी गौरव के. सी. र सल्लाहकारको रूपमा रही हामीलाई मार्ग निर्देश गर्नुहुने आदारणीय उद्धवराज पौडेल, नुपूर भट्टाचार्य, तारक धिताल, चन्द्रिका खतिवडा, प्रकाश कोईराला तथा कृष्ण सुवेदी प्रति आभार प्रकट गर्दछु । यसै गरी प्रकाशन सहयोगी सेभ द चिल्ड्रेनलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

**किरण थापा**
अध्यक्ष

## विषय सूची


नेपाली आम सञ्चारमा बाल सहभागिता मेरा अनुभवहरू, नूपुर भट्टाचार्य १

नेपालको राजनीतिक परिदृष्यमा बाल सहभागिताको नकारात्मक र सकारात्मक अभ्यासहरू, कृष्ण सुवेदी ६

नेपालमा कन्सोर्टियमको उदय : बाल सहभागिता अवधारणा कार्यान्वयनको आशा केन्द्र, डा. विजय सैँजु ११

नेपालको राज्य संयन्त्रमा बाल सहभागिता, तारक धिताल १५

राष्ट्रिय तथा स्थानीय नीति र कार्ययोजना निर्माण-प्रक्रियामा बालबालिकाको सहभागिताको अभ्यास, चन्द्रिका खतिवडा २१

पन्ध्रौं योजना र यसले अङ्गिकार गरेको बाल सहभागिताको मर्म, डा. किरण रूपाखेती २९

बाल सहभागिता प्रवर्द्धनमा राष्ट्रिय बाल अधिकार परिषद्को भूमिकाः एक समीक्षा कृष्ण प्र. भुसाल ३७

नेपालको शैक्षिक परिवेशमा बाल सहभागिता, प्रकाश कोइराला ४३

बाल सहभागिताका लागि हिजोका क्षमता अभिवृद्धि तालिमहरू, उपलब्धि र सिकाईहरू, जियम श्रेष्ठ ५०

बाल सहभागिता नीतिगत व्यवस्था र ब्यवहारिक अभ्यासका अनुभवहरू, मिलन धरेल ५४

बाल इजलास गठन गर्ने अभियानका केही अनुभवहरू, शिव पौडेल ५७

बाल अधिकार, बालमैत्री स्थानीय शासन र बाल सहभागिता, तिलोत्तम पौडेल ६०

बाल संरक्षणको सुनिश्चितताका लागि अनिवार्य शर्त : बाल सहभागिता, ऋतु भट्ट ६७

सबै तहमा बाल सहभागिता कार्यविधि : आवश्यकता र नेपालमा भएका केही अभ्यासहरू, विष्णु ब. खत्री ६९

सहजकर्तादेखि अध्यक्षसम्मको यात्रा, किरण थापा ७२

बालक्लबका पूर्व सदस्य : अवसर की चुनौती ?, सान्जोक ठकुरी ७४

बाल सहभागिता प्रवर्द्धनका लागि बालभित्ते पत्रिका र कमिक्स, निरिजना भट्ट ७९

बालिकाको नेतृत्वमा बनेको सिड प्रतिवेदन तयारीमा मेरो आफ्नै अनुभव, नेहा गुरूङ् ८२

बालबालिकाको नेतृत्वमा तयार पारिएको युपिआर प्रतिवेदन तयारीमा मेरो अनुभव, मन्दिरा श्रेष्ठ ८३

नेपालका हालसम्मका संविधानमा बालबालिकासम्बन्धी व्यवस्था, मानवराज बराल ८४

बालश्रम रूपान्तरणका क्रममा बाल सहभागिताः सुखद अनुभूति, प्रकाश खतिवडा ८७

मेरा आफ्नै अनुभवहरूको कसीमा बालक्लब हिजो र आज, उषा वि. क. ९०

प्रदेश गतिविधि, स्वस्तिका पोखेल ९१

बाल सहभागिताको सशक्त माध्यमका रूपमा बाल कचहरी, बाले विश्वकर्मा ९३

सुदूरपश्चिममा छाउपडी, सम्झना पार्की ९६

हाम्रा सदस्य संस्थाहरू ९७

प्रदेश संयोजकको नामावली ९८

## नेपाली आम सञ्चारमा बाल सहभागिता : मेरा अनुभवहरू



नूपुर भट्टाचार्य

**परिचय,**

वि. स. २०३० साल (ईस्वी सन् १९७३) देखि १७ वर्षसम्म म रेडियो नेपालमा कार्यक्रम सञ्चालिका तथा गायिकाको पदमा कार्यरत थिएँ । यो अवधिमा मैले महिला कार्यक्रम, स्वास्थ्य र सरसफाई कार्यक्रम, रेडियो डाक्टर कार्यक्रम, हातेमालो बाल कार्यक्रम, प्रश्नोत्तर कार्यक्रम, सौजन्य कार्यक्रम आदि कार्यक्रमहरू उत्पादन, सञ्चालन तथा प्रस्तुतिकरण गर्ने गर्थे ।

यी कार्यक्रमहरूमध्ये सबैभन्दा सफलता हासिल गरेको थियो, हातेमालो कार्यक्रमले । यसो हुनुमा हातेमालो आफ्नो घोषित उद्देश्य अनुसार परिणाममुखी हुनसक्नु थियो । त्यति बेला हातेमालो कार्यक्रमका मैले सम्झिएसम्म निम्नानुसारका उद्देश्यहरू थिए :

(क) तराई, पहाड, हिमालका बालश्रोताहरूलाई आकर्षित गर्ने,

(ख) अपाङ्गता भएका बालबालिका पनि अरू सामान्य बालबालिका सरहको समतामूलक व्यवहार, माया, ममता, स्याहार साथै आवश्यक केही विशेष अधिकार पाउने हकदार हुन्छन् भन्ने सामाजिक चेतना अभिवृद्धि गर्ने,

(ग) प्रत्येक कार्यक्रममा बालबालिकाको सकृय संलग्नता र अर्थपूर्ण सहभागिताको सुनिश्चितता प्रदान गर्ने,

(घ) परिवार र समुदायमा अपाङ्गता भएका भाइबहिनी, साथीहरूको अधिकारको माग गर्न, संरक्षण गर्न र तिनलाई आवश्यक सहयोग गर्न बालबालिकालाई प्रोत्साहित गर्ने ।

मेरो यो लेखमा मैले रेडियो नेपालमा १७ वर्षसम्म बालबालिकाका लागि गरेको कार्यक्रमबाट आर्जेका अनुभव तथा २०३९ सालदेखि १६ वर्षसम्म हातेमालो कार्यक्रमको सञ्चालन र निर्देशनबाट बटुलेका अनुभवहरूलाई समेट्दै आम सञ्चार माध्यममा बाल सहभागिताको प्रसङ्ग जोड्न खोजेको छु । मेरा अधिकांश अनुभवहरू त्यति बेलाका हुन् जतिबेला नेपालमा टेलिभिजन र एफएम रेडियो भित्रिइसकेका थिएनन् र रेडियो नेपाल एउटै मात्र सशक्त विद्युतिय आम सञ्चार माध्यम थियो सबैका लागि ।

**मेरो अनुभवमा सत्तरीको दशक**

त्यतिबेला (७० को दशक) हामीले रेडियो नेपालमा सञ्चालन गर्ने बाल कार्यक्रममा बालबालिकाको सहभागिता उल्लेख्य रहेको थियो । हामीले बाल कार्यक्रम भित्र साप्ताहिक रूपमा एउटा प्रतियोगितात्मक खण्ड राखेका थियौं । 'को भन्दा को कम' नाम दिइएको यस प्रतियोगितात्मक खण्डमा भाग लिनका लागि देशभरीबाट बालबालिका लालयित छन् भन्ने महसुस हुन्थ्यो । बासुदेव मुनालले सञ्चालन गर्ने यस कार्यक्रममा भाग लिनका लागि श्रोता बालबालिकालाई डाकबाट कविता, गीत, छोटो कथा, मुक्तक, चुट्किला लेखेर पठाउन अनुरोध गरिन्थ्यो । हाम्रो अनुरोधलाई कार्यक्रमको नाम जस्तै बालबालिका तँछाड् मछाँड गरेर आफ्ना रचनाहरू पठाएर स्वीकार गर्थे । लाग्थ्यो हाम्रा बालबालिका कोहीभन्दा कम छैनन्, सबैजना अब्बल छन् ।

देशभरिका विभिन्न जिल्लाका गाउँ शहरका भाइबहिनीहरूले पठाएका रचनाहरूमध्ये सबैभन्दा राम्रा रचनाहरू छनौट गरी रेडियोबाट वाचन गर्ने र पुरस्कृत गर्ने गरिन्थ्यो । निर्णायक समितिको निर्णय अनुसार पहिलो, दोश्रो, तेश्रो, र सान्त्वना पुरस्कारका लागि विजेता घोषित भाइबहिनीहरूलाई हार्दिक बधाइ सहित उनीहरूको नाम रेडियोबाट सुनाएपछि डाकबाट पुरस्कार पठाउने गरिन्थ्यो । उपत्यका भित्र हुनेहरू रेडियो नेपालको स्टुडियोमा आएर पनि पुरस्कार लिने गर्थे । रेडियो नेपाल एकमात्र विद्युतीय सञ्चार माध्यम भएको त्यसबेला रेडियोबाट यसरी आफ्नो नाम भन्दै पुरस्कारको घोषणा हुँदा कुन चाँही भाइबहिनी खुशी नहुने होलान् र ! त्यसमाथि पनि छरछिमेक गाउँघरमा र विद्यालयमा समेत रेडियोबाट नाम आएको चर्चा पाउँदा पुरस्कृत हुने बालबालिका एकाएक चर्चामा आउने गर्थे र उनको सम्मान बढ्थ्यो । यसरी रेडियोमा सहभागिता जनाएर नाम प्रसारण भएपछि बालबालिकामा उर्लिएको त्यो उत्साहले प्रतिभा प्रस्फुटनमा मद्दत पुग्थ्यो र उही उमेर समूहका लागि प्रेरणा मिल्थ्यो । यसरी यस कार्यक्रमले देशभरीका स्कूले बालबालिकाहरूलाई आकर्षित गरेको थियो । 'को भन्दा को कम' प्रतियोगितामा रचना पठाएर भाग लिने बाहेक बालबालिकालाई आफैं सहभागी हुन मिल्ने कार्यक्रम पनि थियो, बाल कार्यक्रम भित्र । यस कार्यक्रममा भाग लिन काठमाडौं उपत्यका भित्रका थुप्रै बालबालिकाहरू आफूले रचेका कथा, कविता, निबन्ध, मुक्तक, चुट्किला, गाउँ खाने कथा, गीत आदि लिएर प्रत्येक शुक्रबार रेडियो नेपालको स्टुडियो भवनमा स्कूलको बिदापछि आउने गर्थे । उनीहरूको सबै रचनाहरूलाई रेडियो प्रसारणका नियमअनुसार मौलिकता, भाषा, रचनाशैली, विषयको चयन, व्याकरण आदि सबै शुद्धाशुद्धि जाँच गरेर प्रसारण योग्य ठहर भएमा मात्र बालबालिकाले आफ्नो रचना आफै कार्यक्रममा प्रस्तुत गर्न पाउँथे । प्रस्तोता बालबालिकालाई प्रोत्साहन

स्वरूप उपहार दिइन्थ्यो । यी नियमित कार्यक्रम बाहेक, बेलाबेलामा आउने बाल दिवस जस्ता विशेष दिवसहरूमा बाल कार्यक्रमबाट विभिन्न विषयमा बालबालिकाबीच गीत, निबन्ध, कविता प्रतियोगिताहरू आयोजना गरिन्थ्यो । यसरी बालबालिका सहभागी हुन पाउने यी सबै अवसरहरूमा बालबालिकाले रेडियो बाल कार्यक्रममा भाग लिन पाउँदा उनीहरूले रोमाञ्चक अनुभव बटुल्ने मात्र हैन, उनीहरूको आत्म विश्वासमा पनि टेवा पुग्दथ्यो । बालबालिकाले आ-आफ्ना रचनामा आफ्नो मनको कुरा, प्रस्तुत विषयमा आफ्नो विचार र अभिमत खुलस्त व्यक्त गर्ने अवसर पाउँथे । यसैगरी उनीहरूले वादविवाद, तर्कवितर्क गर्ने मौका पाउँथे र आफ्ना मागहरू केही भए राख्ने अवसर पाउँथे । प्रतियोगिताका लागि दिइएको विषयमा केही लेख्नु अगाडि अध्ययन गर्नुपर्दा स्वभाविक रूपमा उनीहरूमा नयाँ ज्ञान पनि बढ्थ्यो र उनीहरूले बालसाहित्यिकार, बालगायक, बालकवि, बालवक्ताको रूपमा प्रतिभा विकास गर्ने मौका पाउँथे ।

यसरी धेरै बालबालिकाको रेडियोमा सहभागिता भैरहँदा अपाङ्गता भएका बालबालिकाको सहभागिता भने शून्य बराबर थियो । समुदायमा ठूलो संख्यामा रहेका यी अपाङ्ग बालबालिका रेडियो नेपालको त्यति लोकप्रिय बाल कार्यक्रममा सहभागी हुन नसक्नु भनेको त्यसबेला अपाङ्ग बालबालिका समाजमा कसरी बाँचिरहेका थिए भन्ने तस्विर देखाउन पर्याप्त हो जस्तो लाग्दछ । वास्तवमा उनीहरू वञ्चित थिए यस्तो अवसरहरूबाट । ती बालबालिका विद्यालयमा पनि देखिदैनथे, टोलछिमेकमा पनि कतै देखिदैनथे । उनीहरू केही गर्न सक्दैनन् भन्ने धारणा परिवार, समाज सबैमा थियो । उनीहरूको विचार र चाहना बुझ्ने फुर्सद कसलाई हुनु र ! उनीहरूलाई त इज्जत जाने डरले घरघरमा लुकाई राखिएको पो हुन्थ्यो । अपाङ्गतामा रहेका बालबालिकाप्रतिको संवेदनशीलता र हातेमालो बाल कार्यक्रमको एउटा महत्त्वपूर्ण उद्देश्य पनि अपाङ्गतामा रहेका बालबालिकाको अधिकार स्थापित गराउनु रहेकाले पनि यस्ता कुराहरूले हामीलाई घोचिरहन्थ्यो । बालबालिकालाई अरू बालबालिकासँग खेल्न, रमाइलो गर्न, विद्यालय शिक्षा पाउने, आफ्नो मनको कुरा व्यक्त गर्न पाउने अवसर कसरी सिर्जना गर्ने भन्ने हामी सोचिरहन्थ्यौं र रेडियो कार्यक्रमबाट यी विषयहरू उठाइरहन्थ्यौँ ।

त्यो दशकका रेडियो प्रसारणमा आफ्नो आवाज थपी कार्यक्रममा भाग लिने मौका पाएका, पुरस्कृत भएर रोमाञ्चित भएका, पुरस्कृत नभएर पनि फेरी प्रयास गरौं भनी प्रोत्साहन पाएका त्यसबेलाका साना भाइबहिनीहरू आज युवा, वयष्क र प्रौढ भैसकेका छन् । तिनीहरूमध्ये कति त राष्ट्रिय जीवनको उच्च तहसम्म पुगेका छन् । कहिले काँही भेट हुँदा वा उनीहरूको जीवनका प्रसङ्गहरूमा रेडियो नेपालको बाल कार्यक्रममा सहभागी भएको वा गाएको मीठो सम्फना सुनाउँछन् । बाल्यकालमा रेडियो नेपालको स्टुडियो भवनमा आ-आफ्नो रचना पढ्दै, गीत गाउँदै, रेडियो नाटकमा अभिनय गर्दै, ६ नम्बर स्टुडियोमा बाल कार्यक्रम रेकर्ड हुँदा सहभागी भएका ती रमाइला दिनहरू कसरी पो बिर्सनु र ! यसैगरी रेडियो नेपालको बाल कार्यक्रममा आफ्ना रचना डाकबाट पठाएर भाग लिएको, आफ्नो नाम रेडियोबाट उद्घोषणसँगै दाजु दिदीले आफ्नो रचना पढेर सुनाएको र पुरस्कार पाएकोमा बधाई पाएको क्षणलाई जीवनकै खुशीको क्षण बताउने वयस्क र प्रौढहरू आज पनि यत्रतत्र भेटिन्छन् ।

सत्तरीको दशकमा आम सञ्चार विशेषगरी रेडियो नेपालमा बाल सहभागिताको स्वरूपलाई हेर्दा बालबालिकाबाट प्राप्त प्रतियोगी रचनाको छनौट र निर्णय प्रक्रियामा बालबालिकाको कुनै संलग्नता नभएको पाउँछौं । त्यसैगरी शुक्रबारको कार्यक्रममा भाग लिन आउने बालबालिकाको रचनाको छनौट र वाचन गर्ने बालबालिकाको छनौट पनि दाजुदिदीबाट नै हुने गर्दथ्यो । यसरी प्रक्रियागत सहभागितामा केही अपुग देखिए पनि सहभागी सबै बालबालिकाको आत्मसम्मान र व्यक्तित्व विकासमा सहयोग पुऱ्याउन भने कुनै कमी गरिदैनथ्यो । यस्ता कार्यक्रमहरूको सहभागिताबाट बालबालिकाले आफ्नो जीवनको लक्ष्य निर्धारण गर्न सफल भएको र ठूलो भएर के पढ्ने र के गर्ने भन्ने कुराको पहिचान गर्न सकेका थुप्रै उदाहरणहरू मैले देखेकी छु ।

## मेरो अनुभवमा असीको दशक

असीको दशकमा सञ्चार माध्यममा बाल सहभागिता कस्तो थियो भन्ने चर्चा हातेमालो कार्यक्रमको स्वरूपबाट शुरू गर्छु । मानव अधिकारको एउटा गम्भीर विषयलाई जनमानसमा लैजान हातेमालो कार्यक्रमको शुरूवात गरिएको थियो । अपाङ्गता भएका बालबालिकाको समतामूलक अधिकारको प्रश्न, आधारभूत आवश्यकताबाट वञ्चित किन भन्ने प्रश्न, उनीहरू प्रति विभेदपूर्ण व्यवहार किन भन्ने प्रश्न, किन लान्छना, किन दुर्व्यवहार र परित्याग भन्ने प्रश्न अहिले त अनुत्तरित छन् भने झन् त्यतिबेला त कुनै उठान नै नहुने विषय जस्ता थिए । यिनै प्रश्नहरूको जवाफको खोजी गर्न हातेमालो कार्यक्रम अगाडि आएको थियो । अपाङ्गतासम्बन्धी अवधारणागत स्पष्टताका लागि हामी विभिन्न तरिकाले कार्यक्रमहरू प्रस्तुत गर्दथ्यौं । यस क्रममा अपाङ्गता हुनुमा कुनै शिशु वा बालबालिका जिम्मेवार हुँदैनन् । बरू उसका माता, पिता, परिवार र सरकार जिम्मेवार हुन्छन् भनेर बुझाउन प्रयत्न गर्थ्यौं । अपाङ्गता रोकथाम गर्न राष्ट्र जिम्मेवार हुनुपर्दछ । यसका लागि अपाङ्गतासम्बन्धी अन्धविश्वास, अज्ञानता हटाएर अपाङ्गता भएकाहरूलाई बराबरी अधिकार मात्र हैन केही विशेष अधिकारको समेत व्यवस्था गर्नुपर्दछ भनेर हामी हातेमालोमार्फत वकालत गर्दथ्यौं ।

हातेमालो कार्यक्रमको प्रसारण ईस्वी सन् १९८२ तदनुसार वि. स. २०३९ सालबाट शुरू हुनुमा संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९८१ म विश्वभरी मनाइएको अन्तर्राष्ट्रिय अपाङ्गता वर्षका अवसरमा भएका विभिन्न कार्यक्रमहरूको प्रेरणाले विशेष काम गरेको थियो । विश्वभरी अन्तर्राष्ट्रिय अपाङ्गता वर्ष मनाउने क्रममा नेपालमा पनि विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको थियो । त्यही वर्ष युनिसेफ-नेपालले अपाङ्गता भएका बालबालिकाको वास्तविक परिस्थितिको आँकलन गर्न एउटा राष्ट्रिय अध्ययन सम्पन्न गरेको थियो । यो अध्ययन शोधकर्ताहरूको टोलीमा सौभाग्यवस म पनि संलग्न थिएँ । अध्ययनको क्रममा मलाई जिम्मा दिइएको शहरी र ग्रामीण क्षेत्रहरूका प्रत्येक घरघरमा गएर गृहभेट गरी परिवारका समस्त वयष्कहरू तथा सबै बालबालिकाहरूसँग भेटघाट कुराकानी तथा क्रियाकलाप गरी अपाङ्गता भएका बालबालिकाको वास्तविक अवस्था, तिनको समस्याबारे अध्ययन गर्ने मौका पाएँ । अध्ययनको सिलसिलामा मैले अपाङ्गता भएका ती बालबालिकालाई अत्यन्तै दयनीय अवस्थामा देखेँ, आधारभूत आवश्यकता, मायाममता स्याहारबाट वञ्चित अवस्थामा रहेको पाएँ । अज्ञानता र अन्धविश्वासमा जकडिएको परिवार र समुदायबाट ती बालबालिकाप्रति भएको विभेदपूर्ण व्यवहार, वेवास्ता र अवहेलना देखेर मलाई नरमाइलो लाग्थ्यो । त्यसमाथि पनि त्यस्तो बच्चालाई जन्म दिएकोमा आफ्नो पूर्वजन्मको पापको फल र आफ्नै दोष ठान्ने आमा बाबुले लज्जाबोध गरेर बच्चालाई लुकाई राख्ने गरेको पनि भेटें । कतिपय परिवारमा बच्चाकी आमालाई दोष दिएर बाबुहरूले अर्को बिहे गर्न घर छोडेर हिडेको पनि पाएँ । अपाङ्गता भएका बच्चा रहेको धेरै जसो घर परिवारमा यस्तो दुर्दशा देखेर मेरो मन मस्तिष्क अति नै पिरोलियो र केही त गर्नैपर्छ भन्ने लाग्यो । यही मनोदशाबीच मैले बालबालिकाबीच अपाङ्गता भएका बालबालिकाको समस्याबारे जनचेतना जगाउने गरी एउटा रेडियो कार्यक्रमको सोच बनाएर आफ्ना सहकर्मी साथीहरू, वासुदेव मुनाल, पाण्डव सुनुवार, पुरूषोत्तम सापकोटा तथा वरिष्ठ नाटककार अशेष मल्लसँग छलफल गरेँ । यस छलफलले मेरो कल्पनाको कार्यक्रमको खाका तयार भयो, नाम राखियो हातेमालो । यसरी बालबालिकाको यो नयाँ कार्यक्रमलाई उत्पादन गर्न र प्रसारण गर्न रेडियो नेपालबाट अनुमति पाईयो । प्रत्येक शनिबारको बाल कार्यक्रमको समयावधिमा हातेमालोको प्रसारण हुन थाल्यो । हातेमालोमा सहभागी हुने बालबालिकालाई दिईने पुरस्कारको खर्च यूनिसेफले व्यहोर्ने व्यवस्था मिलाइएको थियो । रेडियो नेपालको राष्ट्रिय प्रसारणबाट देश भरिका गाउँ शहरका बालबालिकाले हातेमालो सुन्न सक्दथे । बालबालिकाले रमाइलो मानेर सुनुन् भनेर हातेमालोको प्रत्येक हप्ताको कार्यक्रमको प्रारूप वा ढाँचा रेडियो नाटक हुने गर्थ्यो । अपाङ्गता भएका बालबालिका प्रति विद्यमान गलत सोच र मनोवृत्ति, हेपाई, जिस्काई, अवहेलना, भेदभाव, गालीगलौज, तिरस्कार, परित्याग जस्ता नानाथरीका दुर्व्यवहारबारे बाल श्रोतालाई अवगत गराउनु र बालबालिकाप्रति गरिने कुनै पनि दुर्व्यवहार अन्याय मात्र हैन दण्डनीय अपराध पनि हो भन्ने कुरामा बालश्रोतालाई सचेत बनाउँदै त्यस्ता अन्यायपूर्ण व्यवहारमा परिवर्तन ल्याउनका लागि बालबालिकालाई परिचालित गर्नु हातेमालोको उद्देश्य थियो । हामीले बालबालिकालाई समाज परिवर्तनका सम्वाहकका रूपमा त्यहीबेला लिएका थियौं । त्यसैले त हामी हातेमालो कार्यक्रममार्फत बालबालिकालाई अपाङ्गतामा रहेका बालबालिकामा पनि प्रतिभा लुकेको हुन्छ र उनीहरूले अवसर पाए भने सक्षम बन्न सक्छन् भन्ने बुझाएर समुदाय तथा परिवारको सोचमा परिवर्तन ल्याउन चाहन्थ्यौं । हामी बालबालिकालाई छिमेकमा अपाङ्गता भएका साथीहरूलाई सहयोगको हात बढाउन, सँगै खेल खेल्न, गफ गर्न, रमाइलो गर्न, उनीहरूको समस्या बुझ्ने प्रयास गर्न सम्झाउँथ्यौं । यसबाट बालबालिकाको सोचमा धेरै परिवर्तन आएको कुरा उनीहरूले हामीलाई लेख्ने पत्रहरूबाट थाहा पाइन्थ्यो ।

**हातेमालो रेडियो कार्यक्रममा बाल सहभागिता**

**१. अभिनयमा सहभागी हुने**

हातेमालोको बाल नाटकमा अपाङ्गता भएका र नभएका बालबालिका पात्रहरूको भूमिकामा नाटकको पात्र सुहाउँदो उमेरका बालबालिकाले अभिनय गर्दथे । हातेमालो नाटकहरूमा २ वर्षको शिशुदेखि १८ वर्षसम्मका किशोर किशोरीहरूले अभिनय गर्थे । अपाङ्गता भएका भाईबैनीहरू पनि अभिनयमा सहभागी हुन आउँथे । रेडियो नाटक निर्माणसँग सम्बन्धित एउटा रोचक प्रसङ्ग म यहाँ जोड्न चाहन्छु । सुनाईमा समस्या भएको एक बालकको कथामा आधारित नाटकमा हामीले कान नसुन्ने एकजना बालकलाई नै अभिनय गर्न लगाएका थियौं । ती बालकले हामीले बोलेको सुन्दैनथे तर पढ्न सक्थे । विशेष विद्यालयका विद्यार्थी ती सानो बालक प्रतिभाशाली थिए । उनले एक दुई शब्द बोल्न सिकी पनि सकेका थिए ।

नाटकको कथा अनुसार सुन्न नसक्ने, तर अन्त्यमा बोल्न थाल्ने बालक कै आवश्यकता थियो । स्टुडियोमा रेकर्ड गर्न पसियो । हामीलाई साङ्केतिक भाषाले सञ्चार गर्न आउँदैनथ्यो । अभिनेता बालकले सुन्न सक्दैनथे । अभिनयको लागि निर्देशन कसरी दिने ? चुनौती ठूलो थियो, कठिन थियो । मैले र वासुदेवले हावभाव गरेर, लेखेर, अभिनय गरेर, रूनुपर्ने ठाउँमा रोएर चिच्याउने ठाउँमा चिच्याएर, अभिनय गरेर निर्देशन दिएका थियौं ती बालकलाई । तर उनले हामीले आशा गरेको भन्दा १००

गुणा बढी कुशल अभिनय गरेर देखाइदिए । ती बालकले रोएको अभिनय गर्दा म पनि आवेगमा आएर रोएको घटना आज पनि सम्झन्छु । यति सार्थक भयो त्यो रेडियो नाटक, ती कम श्रवणशक्ति भएका बालकको सहभागिताले । कान नसुन्ने, एकदुई शब्द भर्खर बोल्न सिकेको बालकको भूमिकामा कान सुन्ने बोल्ने बालकले अभिनय गरेर हुँदैनथ्यो, किन भने कान नसुन्ने बालबालिकाले बोल्न सिकेपछि सुन्ने आम बालबालिकाभन्दा फरक किसिमले बोल्छन् । हामीले सुन्न सक्ने, बोल्न सक्ने बालकलाई बोल्न दिएको भए कार्यक्रम सुनिरहने सबलाई गलत सूचनाको सम्प्रेषण हुने थियो ।

## २. नाटकको आलेख वा कथानक (रेडियो स्क्रिप्ट) मा बाल सहभागिता

रेकर्ड गर्नुभन्दा अगावै नाटकको आलेख वा कथानकको बालबालिकाले पूर्व परीक्षण गर्ने गर्दथे । बालबालिकाका लागि प्रसार गरिने हातेमालोको प्रत्येक नाटकको कथानक वा आलेख (रेडियो स्क्रिप्ट) को भाषा बालबालिका सुहाउँदो, उनीहरूले बुझ्ने र स्पष्ट उच्चारण गर्न सक्ने, उनको जिब्रो सुहाउँदो हुनु अत्यन्त जरूरी हुन्छ । भाषागत प्रि-टेस्ट (पूर्वपरीक्षण) बाल कलाकारहरू तथा बाल कार्यक्रममा भाग लिन आउने बालबालिकाले गर्थे । प्रि-टेस्टमा उनीहरूबाट आएका सुझावहरूको पूर्ण सम्मान गरिन्थ्यो र बालबालिकाको सुझावअनुसार नाटकको भाषामा परिवर्तन गरिन्थ्यो । कुनै द्विविधा भए पूर्व परीक्षण गरेका बालबालिकासँग छलफल गरेर परिवर्तन गरिन्थ्यो । त्यसपछि मात्र कार्यक्रम रेकर्ड गरिन्थ्यो ।

## ३. प्रसारण अघि तयार कार्यक्रमको पूर्व परीक्षणमा बाल सहभागिता

प्रत्येक हप्ताको कार्यक्रम रेकर्ड भएर पूर्ण रूपले तयार भइसकेपछि, प्रसारणभन्दा अघि पूर्व परीक्षण गरिन्थ्यो । रेकर्ड गरिएको कार्यक्रम क्यासेटमा भरेर क्यासेट प्लेयर लिएर उपत्यका तथा वरपरका शहरी, ग्रामीण विभिन्न समुदायमा, विद्यालयमा बालबालिकालाई कार्यक्रम सुनाएर उनको विचार, अभिमत, प्रतिक्रिया लिने काम पनि हुन्थ्यो । पूर्व परीक्षणमा कार्यक्रम सुनाएर उनीहरूको अनायास प्रतिक्रिया रेकर्ड गरिन्थ्यो । त्यसपछि नाटकमा, भाषाको स्पष्टता, विषयवस्तुको स्पष्टता, दिन खोजेको जानकारीको स्पष्टता, कलाकारहरूको अभिनयको स्तर, नाटकमा उपयोग गरिएको पार्श्व सङ्गीत, साउण्ड इफेक्टस्को सही चयन, सङ्गीत र साउण्ड इफेक्टस्को उचित मिलान ईत्यादिका बारेमा प्रश्न गरेर बालबालिकाको प्रतिक्रिया लिइन्थ्यो । बालबालिकाले माथि भनिएका कुनै पनि बुँदामा जे-जस्तो सुझाव दिन्थे, अथवा प्रश्न गर्थे त्यसको सम्मान गरेर हामी भाइबहिनीहरूसँग छलफल, परामर्श गर्थ्यौं । जिज्ञासाको व्याख्या, कुनै समालोचनाको स्पष्टिकरण गर्ने, कुनै बुँदा स्पष्ट छैन भने कसरी के बोल्दा स्पष्ट हुन्छ त्यसको पनि सुझाव लिने गर्थ्यौं । कथंकदाचित कुनै सुझाव कार्यक्रमको मूल उद्देश्य विपरित भएमा त्यो परिवर्तन गर्न हाम्रो असमर्थता व्यक्त गर्दै किन असमर्थ भयौँ भन्ने स्पष्ट पार्ने गर्थ्यौं । यसरी पूर्व परीक्षणबाट विभिन्न पृष्ठभूमिका भाइबहिनी समूहहरूको सुझावहरू रेकर्ड गरी सङ्कलन गरेर ल्याईन्थ्यो । अनि, हातेमालो उत्पादन गर्ने समूहले विश्लेषण गरेर परिवर्तन गर्नुपर्ने सबै जुटाएर फेरी स्टुडियोमा गई त्यसअनुरूप कार्यक्रममा परिवर्तन गरेर मात्र हातेमालोको प्रसारण गरिन्थ्यो ।

## ४. स्क्रिप्ट लेखेर सहयोग गरे अपाङ्गता भएका भाइबहिनीले

रेडियो नाटकको लागि आफ्नो जीवन कथा लेखेर पठाऊ भनी अपाङ्गता भएका श्रोता भाइबहिनीहरूलाई रेडियोबाट आह्वान गर्दा धेरै जना भाइबहिनीहरूले आफ्नो जीवनकथा हामीलाई लेखेर पठाएका थिए । ती कथाहरूलाई हामीले रेडियो नाटकको रूपमा परिवर्तन गरेर कार्यक्रम उत्पादन गर्‍यौं, प्रसारण गर्‍यौं । यसरी अपाङ्गता भएका बालबालिकाले हामीलाई उनको जीवन कथामा नाटक बनाउन दिएर नौलोपन ल्याइदिन मद्दत गरे । वास्तवमा यो सहभागिता उच्चकोटीको थियो । वास्तविक जीवनकथामा आधरित ती नाटकहरू धेरै लोकप्रिय भए । पछि गएर जीवनकथा लेखी पठाउने भाइबहिनीलाई स्टुडियो भवनमा बोलाएर अन्तवार्ता रेकर्ड गरेर हातेमालोका श्रोतासँग चिनाजानी पनि गरायौं । उनीहरूको सहभागिता हातेमालोका लागि अमूल्य थियो ।

## ५. हातेमालो कार्यक्रमको नियमित मूल्याङ्कनमा बाल सहभागिता

प्रत्येक ६ महिनामा हामी सञ्चालिका र सह-सञ्चालक २ वा ३ जिल्लामा गई हातेमालो कार्यक्रमको मूल्याङ्कन गर्थ्यौं । हामी त्यो जिल्लाको गाउँगाउँ, शहरशहरका टोलटोलमा पुग्थ्यौँ । चौतारामा, चिया पसलमा बसेर हातेमालो गीतिकथा, बालगीत बजाउँदै गर्दा वयष्क, बालबालिका सबै भेला भैहाल्थे । हामीले अपाङ्गता भएका बालबालिकालाई समावेश गरी मूल्याङ्कनमा सहभागी बनाउँथ्यौं । हामी विद्यालयमा गएर विद्यार्थी भेला गराएर पनि मूल्याङ्कन गर्थ्यौं । मूल्याङ्कन गर्दा हामी दुई जनाले बालबालिकाको दुई समूहमा अलग अलग बसेर भाइबहिनीसँग कुराकानी, मूल्याङ्कन क्रियाकलाप गरिन्थ्यो । यसरी मुल्याङ्कन भ्रमणमा गएको बेला

हामी बालबालिकाको सहभागितामा तथा अभिभावक, स्थानीय सरकारी निकायलाई संलग्न गराई रेडियो श्रोता क्लब गठन गर्न मद्दत गर्थ्यौं र प्रत्येक रेडियो श्रोता क्लबलाई यूनिसेफको सौजन्यबाट प्राप्त एक एकवटा रेडियो सेट उपहार दिने गर्थ्यौं । जिल्ला जिल्लाका यस्ता सबै बाल रेडियो श्रोता क्लबहरूले हरेक शनिबार सबै सदस्य भेला गराएर सँगै बसी हातेमालो कार्यक्रम सुन्ने गर्थे र हामीलाई पत्राचार गरी कार्यक्रमबारे प्रतिक्रिया दिन्थे । २०४१ सालदेखि गठन भएको रेडियो श्रोता क्लबहरूपछि बालक्लबको रूप लिएर बाल अधिकार प्रवर्द्धनमा जुटे । यी श्रोता क्लबहरू समावेशी क्लब हुन्थे । यसबाट पनि हरेक बालबालिका कति प्रतिभाशाली हुन्छन् भन्ने कुरा सबैले चाल पाए । यस श्रोता क्लबमा बोल्न नसक्नेले लेखेर आफ्नो विचार दिने गर्थे, कोही खुट्टाले लेख्ने त कोही मुखले कलम च्याप्प समातेर लेख्ने । अहिले यी कुराहरू लेखिरहँदा मन नै खुशीले भरिएर आउँछ ।

भाइबहिनीहरूसँगको मूल्याङ्कनको प्रतिवेदनमा हातेमालो समूहको बैठकमा छलफल हुने गर्थ्यौं र भाइबहिनीहरूको सुझाव सल्लाहअनुसार कार्यक्रमलाई अझै उपयोगी बनाउन सहयोग पुग्थ्यो ।

**उपसंहार**

रेडियो हातेमालो धेरै लोकप्रिय कार्यक्रम थियो । यो लोकप्रियताको श्रेय भाइबहिनीहरूलाई जान्छ, उनीहरूकै अमूल्य सहभागिताले हातेमालो कार्यक्रम अत्यन्त सफल कार्यक्रममा गणना हुन सक्यो । बालबालिकाको अर्थपूर्ण सहभागिताको लागि हामीले मेहनत गर्नु जरूरी हुन्छ । अपाङ्गता भएका बालबालिकाको सहभागिता अझै पनि चरितार्थ भएको छैन, उनीहरूको सहभागिताको लागि विशेष व्यवस्था गर्नुपर्छ । उनीहरूको आवश्यकता बुझ्न जरूरी छ । विभिन्न तहमा वयष्कले अझै सहभागिताको सही अर्थ बुझेका छन् त ? यत्तिका वर्ष दिनपरदिन बित्यो, के परिवारदेखि राष्ट्रिय तहसम्म सबै अपाङ्गता भएका, नभएका सबै भाइबहिनीहरूले अर्थपूर्ण सहभागिताको अधिकार पाउनु भयो त ? सबैका लागि एउटा प्रश्न ।

(लेखक बाल अधिकार अभियन्ता हुनुहुन्छ ।)

# नेपालको राजनीतिक परिदृष्यमा बाल सहभागिताको नकारात्मक र सकारात्मक अभ्यासहरू



कृष्ण सुवेदी

बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा सञ्जाल कन्सोर्टियम नेपालले प्रकाशन गर्ने अनुभवहरूका लागि यस पटक बाल सहभागिता र राजनीतिका सन्दर्भमा लेख्न पऱ्यो भनेर साथीहरूले भन्नु भएको पनि धेरै भयो । यो सन्दर्भमा के लेख्ने होला ? यो सवालले मेरो मस्तिष्कलाई एक पटक रोमाञ्चित बनायो । राजनीति भन्नासाथ वैदिककाल, ऐतिहासिक कालका अतिरिक्त हिजोको पञ्चायती निरङ्कुश अवस्थाको बाल अधिकार अझ बाल सहभागिता, मुलुकमा प्रजातन्त्रको पुनर्स्थापनापछिको अवस्थासँगसँगै सशत्र द्वन्द्वका अवधिको बाल सहभागिताको चर्चा गर्नु सान्दर्भिक हुने देखियो र त्यसअनुरूप ती कालखण्डहरूमा बाल सहभागिताको अवस्था बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरेको छु । नेपालको राजनीतिक परिदृष्यमा बाल सहभागिताको नकारात्मक र सकारात्मक अभ्यासहरू नामक शिर्षकमा केही चर्चाका साथ यहाँ उपस्थित छु । मैले यो आलेखलाई भाइबहिनीहरूका पहुँचमा पुऱ्याउन प्रयास गरिरहँदा केही शब्दहरू, वाक्यहरू भद्दा या लामा भएका हुनसक्छन्, अर्थात् ती वाक्यांशहरूले विद्वत्जनलाई झर्को लाग्ने हुन सक्दछ । त्यसका लागि म क्षमा प्रार्थी छु ।

सहभागिता भन्ने कुरा पनि अधिकारको दायरामा पर्छ र ? हामीलाई नै पहिला-पहिला यस्तो लाग्ने गर्दथ्यो । जबसम्म संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धि आएको थिएन तबसम्म सहभागिता भन्ने कुरा अधिकारका रूपमा मान्छेहरूले बुझेकै थिएनन् । बाल सहभागिता सबै बालबालिकाहरूको लागि उनीहरूको विचार व्यक्त गर्न र उनीहरूका लागि गरिने कुनै पनि कामहरूको सूचना, प्राप्त गर्ने र ती कामकुराहरू के-कस्ता हुनु पर्दछन् भनेर तय गर्ने वा ती काममा बालबालिकाले प्रभाव पार्ने सवाल नै बाल सहभागिता हो भन्ने यथार्थता हामीले पनि बुझेका थिएनौं ।

राजनैतिक परिदृष्यमा बाल सहभागिताका कुरा गर्दैगर्दा संयुक्त राष्ट्र सङ्घीय बाल अधिकार महासन्धिभन्दा पूर्व अवस्थामा पुग्नैपर्ने हुन्छ । अर्थात् त्यस पूर्वको अवस्थाको पनि विवेचना गर्नु अनिवार्य हुन आउँछ । वैदिककाल, ऐतिहासिककालका अतिरिक्त हिजोको पञ्चायती निरङ्कुश अवस्थाको बाल अधिकार अझ बाल सहभागिता, मुलुकमा प्रजातन्त्रको पुनर्स्थापनापछिको अवस्थासँगसँगै सशत्र द्वन्द्वका अवधिको बाल सहभागिताको समग्र चर्चा या विशद व्यख्या र विवेचना त यहाँ सम्भव छैन । तथापि हाम्रो पूर्वीय परम्परादेखि हाम्रो मुलुकको ऐतिहासिक सन्दर्भदेखिका चर्चामा चञ्चु प्रवेशको सानो प्रयास हुनेछ ।

बाल अधिकार महासन्धिका सैद्धान्तिक आधारका परिप्रेक्षमा मात्र हामीले बाल सहभागिताको सहि विवेचना गर्न सक्दछौं । त्यसर्थ यहाँ त्यसको केही छलफल हुन सान्दर्भिक हुन्छ ।

## बाल अधिकारका सिद्धान्तहरू

बालबालिका पनि मानव जातिको बराबर हुन् भन्ने धारणामा आधारित रहेर स्थापित भएका बाल अधिकारका चार सिद्धान्तहरू बालबालिकाहरू र उनीहरूको अधिकारहरूप्रति सामान्य दृष्टिकोण निर्माणमा योगदान पुऱ्याउँछन् । बाल्यकालको आँफैमा एउटा मूल्य हुन्छ भन्ने अवधारणामा उभिएर अर्थात् बालापनको समुचित सम्मानसहित हेर्ने हो भने त्यो अवधि वयस्क जीवनका लागि प्रशिक्षण अवधि हो ।

हामी कसरी बालबालिकाहरूलाई समान जीवनमूल्य प्रदान गर्दछौं र उनीहरूलाई आवश्यक सुरक्षा र समुन्नतिको ग्यारेन्टी दिन्छौं भन्ने महत्त्वपूर्ण सवालहरूको उत्तर बाल अधिकारका चार सामान्य सिद्धान्तहरूको कार्यान्वयनमा निहित रहन्छ । सँगसँगै ती बाल अधिकारका चार सिद्धान्तको सफल र सम्मानजनक कार्यान्वयनले राज्य र समुदायमा बाल अधिकारका कार्यान्वयनका लागि नैतिक र वैचारिक आयाम दिन्छन् ।

हुन त हामी यस आलेखमा बाल सहभागितामा केन्द्रित हुन प्रयास गर्नेछौं । तथापि त्यस प्रयासलाई बल पुऱ्याउन सप्रशङ्ग अरू सन्दर्भहरू पनि उपस्थित हुन आउँछन् । त्यसै मेसोमा यहाँ हामी बाल अधिकारका तल लेखिएका चार सिद्धान्तहरूको कुरा गर्दैछौं ।

१. भेदभाव रहीत (Non Discrimination)
२. बालबालिकाहरूको सर्वोत्तम चासो (हित) (Best interests of the child)
३. बाँच्ने र विकासको अधिकार (The rights to survival and development)
४. बालबालिकाको विचार सुनिनु पर्ने (Rights of the child to be heard)

बाल अधिकारका यीनै चार सिद्धान्तहरूमध्ये चौथो अर्थात् बालबालिकाको विचार सुनिनुपर्ने सिद्धान्तलाई आधार बनाएर संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिको धारा १२ ले बालबालिकाको सुनुवाईको अधिकार छ भनेर स्वीकार गरेको हो ।

यस अधिकारको प्रयोगलाई व्यापकरूपमा 'सहभागिता' को रूपमा अवधारणागत बनाइएको छ । यद्यपि यो शब्द आफैँ महासन्धिमा देखा भने पर्दैन । तथापि धारा १२ को सन्दर्भमा 'सहभागिता' भन्ने शब्द विकसित भएको छ र यो शब्दावली व्यापकरूपमा प्रयोग भएको छ । अब त यो आम भएको छ । बाल सहभागिताको अधिकारले बालबालिकालाई संलग्नता र अवसरको इच्छुक अधिकारवालाका रूपमा प्रस्तुत गर्दछ । यसको व्यापकतालाई मापन गर्ने हो भने बाल अधिकारका जीवनको अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार कै हाराहारीमा राखेर चारखम्बा निर्माण गरिएको सन्दर्भलाई हेर्न सकिन्छ । सहभागिताको अधिकारलाई एउटा खम्बा मानेर चारखम्बामा विभक्त बाल अधिकारको प्रयोग र परिचालन हुने क्रमलाई 'सहभागिता' को महत्त्वका रूपमा लिन सकिन्छ ।

बाल सहभागिताको सिद्धान्तलाई समुदायका सबै कार्यक्रमहरूमा र राज्यका सबै तहहरूमा उनीहरूको संलग्नताको अवसर प्रत्याभूत गराउने अत्यावश्यक सिद्धान्तको रूपमा परिभाषित गरिन्छ ।

बाल सहभागिता अधिकारका दृष्टिकोणमा शक्ति र कमजोरीहरू पहिचान गर्न, बाल सहभागिता कसरी राष्ट्रिय नीति, कार्यक्रम र लक्ष्यहरूसँग एकतावद्ध हुन्छ भनेर मूल्याङ्कन गर्न र बालबालिका र युवाहरूमा अधिकारमुखी कार्यको प्रभाव नाप्न र समीक्षाको लागि पनि परिचालित हुने गर्दछ ।

निःसन्देह, बालबालिकाहरूले समुदायस्तरमा धेरै तरिकामा सामाजिक गतिविधिहरूमा भाग लिएका हुन्छन् । बालबालिकाहरूलाई उनीहरूलाई असर गर्ने सबै कुरामा सहभागी हुन अधिकार छ । स्थानीय तहदेखि राष्ट्रिय नीतिहरू लगायत, बालबालिकाका लागि बन्ने राष्ट्रिय कार्ययोजना तयारी गर्ने क्रममा पनि उनीहरूलाई सहभागी हुन अधिकार रहन्छ । साथसाथै जोखिम अवस्थाका र अन्य पीडित बालबालिकाहरूको लागि पनि उनीहरूको सहभागिताले योगदान पुऱ्याउन सक्दछ ।

बाल सहभागिताको लागि बाल प्रतिनिधित्व र परिशीलनका क्रममा उनीहरूको प्रगति, र उनीहरूले सामना गरिरहेका चुनौतीहरूको बारेमा अध्ययन गर्ने जस्ता कार्यहरू उनीहरूका सहभागिताका क्षेत्रमा कार्य गर्ने संस्थाहरू तथा कन्सोर्टियम जस्ता सञ्जालहरूले गर्नुपर्दछ । यस्ता पहलहरूले समाजमा बालबालिकाहरूको लागि अर्थपूर्ण भूमिका सिर्जना गर्दछ । संघदेखि प्रदेश हुँदै स्थानीय तहसम्मका सरकारका तर्फबाट बन्ने राष्ट्रियदेखि स्थानीय तहसम्मका नीतिहरू र कार्यक्रमहरूमा बाल सहभागितालाई सार्थक सहभागिताका रूपमा प्रयुक्त गराउने जस्ता महत्त्वपूर्ण कार्य सम्पादन हुने गर्दछन् । यस्ता अवस्थाहरूमा पनि बालबालिकाको सहभागिता अर्थपूर्ण सहभागिता नहुने र आलङ्कारिक रूपमा विधि पुऱ्याउने मात्र हुने भय रहन्छ । बाल अधिकार अभियन्ताहरूले त्यसको निरन्तर रखवारी र पहरेदारी गरिरहनु पर्ने हुन्छ ।

## १. सकारात्मक मान्न नसकिने बाल सहभागिता

संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धि पूर्वको अवस्थामा आज जस्तो परिवार, समुदाय र राज्यले गम्भीरताका साथ बालबालिकाको सुनुवाई गर्नुपर्ने सवाल बाल अधिकारको महत्त्वपूर्ण प्रावधानको स्थापना नै भएको थिएन । त्यसैले वयस्कहरूले उनीहरूको भित्री भावनाहरू, विचारहरूलाई ध्यान दिनु र त्यसको संरक्षण गर्नुपर्छ भन्ने सन्दर्भ पनि स्थापित थिएन । त्यसको सट्टामा उनीहरूको भित्री भावनाहरू, विचारहरू परिपक्व हुन्नन्, त्यसर्थ बालबालिकालाई माया, दया र संरक्षण गरिनुपर्दछ भन्ने अवधारणाले काम गरेको हुन्थ्यो ।

हिजोको समाज वेद, उपनिषद्हरू र स्मृतिहरू, कुरान, बाइबल र त्रिपिटकलगायत त्यस्तै कतिपय धर्मशास्त्रहरूलाई कानूनका रूपमा मानेर चलेका हुन्थे । त्यसैले यहाँ पनि त्यसैलाई राजनीतिको अर्थमा लिइएको र सप्रशङ्ग चर्चा गरिएको हो । राजनीतिक परिप्रेक्षमा बाल सहभागिताका कुरासँग सापेक्षित सान्दर्भिकताको खोजीनीति गरिएको हो ।

आजका हाम्रा बाल अधिकारका दृष्टिकोण र त्यसबाट परिलक्षित हाम्रा मान्यताहरूमा सकारात्मक सहभागिताको कोटीमा पर्न नसक्ने ती सन्दर्भहरूलाई तल केही बुँदाहरूमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ :

### (क) धार्मिक र सांस्कृतिक उत्सवहरू र गतिविधिहरूमा बालबालिकाको सहभागिता

हिजो वैदिक कालदेखि नै हाम्रा बालबालिकालाई सम्मान गर्ने, पूजा गर्ने र मायाका साथसाथै उनीहरूको समुन्नतिमा आवश्यक प्रकृयाहरू अगाडि बढाउने अभ्यास थिए । अधिकारका रूपमा त्यसको चर्चा हुने गर्दैनथ्यो । अर्थात् ती सबै प्रकृयाहरू कर्तव्य र धर्मका रूपमा सम्पन्न हुने गर्दथे र त्यस्ता अभ्यासहरू प्रथाका रूपमा विकसित हुँदै क्रमशः संस्कृति बनेर स्थापित हुने गर्दथे । तीनै संस्कृतिहरूबाट मान्छे संस्कारित हुने गर्थे । समाज विकासक्रमको यो सामान्य प्रकृया पनि हो ।

त्यस युगमा बालबालिकालाई सम्मान गर्ने, पूजा गर्ने र मायाका साथसाथै उनीहरूको समुन्नतिमा आवस्यक प्रकृयाहरू अगाडि

बढाउने अभ्यासका रूपमा विवाह, ब्रतबन्ध, पुराण वाचन लगायतका ठूला यज्ञ यज्ञादिका सुरूमा सम्पन्न गरिने पूर्वाङ्ग कर्महरू हुने गर्दथे । ती कर्ममा गरिने अनुष्ठानहरूमा बालक, बालिकालाई कन्या तथा कुमारका रूपमा पूजा गर्ने गरिन्थ्यो । बाल पूजनलाई अनिवार्य कर्मकाण्डका रूपमा लिने र त्यसलाई धार्मिक नियमनकारी विधिहरूका पुस्तकहरूमा लेखिएका पाइन्छन् । दशैं लगायतका समयमा गरिने दुर्गा पूजामा देवीका प्रतिक मानेर बालिकाहरूलाई पूजा गर्ने, मीठा खानेकुराहरू खुवाउने, राम्रा झिलिमिली लुगाहरू लगाई दिने र दक्षिणा पनि दिएर सम्मानित गर्ने प्रथाहरू छन् । यस्ता प्रकृयाहरू स्थान र जातजाति संस्कारअनुरूप फरक रहेका हुन्छन् । यस्ता प्रथाहरू समाजमा अध्यावधि चलेको पाइन्छ । त्यहाँ शुभकर्महरूमा बालबालिकालाई सहभागी गराएको पाइन्छ । त्यसलाई एक प्रकारको युगिन बाल सहभागिताको अभ्यास मान्न सकिन्छ । त्यसैलाई बालबालिकाको प्रयोगका रूपमा पनि लिने र त्यसै अनुसारका व्याख्या पनि हुने गरेको पाइन्छ ।

त्यस्तै बौद्ध परम्परामा बालक या बालिकालाई पनि धर्मदेशणाको अवसर दिने गरिन्थ्यो । अर्थात् सानै उमेरदेखि चिबर धारण गरेर शीलमा रहने, संघमा रहेर बौद्ध शिक्षा एवम् दीक्षा ग्रहण गर्ने र क्रमशः भिक्षु बन्ने अवसर दिइन्छ । जो अध्यापि चलिरहेको पाइन्छ । त्यो संस्कृतिमा त्यस कार्यलाई बालबालिकालाई अवसर दिइएको र सम्मान गरिएको भन्ने अर्थमा लिइन्थ्यो पनि । आज त्यसलाई बाल अधिकारको हनन्का रूपमा लिने र त्यसका कारणले बालबालिको बालापन खोसिएको अर्थमा परिभाषित गर्ने गरिन्छ । यहाँ प्रयुक्त यी सन्दर्भहरूलाई प्रतिकात्मकरूपमा मात्र चर्चा गरिएकाले सबै संस्कृतिहरूको उदाहरण सम्भव नभएको हो ।

यस विषम सामाजिक मूल्य र मान्यताहरूको बदलिँदो परिभाषालाई हामीले युगका सापेक्षतामा ग्रहण गर्ने र तद्नुकूलका जीवन मूल्यहरूको निर्माण गर्न सक्नुपर्दछ । यो युग बाल अधिकारको स्पष्टताका साथ स्थापना र परिशीलन भइरहेको युग हो । त्यसैले हामी पनि त्यसै सापेक्षतामा परिचालित हुने गर्दछौं । अतः हिजो जसलाई बालहितका कर्म भनेर मानिन्थ्यो भने आज त्यसैलाई बालहिंसाका रूपमा पनि चित्रित गर्नुपर्ने हुनजान्छ ।

### (ख) राजारानीहरूका जन्मोत्सवलगायतका राष्ट्रिय पर्वहरूमा बालबालिकाको सहभागिता

समाज विकासका क्रममा वैदिक कालपछि इतिहासको लामो कालखण्डसम्म हाम्रो समाजमा राजतन्त्रले आफूलाई राजनीतिको मेरूदण्डका रूपमा कायम गरेको पाइन्छ । त्यो कालखण्डमा मनाइने राजारानीहरूका जन्मोत्सव एवम् प्रजातन्त्र दिवस भनेर फागुन सात गते, संविधान दिवस भनेर पुष १ गते जस्ता विभिन्न राष्ट्रिय पर्वहरूमा वाद्यकारीरूपमा बालबालिकाको सहभागिता गराउने गरिएको पाइन्छ । तात्कालीन अवस्थामा त्यसलाई ठूलो अवसरका रूपमा चर्चा गरिने गरिन्थ्यो । यो आलेखमा कलम चलाइरहँदा स्वयम् आफूले भोगेको घटनाहरूका स्मृति ताजै भेटिने गर्दछन् ।

हाम्रो देशमा प्रजातन्त्रको पुनस्थापनाभन्दा अगाडि सकृय राजतन्त्रको शासन थियो । त्यस अवस्थाको राजनैतिक व्यवस्थालाई पञ्चायती व्यवस्था भनिन्थ्यो । त्यो अवस्था संसारमा बाल अधिकार महासन्धिको कार्यान्वयनभन्दा पहिलेको सन् १९६६ तिरको अवस्था हो । म आफूसँग पनि नारायणहिटी राजदरबारमा बडामहारानीलाई फूल दिने लामो लाइनमा जान पाउँदा तात्कालीन अवस्थाको बाल मस्तिष्कमा निकै गर्व लागेको सन्दर्भ अझै सम्झनामा छ । भदौका घाममा पानी प्यासले म झन्नै बेहोस भएको थिएँ । भदौ ४ गते राजा महेन्द्रकी कान्छी रानी रत्नराज्यलक्ष्मीको (जसलाई बडामहारानीको पदवी दिइएको हुन्थ्यो) जन्म दिन पर्ने हुनाले त्यसै दिनलाई राष्ट्रिय बाल दिवसका रूपमा मनाउने गरिन्थ्यो । बाल मन्दिरको स्थापना र ७५ वटै जिल्लाहरूमा त्यसको विस्तार गर्ने कार्य पनि उनैका नाममा राजपरिवारकै प्रिन्सेप शाहलगायतका अरू सदस्यहरूका संलग्नता र अगुवाईमा चलेको थियो ।

त्यस्ता अवसरहरू जसलाई हिजोको त्यो परिवेशमा अवसर भनेर मानिन्थ्यो भने आज संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धिपछिको यो युगमा त्यसैलाई बालहिंसाका रूपमा लिँदै नकारात्मक उदाहरणका रूपमा लिइन्छ । यसो हुनुमा पनि हाम्रो समाजको मानक अब बाल अधिकारका तराजुमा तौलेर मात्र कायम गर्ने अभ्यासका कारणले नै हो ।

### (ग) राजनैतिक र सामाजिक सभा, समारोहहरूमा बालबालिकाको सहभागिता, परिचालन, प्रयोग र दुरूपयोग

राजनैतिक सत्ताको परिवर्तन मात्र हैन राजनैतिक व्यवस्था नै परिवर्तन हुँदै गएपछि र समय क्रमका अन्तरालमा क्रमशः सामाजिक विधि व्यवहारहरू पनि फेरिँदै जाने हुन्छन् । त्यस्तै रहनसहन एवम् मान्छेका जीवनशैली परिमार्जित हुने गर्दछन् । त्यसरी परिमार्जित हुँदै, फेरिँदै गएका जीवनपद्धति सापेक्ष र सामाजिक परिवेश अनुकूल समाजमा सांस्कृतिक उन्नयनको अभ्यास पनि देखिने गर्दछ । पछिल्ला युगमा अर्थात् हाम्रो समाजमा प्रजातन्त्रको स्थापना पछाडिको समाजमा बाल सहभागिताको अभ्यास केही फरक रहेको पाइन्छ । संयोग पनि भनौं हाम्रो मुलुकमा प्रजातन्त्रको पुनः स्थापना हुनु र संयुक्त राष्ट्रसङ्घले बाल अधिकार सम्बन्धी महासन्धि जारिगर्नु लगभग एकै साथ सन् १९८९/९० मै भएको थियो । मुलुकको राजनैतिक क्षेत्रले ठूलो फड्को मारेको थियो ।

तर राजनीतिका शासक पात्रहरू फेरिँदै गए पनि प्रवृत्ति फेरिन नसकेको त्यो कालखण्डमा पनि केही सामन्तहरूका प्रथाहरू बाँकी रहेकै थिए । त्यस कालखण्डमा राजनैतिक र सामाजिक सभा, समारोहहरूमा बालबालिकाको प्रयोग व्यापकरूपमा भए । स्वागतमा पञ्चकन्याको प्रयोगदेखि सभाहरूमा, ऱ्याली तथा जुलुसहरूमा विद्यालय नै खाली गराएर बालबालिकाको प्रयोग र परिचालन गरिए । भिन्न राजनैतिक पार्टीहरूका र नेताहरूका स्वार्थमा गरिएका ती प्रयोगहरूलाई बाल अधिकारका दृष्टिमा दुरूपयोग नै मानिन्छ अर्थात् नकारात्मक बाल सहभागिता भनेर नै चिनिने गर्दछ ।

## (घ) दलगत गतिविधिहरूमा वाध्यकारीरूपमा बालबालिकाको सहभागिता

बाल अधिकारको चर्चा, परिचर्चा छलफल र स्वीकारका अभ्यासहरू हुँदै पनि छन् । निर्वाचन प्रचारप्रसार तथा विजय ऱ्यालीहरूमा बालबालिकाको सहभागिता पनि सँगसँगै हुँदै आएको हाम्रो समाजको तीतो यथार्थ हो । अझै कतिपय सन्दर्भ र ठाउँ विशेषहरूमा यो नराम्रो अभ्यास वाध्यकारी रहेको पनि पाइन्छ । यो र यस्ता परिशीलनहरू अधिकारमुखी आँखामा स्वीकार्य नहुने मात्र हैन बाल अधिकारका दृष्टिमा दुरूपयोग स्वरूप नकारात्मक बाल सहभागिता कै कोटीमा राखिने गर्दछ ।

## (ङ) विद्यार्थीकै हित र अधिकारका नाममा हुने विद्यार्थी राजनीति र दलीय स्वार्थमा बालबालिकाको सहभागिता

माथि नै चर्चा भइसकेको छ कि, हाम्रो मुलुकमा प्रजातन्त्रको पुनःस्थापना हुनु र संयुक्त राष्ट्रसङ्घले बाल अधिकार सम्बन्धी महासन्धि जारिगर्नु लगभग एकैसाथ घटेका सुखद् सन्दर्भहरू हुन् । तर त्यसपछिको लामो समयसम्म विद्यार्थीकै हित र अधिकारका नाममा हुने विद्यार्थी राजनीति र दलीय स्वार्थमा बालबालिकाको सहभागिता रहि नै रह्यो । उच्च शिक्षाको थलो विश्व विद्यालयहरूमा, कलेजहरूमा त्यो अभ्यासलाई सामान्यरूपमा लिइन्छ । तर १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरूका साथ विद्यालयहरूमा राजनीतिक पार्टीहरूका भ्रातृ सङ्गठनका रूपमा विभिन्न नाममा सङ्गठन चलाउने क्रम पनि रहेको हो । त्यसलाई पनि राजनैतिक क्षेत्रले विद्यार्थीका अधिकारको समुचित उपयोग भएको अर्थमा सम्यक सहभागिता कै नाम दिइएको पाइन्थ्यो ।

लामो समयदेखिको बाल अधिकार अभियन्ताहरूले, यस क्षेत्रका सङ्घसंस्था र सञ्जालहरूले यसका विरूद्धमा चलाएका सचेतना अभियानहरूका प्रभावले अब यो कार्य बाल अधिकारको विरूद्धमा छ भन्ने मान्यता स्थापित भइरहेको छ । यसका साथसाथै सन् २०१५ मा जारी गरिएको नेपालको संविधानले पनि बालबालिकाको सर्वोत्तम हितलाई आफ्नो निर्देशक सिद्धान्तमा नै समावेस गरेको र संविधानको धारा ३९ को उपधारा एकदेखि १० सम्म बाल अधिकारलाई मौलिक हकका रूपमा स्थापित गर्दै समावेस गरेकाले पनि तद्नुकूलका ऐन-कानूनहरू बन्ने र कार्यान्वयन हुँदै जाने क्रममा रहेकाले पनि विद्यालयहरूमा राजनीतिक पार्टीहरूका भ्रातृ सङ्गठनका रूपमा विभिन्न नाममा सङ्गठन चलाउने क्रम निरूत्साहित भएको छ । अझै पनि राजनैतिक दलहरूले जानी नजानि या अनुचित स्वार्थवस् नकारात्मक बाल सहभागिताको त्यो प्रयास गर्ने गरेको पाइन्छ ।

## (च) सशत्र द्वन्द्वमा बालबालिकाको सहभागिता

नेपालको राजनैतिक परिवेशलाई लिएर अलिकति अगाडि पुग्दा अर्थात् सन् १९९५ मा नेपाल कम्युनिष्ट पार्टीको एउटा घटकले आफूलाई माओबादी भन्ने नामाकरण गर्दै सशत्र संघर्षको सुरूवात गऱ्यो । एक दशकभन्दा बढि समयसम्म चलेको त्यस विद्रोहमा नेपालका लगभग चार हजार बालबालिकालाई शैन्य दस्तामा भर्ना गरियो । हतियार चलाउने तालिम दिइयो र विद्रोहमा संलग्न गराईयो । त्यसलाई पनि विद्रोहका सञ्चालकहरूले बालबालिकाहरूलाई महान् जनयुद्धमा सामेल भएका राता सिपाहीहरू भनेर एक प्रकारको सम्मान दिने काम गऱ्यो । राष्ट्र निर्माणमा सहभागी हुने अवसरका रूपमा त्यसलाई व्याख्या पनि गरियो ।

तर यथार्थमा धेरै बालबालिकाहरूको उज्यालो भोलिको अपेक्षामा ग्रहण लागेर भविष्य अन्धकार हुन पुगेको छ । त्यो जनयुद्ध सञ्चालकहरू आज सत्ताको केन्द्रमा छन् भने मृत्युलाई जीतेका ती बालशैन्य आज या त खाडी मुलुक, मलेसिया, कोरियाका श्रम बजारमा छन् र गाउँहरूमा या शहरका मजदुर वस्तीहरूमा सामान्य जीवन बिताइरहेका भेटिन्छन् । हाम्रो यस आलेखको उद्देश्य भनेको राजनैतिक नाफा या घाटाको विश्लेषण हैन । युद्धमा सहभागी बालबालिकाहरूको समग्र चर्चा पनि हैन । सकारात्मक र नकारात्मक बाल सहभागिताको हो र इतिहासको एउटा कालखण्डमा बालबालिकाको नकारात्मक सहभागिता भएको हो भन्ने उदाहरण हो ।

## (छ) दलगत राजनीतिभन्दा माथि राज्यका नाममा हुने राजनैतिक जुलुस, सभा, समारोहहरूमा गराइने बालबालिकाको सहभागिता

बालबालिकाका सवालहरूमा, सामाजिक एवम् सांस्कृतिक सन्दर्भहरूमा र राजनैतिक जुलुस, सभा, समारोह तथा बालबालिकाको सहभागिता रहेको पाइएको छ । उदाहरणका रूपमा राष्ट्रिय दिवसहरू मनाउने, वन वातावरणको संरक्षणका अभियानहरूमा मनाइने

समारोहहरू, लागू पदार्थ जस्ता अमानवीय गतिविधिका विरूद्धमा चलाईने ऱ्याली जुलुस एवम् समारोहहरूमा बालबालिकालाई परिचालन गरेको पाइन्छ । अझ त्यसलाई कतिपय अवस्थाहरूमा राष्ट्र निर्माणका नाममा, समाज विकासका अभिप्रायले र बाल विकास हेतु राम्रो काममा परिचालन भएको चर्चा गर्ने र वैधानिकताको जलप लगाउन प्रयास भएको पाइन्छ । भलै यो अभ्यास भने दलगत राजनीतिभन्दा माथि हुन्छ । अर्थात् साझा राजनैतिक प्रयोगमा हुने गर्दछ । दलगत राजनीतिभन्दा माथि राज्यका नाममा हुने यस्ता राजनैतिक जुलुस, सभा, समारोहहरूमा गराइने बालबालिकाको सहभागितालाई पनि दुरुपयोग कै रूपमा ग्रहण गरेर नकारात्मक सहभागिताको कोटिमा राख्नु पर्ने हुन्छ ।

**बालबालिकाकै नाममा हुने कार्यक्रमहरूमा हुने बालबालिकाको सहभागिता**

हाम्रो समाजमा विद्यालयमा भर्ना अभियान, विद्यालयका वार्षिक कार्यक्रमहरूमा, भवन निर्माणमा श्रमदानलगायतका शैक्षिक क्षेत्रमा पनि बालबालिकाको व्यापक परिचालन हुने गरेको छ । बालबालिकाकै नाममा हुने सभा समारोह, गोष्ठी, कार्यशालाहरूका साथसाथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल दिवसहरूमा, बाल श्रमविरूद्धका, बाल अधिकारसँग जोडिएका अनेकानेक विश्वस्तरका दिवसहरूमा बालबालिकाको सहभागितामा मनाउने अभ्यास पनि रहेको छ । अब क्रमशः न्यून हुँदै गइरहेको भएता पनि बालबालिकाको त्यो प्रयोग र परिचालनलाई पनि अब निषेध नै गर्नु उपयुक्त हुन्छ ।

**उपसंहार**

बालबालिकाका लागि, बालबालिकाहरूबाटै बालबालिकाकै सहभागितामा भन्ने आसय सुन्दर लाग्दछ । सहभागिताको सिद्धान्तले पनि आफ्ना कुरामा उनीहरू सहभागी हुनुलाई बाल सहभागिता भनेर हामीले माथि नै चर्चा गरिसकेका छौँ । सिद्धान्ततः पनि बाल सहभागितालाई हामीले अधिकारका रूपमा लिएकै छौँ । नेपालको राजनीतिक परिदृष्यमा बाल सहभागिताको नकारात्मक र सकारात्मक अभ्यासहरूलाई अध्ययनको विषय बनाउने, समाजको गहिरो गरी अध्ययन गर्ने, मिहिन ढङ्गले त्यसको विश्लेषण गर्ने र त्यसको समुचित प्रकाशन गर्ने अभिभारा पनि हाम्रो नै हो । कतिसम्म बाल सहभागिताको सिर्जनात्मक परिशीलन हो र कहाँबाट बालबालिकाको परिचालन, प्रयोग र दुरूपयोगको चरण सुरू हुन्छ ? भन्ने कुराको निरूपण गर्ने अब हाम्रो दायित्व र जिम्मेवारीका रूपमा रहेको छ । यस गुरुत्तर जिम्मेवारी वहन गरिरहँदा समाजले सम्यक मार्ग दर्शन पहिल्याउनु पर्ने हुन्छ । त्यो भनेको 'बालबालिकाको सर्वोत्तम हित र चासो' नै हो ।

**सन्दर्भ सामग्रीहरू**


- नेपालको राजनैतिक दर्पण, देवकोटा गृष्मबहादुर
- A discussion document prepared for UNICEF Regional Office South Asia Jason Hart Ph.D REFUGEE STUDIES CENTRE, OXFORD UNIVERSITY
- नेपालको संविधान सन् २०१५
- पारस्कर गृहशुत्र (सनातनी वैदिक संहिता)
- त्रिपिटक (हीनयानी बौद्ध संहिता)
- दुर्गा शप्तसती
- https://www.ohchr.org/en/professionalinterest/pages/crc.aspx


(लेखक बाल अधिकार अभियन्ता तथा CRC Committee HRTMCC का संयोजक हुनुहुन्छ ।)

## नेपालमा कन्सोर्टियमको उदय : बाल सहभागिता अवधारणा कार्यान्वयनको आशा केन्द्र



डा. विजय सैंजु

### पृष्ठभूमि

सन् १९९८ ताका तत्कालीन बाल बचाउ नर्वे (रेड बार्ना) मा पिटर डिक्सन आवासिय प्रतिनिधिको रूपमा नेपालमा कार्यरत हुनुहुन्थ्यो । उहाँलाई बाल सहभागिताका बारेमा ठूलो चासो थियो । यस क्रममा बाल सहभागितामूलक कृयाकलापहरूलाई द्रुतगतिमा स्थानीय तहमा लैजान र स्थानीय गैर सरकारी संस्थाहरूलाई बाल सहभागितातर्फ उत्प्रेरित गर्न पिटर डिक्सनको महत्त्वपूर्ण योगदान रहेको म यहाँ स्मरण गर्न चाहन्छु । यही बेला हो नेपालमा कर्न्सोटियम नेपालको स्थापना भएको ।

पिटर डिक्सन नेपाल आउनु अगाडि उहाँसँग आफूले श्रीलंकामा रेडबार्नाको आवासीय प्रतिनिधि भएर काम गरेको अनुभव थियो । श्रीलंकाको बसाइमा उहाँले त्यस्तै कन्सोर्टियमको स्थापना गर्नका लागि योगदान पुऱ्याउनु भएको रहेछ । त्यस अनुभवले पनि उहाँलाई यहाँ बाल सहभागिताका क्षेत्रमा काम गर्न सजिलो भएको थियो ।

यस क्रममा बाल अधिकारको क्षेत्रमा क्रियाशील सामाजिक संस्था कन्सर्नले आफ्नो संस्था स्थापना कालदेखि नै बाल सहभागिताका बारेमा मित्र संस्थाहरूबीच वकालत गर्दै आएको थियो । संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिको एउटा महत्त्वपूर्ण सिद्धान्तको भावनाअनुसार समाजले बाल बालिकाको आवाज सुन्नु पर्दछ भन्ने कुरामा मैले विशेष जोड दिँदै आएको थिएँ । तर त्यतिबेला युनिसेफ, आइ. एल. ओ. जस्ता राष्ट्रसंघीय निकाय तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाका लागि पनि त्यति चासोको विषय बनिसकेको थिएन, बाल सहभागिता ।

रेड बार्नाको साझेदार संस्था कन्सर्न नेपालको कार्यकारी अध्यक्षको हैसियतमा मसँग पिटर डिक्सनको बरोबर भेट भैरहन्थ्यो र हामी बालक्लब र बाल सहभागिताका बारेमा छलफल गरिरहन्थ्यौं । छलफलको क्रममा नेपालमा पनि श्रीलंकामा जस्तै बाल सहभागिता प्रवर्द्धनको गतिविधि व्यवस्थितरूपमा सञ्चालन गर्न बाल अधिकारका क्षेत्रमा क्रियाशील संघसंस्थाहरूको साझा सञ्जालको आवश्यकताका बारेमा चर्चा हुन्थ्यो । नेपालमा बालक्लब गठन र क्रियाशील हुने अवधारणाले एउटा अभियानकै स्वरूप लिइसकेको अवस्थामा यस प्रकारको सञ्जाल आवश्यक भैसकेको थियो । यस क्रममा १९९७/९८ ताका भएको बालक्लब अभियानको बृहद् अध्ययनले बालक्लब अभियान प्रजातान्त्रिक अभ्यासका रूपमा रहेको कुराको पुष्टि गऱ्यो र बालक्लब अभियानलाई व्यवस्थित गर्न एउटा साझा सञ्जाल बनाउन सिफारिस गऱ्यो । यसबाट कन्सोर्टियम नेपालको स्थापनाका लागि थप आधार तयार भयो । हामीले छलफललाई थप घनिभूत बनायौं र झण्डै एक वर्षसम्मको प्रयासपछि १९९९ को अन्ततिर कन्सोर्टियमको विधिवतरूपमा स्थापना गऱ्यौं । लुज फोरमको रूपमा स्थापित कर्न्सोटियमको म पहिलो संयोजक भएँ र यसको कार्यालय हातेमालो सञ्चारले उपलब्ध गराएको कोठामा स्थापना गरी त्यहींबाट आफ्ना गतिविधि सञ्चालन गर्न थालियो । नूपुर भट्टाचार्य आवद्ध हातेमालो सञ्चारमा कोठा उपलब्ध गराएर मात्र होइन कि कन्सोर्टियमको अवधारणा विकास गर्नसमेत योगदान दिनुभएको सन्दर्भमा म त्यसबेला रेडबार्नामा कार्यरत नूपुर भट्टाचार्यलाई सम्मानका साथ सम्झिरहेको छु ।

### छोटो इतिहास

कन्सर्न नेपाल पहिलो संयोजकको रूपमा रहेको यस सञ्जालमा शुरूमा ८ वटामात्र संस्थाहरू संस्थापकको रूपमा आवद्ध थिए । ती संस्थाहरूमा सि. वि. आर. विराटनगर, उप्का धरान, सेफ नेपालगञ्ज, सि. वि. आर. भक्तपुर, सिविन-नेपाल, हातेमालो सञ्चार र कन्सर्न नेपाल थिए । यसरी थोरै संस्थाहरूको प्रयासबाट स्थापित कर्न्सोटियमका हाल ६२ वटा बाल सहभागितामा कृयाशील संस्थाहरू सदस्य रहेको पाउँदा गौरवको अनुभूति हुन्छ । शुरूमा बालक्लब अभियानलाई प्रवर्द्धन गर्ने उद्देश्य बोकेको कन्सोर्टियमले बाल सहभागिता थप परिभाषित हुँदै जाँदा आफूलाई सोही अनुसार परिमार्जित गर्दै लगिरहेको छ । नामैमा पनि शुरूमा बालक्लबसँग काम गर्ने संस्थाहरूको साझा सञ्जाल (कर्न्सोटियम) भनिने गरिएकोमा हाल बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा सञ्जाल (कर्न्सोटियम्) भन्ने गरिन्छ । यो सञ्जाल विधिवतरूपमा काठमाडौं जिल्ला प्रसासन कार्यालयमा दर्ता रहेको छ । हालसम्म यो सञ्जालको संयोजक/अध्यक्षको रूपमा योगदान पुऱ्याउनु हुने बाल अधिकार अभियन्ताहरूमा क्रमशः विजय सैंजु, माधव प्रधान, मिलन धरेल, जियमबाबु श्रेष्ठ, कुमार भट्टराई, युवराज धिमिरे, सन्तराम डङ्गोल र वर्तमान अध्यक्षका रूपमा किरण थापा हुनुहुन्छ ।

### अन्तर्राष्ट्रिय गैससहरूको संलग्नता

कर्न्सोटियम जस्ता नागरिक समाजका सञ्जालहरूमा अन्तर्राष्ट्रिय गैससहरूको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव नपरोस् भन्ने कुरामा हामी सजग थियौं । यही सजगताकाबीच आरम्भमा कर्न्सोटियममा तत्कालीन रेडबार्ना तथा सेभ द चिल्ड्रेन (युएस) मात्र आवद्ध रहेकोमा पछि प्लान नेपाल पनि आवद्ध भयो । हामीले उहाँहरूबाट कर्न्सोटियमको गतिविधि सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग रहने र सदस्यका रूपमा रहे तापनि भोटिङ्ग राइट्स नरहने गरी व्यवस्था मिलायौं । यही भावनालाई आत्मसात् गर्दै रेडबार्नाको कार्यालय परिसरमा कार्यालय स्थापना नगरी हातेमालोको कार्यालयमा कर्न्सोटियमको सचिवालय स्थापना गरिएको थियो ।

### बाल सहभागिताका चुनौतीको विषय

नेपाल सरकारले राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लाई १९९० सेप्टेम्वर १४ (भाद्र २९) दिन, अनुमोदन गर्नु नेपालको बाल अधिकार आन्दोलनका लागि महत्त्वपूर्ण फड्को थियो । यति बेरसम्म बाल सहभागिताका विषयमा ठोस अवधारणा विकास भैसकेको थिएन । यद्यपी हामीलाई बालबालिकाको आवाजको कदर गर्नुपर्दछ, समाजका हरेक गतिविधिमा उनीहरूले विचार राख्न पाउनु पर्दछ र उनीहरूलाई विचार राख्ने मौका दिइनु पर्दछ भन्ने थाहा थियो । बाल सहभागिता सम्बन्धका हाम्रा यी विचारहरू क्रान्तिकारी विचार सावित भए । धेरैले यसलाई बुझ्ने प्रयास नै गरेनन् र सधैं नकारात्मक रूपमा हेर्न थाले । यसबाट बाल सहभागिता एक टोकनिजम्मा सीमित रहने जोखिम बढेर गयो । ठूलाहरूले आयोजना गरेका कार्यक्रमहरूमा एकदुईजना बालबालिकालाई स्थान दिएर मञ्चको शोभा बढाउने मात्रै काम हुन थाल्यो । देखावटीरूपमा भएपनि बाल सहभागिता शुरू हुनु सुखद् पक्ष थियो तर सार्थक बाल सहभागिताका लागि हामी जस्ता अभियन्ताहरूको काम थपिंदै थियो ।

बाल सहभागितालाई बढवा दिन हामीले कर्न्सोटियममार्फत बालक्लब अभियानको सुदृढीकरणमा जोड दिंदै गयौं । यसबाट बालक्वब अभियानले एउटा आकार लिंदै गयो र राज्यका अवयवहरूमा बाल सहभागितासम्बन्धी अवधारणात्मक स्पष्टता बढ्दै गयो । हाल कन्सोर्टियममा आवद्ध रहेका वा नरहेका बालक्लव केन्द्रित संस्थाहरूसँग ३०,००० भन्दा वढी बालक्लबहरू क्रियाशील अवस्थामा रहेको थाहा पाउँदा खुशीको सीमा रहँदैन । यस सँगसँगै बाल सहभागिताका विषयमा बालबालिकाका क्षेत्रमा कार्यरत राष्ट्रसंघीय निकायहरू, अन्तरर्राष्ट्रिय गैससहरू र नागरिक समाजका संघसंस्थाहरूको बुझाइमा एकरूपता देखिनु सन्तोषको विषय हो । यसैको प्रतिफल स्वरूप बाल सहभागिताका सन्दर्भमा दक्षिण एशियामा नेपाल अग्रपंक्तिमा रहेको छ ।

विश्व मानचित्रमा बाल सहभागितालाई लिएर कुरा गर्ने हो भने युरोपका कतिपय मुलुकहरू खासगरी नेदरल्याण्डस् तथा स्केण्डिनेभिएन राष्ट्रहरूमा बाल सहभागिताका पक्ष सुदृढ रहेको पाउँछौं । एशियाली मुलुकहरूमा फिलिपिन्स्को नाम लिन सकिन्छ । आफ्नो गतिविधिकै कारण फिलिपिन्स्का बालबालिकाहरूले संसदमा समेत प्रवेश पाएका थिए । आशा गरौं नेपालको संसदमा पनि हाम्रा बालबालिकाले प्रवेश पाउनेछन् ।

### नेपाल सरकारवाट भएका प्रयासहरू

नेपाल सरकारले सेप्टेम्वर १४, १९९० मा बाल अधिकार महासन्धिलाई अनुमोदन गरिसकेपछि १९९२ (२०४८) मा बालबालिकासम्बन्धी ऐन तर्जुमा गऱ्यो । यसै गरी नियमावली १९९४ (२०५१) मा ल्याइयो । हाल परिमार्जितरूपमा बालबालिकासम्बन्धी ऐन २०७५ व्यवहारमा रहेको छ । हाम्रो लामो समयको वकालत र प्रयासबाट बाल श्रम नियमित तथा निषेधित गर्न बनेको ऐन १९९९ तर्जुमा गरियो जसलाई कार्यान्वयन प्रकृयामा लैजान सन् २००५ सम्म कुर्नुपऱ्यो । नेपालका यी कानूनी व्यवस्थाले धेरै हदसम्म बाल अधिकारका सवाललाई संवोधन गरेको पाइन्छ । यद्यपी व्यवहारमा लागू नहुँदा ऐन कानूनहरू देखावटी मात्र सावित भएका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत रहेको केन्द्रीय बाल कल्याण समिति खारेज भई हाल राष्ट्रिय बाल अधिकार परिषद् अस्तित्वमा आएको र यसले नेपाल सरकारका तर्फबाट बाल अधिकारका गतिविधिहरूलाई संयोजन गरिरहेको छ । त्यस्तै नेपाल सरकारले बाल विकासका लागि विभिन्न नगर तथा गाउँपालिकाहरू मार्फत १० प्रतिशत बजेट छुट्याउने व्यवस्था गरिएकोमा हालको परिवर्तित अवस्थामा पनि सोही अनुरूप हुनुपर्ने आवाज उठिरहेको छ । यद्यपी अधिकांश स्थानीय सरकारहरूले बाल अधिकारको विषयलाई प्राथमिकतामा राख्ने गरेको पाइएको छ ।

**संघीय सरकारमा कन्सोर्टियमको भूमिका**

नेपाल संघीय गणतन्त्रात्मक संरचना अन्तर्गत अब ३ तहको सरकार, अर्थात् संघ, प्रदेश र स्थानीय सरकार बनिसकेको अवस्थामा कन्सोर्टियमले आफ्नो भूमिकालाई अझ विस्तार गरेर अगाडि बढ्नु पर्दछ । केन्द्रीय सरकार मातहतका मन्त्रालयहरूसँग समन्वय गर्दै विद्यमान कानूनहरूको कार्यान्वयनमा ध्यान दिँदै प्रदेश सरकारलाई बालबालिकासम्बन्धी नीति निर्माणमा सघाउनु पर्दछ । त्यस्तै ७७ जिल्लाका ७५३ स्थानीय सरकारहरूलाई पनि बालबालिकासम्बन्धी नीति निर्माण र कार्यान्वयनमा सघाउनु पर्दछ । उनीहरूलाई बालमैत्री स्थानीय शासन तथा बाल सहभागिताको अवधारणात्मक स्पष्टता र यस सम्बन्धका नीति निर्माण र कार्यान्वयनमा सघाउनु पर्दछ ।

कन्सोर्टियम स्थापनाकालको परिस्थिति र हालको परिस्थिमा धेरै अन्तर आइसकेको अवस्था छ । बाल अधिकारको अवधारणा व्यापकरूपमा फैलिसकेको अवस्था छ । बाल अधिकारबारे धरै सर्वेक्षण अनुसन्धान भैसकेको अवस्था र जन चेतना उठिसकेको अवस्थामा कन्सोर्टियमलाई आफ्नो कार्ययोजना अगाडि बढाउन कुनै कठिनाई छैन भन्ने ठान्दछु ।

**शिक्षा, सक्षमता र शशक्तीकरण बाल सहभागिताका मूल पक्ष**

बाल सहभागिता केका निम्ति ? भन्ने कुरामा कन्सोर्टियम सदैव स्पष्ट रहनु पर्दछ । समग्र बाल विकासमा टेवा पुऱ्याउनु र बालबालिकालाई सक्षम नागरिकको रूपमा विकास गर्न योगदान दिनु नै बाल सहभागिताको मूल ध्येय हो । यसका लागि उनीहरूको विचार र भावना बुझेर उनीहरू अनुकुल शिक्षा दिन अभिभावकहरूलाई प्रेरित गरिनु पर्दछ । बाल सहभागितामूलक रोजाइमार्फत बालबालिका शिक्षा क्षेत्रमा लाग्न पाउने वातावरण निर्माणमा कन्सोर्टियमले योगदान पुऱ्याउनु पर्दछ ।

विकसित मुलुकहरूमा त्यहाँका बालबालिकाहरूलाई आफ्नो रोजाइ अनुसारको शिक्षा दिने चलन धेरै पहिलेदेखि रहँदै आएको छ । बालबालिकाहरूले विज्ञान पढ्ने वा कमर्स विषय पढ्ने वा कम्प्युटर साइन्स लिने वा मानवशास्त्र वा इतिहास पढ्ने भन्ने बारेमा घर परिवार भित्रै व्यापक बहसपछि मात्र बालबालिकाहरूको रोजाइको आधारमा स्कूल कलेज पठाउने चलनलाई उनीहरूले संस्कारका रूपमा विकास गरेका छन् ।

**बाल सहभागितामा विभिन्न सरोकारवालाहरूले पूरा गर्नुपर्ने दायित्व**

बाल सहभागिताको प्रवर्द्धनका लागि विभिन्न सरोकारवालाहरूले खेल्नु पर्ने भूमिका यसप्रकार उल्लेख गर्न सकिन्छ,

**परिवार समाज**

बाल सहभागिताको अभ्यासका लागि परिवार नै महत्त्वपूर्ण स्थान हो । घरपरिवारले सदैव बालबालिकाको आवाज र भावना सुन्ने र सोही अनुसार निर्णय गर्नुपर्दछ । हुनपनि बाल विकास अभिवावक वर्गको दायित्व हो र बाल सहभागिताको अवधारणा अनुरूपको आचरणबाट मात्र बाल विकास सम्भव छ ।

**नागरिक समाज र गैर सरकारी संस्थाहरू**

नेपालमा नागरिक समाजबाट गठित गैससहरू समाज कल्याण परिषद्कै आँकडामा ५० हजारभन्दा वढी कानूनी रूपमा नै दर्ता भै सञ्चालित छन् । तिनमा २ हजारभन्दा बढी संघसंस्थाहरू बालबालिकाको क्षेत्रमा काम गर्ने छन् । बालगृहहरू सञ्चालन गर्ने मात्रै थुप्रै संघसंस्थाहरू रहेका छन् । तसर्थ, बाल केन्द्रित नागरिक समाजबाट स्थापित संघ संस्थाहरूले आ–आफ्नो कार्यक्षेत्रहरूमा बाल सहभागितालाई विशेष ध्यानदिई बालमैत्री कृयाकलापहरूलाई प्राथमिकतामा राख्नु पर्दछ ।

**अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू**

बाल केन्द्रित अन्तर्राष्ट्रिय गैसस तथा विकास साझेदारहरूले ठूलो मात्रामा बालबालिकाको मुद्दामा खर्चिरहेका छन् । तिनीहरूले आफ्नो बजेटको कम्तिमा १० प्रतिशत रकम बाल सहभागिता मूलक गतिविधिहरूमा छुट्टयाइ दिएको खण्डमा यो आन्दोलन उत्कर्षमा पुग्ने थियो । कन्सोर्टियमसँगको सहकार्यमा ७ वटै प्रदेशहरूमा दातृ संस्थाहरूले स्थानीय सदस्य संस्थाहरूसँग सहकार्य गर्नु आवश्यक छ । दातृ संस्थाहरूले कुन संस्था बाल सहभागिताको कार्यक्रममा दखल राख्छ भन्ने बुझ्नु आवश्यक छ । सोहि अनुरूप स्थानीय संस्थाहरू छनौट गरी कार्ययोजना तयार गर्नु दातृ संस्थाहरूको दयित्व हो ।

**संयुक्त राष्ट्रसंघीय निकायहरू**

युनिसेफ, आइ. एल. ओ. जस्ता राष्ट्रसंघीय निकायहरूले नेपाल राज्यपक्षका रूपमा रहेका बाल अधिकार सम्बन्धी महासन्धि १९८९ र आइ एल ओ सन्धि नं १३९, १६९, १८२ जस्ता अत्यन्तै महत्त्वपूर्ण दस्तावेजहरूको कार्यान्वयनमा नेपाल सरकारलाई मद्दत गर्नुपर्दछ र यसमा पनि बाल सहभागितामूलक कार्यहरूमा आ–आफ्नो लगानी अभिवृद्धि गर्नु आवश्यक छ । नेपालमा भएका १६ लाख बाल श्रमिकहरूलाई कसरी क्रमवद्ध ढङ्गबाट निराकरण गर्ने र दिगोरूपमा समस्याको समाधान गर्ने भन्ने बारेमा आफ्नो परियोजना विकास गर्नुपर्छ । बाल श्रमिकहरू जो शारीरिक र मानसिकरूपमा शोषित छन्, तिनिहरूलाई सिप सिकाउने कार्यमा सघाउनु पर्दछ र स्वावलम्बी बनाउन मद्दत गर्नुपर्दछ । यी संस्थाहरूले विभिन्न महासन्धिहरूलाई स्थानीय आदिबासी जनजातिहरूले बुझ्ने भाषामा रूपान्तरण गरेर बालबाललिकाले पनि बुझ्ने गरी सन्धिमा भएका बाल अकिकारका धारा उपधाराहरूको व्याख्या गर्नुपर्छ ।

**द्विपक्षीय निकायहरू**

नेपालमा कार्यरत द्वीपक्षीय निकायहरू जस्तै वर्ल्ड बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, आदि जस्ता आर्थिकरूपमा अति सम्पन्न ठूला संस्थाहरूले नेपाल सरकारलाई अनुदान वा ऋण सहयोग दिंदा मूलतः बाल विकास तथा बाल सहभागितामूलक कार्यक्रमहरूलाई प्राथमिकतामा राख्नुपर्दछ । अन्यथा तिनिहरूको लगानी खेर जाने निश्चित प्रायः छ ।

हालको कोरोना भाइरसकै सवालमा ए. डि. वि. सँग २५० मिलियन डलर ऋण नेपाल सरकारले लिइसकेको र सो बेहोराबारे प्रतिवेदनमा देखाइसकेको छ । यस्तो ऋणपछि कसरी चुक्ता गर्ने भन्ने बारेमा ठोस कार्यदिशा छैन । तसर्थ, पछि तिर्न नसक्ने खालका यस्ता रकमहरू उपलव्ध गर्न वर्ल्ड बैंक जस्ता संस्थाहरूले बन्द गर्नुपर्छ । बाल विकासका कार्यक्रमहरूमा अनुदानको रूपमा दिनुपर्छ । पछि गएर बाल वालिकाहरूकै टाउकामा ऋण थोपरेर सहयोग गर्ने होइन ।

**नेपाल सरकारको दायित्व**

नेपाल सरकारले थुप्रै सन्धि महासन्धिहरूमा हस्ताक्षर गरेका छन् । यस्मा मूलतः संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धि १९८९ तथा आइ. एल. ओ. सन्धि नं १३९, १६९, १८२ बालबालिकासँग सम्बन्धित सन्धिहरू हुन् । यी सन्धिहरूको अक्षरस पालना गर्नुपर्ने नेपाल सरकारको दायित्व हो । बाल अधिकार महासन्धिको मूलमर्मको रूपमा रहेको यसका सिद्धान्तहरूमा बालबालिकाको आवाजलाई सुन्नुपर्ने सिद्धान्तअन्तर्गत बाल सहभागितालाई विशेष जोड दिइनुपर्छ । अन्य मुलुकहरूको कुरा गर्दा फिलिपिन्स्मा जस्तै बालबालिकाहरूलाई संसद भित्रै आवाज राख्न दिइनुपर्ने विशेष व्यवस्था गर्नुपर्छ । त्यस्तै आफ्नो सरकारी निकायहरूमार्फत हालको संरचना अनुसार ७ वटै प्रदेशका ७५३ स्थानीय सरकारहरूमा बाल अधिकार महासन्धिलाई व्यापकरूपमा प्रचार–प्रसार गरी यस महासन्धिको धारा १२, १३, १४ र १५ मा उल्लेख गरिएका बाल सहभागिताका पक्षहरूलाई कार्यान्वयन गर्नु/गराउनु नेपाल सरकारको दायित्व हो । यसमा कन्सोर्टियम जस्तो राष्ट्रिय सञ्जालले र यो सञ्जालसँग आवद्ध विभिन्न नागरिक समाजका संस्थाहरूले सरकारलाई सघाउने हो ।

त्यसैगरी महासन्धि पारित भैसकेपछि ल्याइएका बालबालिकासँग सम्वन्धित ऐन कानूनहरू विशेषतः बालबालिका सम्बन्धी ऐन २०७५ तथा बालश्रम नियमित र निषेधित गर्न बनेको ऐन २०५६ का साथै अन्य बाल केन्द्रित कानूनहरूको अक्षरस पालना गर्नुपर्ने, गराउनु पर्ने दायित्व नेपाल सरकारको नै हो ।

**अन्तमा**

बाल अधिकार, नेपालको सन्दर्भमा प्रायोजित योजना वा परियोजनाको रूपमा होइन, यसलाई बाल विकास क्रमको आन्दोलनको रूपमा ग्रहण गरिनु पर्दछ । कन्सोर्टियम जस्तो राष्ट्रिय स्तरमा स्थापित सञ्जालले कुनै पनि कार्यक्रमहरू आँफैले सञ्चालन नगरी आफ्ना सदस्य संस्थाहरूमार्फत सञ्चालन गर्नुपर्दछ । राष्ट्रिय सञ्जालले वकालत वा पैरवीमा विशेष ध्यान दिनु पर्छ । सरकारलाई, कन्सोर्टियमको नाम लिने वित्तिकै दवाव महसुस भएमा मात्र कन्सोर्टियमको महत्त्व र गरिमा वढ्छ । यस्तो परिस्थिति सिर्जना गर्नका लागि कर्न्सोटियमले इमान्दारितापूर्वक बाल सहभागिताको अभियानलाई अगाडि बढाउनु पर्दछ ।

विगत २ दशकको इतिहासमा कन्सोर्टियमले निक्कै ठूलो फड्को मारिसकेको छ र यसका अभियन्ताहरू अझै पनि बाल अधिकार प्रत्याभूतिका निम्ति समर्पित छन् । कन्सोर्टियमका लागि यो सबैभन्दा ठूलो पूँजी हो । कर्न्सोटियमको संस्थापक संयोजकका हैसियतले कर्न्सोटियमले आवश्यकता महशुस गरेमा संस्थागत तथा व्यक्तिगत तवरमा सघाउन म सँधैं तयार छु । हस्त धन्यवाद, "सुनिश्चित बाल अधिकार, नेपाल निर्माणको पूर्वाधार" ।

(लेखक बाल अधिकार अभियन्ता तथा नावस र नाक्रोका अध्यक्ष हुनुहुन्छ ।)

# नेपालको राज्य संयन्त्रमा बाल सहभागिता



तारक घिताल

## (क) पृष्ठभूमि तथा विद्यमान आधारहरू

नेपालमा बाल अधिकारको आन्दोलन तुलनात्मकरूपमा अन्य अधिकारमुखी आन्दोलनहरूभन्दा कान्छो नै देखिन्छ । यस छोटो अवधिमा भएको विकासक्रमबाट बाल अधिकार सुनिश्चित गर्न सकिने आधारहरू प्रशस्त बनेको सुखद् अनुभव हामीले सँगालेका छौं । तर यससँगै व्यवहारिक कार्यान्वयनको फितलोपनाले आशातित् गतिमा कतिपय क्षेत्रहरूमा परिवर्तनको अनुभूति गर्न अझै नसकिरहेको दुःखद यथार्थतालाई भने छोप्न पनि सक्दैनौं । त्यसैले हामीले बाल अधिकार सुनिश्चितताको अभियानमा बाटो नै बिराएका छैनौं, तर विलम्ब भने अवश्य भएको छ ।

वर्तमानमा राज्य संयन्त्रमा बाल सहभागिताको प्रसङ्गलाई केलाउनु पूर्व बाल अधिकारको अवधारणालाई हाम्रो राज्यसंयन्त्रले कसरी आत्मसात् गर्दै आएको छ भन्नेबारे अति संक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुन्छ । इतिहासलाई केलाउने हो भने नेपालका विगतका पुराना संविधान, ऐन कानूनहरूले पनि बालबालिकाको हकहितका केही न केही कुराहरू समेटेको नै पाइन्छ । पञ्चायती व्यवस्थाको अन्त्यसँगै बहुदलीय प्रजातान्त्रिक कालमा बनेको नेपाल अधिराज्यको संविधान २०४७ बाल अधिकारको संरक्षणका लागि यस अघिका दुई संविधानहरूभन्दा प्रगतिशील रहेको देखिन्छ । राजतन्त्रको अन्त्यसँगै गणतान्त्रिक कालमा बनेको नेपालको अन्तरिम संविधान, २०६३ ले भने मौलिक हक अन्तर्गत बालबालिकाको हक भनेर स्पष्टरूपमा उल्लेख गरी बाल अधिकारलाई संवैधानिक मान्यता प्रदान गर्दै बाल अधिकारका धेरै मान्यताहरूलाई समेटेको देखिन्छ । संविधान सभाले बनाएको संघीय गणतान्त्रिक नेपालको संविधान (२०७२) ले मौलिक हक अन्तर्गत धारा ३९ मा बालबालिकाको हकलाई अझ थप स्पष्टताका साथ उल्लेख गरेको छ र उपधारा ३ ले बालबालिकाको सहभागिताको हकलाई समेत पहिलोपटक संवैधानिक हकका रूपमा सुनिश्चित गरेको छ । तर संविधानमा बाल सहभागिताको कुरा उल्लेख हुनु अघिदेखि नै थुप्रै नीतिगत दस्तावेजहरूमा बालबालिकाको सहभागिताका बारेमा उल्लेख भएको र कतिपय व्यवहारमा समेत ल्याइएको पाइन्छ ।

कानूनी तथा नीतिगत व्यवस्थाका अतिरिक्त नेपालको राष्ट्रिय योजनामा पनि बालबालिकाको विषयलाई अलग्गै उल्लेख गर्न थालिएको छ । नेपालमा योजनावद्ध राष्ट्रिय विकास प्रणालीका रूपमा राष्ट्रिय योजनाको निर्माण सन् १९५९ बाट गर्न थालिएको भएको भएता पनि सातौं योजना (१९८५-१९९०) देखि मात्रै यस्ता योजनामा बाल विकाससम्बन्धी तोकिएका कार्यक्रमहरू समावेश हुन थालेको हो । विद्यमान पन्ध्रौं योजना (२०१९/२०-२०२३/२४) सम्म आईपुग्दा स्पष्टरूपमा बालबालिकाको सहभागितालाई प्रवर्द्धन गरिने उल्लेख गर्दै नीति निर्माणको तहमा समेत बाल सहभागिता सुनिश्चित गरिने कार्यनीति रहेको बेहोरा उल्लेख छ । यी सबै कानूनी तथा नीतिगत व्यवस्थाबाट नेपालमा क्रमिकरूपमा बालबालिकाको विषयलाई "परोपकारी" कार्यका रूपमा हेर्ने गरिएको परम्परागत दृष्टिकोणमा परिवर्तन आएर यसलाई समाज विकासको एक अभिन्न र महत्त्वपूर्ण अङ्कका रूपमा स्वीकार गर्न थालेको स्पष्ट हुन्छ । फलस्वरूप बालबालिकाको अधिकारको सम्मान, संरक्षण, परिपालना र प्रवर्द्धन गर्नु राज्यको दायित्व हो भन्ने रूपमा लिइन थालेको देखिन्छ । समयावधीलाई केलाउने हो भने सन् ८० को दशकमा बाल अधिकारसम्बन्धी महासन्धिका मस्यौदा माथि अन्तर्राष्ट्रिय स्तरमा व्यापक छलफल हुन थाले पछिदेखि नै नेपालमा पनि अधिकारमुखी सोचबाट बाल अधिकार आन्दोलन अगाडि बढेको मान्न सकिन्छ । सन् १९९० मा बाल अधिकारसम्बन्धी महासन्धिको अनुमोदनपछि भने अझ सशक्तरूपमा बाल अधिकारका आधारभूत मान्यताहरू कानूनी, नीतिगतरूपमा मात्रै नभई योजना र कार्यक्रममा समेत प्रतिविम्वित हुन थालेको पाइन्छ ।

बाल अधिकारसम्बन्धी महासन्धिको अनुमोदन पश्चात् बालबालिकासम्बन्धी बेग्लै विशेष ऐनका रूपमा बालबालिकासम्बन्धी ऐन २०४८ तथा यसको नियमावली, बालश्रम निषेधित र नियमित गर्ने ऐन, २०५६ तथा यसको नियमावली, बालन्याय (कार्यविधि) नियमावली २०६३ लगायतले बाल अधिकारका विभिन्न पाटोलाई समेट्ने क्रममा प्रत्यक्ष, अप्रत्यक्षरूपमा बाल सहभागिताको मर्मलाई पनि आत्मसात् गरेको देखिन्छ । यसका अतिरिक्त बालबालिकासम्बन्धी दश वर्षीय राष्ट्रिय कार्ययोजना (सन् २००४-२०१४) ले स्पष्टरूपमा हरेक तहमा बालबालिकाको सहभागिताको प्रवर्द्धन गरिनु पर्ने कुरालाई उल्लेख गरेको पाइन्छ । तत्कालिन केन्द्रीय बाल कल्याण समितिले वि. सं. २०६४ सालदेखि विभिन्न जिल्लाका गाविसहरूलाई बालमैत्री बनाउने परियोजनानुरूप सञ्चालित कार्यक्रमहरूमा योजना तहको निर्माणदेखि नै बालबालिकाको सहभागितालाई व्यवहारमा ल्याउने प्रयत्न भएको थियो । त्यसको केही समयपछि बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ले व्यापकरूपमा स्थानीय तहको योजना निर्माणको चरणदेखि नै

बाल सहभागिता गराउनु पर्ने कुरालाई अझ व्यवस्थित बनाएको देखिन्छ ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, को उद्देश्यमा नै बाल सहभागिता अभिवृद्धि गर्ने कुरालाई समेटेर यसले बालबालिकासँग सम्बन्धित योजना तर्जुमादेखि कार्यान्वयनसम्म बाल सहभागिता, समुदाय तथा जिल्लास्तरका समिति, समुहमा बालबालिकाको सहभागिता लगायत बालबालिकासम्बन्धी नीति, ऐन, नियमहरूमा बालबालिकाको सरोकारको विषयमा सुसुचित भई परिवारदेखि राष्ट्रियस्तरसम्म अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गर्ने समेतका नीतिहरू तर्जुमा गरेको छ । यसै गरी शिक्षासँग सम्बन्धित विभिन्न दस्तावेजहरूमा पनि बाल सहभागितालाई महत्त्व दिएको पाइन्छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-१५) र हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजना (सन् २०१६-२३) मा पनि बालक्लबहरूको सुदृढीकरण गरिने कुराहरू उल्लेख भएको पाइन्छ । बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ ले बाल सहभागितलाई एक महत्त्वपूर्ण सूचकका रूपमा उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८, गुनासो सुनुवाई कार्यविधि २०७४ लगायतमा बालबालिकाको सहभागितालाई महत्त्व दिइएको छ ।

संघीय संरचनामा जनतालाई प्रत्यक्ष सेवा प्रवाह गर्ने स्थानीय सरकारको सञ्चालनका सम्बन्धमा बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्पष्टरूपमा योजना तर्जुमा तथा कार्यान्वयन गर्दा बालबालिका लगायतको सरोकारवालाको अधिकतम सहभागितामा गर्नुपर्ने व्यवस्था गरेको छ । बालबालिकासम्बन्धी ऐन २०७५ ले संविधानमा भएको बालबालिकाको सहभागितासम्बन्धी मौलिक हकलाई थप व्याख्या गरेर सहभागिताको अधिकार भनि व्यवस्था गरेको छ । तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी 'बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शन (नमूना) र बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४' ले बाल सहभागिताको एक सशक्त माध्यमका रूपमा रहेको बालक्लब सञ्चालनको व्यवहारिक पाटोहरूलाई स्पष्ट पारेको छ । यसरी संविधानदेखि ऐन, नीति, राष्ट्रिय कार्ययोजना, आवधिक योजना, निर्देशिका, कार्यविधि लगायतमा सरकारी दस्तावेजहरूमा बाल सहभागिताका बारेमा स्पष्ट उल्लेख हुनाले स्वभाविकरूपमा नै राज्य संयन्त्रहरू बाल सहभागिताका लागि जिम्मेवार रहेको देखिन्छ ।

### (ख) बाल सहभागिताको केही व्यवहारिक पक्ष

माथि चर्चा गरिएसमेतका आधारमा बाल सहभागिताबारे नेपालमा नीतिगत व्यवस्थाको खडेरी नै परेको अवस्था देखिदैन । यद्यपी कतिपय व्यवस्थाहरूलाई व्यवहारिकरूपमा अझ प्रभावकारी बनाउनका लागि परिमार्जनका ढोकाहरू त सँधै खुला रही नै रहन्छन् । सामान्यतयाः हालसम्मका नीतिगत व्यवस्थाहरूले बाल सहभागितालाई निम्नानुसारका विभिन्न तहहरूमा व्यवस्थित गर्न सकिने अवधारणा अङ्गालेको देखिन्छ :

- परिवारको तहमा बाल सहभागिता
- समुदायमा बाल सहभागिता
- विद्यालयमा बाल सहभागिता
- स्थानीय तह, जिल्लास्तरका बालबालिकासँग सम्बन्धित संरचनामा बाल सहभागिता
- स्थानीय योजना निर्माण प्रक्रियामा बाल सहभागिता
- बालबालिकासम्बन्धी कानून, नीति निर्माण प्रक्रिया लगायतमा स्थानीयदेखि राष्ट्रिय स्तरसम्ममा बाल सहभागिता
- सञ्चार माध्यम तथा विभिन्न अवसरहरूमा बालबालिकाको सहभागिता

यी सबैमध्ये राज्य संयन्त्रसँग सम्बन्धित क्षेत्रहरूमा बाल सहभागिता कसरी हुने गरेको देखिन्छ भन्नेबारेमा मात्रै केन्द्रीत रही यहाँ केही व्यवहारिक अनुभवहरूलाई चर्चा गर्ने प्रयत्न गरिएको छ । आमरूपमा बाल सहभागिता भनेको नै बालक्लब वा बालबालिकाहरूको समूह गठन हो भन्ने सोचाईले हाम्रो परिवार, समुदायदेखि नीति निर्माणको तहसम्ममा जरा गाडेको देखिन्छ । तर बालक्लब वा समूह बाल सहभागिताका लागि एक महत्त्वपूर्ण माध्यम हो, बाल सहभागिताको एउटा स्वरूप हो, तर यो नै सम्पूर्ण भने होइन । बाल अधिकारका बारेमा धेरै चर्चा परिचर्चा हुनुका साथै यससम्बन्धी निकाय तथा संघसंस्थाका क्रियाशीलता र स्वयम् बालबालिकासमेतको क्रियाशीलताका कारण हाल थुप्रै राज्य संयन्त्रहरूमा 'बाल सहभागिता' शब्दबारे अनभिज्ञता भेटिंदैन, तर यसको मर्म बुझ्ने बुझाउने कुराको खाँचो भने देखिन्छ । सकारात्मक पाटोलाई केलाउँदा हाल राज्य संयन्त्रका धेरै क्षेत्रमा बालबालिकाको सहभागिता बढ्दै गएको पाइन्छ । उदाहरणका लागि यसलाई केही तहगत रूपमा निम्नानसार चर्चा गर्न सकिन्छ :

## १. विद्यालय तहमा बाल सहभागिता

बालबालिकासँग प्रत्यक्ष र लामो अवधिसम्म सम्पर्क हुने राज्य संयन्त्रको एक महत्त्वपूर्ण इकाई सार्वजनिक विद्यालय हो । विद्यालयमा बाल सहभागितालाई राज्यले महत्त्व दिएको माथि उल्लेख भए लगायतका विभिन्न दस्तावेजहरूबाट स्पष्ट भई सकेको छ । नेपालमा सार्वजनिक विद्यालय २७,७२८ संस्थागत विद्यालय ६,२०६ र धार्मिक विद्यालय १,१२१ वटा रहेका छन् (श्रोतः नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७६) । यी विद्यालयहरूमा विभिन्न स्वरूपमा बाल सहभागिता प्रवर्द्धन गर्ने गरेको पाइएता पनि सबैमा बाल अधिकारको दृष्टिकोण स्पष्ट रहेको भने पाइदैन । सामान्यतयाः सार्वजनिक विद्यालयहरूमा बालक्लब गठन परिचालनको क्रम बढ्दो रूपमा रहेको देखिन्छ भने कतिपयमा स्काउट, रेडक्रस जस्ता समूहहरू रहेको पनि पाइन्छ । संस्थागत विद्यालयहरूमा भने प्रायः बालक्लबको रूपमा नभई आफ्नै खालका समूह, सदनका रूपमा रहेको एवम् केहीमा स्काउट, रेडक्रस जस्ता समूहहरू रहेको पनि पाइन्छ । संस्थागत विद्यालयमा राज्य संयन्त्रको खासै हस्तक्षेप नहुने भएकाले माथि उल्लिखित विभिन्न शैक्षिक दस्तावेजहरूले व्यवस्था गरेको विद्यालयमा बालक्लबको सञ्चालन प्रवर्द्धनलाई सार्वजनिक विद्यालयहरूले नै व्यवहारमा ल्याउने प्रयास गरेको पाइन्छ । संक्षेपमा विद्यालय तहमा बाल सहभागिताका लागि राज्यले बालक्लब, समूहलाई प्रवर्द्धन गर्ने, विद्यालयमा हुने बाल संरक्षण समिति, गुनासो सुनुवाई समिति लगायतमा समितिहरूमा बालबालिकाको प्रतिनिधित्व गराइने तथा कतिपय विद्यालय व्यवस्थापन समितिमा समेत बालबालिकालाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउने जस्ता प्रक्रियाहरूबाट बाल सहभागितालाई प्रवर्द्धन गर्ने प्रयास गरेको पाइन्छ । साथै बालबालिकाको रचनात्मक, सिर्जनात्मक क्षमता अभिवृद्धिका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरूलाई पनि महत्त्व दिएको देखिन्छ ।

## २. स्थानीय तहमा बाल सहभागिता

नेपालमा स्थानीय तहमा बाल सहभागिताका असल अभ्यासहरू धेरै भएका छन् । विशेष गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धनले स्थानीय तहमा बालभेला लगायतका माध्यमबाट स्थानीय योजनाको तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता उल्लेख्य मात्रामा रहन गएको थियो । तत्कालिन व्यवस्थानुरूप स्थानीय निकायले कम्तिमा दश प्रतिशत बजेट बालबालिकाको क्षेत्रमा विनियोजन गर्नुपर्ने व्यवस्थाले पनि बाल सहभागितालाई राज्य व्यवस्थाका विभिन्न प्रक्रियामा समाहित गर्नुपर्ने अवस्था सिर्जना भएको थियो । तर संघीय संरचनाको नयाँ स्वरूपमा यो प्रक्रिया केही खलबलिएको छ र बालबालिकाको समग्र विषय र बाल सहभागिता ओझेलमा पर्ने जोखिम बढिरहेको छ । यद्यपी यो प्रक्रियामा क्रमिकरूपमा सुधार भने हुँदै गएको पनि देखिन्छ । सिँगो राज्य संरचनामा भएको नयाँ परिवर्तनले विगतमा धेरै स्थानीय तहहरू अभ्यस्त भएका असल अभ्यासहरूलाई समायोजन गरी निरन्तरता दिन केही नीतिगत स्पष्टता र केही व्यवहारजन्य स्पष्टताको खाँचो रहेको छ ।

हाल पालिका तहमा बालबालिकासम्बन्धी नीतिगत व्यवस्था गर्ने लहर चलिरहेको छ र यसक्रममा कतिपय स्थानमा बाल सहभागितासम्बन्धी बेग्लै कार्यढाँचा वा कार्यविधिहरू निर्माण भैरहेका पनि छन् । स्थानीय शासन सञ्चालन ऐनले पनि बाल सहभागिता गराउनु पर्ने व्यवस्था गरे लगायतबाट हाल प्रायः बालबालिकासँग सम्बन्धित स्थानीय स्तरका विषयहरूमा बालबालिकालाई पनि सहभागी गराउनु पर्छ भन्ने चर्चा प्रायः धेरै तिर हुने गरेको पाइन्छ । चर्चा हुनु र व्यवहारमा कार्यान्वयन हुनु फरक कुरा हुन्, तर चर्चा नभई कार्यान्वयनमा नआउने हुँदा यसलाई पहिलो पाइलाका रूपमा लिन सकिन्छ भने कतिपय पालिकामा त कार्यान्वयन नै भएका पनि छन् । यद्यपी व्यवहारिकरूपमा बाल अधिकारसम्मत ढङ्गले बालबालिकाको अर्थपूर्ण सहभागिता भएको छ छैन भन्ने कुरा भने सम्बन्धित व्यक्तिहरूको बाल सम्वेदनशीलता, सिप, अवधारणागत स्पष्टता आदिको स्तर लगायतका विविध पक्षले निर्धारण गर्ने पाटो बेग्लै चर्चाको विषय हो । तथापी बालबालिकाको कुरा पनि सुन्नुपर्छ भन्ने धारणा क्रमिकरूपमा स्थापित हुँदै जानुलाई सकारात्मकरूपमा लिनु पर्दछ । बालक्लबहरूको सञ्चालन सहजीकरण गर्ने, स्थानीय स्तरमा बालक्लब सञ्जाल निर्माण गरी पालिकाका गतिविधिहरूमा सहभागी गराउने, तिनीहरूमार्फत विभिन्न रचनात्मक, सिर्जनात्मक तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता गतिविधिहरू स्थानीय तहका वार्षिक कार्यक्रमहरूमा समेटिएका देखिन्छन् । यसका अतिरिक्त स्थानीय स्तरमा बालबालिकासँग सम्बन्धित हुने कतिपय समितिहरूमा बालबालिकाको प्रतिनिधित्व गराइएको पनि देखिन्छ । यी व्यवस्था तथा अभ्यासहरूले राज्यको सेवा प्रवाहको अग्रिम पंक्ति र महत्त्वपूर्ण संरचनाका रूपमा रहेका स्थानीय तहका विभिन्न निकायहरूमा बाल सहभागिताको प्रवर्द्धनलाई राज्यले प्राथमिकता दिएको नै देखिन्छ ।

### ३. प्रदेश स्तरमा

संघीय संरचनाअनुरूप प्रदेश स्तरको निकाय तथा संरचनाहरूको प्रभावकारिता र औचित्य बेग्लै चर्चाको विषय रहँदै आएको छ । तथापी खासगरी प्रदेश स्तरमा रहेको सामाजिक विकास मन्त्रालयले बालबालिकाका सम्बन्धमा पनि केही गतिविधिहरू गर्दै आएको पाइन्छ । जसमा स्वभाविकरूपमा बाल सहभागिताको प्रवर्द्धन पनि समावेश भएको देखिन्छ । बालबालिकासँग सम्बन्धित प्रदेशस्तरमा छलफल लगायतमा बालबालिकालाई पनि सहभागी गराउने प्रचलन प्रायः सबैतिर भेटिन्छ । प्रदेशमा निर्माण भएका बालबालिकासम्बन्धी ऐन लगायत केही नीतिगत व्यवस्थाहरूमा पनि बाल सहभागिताका विषयहरू समावेश गरिएको देखिन्छ । समग्रमा प्रदेशस्तरबाट हुने बालबालिकासम्बन्धी गतिविधिहरूमा बालबालिकाको पनि सहभागिता हुनुपर्दछ भन्ने मान्यता सुदृढ हुँदै गएको नै पाइन्छ ।

### ४. राष्ट्रिय स्तरमा

अवधारणागतरूपमा राष्ट्रिय स्तरमा बालबालिकासँग सम्बन्धित विषयमा बालबालिकाको सहभागिता आवश्यक हुन्छ भन्ने मान्यताप्रति विमति रहेको तथा यसबारे अनभिज्ञता प्रकट गरेको प्रायः पाइदैन । राष्ट्रिय स्तरमा हुने बालबालिकासम्बन्धी विभिन्न छलफल तथा गतिविधिहरूमा बालबालिकालाई सहभागी गराउने प्रचलन बढ्दै गएको देखिन्छ । विशेष गरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय वा राष्ट्रिय बाल अधिकार परिषद मातहतमा गरिने कार्यक्रममा विषयवस्तुनुरूप बालबालिकाको सहभागितालाई प्राथमिकतामा नै राखेको देखिन्छ । कतिपय नीति निर्माणका चरणमा होस् वा बाल अधिकारसम्बन्धी महासन्धिको प्रतिवेदन तयारी लगायतका कार्यहरूमा बालबालिकालाई बेग्लै विशेषरूपमा वा समग्रमा सहभागी गराई उनीहरूको भावनालाई ग्रहण गर्ने प्रचलन रहेको देखिन्छ । बालबालिकाका विषय धेरै मन्त्रालय तथा राष्ट्रिय स्तरका निकायसँग सम्बन्धित हुने भएता पनि प्रायः अन्य निकायहरूले भने बालबालिकाको सहभागितालाई अझै पनि उचित ध्यान दिन नसकेको यथार्थतालाई भने लुकाउन मिल्दैन । राष्ट्रिय बाल दिवस लगायतका बालबालिकासँग सम्बन्धित विभिन्न दिवसहरूमा बालबालिकाको सहभागितालाई महत्त्व दिने गरेको पाइन्छ । विगतका वर्षहरूमा बालबालिकासँग सम्बन्धित कार्यक्रम भनेर साना-साना बालबालिका समेतलाई सडकमा शोभा जुलुसमा उतार्ने कार्यलाई बाल सहभागिताको रूपमा व्याख्या गरिने गरिएको थियो । तत्कालिन केन्द्रीय बाल कल्याण समितिले यस्ता गतिविधिलाई निरूत्साहित गरी बाल दिवसका दिनमा पनि बालबालिकालाई जुलुसमा नहिडाउने तर उनीहरूको सहभागितामा सुरक्षित स्थानमा विविध कार्यक्रमहरू गर्ने थालनी गर्‍यो । यसैगरी बाल दिवस लगायतका विभिन्न कार्यक्रमहरूमा सहभागी गराउने बालबालिकाको छनौट पनि कसरी गर्ने भन्नेबारेमा विगतमा धेरै विवाद र असन्तुष्टी रहने गरेकोमा तत्कालिन केन्द्रीय बाल कल्याण समितिले निश्चित मापदण्डका आधारमा बाल सहभागिताका लागि क्रियाशील संस्थाहरूको सञ्जाल 'कन्सोर्टीयम'लाई बालबालिकाको छनौट गर्ने जिम्मा दिने चलन कायम गर्‍यो, जस्ले राष्ट्रिय स्तरका कार्यक्रमहरूमा सही ढङ्गले बालबालिकाको छनौट गर्न सजिलो बनायो । राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री लगायतका राष्ट्रका उच्च पदस्त पदाधिकारीहरूसँग बालबालिकाको अन्तरक्रिया गर्ने जस्ता केही प्रक्रियाबाट पनि राष्ट्रिय स्तरका संरचनामा बालबालिकाका आवाज पुर्‍याउने प्रचलन रहेको छ ।

### (ग) राज्य संयन्त्रमा बाल सहभागिताको अवधारणा ग्रहणको अवस्था र अभ्यास

नेपालका नीतिगत दस्तावेजहरूले बाल सहभागिताबारे प्रशस्तमात्रामा उल्लेख गरेको छ र यसको पालना तथा कार्यान्वयन हरेक तहका निकाय, पदाधिकारीबाट हुने विश्वास गरिएको छ । राज्य संयन्त्रका हरेक अङ्गको क्रियाशीलता विशेषतः त्यहाँका प्रमुख एवम् कार्यरत व्यक्तिहरूको विषयप्रतिको सम्वेदनशीलता र प्राथमिकतामा धेरै हदसम्म निर्भर गरेको हुन्छ । हाम्रो वर्तमान समाजमा विशेषतः धेरैजसो सरकारी निकायहरूमा एकातिर संस्थागत स्मरणको अभाव रहेको पाइन्छ भने अर्को तिर थुप्रै दस्तावेजहरूले परिकल्पना गरेका प्रणालीहरू स्वचालितरूपमा सञ्चालनमा आउन सकेका हुँदैनन् र कतिपय दस्तावेजहरूमा भएको अस्पष्टताले धेरैलाई उम्किने वा छल्ने बहाना वा बाटो बनाइदिएको पनि हुन्छ । अतः जति नै 'सिस्टम' मा चल्छ, चल्नुपर्छ भने पनि त्यहाँ रहेका अधिकार प्राप्त व्यक्तिका सोच, अवधारणागत स्पष्टता र प्राथमिकतामा गएर ठोकिन पुग्दछ । यस सन्दर्भमा सैद्धान्तिक व्याख्याले मात्रै व्यवहारिक कार्यान्वय हुन नसक्ने अनुभव पनि धेरै सँगालिएको छ । संघीयतापूर्व हरेक स्थानीय निकायले कम्तिमा दश प्रतिशत बजेट बालबालिकाका लागि छुट्टयाउ नै पर्ने अनिवार्य व्यवस्था भएका कारण स्थानीय योजनामा बालबालिकाका विषय समेटिनुका साथै यस क्रममा बाल सहभागिताको अभ्यास र प्रवर्द्धन पनि स्वतः हुने गरेको थियो । संघीयताको कार्यान्वयनका क्रममा पनि सम्बन्धित दस्तावेजमा सोही प्रकारका प्रावधान राखिनुपर्छ भनेर आवाज नउठाइएको होइन, तर संघीयताको सिद्धान्तनुसार अब त्यसरी निर्देशित गर्न मिल्दैन र स्थानीय आवश्यकतानुरूप दश प्रतिशतभन्दा बढी पनि बालबालिकाका लागि खर्च गर्ने अधिकार स्थानीय तहमा हुन्छ भनियो । तर हाल व्यवहारमा हेर्दा बाल केन्द्रीत गतिविधि धेरैको प्राथमिकतामा नै नपरेको देखियो । जसबाट सिँगै बालबालिकाका विषय र बाल सहभागिता छायाँमा पर्दै गएको पनि पाइयो । यस अनुभवबाट हाम्रो जस्तो समाज र हालको

राज्य प्रणालीमा केही विशिष्ट विषयहरूका सम्बन्धमा नीतिगतरूपमा नै केही न्यूनतम अनिवार्यताका प्रावधान नराखिने हो भने माटो र बाटोको अगाडि, भौतिक विकास निर्माणका अगाडि र 'ठूला'का अगाडि 'साना' बालबालिकाका कुरा ओझेलमा नै पर्न जाने प्रचुर संभावना रहन्छ । अतः यस तर्फ नीति निर्माणको तहमा उचित ध्यान जानु पर्ने देखिन्छ । यस पृष्ठभूमिमा हाम्रो राज्य संयन्त्रहरूमा बाल सहभागितालाई निर्धारण गर्न निम्न तत्वहरूले प्रभाव पारिरहेको देखिन्छ :

## १. नीतिगत स्पष्टता

हामीले अवधारणाका रूपमा बाल सहभागितालाई नीतिगत रूपमा स्वीकारेको छौं र यस बारेमा अन्तर्राष्ट्रिय रूपमा पनि प्रशंसा कमाएका छौं । तर समस्या यो अवधारणालाई व्यवहारमा परिणत गर्ने सन्दर्भमा भने स्पष्ट मार्गदर्शनहरूको अभाव खड्किएको छ । यद्यपी यस अभावपूर्तिका लागि केही प्रयत्नहरू नभएका भने होइनन् । तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी 'बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शन (नमूना) र बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४', केही प्रदेशहरूमा बनेका वा बन्नेक्रममा रहेका 'बाल सहभागितासम्बन्धी कार्यविधि', विभिन्न स्थानीय तहले जारी गरेका बालक्लब तथा बालक्लब सञ्जाल सञ्चालन कार्यविधि, बालबालिकासम्बन्धी नीति तथा कार्यविधि, बाल संरक्षण कार्यविधि, बाल सहभागितासम्बन्धी कार्यविधि जस्ता केही दस्तावेजहरूले बाल सहभागितालाई व्यवहारिकरूपमा कार्यान्वयन गर्न सहजीकरण गर्ने प्रयास भएको देखिन्छ । तर अझै पनि बाल सहभागिता भनेको बालक्लब नै हो भन्ने जस्तो केही सङ्कुचित मान्यता भने धेरै ठाउँमा प्रतिविम्वित भैरहेको पाइन्छ । यस परिदृश्यमा बाल सहभागितालाई राज्यका स्थानीयदेखि संघीय संयन्त्रसम्ममा प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनका लागि आ-आफ्ना तहमा स्पष्ट कार्यविधिहरूको आवश्यकता रहेको देखिन्छ । हाम्रा विद्यमान संरचनाहरूमा संस्थागत स्मरणको उचित व्यवस्थापन हुन नसकेकाले व्यवहारिक कार्यान्वयन पक्षलाई बढीभन्दा बढी स्पष्ट बनाउने आधिकारिक दस्तावेजहरू तयार हुनुपर्ने देखिन्छ ।

## २. बाल सम्वेदनशीलता र अवधारणागत स्पष्टता

कुनै पनि निकाय वा संस्थाबाट सम्पादन हुने कार्यहरूको प्रभावकारितालाई सम्बन्धित जिम्मेवार (निर्णायक तहदेखि कार्यान्वयन तहसम्मका) पदाधिकारीको शैली, सोच, विषय प्रतिको संवेदनशीलता र स्पष्टता आदिले पनि असर पारिरहेको हुन्छ । राज्य संयन्त्रका हरेक तहमा बाल सहभागिताको सन्दर्भमा पनि यो आकर्षित हुन आउँदछ । अब मूल चर्चाको विषय हाम्रो राज्य संयन्त्रमा रहेका जिम्मेवार व्यक्तिहरू, कर्मचारीहरू, निर्वाचित, मनोनित पदाधिकारीहरू आदि बालबालिकाको विषयप्रति कति जानकार छन् र पदीय दायित्व निर्वाह गर्ने क्रममा उनीहरूलाई कत्तिको जानकारी गराइन्छ वा प्रशिक्षित गराइन्छ वा उनीहरूको क्षमता अभिवृद्धिमा लगानी गरिन्छ भन्ने नै हो । सबै व्यक्ति सबै विषयका ज्ञाता हुन सक्दैनन्, तर सम्बन्धित पदीय दायित्व निर्वाह गर्नुपर्ने व्यक्तिले सोसँग सम्बन्धित विषयको न्यूनतम जानकारी र संवेदनशीलता त कायम राख्नै पर्दछ । यसतर्फ हाम्रो राज्य व्यवस्थाले उचित ध्यान पुऱ्याउन सकेको भने देखिदैन । व्यक्ति विशेषको आफ्नै ज्ञान, स्वभाव, सिक्ने चाहना, अनुभव आदिका कारण राज्य संयन्त्र भित्र थुप्रै बालसंवेनशील व्यक्तित्वहरू रहेका छन्, जसका कारण प्रशस्त राम्रा प्रयासहरू पनि हुँदै आएका छन् । तर कतिपय राज्य संयन्त्रमा रहेकाहरूमा भने 'हामी त अधिकारप्राप्त व्यक्ति हौं' भन्ने अहम् रहनु र उचित ज्ञान तथा संवेदनशीलताको अभावमा गलत नियत नहुँदा नहुँदै पनि बालबालिकाको सर्वोत्तम हितमा काम नभई रहेको वा बालबालिकालाई थप हानी, जोखिम हुन गएका घटनाहरू पनि प्रशस्त भेटिन्छन् र गलत मनसाय राखी बालबालिकाको पक्षमा संवेदनशील नहुनेहरू पनि नभेटिने भने होइनन् । यसै गरी कतिपय निर्णायक तहमा रहेकाहरूमा 'न आफू जान्ने, न विषय ज्ञाताका कुरा सुन्ने' स्वभाव रहने र अदक्ष वा नीहित स्वार्थ भएकाहरूको प्रभावमा परी निर्णय गर्ने गरेका उदाहरणहरू पनि रहेका छन् । अझै पनि राज्य संयन्त्रमा आफूभन्दा बाहिर रहेका विषय ज्ञाताहरूको सहयोग लिने प्रचलन व्यापक हुन सकेको छैन ।

राज्य संयन्त्रमा रहेका कतिपय व्यक्तिहरूले बालबालिकाका बारेका विभिन्न गतिविधिहरूमा 'बालबालिकाको कुरा गर्ने तर यहाँ त बालबालिका नै देखिन नी' भनी टीप्पणी गरी आफूलाई अति बाल सम्वेदनशील व्यक्तिका रूपमा प्रस्तुत गरेको पनि देख्न पाइन्छ । यस्तो प्रवृतिले तात्विक परिवर्तन ल्याउनेभन्दा पनि देखावटी काम गर्नमा बढी सघाउ पुऱ्याउने जोखिम हुन सक्दछ, कतिपय अवस्थामा 'नयाँ जोगीः धेरै खरानी घसी' भन्ने भनाई आकर्षित हुन पनि सक्दछ । अवधारणागत रूपमा के स्पष्ट हुन जरूरी छ भने बालबालिकासँग सम्बन्धित हरेक विषयमा, हरेक चरणमा, हरेक बैठकमा बालबालिकाको सशरीर उपस्थिति मात्र नै बाल सहभागिता होइन । यस्तै कतिपयमा भने 'हामी पनि अभिभावक हौं, बालबालिकाका कुरा थाह छ, हामी पनि बालबालिका नै भएर यहाँसम्म आएका हौं, त्यसैले हरेक कुरामा बालबालिकाकै मुखबाट कुरा सुन्नु पर्छ भन्ने छैन, हामी नै उनीहरूका लागि निर्णय गर्न सक्छौं' भन्ने जस्ता सोच रहनुले पनि बाल सहभागिताको प्रवर्द्धनमा गतिरोध उत्पन्न हुने गरेको पनि पाइन्छ । तसर्थ बाल सहभागिताका बारेको

अवधारणागत स्पष्टता, यसका प्रकृयाहरू, बालमैत्री भाषा, व्यवहार लगायतका बारेमा ज्ञान र सिप अभिवृद्धि नभइ हरेक तहमा अर्थपूर्ण बाल सहभागिता हुन सक्दैन । कतिपयमा यस्ता ज्ञान, सिप नहुन सक्छ, तर राज्य संयन्त्रले बाल सहभागिता गराउँदा आफूभित्र छैन भने बाहिरबाट बाल सहभागिताका ज्ञान, सिप भएका व्यक्तिहरूको सहयोग अनिवार्य रूपमा लिनेगर्नु पर्दछ । यस अतिरिक्त कतिपय बालबालिकाका क्षेत्रमा क्रियाशील तथा गैरसरकारी स्तरमा क्रियाशील व्यक्तिहरूमा पनि 'बालबालिको विषय विज्ञ त हामीमात्र नै हौं, दशकौंदेखि काम गरेको हाम्रो अनुभव, ज्ञान छ र सरकारी संयन्त्रमा रहेका कर्मचारी, पदाधिकारीहरूलाई के थाहा छ र?, हिजोसम्म वन मन्त्रालयमा काम गर्ने आज बालबालिकासम्बन्धी मन्त्रालयमा आउँदैमा कसरी जान्ने हुन्छ ? तिनले त कुरै बुझ्दैनन्, 'इस्यू'का बारेमा केही नै थाहा छैन' भन्ने जस्ता अहम् र आलोकाँचो धारणा रहनु र कतिपय क्रियाकलापमा सो प्रतिविम्बित भइरहनु समेतले सरकारी संयन्त्रसँगको चिसोपन बढ्दै जाने र सोका कारण सकारात्मक परिणामहरू ननिस्किरहेको पनि हुन सक्दछ ।

**(घ) अन्त्यमा**

बाल सहभागिता भनेको दोहोरो प्रक्रिया हो, बालबालिका सहभागी हुने, आफ्ना विचार भावना राख्ने एउटा पाटो हो भने बाल सहभागिताको वातावरण सिर्जना गर्ने, उनीहरूलाई बुझ्ने गरी यथेष्ठ जानकारी दिई विषयप्रति आफ्नो अवधारणा बनाउन सक्षम बनाउने र बालबालिकाका भावना ग्रहण गर्ने, विषयको गम्भीरता, बालबालिकाको परिपक्वता आदि समेतका आधारमा उचित मान्यता दिने अर्को पाटो हो । यी दुबैको सही संयोजनमा मात्रै वास्तविक बाल सहभागिता पूर्ण हुन सक्दछ । त्यसैले यी दुबै पाटो सही हुन जरूरी छ । कतिपय अवस्थामा बाल सहभागिताका नाममा वयस्कका कुरा बालबालिकाको मुखबाट भनाउने प्रचलन पनि रहेको देखिन्छ । यसै गरी कतिपय अवस्थामा बालबालिकाहरू स्वयम् पनि नकारात्मक रूपमा सशक्तीकृत हुनुले पनि बाल सहभागितामा नकारात्मक प्रभाव परिरहेको हुन्छ । कतिपय विषयमा बालबालिकामा उचित ज्ञानको अभाव, कसैको बहकाउमा लाग्न सक्ने वा कसैका स्वार्थमा प्रयोग हुनसक्ने, चर्को कुरा गरे पछि 'हिरो' हुन, अरूको आकर्षणमा पर्न सकिन्छ, वा नकारात्मक टिप्पणी गर्दा ताली पाइन्छ भन्ने जस्ता केही नकारात्मक सोच प्रवृत्ति हावी रहनु र सोलाई स्वार्थ समूहहरूले उपयोग गर्ने अवस्थाले पनि वास्तविक बाल सहभागितालाई असर गरिरहेको समेत देखिन्छ । यस परिदृश्यले बाल सहभागिताका लागि राज्य संयन्त्रमा मात्रै होइन, बाल सहभागिताका लागि सहजीकरण गरिरहेका व्यक्ति, संस्था र स्वयम् बालबालिका समेतलाई अवधारणागत स्पष्टता, सम्वेदनशीलता, ज्ञान र सिपको अभिवृद्धि गर्नु आवश्यक रहेको छर्लङ्ग पार्दछ ।

समग्ररूपमा हेर्दा राज्य संयन्त्रमा बाल सहभागिताको बारेमा नीतिगत स्वीकार्यता दह्रोरूपमा रहेको र व्यवहारिक कार्यान्वयन पनि क्रमशः हुँदै गरेको देखिन्छ । जुन सिँगो बाल अधिकार अभियानका निमित्त अत्यन्त सकारात्मक पक्ष हो । यसलाई अझ बढी व्यवस्थित र प्रभावकारी बनाउन तल उल्लेख गरिएका केही बुँदाहरूमा ध्यान पुऱ्याउनु उपयोगी हुन सक्दछ :

१. तहगतरूपमा राज्य संयन्त्रहरूले बाल सहभागिताबारेको व्यवहारिक कार्यविधि निर्माण र सोलाई आन्तरिकीकरण गर्ने ।
२. कम्तिमा बालबालिकासँग सम्बन्धित निकायका पदाधिकारी, कर्मचारीलाई बाल सहभागिता लगायत बाल अधिकारका समग्र पक्षका बारेमा जिम्मेवारी वहनको पहिलो चरणमा नै संस्थागत रूपमा नियमित अभिमुखीकरण गर्ने परिपाटी बसाउने ।
३. राज्य संयन्त्रमा रहने व्यक्तिहरूको बालसम्वेदनशीलता अभिवृद्धिका लागि प्रवेश बिन्दुमा जस्तै लोकसेवाको परीक्षामा नै बाल अधिकारका केही आधारभूत पक्ष समावेश गर्ने, यसैगरी सेवाकालिन तालिमहरूमा (जस्तै प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले दिने तालिमहरू लगायत) पनि यस विषयलाई समेट्ने ।
४. बालबालिकासँग प्रत्यक्ष सम्बन्धित र बालबालिकाको प्रत्यक्ष सम्पर्कमा आउने राज्य संयन्त्रका स्थानहरू तथा बालबालिकाले प्रत्यक्ष थाहा पाउनै पर्ने विषयवस्तुहरूलाई भाषा, शैली, प्रस्तुति लगायतमा बालमैत्री बनाउने अभ्यास गर्ने ।
५. बाल अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति, संस्था लगायत सञ्चारमाध्यम आदि समेतले 'आफूमात्रै सही वा जान्ने' भन्ने अहम् त्यागेर राज्य संयन्त्रलाई 'इरिटेट' पार्ने होइन, 'एकाउन्टेबल' बनाउने ढङ्गले सहजीकरण गर्नुपर्छ, कोरा दवाव र विरोधमात्र होइन सिर्जनात्मक सुझाव सहितको दवावले दायित्व निर्वाह गर्न सहयोग र सहकार्य गर्नु पर्दछ । यससँगै राज्य संयन्त्रले पनि सुझाव ग्रहण गर्ने, सहकार्य गर्ने क्षमता बढाउनु पर्दछ ।

बाल सहभागिता कुनै एउटा यान्त्रिक (मेकानिकल) कार्य होइन, यो त असल संस्कार बसाल्ने, कुरा सुन्ने, सुनाउने, बालबालिकालाई सम्मान गर्ने र सम्मान गर्न सिकाउने, सानैदेखि असल अभ्यासको थालनी गर्ने, गराउने निरन्तर प्रक्रिया हो । व्यवहारबाट नै यो खारिदै जान्छ र आशा गरौँ अगामी पिंढी अझ असल संस्कारयुक्त हुनेछ ।

(लेखक बाल अधिकार अभियन्ता तथा तात्कालिन केन्द्रिय बाल कल्याण समितिका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ ।)

# राष्ट्रिय तथा स्थानीय नीति र कार्ययोजना निर्माण-प्रक्रियामा बालबालिकाको सहभागिताको अभ्यास



चन्द्रिका खतिवडा[1]

## १. विषय प्रवेश

"आजका बालबालिका नै मुलुकको भविष्यका नीति निर्माता हुन् । उचित शिक्षा, पालनपोषण र अवसर दिई बालबालिकालाई आज जति योग्य बनाउन सकिन्छ, भविष्यमा त्यति नै देशले उचित नेतृत्व पाउने सम्भावना हुन्छ ।"[२] बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ (ञ) ले "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ' भनी व्याख्या गरेको छ । वयस्क तथा बालबालिकालाई आफ्नो जीवनमा प्रभाव पार्ने विषयसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी हुने अधिकार छ । "आधारभूत मानवअधिकारको रूपमा सहभागिताको सन्दर्भ खासगरी अधिकारका धारकले आफूसँग सम्बन्धित विषय, क्षेत्र वा आफूलाई प्रभाव पार्ने विषयमा आवाज उठाउन पाउने र त्यसलाई उचितरूपमा सुन्ने/सुनाउने र सम्मान गरिनु पर्ने अधिकारको रूपमा लिने गरिन्छ ।"[३]

नेपालका नीति (संविधान, कानून, नियमावली, कार्यविधि, विषयगत नीति), सरकारले लागू गरेका मापदण्ड एवम् दिग्दर्शन तथा सरकारका आवधिक एवम् वार्षिक योजनाहरूमा बाल सहभागिता प्रवर्द्धन गर्न भएका व्यवस्थाहरूबारे कन्सोर्टियम नेपालले अध्ययन-अनुसन्धान गर्नुका साथै विभिन्न समयमा लेखहरू प्रकाशित गर्दै आएको छ ।[४] त्यसै पृष्ठभूमिमा प्रस्तुत लेखमा राष्ट्रिय एवम् स्थानीय नीति निर्माण तथा आवधिक/वार्षिक योजनामा बालबालिकाका लक्षित कार्यक्रम तर्जुमाको प्रक्रियामा बालबालिकाको सहभागिताका अभ्यास एवम् प्रयोगबारे छलफल गर्ने जमर्को गरिएको छ ।

## २. बाल सहभागिता बारेको राष्ट्रिय नीति तथा कानूनको व्यवस्था

**नेपालको संविधान (२०७२) : नेपालको संविधानको भाग ३** मा रहेको 'मौलिक हक र कर्तव्य' अन्तर्गत धारा ३९ 'बालबालिकाको हक' को उपधारा (३) मा "प्रत्येक बालबालिकालाई बाल सहभागिताको हक हुनेछ" भन्ने व्यवस्था भएको छ ।

### बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले आफ्नो उद्देश्यमा बालबालिकाको सहभागिता अभिवृद्धि गर्ने विषयलाई समेटेको छ । उक्त उद्देश्यमा भनिएको छ – "आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने ।"[५]

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ को बाल सहभागितासम्बन्धी नीतिमा उल्लेख छ कि – "आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई सरकारी, गैरसरकारी एवम् समुदायमा आधारित निकाय वा संस्थाहरूबाट कार्यान्वयन गरिने बालबालिकासँग सम्बन्धित कार्यहरूको योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन मूल्याङ्कन लगायत उनीहरूलाई असर पार्ने विषयमा गरिने निर्णयमा सहभागी हुने व्यवस्था गरिनेछ र त्यसरी निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई निजको उमेर र परिपक्वताअनुसार उचित स्थान दिईनेछ ।"[६]

यस अन्तर्गतको रणनीतिमा उल्लेख गरिएको छ कि – "राज्यका नीति, कानून एवम् सबै तहका न्यायिक, प्रशासनिक तथा सार्वजनिक सेवा प्रदायक निकायका कार्यविधि र निर्देशिकामा बाल सहभागिताका आधारभूत मापदण्डअनुसार परिमार्जन गर्नुका साथै आवश्यकताअनुसार नयाँ नीति, कानून र संरचनाहरूको निर्माण गरिनेछ ।"[७]

---

१ इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सीका निर्देशक श्री खतिवडा बाल अधिकारका क्षेत्रमा सन् १९९०देखि निरन्तर क्रियाशील हुनुहुन्छ । प्रतिक्रियाका लागि सम्पर्कः chandrika.khatiwada@gmail.com

२ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, पे. १

३ सहभागिताको सन्दर्भ र परिवार, विद्यालय, समुदाय एवम् स्थानीय तहमा बालबालिकाको सहभागिता (ले. चन्द्रिका खतिवडा र शिव थापा), अनुभवहरू, २०६९ कन्सोर्टियम नेपाल, काठमाडौं । पे. २४ ।

४ उदाहरणका लागि हेर्नुहोस् - १. बाल सहभागिता प्रवर्द्धनका लागि विद्यमान कानूनी एवम् नीतिगत व्यवस्था तथा सरकारका कार्यक्रमहरू, २०१० (अध्ययन तथा प्रतिवेदन श्री चन्द्रिका खतिवडा), २. सहभागिताको सन्दर्भ र परिवार, विद्यालय, समुदाय एवम् स्थानीयतहमा बालबालिकाको सहभागिता (अनुभवहरू, २०६९ ले. चन्द्रिका खतिवडा र शिव थापा),

५ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बुँदा नं. ७.३, पे. ५ ।

६ ऐ. ऐ., बुँदा नं. ८.३८, पे.११ ।

७ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बुँदा नं. ९.३३, पे.१६ ।

**बालबालिकासम्बन्धी ऐन, २०७५**

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८ मा रहेको **'सहभागिताको अधिकार'** मा भनिएको छ – "आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्थालगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ ।" त्यस्तै दफा ९ को **'अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार'** मा 'बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्ररूपमा आफ्नो कुरा राख्ने अधिकार तथा आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने' अधिकार प्रत्याभूत गरिएको छ ।

त्यसरी नै, ऐनको दफा १० मा 'बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार' प्रदान गरिएको छ । ऐनको यस व्यवस्थाले बालबालिकालाई सामुहिक पहिचानसहित बाल अधिकार विषयको निर्णय प्रक्रियामा सहभागी हुन पाउने अधिकार प्रत्याभूत गरेको पाइन्छ ।

## ३. अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानूनमा बाल सहभागिताको अधिकार

**मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८** को धारा १ मा "सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन्, ती सबैको समान प्रतिष्ठा र अधिकार छ..." भनिएको छ । यो प्रावधान उमेर, विकासको स्तर र परिपक्वताअनुरूप हुनेगरी बालबालिकाका हकमा समेत लागू हुन्छ । त्यसरी नै, **नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६** को धारा १५ मा, "प्रत्येक नागरिकलाई प्रत्यक्ष वा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिहरूमार्फत सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने अधिकार छ" भनिएको छ ।

**बाल अधिकारसम्बन्धी महासन्धि, १९८९** को धारा १२ मा, "आफूसँग सम्बद्ध विषयमा स्वतन्त्ररूपले विचार व्यक्त गर्न पाउने बालबालिकाको अधिकार छ र त्यस्तो विचारलाई उनको उमेर, परिपक्वताअनुरूप उचित मान्यता दिइनेछ" भन्ने व्यवस्था गरिएको छ । यस अधिकारलाई महासन्धिका अन्य व्यवस्थाहरू जस्तै, बालबालिकाको उच्चतम हित (धारा ३), जानकारी प्राप्त गर्ने तथा त्यसबारे अभिव्यक्ति गर्ने अधिकार (धारा १३ र १७), अर्काको अधिकार हनन् नहुने गरी भेटघाट गर्न पाउने र संघसंस्था खोल्न वा त्यसमा भाग लिन पाउने अधिकार (धारा १५), गोपनीयताको अधिकार (धारा १६) र सूचना जानकारीमा पहुँचको अधिकार (धारा १७) को सापेक्षतामा समग्ररूपमा लिइनु पर्दछ ।

महासन्धिको धारा १२ को प्रावधानले – "बालबालिकालाई असर गर्ने सबै कार्यहरू र निर्णय प्रक्रियामा सक्रियरूपमा संलग्न हुनको लागि सहज पर्ने कानूनी कार्यढाँचा र संयन्त्रहरू तयार गर्ने दायित्व राज्यपक्षलाई सुम्पेको छ । त्यसरी नै, बालबालिकाले अभिव्यक्त गरेका विचारलाई उत्तिकै महत्त्व दिने दायित्व पूरा गर्ने अभिभारा पनि राज्यपक्षलाई सुम्पेको छ ।"[८]

बाल सहभागितासँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय महासन्धिका प्रावधान तथा नेपालको नीतिगत व्यवस्थालाई केलाउँदा सक्रियरूपमा सहभागिताको अधिकार प्रयोग गर्न सक्षम हुन बालबालिकालाई आफूसँग सम्बन्धित सबै विषयहरूमा आफ्नो उमेर र क्षमता सुहाउँदो ढाँचामा सूचना जानकारीमा पहुँच हुनु आवश्यक छ ।

"अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनमा उल्लिखित प्रावधानहरूले सहभागितालाई एक बहुआयामिक अवधारणाका रूपमा स्वीकार गरेका छन् र त्यो सक्रियता पहुँचयुक्त अनि अर्थपूर्ण हुनु आवश्यक छ, भनेका छन् । ... सहभागिताको अधिकारले वयस्क र बालबालिकाका अन्य अधिकारहरू जस्तै : (क) अभिव्यक्तिको स्वतन्त्रता, (ख) संघसंस्था खोल्न पाउने, (ग) (शान्तिपूर्वक) सभा-सम्मेलन गर्न पाउने, (घ) सूचना प्राप्त गर्ने, र (ङ) गोपनीयताको अधिकारको सम्मानका साथ भाग लिन पाउने भन्ने अर्थ राख्दछ ।"[९]

यी अन्तर्राष्ट्रिय कानूनहरूको राज्यपक्ष भएकोले तिनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्नु, गराउनु नेपालको दायित्व हो । यसको लागि कानूनको तर्जुमा, संस्थागत व्यवस्था, असल अभ्यासलाई निरन्तरता दिने परिपाटी, बालबालिका एवम् वयस्क व्यक्ति, संस्था तथा निकायको क्षमता अभिवृद्धि लगायतका पक्षमा राज्यले लगानी गर्नुपर्दछ ।

## ४. राष्ट्रिय तहमा नीति तर्जुमाको प्रक्रियामा बाल सहभागिताको अभ्यास

यस खण्डमा नीति निर्माण तथा कार्ययोजना तर्जुमाका क्रममा बालबालिकाको सहभागितासम्बन्धी अभ्यासबारे चर्चा गरिएको छ ।

---

८ बालबालिकाको सुनवाइको अधिकार, सामान्य टिप्पणी नं. १२ (२००९), संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार समिति, (अनुवादः कन्सोर्टियम नेपाल र केन्द्रीय बाल कल्याण समिति, २०१२), बुँदा नं. ८१, पे.३१ ।

९ सहभागिताको सन्दर्भ र परिवार, विद्यालय, समुदाय एवम् स्थानीय तहमा बालबालिकाको सहभागिता (ले. चन्द्रिका खतिवडा र शिव थापा), अनुभवहरू, २०६९ कन्सोर्टियम नेपाल, काठमाडौं, पे. २३ ।

## ४.१. नेपालको संविधानमा बाल अधिकार विषय समावेश गराउने अभियानमा बालबालिकाको सहभागिता

जननिर्वाचित प्रतिनिधिहरूको संविधान सभाबाट वि. सं. २०७२ सालमा नेपालको संविधान तर्जुमा भई लागू भएको छ । नयाँ संविधानमा बाल अधिकारलाई सुनिश्चित गर्नका लागि पहिलो संविधान सभाको गठनदेखि नै अधिकारकर्मीहरूले विविध अभियानहरू सञ्चालन गरेका थिए । यही सिलसिलामा सिजोप तथा कन्सोर्टियम नेपालले समेत संयुक्तरूपमा अभियान सञ्चालन गरेका थिए । उक्त अभियानमा खासगरी नेपालले अनुमोदन गरेका बालबालिकाको मानवअधिकारसम्बन्धी अन्तर ाष्ट्रिय कानूनका प्रावधानहरू अनुरूप बालबालिकाको अधिकार संविधानमा समावेश गर्न निरन्तर पैरवी गरिएको थियो । अभियानका हरेक प्रक्रियाहरूमा बालक्लबमा आबद्ध भएका बाल प्रतिनिधिहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहभागी भएका थिए । यसबारे सिजोप तथा कन्सोर्टियमले तयार पारेको अनुरोधपत्रमा यसरी उल्लेख गरिएको छ – "...नेपालका ६३ जिल्लाका बालक्लबका प्रतिनिधिले स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म परामर्श र छलफल गरी आएका सुझाव र सिफारिसलाई 'संविधान निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता' विषयक राष्ट्रिय बालभेलामा ४८ जिल्लाका ... बालप्रतिनिधिहरू..."[१०] सहभागी भएका थिए । बालप्रतिनिधिहरूले १२ वटा बुँदाहरूमा आफ्ना सवालहरू पहिल्याएका थिए (उल्लिखित चित्र हेर्नुहोस्) ।

**हामी बालबालिकाका राष्ट्रिय सवालहरू**

२९ मंसीर २०६४, काठमाडौं

नेपालले अनुमोदन गरिसकेको बाल अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धिहरूमा उल्लेखित प्रतिबद्धता अनुरूप बालबालिकाको समग्र अधिकारको सुनिश्चितताका लागि, नयाँ बन्ने संविधान मार्फत् बाल अधिकार सुनिश्चित गर्नुपर्ने हाम्रो आवाजलाई कदर गर्दै नेपालका ६३ जिल्लाका बालक्लबका प्रतिनिधिले स्थानीस्तरदेखि राष्ट्रियस्तरसम्म परामर्श र छलफल गरी आएका सुझाव र सिफारिसलाई "संविधान निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता" विषयक राष्ट्रिय बाल भेलामा ४८ जिल्लाका हामी बालप्रतिनिधिले निम्नानुसारका सवालहरू पहिल्याएका छौं :

१. कक्षा एकदेखि उच्च माविसम्म निःशुल्क, अनिवार्य, व्यवहारिक र जीवनोपयोग गुण्स्तरीय शिक्षाको व्यवस्था गरिनुपर्ने, साथै बालिका शिक्षामा विशेष जोड दिनुपर्ने,
२. मदरसा, गुम्बा र गुरूकुल शिक्षालाई विद्यालय सरह सरकारी सुविधा दिई एकरूपता कायम गरिनुपर्ने,
३. विद्यालय, बालक्लब र बालबालिकासँग सम्बन्धित क्षेत्रहरूलाई शान्ति क्षेत्रको रूपमा घोषणा गरी प्रवाभकारीरूपमा लागू गर्नुपर्ने,
४. देशव्यापी रूपमा बालबालिकाका लागि निःशुल्क स्वास्थ्य सेवा तथा औषधोपचारको सरल र सुलभरूपमा व्यवस्था गर्नुपर्ने,
५. अपाङ्गतामा रहेका बालबालिकाका लागि उपयुक्त स्वास्थ्य, शिक्षा र अन्य सेवाहरू उपलब्ध गराइनुपर्ने,
६. बालबालिकालाई सशस्त्र फौज, समूह तथा सुराकी एवम् राजनैनिक प्रयोजनका लागि प्रयोग गर्न रोक लगाउने र प्रभावितलाई संरक्षण गर्नुपर्ने,
७. प्रत्येक जिल्लामा बाल इजलास तथा बाल सुधार गृहको व्यवस्था गर्नुपर्ने,
८. हत्या, अपहरण, श्रमशोषण, यौन दुर्व्यवहार लगायताका बालबालिका बिरुद्ध गरिने सबै प्रकारका हिंसा र भेदभावबाट बालबालिकालाई संरक्षण गर्नुपर्ने,
९. बालबालिकाको विषयमा नीतिनियम, योजना बनाउँदा र तिनको कार्यान्वयन गर्दा सबै तहमा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्ने । साथै गा. वि. स. र जिल्लास्तरबाटै बालक्लबका लागि बजेटको व्यवस्था गर्नुपर्ने,
१०. बालबालिकाको जीवनमा नकारात्मक प्रभाव पार्ने रीतिरिवाज र सामाजिक परम्पराहरू जस्तै : छाउपडी, कम्लसी, गर्भमै हुँदा मगनी गर्ने, लिङ्गको आधारमा गर्भपत लगायत धुम्रपान, मदिरा किन्न बालबालिकाको प्रयोग, बालविवाह तथा बालबालिका बेचबिखनमा रोक लगाई त्यसबाट पीडित बालबालिकाका लागि विशेष व्यवस्था गर्नुपर्ने,
११. आमाबाबु विहीन र बिछोडिएका बालबालिका लागि संरक्षणको व्यवस्था गरिनुपर्ने,
१२. बालबालिकाको सहभागिताको अधिकारलाई कदर गर्दै निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्ने,

त्यसैगरी, नेपालका तत्कालीन पाँचवटै विकास क्षेत्रबाट प्रतिनिधित्व गरी 'हाम्रा कुरा' नाम दिइएको बालिकाहरूको राष्ट्रियसम्मेलन (४-७, सेप्टेम्बर २००७, काठमाडौं) मा १२ देखि १८ वर्षसम्मका ७५ जना बालिकाहरू सहभागी भई सात मुख्य बुँदाहरू पहिचान गरी त्यसलाई सेप्टेम्बर ९ तारिखमा आयोजित नीति निर्माताहरूसँगको नीति संवाद (policy dialogue) मा पेश गरेका थिए ।[११]

यसरी नयाँ संविधान निर्माणको प्रक्रियामा समुदाय, जिल्ला, विकास क्षेत्र र राष्ट्रियस्तरमा छलफल, अन्तर्क्रिया, परामर्श बैठक तथा बालभेलाहरूमा सहभागी भई बालबालिकाले आफ्ना विचार अभिव्यक्त गरेका थिए र बालबालिकाका सवालहरूलाई सम्बन्धित नीति-निर्मातासमक्ष पुऱ्याउने अवसर पाएका थिए ।

## ४.२. बालबालिकासम्बन्धी नीति तथा ऐन तर्जुमा गर्दा तिनका मस्यौदामाथि बालबालिकासँग परामर्श

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ को तर्जुमाको क्रममा खासगरी बालक्लब वा तिनका सञ्जालमा संलग्न भएका बालबालिकासँग परामर्श गरी त्यसमा उनीहरूलाई सहभागी हुने अवसर दिइएको थियो । तत्कालीन महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले नीतिको मस्यौदा तयार गर्नको लागि बाल अधिकार क्षेत्रमा क्रियाशील व्यक्तिहरूको एक परामर्शदाता समूह बनाएको थियो ।[१२]

बालबालिकासम्बन्धी राष्ट्रिय नीति तर्जुमाको चरणमा भएको बालबालिकाको सहभागितालाई देहायअनुसार उल्लेख गरिएको छ – [१३] "नीतिको मस्यौदा तयार गर्नको लागि १२ जुलाई २०१० मा (पाँचजनाको) परामर्शदाताको समूह बनाइएको थियो । यस समूहले नीतिको मस्यौदाको खाका तयार गर्ने र त्यसउपर वयस्क तथा बालबालिकाका समूहसँग परामर्श गर्ने सिलसिलेवार क्रियाकलाप तय गरेको थियो । उक्त कार्यतालिकालाई तत्कालीन महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय (हाल, 'महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय' भएको) ले सहमति दिएको थियो । अगष्ट र सेप्टेम्बर महिनामा परामर्शदाता समूहले

१० नेपालको नयाँ संविधानमा बाल अधिकारसम्बन्धी अनुरोधपत्र, सिजोप तथा कन्सोर्टियम, १ जेठ २०७१, पे. २६ ।

११ Reference is made to 'Expert Submission on Child Rights in the New Constitution of Nepal', CZOP and Consortium, p. 18.

१२ यस लेखका लेखकलाई पनि परामर्शदाता समूहमा रहेर बालबालिकासम्बन्धी राष्ट्रिय नीति तर्जुमामा योगदान दिने अवसर मिलेको थियो ।

१३ परामर्शदाता समूहका श्री प्रकाश कोइरालासँगको अन्तर्वार्ता तथा नीतिको मस्यौदा तयारी गर्न बनाइएको योजनाको आधारमा तयार गरिएको ।

नीतिको मस्यौदा तयार गरिसकेपछि त्यसमाथि मध्यमाञ्चल विकास क्षेत्रका समुदाय तथा विद्यालयमा आधारित बालक्लबका प्रतिनिधि एवम् बालक्लबमा सामेल नभएका विभिन्न समूहका बालबालिकासँग क्षेत्रीय परामर्श गरी त्यस मस्यौदामा उनीहरूको विचार तथा सुझाव सङ्कलन गरिएको थियो । त्यसरी नै, विभिन्न गैरसरकारी संस्थाहरूको सहयोगमा बाँकी चारवटा विकास क्षेत्रहरूमा समेत बालबालिकासँग उक्त मस्यौदामाथि परामर्श गरिएको थियो । बालबालिकासँग गरिएको त्यस्तो परामर्शको सहजीकरण गर्ने जिम्मेवारी बालक्लबबाट दीक्षित भएका युवाहरूलाई दिइएको थियो । बालबालिका तथा वयस्कसँग भएका परामर्शबाट आएका सुझावहरूलाई उपयुक्त भएअनुरूप समावेश गरी नीतिको मस्यौदालाई परिमार्जन गरिएको थियो ।"

त्यसैगरी, बालबालिकासम्बन्धी ऐन, २०७५ को मस्यौदा तयार गर्दा पनि बालबालिकासँग परामर्श गरिएको थियो । ऐनको मस्यौदा तयार भएपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिकाको क्षेत्रमा क्रियाशील बालकेन्द्रित संस्था, बाल अधिकार अभियन्ता तथा बालबालिकाका प्रतिनिधिहरूसँग विभिन्न चरणमा परामर्श गरी आएका सुझावहरूको आधारमा मस्यौदामा परिमार्जन गर्ने कार्य गरेको थियो । वि. सं. २०७५ साल असोज २ गते सङ्घीय संसदले उक्त ऐन पारित गरी लागू गरेपछि मन्त्रालयले ऐनको नियमावली मस्यौदा तयार पार्ने कार्य गरिरहेको छ । नियमावलीको मस्यौदामाथि बाल अधिकारको प्रवर्द्धनमा क्रियाशील तथा बालकेन्द्रित संस्थाका प्रतिनिधिहरूसँग हालसम्म तीन पटक परामर्श भइसकेको छ । तर, त्यसबारे बालबालिकासँग परामर्श भए, गरिएको जानकारी पाइएको छैन ।

### ४.३. बालबालिकासम्बन्धी दोस्रो १० वर्षे राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) को तर्जुमाको प्रक्रियामा बाल सहभागिता

नेपाल सरकारले बाल अधिकारका मुख्य विषयहरू बाल बचाउ, संरक्षण र विकाससम्बन्धी विषयमा केन्द्रित रही बालबालिका र विकासको लागि बालबालिकासम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) लागू गरेको हो । यस कार्य योजना तर्जुमाको प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गरिएको थियो, जसकाबारे सोही दस्तावेजमा यसरी उल्लेख गरिएको छ – "राष्ट्रिय कार्ययोजनाको समग्र प्रक्रियाभरि बालबालिकाको सहभागिता तथा योगदान अति महत्त्वपूर्ण र उत्साहवर्द्धक रह्यो । बालबालिकाका प्रतिनिधिहरू सबै चारवटा विषयगत समूहका सदस्य थिए र समूहकार्यमा उनीहरूको सक्रिय योगदान रहेको थियो । सबै ६ वटा क्षेत्रीय परामर्श भेलाहरूमध्ये पूर्वाञ्चल र मध्यपश्चिमाञ्चलको भेलामा बाल सहभागिता ५० प्रतिशत थियो भने बाँकीमा बालबालिकाको सहभागिता कम्तिमा ४० प्रतिशत थियो । ...सबै क्षेत्रीय भेलाहरूमा बालबालिकालाई भिन्नाभिन्नै चार विषयगत समूहमा विभाजन गरी छलफल गरिएको थियो ।... क्षेत्रीय भेलाहरूमा बालश्रम, दलित, जनजाति, सशस्त्र विद्रोह, यौनशोषण, दुर्व्यवहार तथा बेचबिखन, अपाङ्ग तथा सडक (मा आश्रित) बालबालिका जस्ता बाल अधिकार विरूद्धका मामिलामा कार्यरत बालबालिका बाहेक प्रत्येक जिल्लाबाट एक जना बालक र एक जना बालिकाको सहभागिता रहेको थियो" ।[१४]

### ४.४. नेपालको आवधिक राष्ट्रिय योजना तर्जुमाका सम्बन्धमा बालबालिकाको सहभागिता

नेपालमा आवधिक योजनाको सुरूवात वि. सं. २०१३ देखि भएको पाइन्छ । त्यस बेलादेखि नै बालशिक्षा र बाल स्वास्थ्यको विषय आवधिक योजनामा समावेश हुँदै आएको पाइन्छ र सातौं योजना (२०४२-२०४७) देखि बालबालिकासम्बन्धी नीति तथा कार्यक्रम तय भएको पाइन्छ भने नवौं योजना (२०५४-२०५७) देखि भने अलग्गै खण्डमा बालबालिकासम्बन्धी नीति तथा कार्यक्रम उल्लेख गर्न थालिएको पाइन्छ । त्यस्तै, दशौं योजना (२०५९-२०६४) को तर्जुमाका क्रममा नेपाल सरकारले बालबालिकाका प्रतिनिधिहरूसँग राष्ट्रियस्तरमा परामर्श गरेको पाइन्छ । यसबारे बालबालिकासम्बन्धी दशवर्षे राष्ट्रिय कार्ययोजना (आ. व. २०६१/६२-२०७१/७२) मा उल्लेख गरिएको छ – "नवौं योजनामा बालबालिकाको विषयलाई निकै जोड दिइएको थियो भने दशौं योजनाको तर्जुमा प्रक्रियामा नै बालबालिकाको सहभागितालाई प्रोत्साहन गरिएको र (उनीहरूको) सुझावहरूलाई योजनामा समावेश गरिएको थियो ।..."[१५]

तीन वर्षीय अन्तरिम योजना (आ. व. २०६४/०६५-२०६६/०६७) को अवधारणापत्र तयार गर्ने चरणदेखि नै बालबालिकाको सहभागितालाई जोड दिइएको थियो । अन्तरिम योजनाको दस्तावेजमा यसबारे उल्लेख भएको छ कि, "राष्ट्रिय योजना आयोगका तर्फबाट अन्तरिम योजनामा बालबालिकासम्बन्धी परिच्छेदको लागि अवधारणापत्र तयार गर्नका लागि नियुक्त गरिएका परामर्शदातासमेतको उपस्थितिमा बालक्लब अभियानबाट दीक्षित भएका तीनजना युवा प्रतिनिधिहरूको चयन भएको थियो । ती युवाहरूलाई – (अ) बाल सहभागिता, (आ) शिक्षा र बालश्रम, र (इ) प्रारम्भिक बाल विकाससम्बन्धी विषयमा बालबालिकाको

१४ बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना (आ. व. २०६१/६२-२०७१/७२), महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, काठमाडौं, २०६१, पे. ४ ।

१५ साभारः बाल सहभागिता प्रवर्द्धनका लागि विद्यमान कानूनी एवम् नीतिगत व्यवस्था तथा सरकारका कार्यक्रमहरू, २०१० (अध्ययन तथा प्रतिवेदन श्री चन्द्रिका खतिवडा), कन्सोर्टियम नेपाल, पे. ३८ ।

दृष्टिकोणबाट प्रारम्भिक धारणा तयार गर्न र त्यसमा बालबालिकाका विचार सङ्कलन गर्ने जिम्मेवारी तोकिएको थियो । ती तीनैजना युवा लिडरहरूले सर्वप्रथम आफ्नो जिम्मामा परेका विषयहरूमा बालबालिकासँग छलफल गर्दै राष्ट्रिय योजनामा पर्नुपर्ने विषयको प्रारम्भिक खाका तयार गरेका थिए । त्यसपछि उनीहरूले काठमाडौं उपत्यकामा क्रियाशील बालक्लबका ३० जनाभन्दा बढी बालबालिकाबाट प्राप्त भएका सुझावहरू समेतलाई समेटी अलग-अलग कार्यपत्रहरू तयार गरेका थिए । अनि उनीहरूले उक्त दस्तावेज बालबालिकासम्बन्धी अवधारणापत्र तयार गर्न जिम्मा पाएका परामर्शदातालाई बुझाएका थिए ।"[१६]

**बाह्रौं योजना**[१७] **(आ. व. २०६७/६८-२०६९/०७०)** को तयारी प्रक्रियामा सरोकारवालाहरूको सहभागिताबारे यस प्रकार उल्लेख गरिएको छ – "योजना तर्जुमाको क्रमदेखि नै केन्द्रस्तरमा राजनीतिक दल, विज्ञ, नागरिक समाज, विभिन्न वर्ग, क्षेत्रलाई प्रतिनिधित्व गर्ने पेशागत समुदाय तथा विकास साझेदारहरूसँग विभिन्न चरणहरूमा विस्तृत अन्तर्क्रिया गरी सुझाव तथा प्रतिक्रिया लिइएको हो । ... आधारपत्रको मस्यौदाउपर सुझाव तथा प्रतिक्रिया सङ्कलनका लागि क्षेत्रीयस्तरमा राजनीतिक दल, नागरिक समाज, जिल्लास्तरीय विषयगत निकायका प्रतिनिधिहरू, स्थानीय संघसंस्थाहरूका प्रतिनिधि, जिल्ला विकास समितिका प्रतिनिधि, शिक्षक, पत्रकार एवम् सर्वसाधारणहरूसँग समेत अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।"[१८]

यसरी बाह्रौं योजना तर्जुमाका क्रममा भएका छलफल, अन्तर्क्रिया तथा परामर्शहरूमा प्रत्यक्षरूपमा बालबालिकालाई सहभागी गराइएको भने भेटिदैन ।

नेपालका आवधिक योजना तर्जुमाका प्रक्रियामा बालबालिकाको सहभागिताको अभ्यासलाई अध्ययन गर्दा खासगरी दशौं योजना (आ. व. २०५९-२०६४) बनाउँदा नेपाल सरकारले बालबालिकाका प्रतिनिधिहरूसँग राष्ट्रियस्तरमा परामर्श गरेको पाइन्छ । उक्त अभ्यासलाई तीनवर्षीय अन्तरिम योजना (आ. व. २०६४/०६५-२०६६/०६७) योजनाको अवधारणापत्र तयार गर्ने चरणदेखि नै बालबालिकाको सहभागितालाई जोड दिइएको थियो । यस योजनाको प्रक्रियामा बालबालिकासम्बन्धी परिच्छेदको लागि अवधारणापत्रको मस्यौदा तयार गर्नका लागि अलग्गै परामर्शदाता तोकिनुको साथै बालक्लब अभियानबाट दीक्षित भएका तीनजना युवा सहजकर्ताहरूको चयन गरिएको थियो । यी सहजकर्ताहरूले योजना आयोगबाट नियुक्त परामर्शदातासमेतको उपस्थितिमा बालबालिकासँग अलग्गै कार्यशालाको आयोजना गरी परामर्श गरिएको थियो । सोही किसिमको प्रक्रिया बाह्रौं योजना (आ. व. २०६७/६८-२०६९/०७०) मा पनि अवलम्बन गरिएको थियो ।[१९]

त्यसपछिका आवधिक योजनाहरू तेह्रौं योजना (आ. व. २०७०/७१-२०७२/७३), चौधौं योजना (आ. व. २०७३/७४-२०७५/७६) र हाल पन्ध्रौं योजना (आ. व. २०७६/७७-२०८०/८१) को तर्जुमाका क्रममा विभिन्न सरोकारवालाहरूसँग क्षेत्रीय, प्रदेश वा राष्ट्रियस्तरमा छलफल एवम् अन्तर्क्रिया गरी राय सुझाव प्राप्त गरिएको व्यहोरा उल्लेख गरिएको पाइन्छ तर बालबालिकासँग अलग्गै परामर्श आयोजना गर्ने वा आयोजना गरिएका अन्य परामर्शमा बालबालिकालाई सरोकारवालाका रूपमा सहभागी गराइएको भने पाइँदैन । समग्रमा भन्नुपर्दा, तीनवर्षीय अन्तरिम योजना (आ. व. २०६४/०६५-२०६६/०६७) को तर्जुमाका क्रममा अपनाइएको बाल सहभागिताको अभ्यास क्रमशः हराएको पाइन्छ । यसबारे अध्ययन, छलफल गरिनुको साथै बालकेन्द्रित संस्था तथा तीनै तहका सरकारी निकायले सरोकार राख्नु आवश्यक देखिन्छ ।

## ५ स्थानीय तहमा नीति तर्जुमा प्रक्रियामा बाल सहभागिताको अभ्यास

राष्ट्रिय योजना आयोगले तयार गरेको **स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५** (नमूना) ले बस्ती हुँदै वडा तहको योजनाको छनौट तथा प्राथमिकीकरणको लागि विस्तृत प्रक्रिया प्रस्तुत गरेको छ ।[२०] उक्त दिग्दर्शनले वडातहको योजना निर्माण प्रक्रियामा बालबालिका, बालक्लब तथा सञ्जालका प्रतिनिधिहरूलाई एक मुख्य सरोकारवाला समूहको रूपमा बस्ती तथा टोलमा सम्पन्न गरिने परामर्श बैठकमा आमन्त्रण गरिनु पर्दछ भनेको छ र त्यहाँ अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गरिनुपर्दछ भनेको छ ।

त्यसरी नै, **स्थानीय सरकार सञ्चालन ऐन, २०७४,** एवम् **बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८** तथा **बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०६८** समेतले स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा एक मुख्य सरोकारवाला समूहको

---

१६ साभारः बाल सहभागिता प्रवर्द्धनका लागि विद्यमान कानूनी एवम् नीतिगत व्यवस्था तथा सरकारका कार्यक्रमहरू, २०१० (अध्ययन तथा प्रतिवेदन श्री चन्द्रिका खतिवडा), कन्सोर्टियम नेपाल, पे. ३९ ।

१७ यस योजनालाई दोस्रो त्रिवर्षीय योजना पनि भनिएको पाइन्छ ।


१८ तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३), राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, पे. ३३० र ३३१ ।

१९ यस लेखका लेखक स्वयम्ले यस योजनाको प्रक्रियामा बालबालिकाका प्रतिनिधिहरूसँग दुई दिने कार्यशालाको सहजीकरण गर्नु भएको थियो । तर, योजना दस्तावेजमा भने बालबालिकासँग गरिएको परामर्शबारे उल्लेख गरिएको पाइँदैन ।

२० हेर्नुहोस्ः स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना), राष्ट्रिय योजना आयोग, काठमाण्डौ, पे. ४५ र ४६ ।

रूपमा बालबालिकाको सहभागिता हुनुपर्दछ भनेको सन्दर्भमा तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (हाल, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भएको) ले २०७४ सालमा **बालभेला सञ्चालन र सहजीकरणः हाते पुस्तिका** प्रकाशन गरेको छ । यसै सहजीकरण पुस्तिकाले सुझाएको प्रक्रिया अपनाई स्थानीय तहको योजना तथा बजेट निर्माणमा बालबालिकाको सहभागिता गराउने उद्देश्यले बालभेला सञ्चालन गरिँदै आइएको छ । धेरै स्थानीय तहमा यो स्थापित अभ्यास हुन पुगेको छ ।

सहजीकरण पुस्तिकाले बालभेला आयोजना गर्नु पूर्वको तयारी के-के गर्ने, (जस्तै : (क) बालक्लबहरूको अद्यावधिक र सूचीकरण गर्ने, (ख) गाउँपालिका वा नगरपालिकाबाट विषयगत सिलिङ्, मार्गदर्शन र मोडालिटी प्राप्त गर्ने, (ग) बाल भेलाबारे सबै बालबालिकालाई सूचना जानकारी दिने अनि सहजकर्ता तथा स्वयम्सेवकको व्यवस्था गर्ने, र (घ) आवश्यक सामग्रीको व्यवस्थापन, आर्थिक व्यवस्थापन, आदि) भन्ने कुरा उक्त सहजीकरण पुस्तिकामा स्पष्ट उल्लेख गरिएको छ । त्यसैगरी, बालभेला सञ्चालनको चरणमा सहभागितालाई प्रभावकारी बनाउन तथा सहभागितामूलक विधिहरू (जस्तै : समूह - कार्य, शरीर नक्साङ्कन, जोखिम नक्साङ्कन, प्राथमिकीकरण विधि) प्रयोग गरी सबैको सहभागिता सुनिश्चित गर्ने कुराहरूबारे विस्तृत चर्चा गरिएको छ र बालभेलाको समापनपछि बालबालिकाले उठाएका सवाल तथा प्राथमिकीकरण गरेका मागलाई स्थानीय तहको योजनामा समावेश गरी बजेट छुट्ट्याइएको कुरा सुनिश्चित गर्न निरन्तर रखवारी तथा पैरवी गर्ने सम्बन्धमा चरणबद्ध कार्यबारे उक्त सहजीकरण पुस्तिकामा उल्लेख गरिएको छ । यस कार्यविधिले स्थानीय तहलाई बालभेलाको सञ्चालन र व्यवस्थापन गर्न आवश्यक पर्ने ज्ञान, विधि र प्रक्रिया उपलब्ध गराएको छ । बाल भेलामार्फत् बालबालिकाले पहिचान गरेका सवाल र समस्यालाई स्थानीय तहको योजनामा समावेश गरिँदा त्यो प्रभावकारी नै भएको पाइएको छ । साथै, सहभागितामूलक प्रक्रियाबाट आएका योजना तथा कार्यक्रममा बालबालिका तथा समुदायको समेत अपनत्व हुने हुँदा नतिजामुखी परिणाम निस्किन सक्दछ भन्ने विश्वास बालमैत्री अवधारणा अवलम्बन गरिएका स्थानीय तहहरूमा रहेको पाइन्छ ।




खासमा, बालमैत्री स्थानीय शासन अवलम्बन गरिएका गाउँपालिका तथा नगरपालिकाहरूमा योजना छनौट प्रक्रियाको एक अङ्गका रूपमा लिई बालभेलालाई निरन्तर अभ्यासमा ल्याइएको पाइन्छ । यसले सकारात्मक परिणाम पनि ल्याएको छ – "स्थानीय तहको योजना र कार्यक्रम निर्माणमा बालभेला उपयोगी र अर्थपूर्ण भएको पाइन्छ । बालभेलामार्फत् छानिएका योजना गुणस्तरीय भएको, आवश्यकताका आधारमा बालबालिकाले योजना छान्ने गरेको र कार्यान्वयनमा पनि बालबालिकाको अपनत्वको विकास भएको अध्ययनले देखाएको छ । धैरै स्थानीय तहमा बालबालिकाले छनौट गरेका योजना बाल अधिकार र बालमैत्री (स्थानीय) शासनका सूचक पूरा गर्न उत्प्रेरित गर्ने प्रकारका छन् । यदाकदा बालबालिकाले आफ्नो दायराभन्दा पनि फराकिलो भएर समग्र स्थानीय शासनमाथि आफ्ना अभिव्यक्ति राख्ने गर्दछन् ...।"[२१]

## ६. सम्बोधन गर्नुपर्ने मुद्दा तथा निष्कर्ष

'बाल सहभागिताको अभ्यास गरिरहँदा अधिकांश ...सन्दर्भहरूमा सहभागितालाई एक विकास प्रक्रियाको रूपमा तथा बाल अधिकारको एक सामान्य सन्दर्भको रूपमा प्रयोगमा ल्याउने गरिएको पाइन्छ ।'[२२] यसलाई **बालबालिकाको नागरिक हक र तत्सम्बन्धी राज्यको दायित्व**को रूपमा लिइएको पाइँदैन । तर वास्तवमा, 'बाल सहभागिता बालबालिकाको नागरिक हैसियतको एक व्यावहारिक अभ्यासको स्वरूप हो । वयस्क नागरिकहरू सरह सूचना प्राप्त गर्ने, विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सङ्गठनको स्वतन्त्रता ...ले बालबालिका नागरिक हुन् भन्ने मान्यतालाई पुनर्स्थापित गर्दछ ।'[२३] '... 'सहभागिता'लाई प्रभावकारी बनाउन यसको उद्देश्य, अभ्यास र प्रक्रियाले सहभागी हुने व्यक्ति/समूहको - (क) पहिचानको अधिकार, (ख) आबद्धताको अधिकार, (ग) पहुँचको अधिकार, (घ) विचार सुन्ने/सुनाउने अधिकार, (ङ) प्रतिनिधित्वको अधिकार, र (च) सहकार्य र समस्या समाधानमा भूमिका निर्वाहको अधिकार सुनिश्चित गर्नु, गराउनु पर्दछ ।'[२४] यस अवधारणालाई बाल सहभागिताको व्यावहारिक अभ्यास एवम् प्रयोगमा भने स्थापित गर्न सकिएको छैन । आवश्यक कार्यविधि, मापदण्ड तथा विधिहरू तय गर्न सकिएको छैन ।

---

२१ बालभेला सञ्चालन र सहजीकरणः हाते पुस्तिका, २०७४, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौ, पे. १० ।

२२ बाल सहभागिताः बालबालिकाको नागरिक हैसियतको खोजी, मिलन धरेल, अनुभवहरू, २०६९, कन्सोर्टियम नेपाल, पे. ३४ ।

२३ ऐ. ऐ., पे. ३६ ।

२४ सहभागिताको सन्दर्भ र परिवार, विद्यालय, समुदाय एवम् स्थानीयतहमा बालबालिकाको सहभागिता, चन्द्रिका खतिवडा र शिव थापा, अनुभवहरू, २०६९, कन्सोर्टियम नेपाल, पे. २४ ।

नेपालमा बाल सहभागिता भन्नासाथ बालबालिकाको सङ्गठनका रूपमा देशभर रहेका **बालक्लब र तिनका गाउँ/नगरपालिका वा जिल्लास्तरका सञ्जाल** तथा त्यसमार्फत गरिने क्रियाकलाप भनेर बुझ्ने गरिन्छ । **त्यो बाल सहभागिताको एक माध्यम हो**, तर समग्र भने होइन । बालक्लबलाई नै बाल सहभागिताको सर्वोपरी माध्यम मान्ने सोचले गर्दा बाल सहभागिताका अन्य माध्यमको खोजी एवम् अभ्यास गर्ने संस्कार भने अझै पनि सुषुप्त अवस्थामा रहेको छ । तर, बालक्लबमा नै बाल सहभागिताको कुरा गर्दा बालबालिकाले त्यहाँ पनि उपलब्ध हुनसक्ने सबै खालका अवसरहरू नपाइरहेको स्थिति छ नै ।

देशका अधिकांश बालक्लब वा तिनका सञ्जालहरू बाल केन्द्रित संस्था वा विकासका साझेदारहरूद्वारा प्रवर्द्धन गरिएको पाइन्छ । अपवादको रूपमा भने बालमैत्री स्थानीय शासन अवलम्बन गरिएका गाउँ/नगरपालिकामा सम्बन्धित स्थानीय तहले नै बालक्लब वा तिनको सञ्जालको स्थापना एवम् सहजीकरण गर्ने गरेका पाइन्छन् । तर, यी दुवै खालका बालक्लबहरू परियोजनाका उद्देश्यलाई नै आफ्नो उद्देश्य मानी सञ्चालनमा रहन्छन् र तिनीहरूलाई सो उद्देश्यका अलावा अन्य उद्देश्य बनाउन प्रेरित पनि गरिँदैन । उदाहरणको लागि बालविवाह न्यूनीकरणसँग सम्बन्धित कुनै परियोजनाले सहजीकरण गरेको बालक्लबले आफ्नो एकमात्र उद्देश्य बालविवाह न्यूनीकरण गर्ने नै राख्दछ र सोही मुताबिक परियोजनाका कार्यक्रममा सहभागी हुन्छ । त्यस्तैगरी, बालमैत्री स्थानीय शासनको कार्यक्रम लागू गर्न गठन भएको बालक्लबसमेत स्थानीय तहसँग मिली बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ ले निर्दिष्ट गरेका सूचक पूरा गर्नमा नै दत्तचित्त देखिन्छन् । यसरी हेर्दा, बालक्लब एक स्वतन्त्र सङ्गठन नभई त्यस्ता कार्यक्रम एवम् परियोजनाको एक तल्लो एकाइका रूपमा मात्रै पो हुन् कि भन्ने चिन्तासमेत रहने गर्दछ ।

त्यो आफैंमा नराम्रो होइन, तर बालक्लबले अविछिन्नरूपमा गर्नसक्ने अन्य थुप्रै उद्देश्य एवम् कार्यक्रम भने यस्तो खालको अभ्यासले गुम्ने खतरा हुन्छ । परियोजनासँग गाँसिएका बालबालिकाको सङ्गठनप्रति स्थानीय तह एवम् राज्यका निकायको अपनत्व, सहयोग तथा सहकार्य न्यून हुन पनि सक्दछ । साथै, विकासका साझेदारहरूको परियोजनाको आयुसँगै बालक्लब वा सञ्जालको आयु पनि गाँसिएको छ, अनि तिनको सहजीकरण र निरन्तरतामा प्रश्न खडा भएको छ । "... घर, विद्यालय, स्थानीय निकाय (तह), स्वास्थ्य चौकी आदिमा बालबालिकाको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्नुपर्नेमा सो कार्य व्यवस्थित र नियमित हुन सकेको छैन । देशमा बालबालिकाको सञ्जालको रूपमा बालक्लब रहेता पनि उनीहरूको निर्भरता विकासका बाह्य साझेदारहरूमाथि रहेको छ ।"[२५]

यसर्थ, बाल सहभागिताको नीति, कार्यविधि वा कार्य प्रक्रिया निर्धारण गरी स्थानीय तह, स्थानीय तहमा रहेका बालबालिकासँग प्रत्यक्ष सम्बन्धित राज्यका निकायहरू तथा तिनका निर्णय प्रक्रियामा बालबालिकाको सहभागिताको अभ्यासलाई प्रोत्साहन गरिनुपर्दछ ।

बालबालिकाको सुनवाइको अधिकार कार्यान्वयन गर्ने राज्यपक्षले आफ्ना विद्यमान कानूनको पूनरावलोकन तथा परिमार्जन गर्नुपर्दछ । त्यसको लागि अवलम्बन गरिनुपर्ने रणनीतिमा[२६] –

(क) आफ्ना विचार व्यक्त गर्नका लागि बालबालिकालाई सहयोग एवम् प्रोत्साहन गर्ने आवश्यक तथा उपयुक्त, सर्त प्रक्रियाहरू सुनिश्चित गर्ने,

(ख) बालबालिकाको विचारलाई मान्यता दिइएको सुनिश्चित गर्न आवश्यक नीतिनियम वा संरचनागत व्यवस्था मिलाई तिनलाई कानूनीरूपमा र संस्थाको कार्यविधिमा समावेश गर्ने,

(ग) बाल सहभागिताको अभ्यास र प्रयोगका सम्बन्धमा बालबालिकासँग र उनीहरूका लागि काम गर्ने सबै व्यावसायिक व्यक्तिहरूलाई तालिम दिने,

(घ) बाल सहभागिताको अभ्यास बढाउन गरिएको नीतिगत तथा संस्थागत प्रयास (एवम् प्रक्रिया) को प्रभावकारिता मूल्याङ्कन गर्नको लागि नियमित अनुगमन गर्ने, गराउने (यसको लागि स्थानीय तह, प्रदेश तथा सङ्घीयस्तरमा निश्चित संयन्त्र निर्धारण गरिनुपर्दछ) ।

त्यसरी नै, 'बालबालिकाको सहभागिताको लागि वातावरण बनाउने अभिभारा वयस्क व्यक्ति, संस्था तथा निकायको हो । यसो गर्दा एकातिर फरकफरक उमेर, लिङ्ग, विकासको स्तर र अनुभवहरू भएका बालबालिकाको सशक्तीकरण गरी उनीहरूलाई तयार गरिनु पर्दछ भने अर्कोतिर बाल सहभागिताका लागि वयस्क व्यक्ति तथा निकायको सोच तथा संरचनामा परिवर्तन ल्याउन क्षमता विकास गरिनु आवश्यक छ ।'[२७] यसको लागि राज्यले कार्यविधि, कार्यप्रक्रिया वा मापदण्ड लागू गर्नुपर्दछ, जसमा –

---

२५ बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) को मध्यावधि समीक्षापछि नेपाल सरकार, मन्त्रीपरिषदले मिति २०६९ भाद्र १८ गते स्वीकृत गरेको परिमार्जित योजना, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ, पे. १३ ।

२६ बालबालिकाको सुनवाइको अधिकार, सामान्य टिप्पणी नं. १२ (२००९), संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार समिति, (अनुवादः कन्सोर्टियम नेपाल र केन्द्रीय बाल कल्याण समिति, २०१२), बुँदा नं. ४९, पे.२० समेतको आधारमा ।

२७ सहभागिताको सन्दर्भ र परिवार, विद्यालय, समुदाय एवम् स्थानीयतहमा बालबालिकाको सहभागिता, चन्द्रिका खतिवडा र शिव थापा, अनुभवहरू, २०६९, कन्सोर्टियम नेपाल, पे. २६ ।

(क) बाल सहभागितासँग सम्बन्धित नीति तथा रणनीतिलाई लागू गर्न आवश्यक पर्ने कार्यगत नीति र कार्यक्रमको स्पष्ट पहिचान हुनुपर्दछ[२८],

(ख) बालबालिकाको सहभागिताका विभिन्न क्षेत्रहरू (Arenas) तथा पक्षहरू (aspects) मा के–कसरी सहभागिता प्रवर्द्धन गर्ने; त्यसका लागि विधि र प्रक्रियाहरू के–के हुन सक्दछन् र बालबालिकाको सहभागिताको अभ्यासका लागि न्यूनतम वा गुणस्तर (Minimum Standards or Practice Standards) एवम् सूचकहरू के–के हुन सक्दछन् स्पष्ट पारिनु पर्दछ,

(ग) बाल सहभागिता प्रवर्द्धन गर्न स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारका मूलरूपमा जिम्मेवार निकाय तोक्ने, ती निकायमा आवश्यक संरचना/संयन्त्र, कार्यप्रक्रिया (वा कार्यढाँचा) निर्माण गर्ने तथा आवश्यक स्रोतको (मानव तथा आर्थिक) प्रबन्ध गर्ने, गराउने व्यवस्था मिलाइनु पर्दछ र

(घ) बाल सहभागिताका लागि सरोकारवालाहरू (सरकारी निकाय, बाल केन्द्रित गैरसरकारी संस्था, बालबालिकाले नेतृत्व गरेका संस्था/समूह) आदिसँग प्रभावकारी समन्वय र सहकार्यको लागि स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारको तहमा जिम्मेवार निकाय र अपनाउनुपर्ने कार्यप्रक्रिया सुनिष्चित गरिनु पर्दछ ।

त्यसरी नै, बालबालिकाको सहभागिताबारे परिवारदेखि राष्ट्रिय तहका सरोकारवालाहरूको बुझाई बढाउनु तथा त्यससम्बन्धी प्रणाली, संयन्त्र, विधि एवम् प्रक्रियालाई मूल प्रवाहमा ल्याई बाल सहभागितालाई संस्थागत गर्नु उत्तिकै आवश्यक छ । प्रस्तुत लेखमा उल्लेख गरिएका उदाहरणहरूको आधारमा भन्न सकिन्छ कि नेपालमा बालबालिकाको सहभागिताको अभ्यास र प्रयोग विविधरूपमा हुँदै आएको छ, तर त्यो पद्धतिको मातहतभन्दा पनि तदर्थरूपमा भएका पाइन्छन् । बाल सहभागितामा भएका सबै अभ्यास तथा प्रयोगले हामीलाई धेरै कुराहरू सिकाएका पनि छन् । यसैको जगमा, बाल सहभागितालाई स्पष्ट परिभाषित प्रक्रिया, पद्धति एवम् रणनीतिको रूपमा अगाडि बढाइनु आवश्यक छ ।

(लेखक बाल अधिकार अभियन्ता तथा इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सिका निर्देशक हुनुहुन्छ ।)

२८ बाल सहभागिता प्रवर्द्धनका लागि विद्यमान कानूनी एवम् नीतिगत व्यवस्था तथा सरकारका कार्यक्रमहरू, २०१० (अध्ययन तथा प्रतिवेदन श्री चन्द्रिका खतिवडा), कन्सोर्टियम नेपाल, पे ४८ ।

# पन्ध्रौं योजना र यसले अङ्गिकार गरेको बाल सहभागिताको मर्म



डा. किरण रूपाखेती

## १. विषय प्रवेश

आधुनिक कालमा योजनालाई विकास प्रयासको एउटा औजारको रूपमा लिईंदै आएकोछ । विशेषतः दोस्रो विश्वयुद्धपछि औपनिवेषिक दासताबाट मुक्त भएका राष्ट्रहरूले देशको आमूल आर्थिक तथा सामाजिक रूपान्तरणको लागि केन्द्रिकृत योजनाको तर्जुमा गरी कार्यान्वयन गर्ने प्रयास गरे । ती राष्ट्रहरूले आंशिक सफलता प्राप्त गरे पनि सोचे अनुसारको उपलब्धि भने हासिल हुन सकेन । धनी पूँजिबादी राष्ट्रहरूमा यस्तो केन्द्रिकृत योजनाहरू सरकारले कार्यान्वयन गर्न छोडेपनि अधिकांस तेस्रो विश्वका राष्ट्रहरूले यस्तो योजना कार्यान्वयनमा यद्यपी ल्याइरहेको स्थिति छ । नेपाल पनि ती देशहरू मध्येको एक हो । नेपालमा छ दशक लामो योजनाबद्ध विकासको अवधिमा नौ वटा पञ्चवर्षीय र पाँचवटा त्रिवर्षीय योजना कार्यान्वयनमा आएका छन् ।

यस अवधिमा राजनीतिक क्षेत्रमा ठूलो परिवर्तन भयो जसबाट एकात्मक राजतन्त्रात्मक शासन व्यवस्था संघीय शासन व्यवस्थामा रूपान्तरण भयो । यसै अवधिमा आर्थिक, सामाजिक तथा आधुनिक यातायात तथा पूर्वाधार विकासको क्षेत्रमा केही उपलब्धि हासिल भएको छ । साथै नेपाली जनतामा विभिन्न मुद्दाहरूमा सचेतनामा अभिवृद्धि भएको छ भने आधुनिकताको गहिरो प्रभाव परेको छ । फलतः महिला, वालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारका साथै सामाजिक समावेशिताको दिशामा महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन् । शिक्षा, स्वास्थ्य, खानेपानी, सडक निर्माण, सूचना तथा सञ्चार सामाजिक सुरक्षा आदि क्षेत्रमा यस अवधिमा भएका प्रगति उल्लेख्य छन् ।

निरपेक्ष तथा बहुआयामीक गरिबीमा उल्लेख्य कमी आएको भएता पनि अझै पनि जनसंख्याको ठूलो हिस्सा गरिबीको रेखामुनी रहनु, वैदेशिक रोजगारीको खोजीमा ठूलो संख्यामा नेपाली युवाहरू विदेशिनु, बढ्दो व्यापार घाटा, सामुदायीक विद्यलयबाट प्रदान गरिने शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने दिशामा उल्लेख्य उपलब्धि हासिल हुन नसक्नु, लैङ्गिक हिंसा तथा विभेदका घटनाहरू विद्यमान रहनु, वातावरणीय प्रदुषण, सामाजिक तथा आर्थिक असमानाताको विद्यमानता यस क्षेत्रका चुनौतीहरू हुन् जसले प्रत्यक्ष र परोक्षरूपमा महिला, बालबलिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूको अधिकार प्राप्तिमा नकारात्मक असर परिरहेको स्थिति छ ।

पन्ध्रौं योजनाको दीर्घकालीन सोच भनेको समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्यलाई सार्थक तुल्याउनु हो । समृद्धि र सुखी दुबै पाटोबाट बाल अधिकार महत्त्वपूर्ण छ । बाल अधिकार सुनिश्चित गरिएको राष्ट्रका नागरिकहरू सुशिक्षित, सिपवान र स्वस्थ्य हुने सम्भवाना रहन्छ । त्यस्ता नागरिकहरूबाट समृद्ध मुलुकको सृजनामा सहयोग पुग्न सक्छ भने समृद्धि सुखको कारक बन्न सक्छ । सुख अनुभूति गरिने कुरा हो जुन ज्ञान, विवेक, आत्म चिन्तनबाट प्राप्त हुन सक्छ । एक सुसंस्कृत नागरिकबाट मात्र त्यो सम्भब हुन्छ । एक अवोध बालक वा बालिकाको मुस्कान, चञ्चलेपना, र अवोधपना सहितको सुन्दरताबाट पुलकित भै खुसी नहुने को होला र ? खुसीको निरन्तरतालाई सुखमा बदल्न सकिन्छ ।

नेपालले संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ तथा अन्य बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि र इच्छाधिन आलेखहरूमा गरेको प्रतिवद्धतानुरूप बाल अधिकारसम्बन्धी नीति तथा कानून समेतलाई मध्यनजर गरी नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता विषयहरू समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ । यसै अनुरूप नयाँ बालबालिकासम्बन्धी ऐन कार्यान्वयनमा आईसकेको छ । दिगो विकास लक्ष्यमा बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित, पहुँचयोग्य र हरित सार्वजनिक स्थलमा पहुँच, बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसाको अन्त्य गरी सशक्त गर्ने जस्ता परिमाणात्मक लक्ष्य समावेश गरिएको र सोहीअनुरूप उक्त विषयलाई १५ औ योजनामा समावेस गर्ने कोशिस गरिएको छ ।

बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको नेपाल पक्षराष्ट्र हो । उक्त महासन्धिले बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिता जस्ता क्षेत्रमा बाल अधिकारको सुनिश्चित गर्न विश्वका अन्य देशहरूलाई जस्तै नेपाललाई पनि जिम्मेवार बनाएको छ । साथै नेपालको संविधानले बाल सहभागितालाई बाल अधिकारको रूपमा स्थापित गरेको छ । यिनै मार्गदर्शक दस्तावेजको आधारमा नेपालले बालबालिकासम्बन्धी ऐन, नियम, नीति, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू सोही आधारमा तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । तथापि ती प्रयासहरूबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । यसै परिप्रेक्षमा बाल सहभागितामार्फत बाल अधिकारको संरक्षण गर्ने प्राथमिकताका साथ १५ औं योजना कार्यान्वयनमा आईसकेको छ । यस लेखमा

पन्ध्रौं योजनाले बालबालिकाका क्षेत्रमा अख्तियार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिको विवेचना गर्दै यस क्षेत्रमा रहेको चुनौतीको विश्लेषण गर्ने कोशिस गरिएको छ । यसक्रममा मुख्य जोड भनेको बाल सहभागितामा रहने छ । अन्त्यमा योजना कार्यान्वयन र बाल सहभागिताको दृष्टिकोणबाट केही सुझावहरू प्रस्तुत गर्ने कोशिस समेत गरिएको छ ।

## २. १५ औं योजना

पन्ध्रौं योजना "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा रहने छ । १५ औं योजनाले तीव्र र सन्तुलित आर्थिक विकास, समृद्धि, सुशासन र नागरिकले सुखको अनुभूति प्राप्त गर्ने दूरदृष्टि राखेको छ । आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमहरूको न्यूनीकरण गर्दै वि.सं २०७९ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि सं २०८७ सालसम्ममा दिगो विकास लक्ष्यलाई हासिल गर्ने सोचसहित उच्च मध्यम आयस्तर भएको मुलुकमा पुग्ने गरी १५ औं योजना कार्यान्वयनमा आईसकेको छ ।

यस योजना अवधिमा उत्पादनशील रोजगारी सिर्जना, न्यायोचित वितरण तथा सामाजिक संरक्षण र सुरक्षा सहितको आर्थिक वृद्धि हासिल गर्ने गरी मुलुकमा उपलब्ध सम्पूर्ण श्रोत साधनको महत्तम परिचालन गरिने छ । यसका लागि आर्थिक गतिविधिमा विस्तार एवम् गतिशीलता ल्याउने गरी लगानी केन्द्रित गरिनेछ । निजी, सहकारी र सामुदायिक क्षेत्रलाई एकअर्काको परिपूरकका रूपमा परिचालन गरिनेछ । यी क्षेत्रहरूबाट गरिने लगानी, उत्पादकत्व अभिवृद्धि तथा उद्यमशीलता प्रवर्द्धनद्वारा अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारमूलक र आत्मनिर्भर बनाउँदै अर्थतन्त्रको संरचनात्मक परिवर्तन गर्नेतर्फ उन्मुख गरिनेछ । संघीय संरचना बमोजिम संघ, प्रदेश र स्थानीय तहकोबीचमा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा आर्थिक, सामाजिक, पर्यावरणीय र सुशासनसम्बन्धी लक्ष्यहरू हासिल गर्नेगरी योजना कार्यान्वयन गरिनेछ । सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्नेतर्फ योजना लक्षित हुनेछ । अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरमा गरिएका प्रतिबद्धताको आन्तरिकीकरण गर्दै अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनद्वारा रूपान्तरणका सम्वाहकको क्षेत्रमा लगानी केन्द्रित गरी राष्ट्रिय अर्थतन्त्रको आकार वृद्धि गर्नेतर्फ योजनामा जोड दिइएको छ । आन्तरिक तथा वाह्य स्रोत र साधन तथा अन्तर सरकारी वित्तको परिचालनद्वारा तीन तहको सरकारको कार्यमा सामञ्जस्यता कायम गरी आर्थिक समृद्धि र नागरिक सुखको अनुभूतिको आधार निर्माण गर्नेतर्फ यो योजना केन्द्रित रहनेछ ।

ठूलो राजनैतिक परिवर्तनपछि आएको प्रस्तुत योजना नेपालको विकासको सवालमा रूपान्तरणकारी आयोजनाको रूपमा रहेको छ । यसलाई मुलुकको समृद्धि र सुखको आधार सिर्जना गर्ने योजनाको रूपमा लिईएको छ जुन राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकको खाकामा आधारित रहेको छ । साथै, यसले समृद्धि र सुखका बृहङ्ग्म आयामलाई समेटेको छ । नेपालको दीर्घकालीन सोच, सम्वत् २१०० मा आधारित रहेको यो योजना संविधानबाट निर्देशित हुँदै दुई अङ्कको आर्थिक वृद्धिको लक्ष्यका साथ कार्यान्वयनमा आएको छ । यसमा सहयोगी क्षेत्र, आर्थिक वृद्धि र रूपान्तरणका सम्बाहक पहिचान गरी सो अनुसार रणनीति प्रस्ताव गरिएको छ । यसले सूचना प्रविधिको विस्तार तथा उपयोग र बृहत् पूर्वाधार निर्माणमा विशेष प्राथमिकता दिदैं कृषि, उत्पादनमूलक उद्योग, शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकासमा जोड दिएको छ । १५ औं योजना संघीय प्रणालीमा आधारित पहिलो राष्ट्रिय योजनाको रूपमा रहेको छ । यो प्रदेश र स्थानीय तहका लागि नीतिगत तथा रणनीतिक मार्गदर्शक योजनाको रूपमा रहेको छ जसको कार्यान्वयन संघ, प्रदेश र स्थानीय तहको सहकार्य, साझेदारी र समन्वयमा आधारित रहेको छ । यसबाट प्रादेशिक सन्तुलनका साथ प्रादेशिक र स्थानीय अर्थतन्त्र निर्माणमा सघाउ पुग्ने विश्वास लिईएको छ ।

यसको अलवा यसले आयोजना सुशासनमा जोड दिंदै सरकारी निजी क्षेत्रबीचको सहकार्यमा जोड दिएको छ । यसै उद्देश्यका साथ राष्ट्रिय गौरवका आयोजना पन्ध्रौं योजना अवधिमा सम्पन्न गर्ने गरी लगानी आँकलन गरिएको छ भने रूपान्तरणकारी आयोजनासम्बन्धी अवधारणाको सुरूवात सर्वप्रथम नेपालको योजनावद्ध विकासको ईतिहासमा यसै योजनाले गरेको छ । यसै प्रयोजनको लागि यस योजनाले आयोजना बैंकको अवधारणालाई अगाडि सारेको छ । यसै परिप्रेक्ष्यमा यसले राष्ट्रिय एकता, स्वाधिनता, सामाजिक रूपान्तरण, नेतृत्व निर्माण जस्ता पक्षहरूलाई समेत आयोजना दस्तावेजमा पहिलो पटक समावेश गरेको छ ।

त्यस्तै यो योजनाले अधिकारमुखी दृष्टिकोण सहित महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका ब्यक्तिहरूको अधिकारको प्रवर्द्धन गर्ने कुरामा जोड दिंदै त्यसै अनुसारको रणनीति तथा कार्यनीतिहरू प्रस्ताव गरिएका छन् ।

## ३. १५ औं योजनामा बालबालिकाको विषय

१५ औं योजनामा हाल यो क्षेत्रले भोगेको समस्या, चुनौती र अवसरलाई प्रस्तुत गरी रणनीति र कार्यनीतिहरू प्रस्तुत गरिएका छन् । सबै बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्यमा सहज पहुँच नहुनु, मनोरञ्जन, बाल सहभागिता, बालमैत्री

वातावरणको अभावमा विकास र संरक्षण हुन नसक्नु, बालश्रमको अवस्था विद्यमान रहनु, अझै पनि सडक बालबालिकाको अवस्था विद्यमान रहनु, असहाय र अनाथ बालबालिकाको संरक्षण तथा उचित व्यवस्थापन हुन नसक्नु, बालविवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसारपसारको अवस्था विद्यमान रहनु, किशोरी शिक्षाको कमी हुनु, कानुनको विवाद र बाल विज्याईं जस्ता समस्याको प्रभावकारी सम्बोधन गरी उनीहरूको भावी जीवनलाई सहज बनाउँदै परिवार र समाजमा पुर्नमिलन र पुर्नस्थापना गराउन नसक्नु र वैकल्पिक स्याहारको माध्यमबाट अनाथ बालबालिकाको पुनर्स्थापना गर्न नसक्नु जस्ता समस्याहरूसँग यो क्षेत्र जुझिरहेको छ । तथापि यस क्षेत्रमा प्रसस्त अवसरहरू पनि विद्यमान छ । संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नु, संघीय संरचना अनुसार बालबालिकासम्बन्धी कानुन, नीति, योजना, कार्यक्रम तथा संस्थागत संयन्त्र स्थानीय तहदेखि संघसम्म स्थापना तथा सञ्चालन हुँदै जानु, दिगो विकास लक्ष्यमा बालबालिका तथा किशोरकिशोरीसम्बन्धी विषयहरू समावेश हुनु, बालबालिकासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा आउनु, राज्यबाट बालबालिकाको शिक्षा र स्वास्थ्यमा विशेष जोड दिइनु, बालबालिकाको संरक्षणसम्बन्धी विषय तीन तहको सरकारको अधिकार क्षेत्रभित्र पर्नु, सरकार, संघसंस्था र नागरिक समाजबीच समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा अभिवृद्धि हुनु र बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको सवालमा सरोकारवालाहरूमा सचेतना र सहकार्य वृद्धि हुँदै जानु यस क्षेत्रका महत्त्वपूर्ण अवसरकारूपमा रहेका छन् ।

योजनाको रणनीति र कार्यनीतिहरू प्रस्तुत गर्नुअघि यस क्षेत्रको सोच, लक्ष्य र उद्देश्यहरू प्रस्तुत गरिएका छन् । ती सबै नेपालको संविधान र नेपाल पक्षराष्ट्र भएको संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धिमा आधारित रहेका छन् भने प्रत्यक्ष र परोक्ष्यरूपमा तिनले बाल सहभागितामा जोड दिएको कुरा प्रस्ट छ ।

**सोच**

बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाज ।

**लक्ष्य**

बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने ।

**उद्देश्य**

(क) बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।

(ख) बालबालिका तथा किशोरकिशोरी मैत्री वातावरण सिर्जना गर्नु ।

(ग) बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

माथि उल्लेखित सोच, लक्ष्य र उद्देश्य हासिल गर्ने अभिप्रायले निम्न बमोजिमका रणनीति र कार्यनीतिहरू तय गरिएका छन् । यो महत्त्वपूर्ण छ कि रणनीतिले प्रष्टरूपमा बाल सहभागितालाई बाल अधिकारको प्राप्तिको आधार मान्दै बाल सहसहभागिताको लागि उपयुक्त वातावरणको सृजना गर्ने रणनीति तय गरेको छ । रणनीतिहरू यस प्रकार रहेका छन् ।

**रणनीति**

(क) बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने ।

(ख) बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच बढाउने ।

(ग) बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने ।

(घ) असहाय, अनाथ, अपाङ्गता भएका, असक्त तथा बेवारिसे बालबालिका तथा किशोरकिशोरीलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने ।

(ङ) विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने ।

(च) राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने ।

(छ) बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने ।

(ज) विद्यमान् बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरूत्साहित तथा निःसंस्थाकरण गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने गरी अन्य वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने ।

माथि उल्लिखित रणनीति प्राप्तिको लागि बिभिन्न कार्यनीतिहरू प्रस्ताब गरिएका छन् । त्यसमध्ये बाल सहभागितालाई प्रवर्द्धन गर्ने खालका कार्यनीतिहरू पनि छन् ।

**कार्यनीति**

(क) बालबालिका तथा किशोरकिशोरीको पोषण अवस्थामा सुधार गर्न पोषणसम्बन्धी कार्यक्रमको विस्तार गरिनेछ ।

(ख) बालबालिकाहरूमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाई बाल मृत्युदर घटाइनेछ ।

(ग) किशोरकिशोरीहरूलाई स्वास्थ्य तथा प्रजनन स्वास्थ्य शिक्षा तथा सेवा उपलब्ध गराइनेछ ।

(घ) विद्यालय तहको पाठ्यक्रममा बाल अधिकार, बालबालिकासम्बन्धी कानुन र यौन तथा प्रजनन् स्वास्थ्य विषयलाई समावेश गरिनेछ ।

(ङ) विद्यालयमा अध्यापन गर्ने शिक्षक शिक्षिकाहरूलाई बाल अधिकार, यौन तथा प्रजनन स्वास्थ्यका विषयमा आधारभूत तहको प्रशिक्षण दिईनेछ ।

(च) प्रारम्भिक बालविकास कार्यक्रमलाई विस्तार गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ ।

(छ) प्रत्येक विद्यालयमा बालबालिकाको शारीरिक र मानसिक विकासको लागि उमेर र कक्षा अनुसार खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरू वार्षिक क्यालेण्डर बनाई सञ्चालन गरिनेछ ।

(ज) बालबालिका तथा किशोरकिशोरीहरू विरूद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरूद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।

(झ) बालबालिका तथा किशोरकिशोरीहरू विरूद्धको अपराध नियन्त्रण गर्न कानुनी सुधार गरिनेछ ।

(ञ) बालबालिका विरूद्ध हुने शारीरिक तथा मानसिक सजाय विरूद्ध अभियान सञ्चालन गरी विद्यालयलाई बालमैत्री तथा शान्ति क्षेत्र घोषणा गरिनेछ ।

(ट) बालबालिकाको आपत्कालीन उद्धार र संरक्षणका लागि बालबालिका खोजतलास केन्द्र नम्बर १०४ र बाल हेल्पलाईन नं. १० ९८ को सेवा स्थानीय तहसम्म विस्तार गरी सो सेवाबारे विद्यालयदेखि सर्वसाधारणसम्म पुग्ने गरी प्रचार प्रसार गरिनेछ ।

(ठ) बालबालिका खोजतलास नं १०४ र बाल हेल्पलाईन नं. १०९८ को प्रभावकारिताका लागि सेवा सञ्चालनसम्बन्धी कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(ड) प्रदेश तथा स्थानीय तहमा आपत्कालीन बाल उद्धारकोषस्थापना र व्यवस्थापन गरिनेछ ।

(ढ) अनलाईन सुरक्षालाई प्रभावकारी बनाउँदै ईन्टरनेटको दुरूपयोगबाट पर्ने सबै प्रकारका नकारात्मक असरबाट बालबालिकालाई संरक्षण गर्न राज्यसंयन्त्र र सरोकारवालाहरूसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(ण) बाल विवाह, बाल श्रम, बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यव्हार, बालबालिका बेचबिखन तथा गैर कानुनी ओसारपसार लगायत बालबालिकासम्बन्धी कानुनी प्रावधानका विषयहरू र नैतिक शिक्षाको विषय विद्यालयको पाठ्यक्रममा समावेश गरिनेछ ।

(त) विद्यालयमा बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने शारीरिक दण्ड, कष्ट, दुर्व्यवहार वा लैङ्गिकतामा आधारित हिंसालाई पूर्ण निरूत्साहित गरी त्यस्ता कार्यलाई दण्डका आधारमा नियन्त्रण गरिनेछ ।

(थ) अनाथ एवम् विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि जन्मदर्ता र नागरिकता पाउने प्रक्रिया सरलीकरण गरिनेछ ।

(द) अनाथ, असहाय, बेवारिसे, अशक्त, अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोरकिशोरीहरूको संरक्षण र प्रवर्द्धन गर्न अस्थायी संरक्षण सेवाको व्यवस्थापन गरिनेछ ।

(ध) सडक बालबालिकाको उद्धार र पुनर्स्थापना, रोकथाम तथा नियन्त्रणमा प्रदेश तथा स्थानीयतहसमेतबाट अभियान सञ्चालन गरिनेछ ।

(न) बालगृह, बालसुधार गृह, निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाहरूको खानपान, स्वास्थ्य तथा सुरक्षाको विषयमा उपयुक्त मापदण्ड निर्माण गरी सोको आधारमा सञ्चालन गर्न निरन्तर अनुगमन गरी सुधार गरिनेछ ।

(प) अपाङ्गता भएका विशेषतः बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको उपचार सेवालाई प्राथमिकता दिंदै त्यस्तो सेवालाई सहज र प्रभावकारी बनाइनेछ ।

(फ) बालक्लब, बाल समूह, किशोरकिशोरी समूह जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिका तथा

किशोरकिशोरीहरूको सहभागिता बढाइनेछ ।

(ब) बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितालाई प्रवर्द्धन गरिनेछ ।

(भ) नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।

(म) सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

(य) जुनसुकै क्षेत्रमा कार्यरत श्रमिकहरूको अनुगमन गरी बालश्रमिकको उद्धार तथा पुनर्स्थापना गरिनेछ ।

(र) प्रदेश तथा स्थानीय तह समेतबाट सबै प्रकारका बालश्रमको अन्त्यका लागि कानुनी, नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।

(ल) बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा बाल अधिकार सूचकहरू पूरा गर्न आवश्यक स्रोत-साधनको व्यवस्थापन, बालमैत्री वडा तथा स्थानीय तह घोषणा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(व) सार्वजनिक स्थल तथा विद्यालयका भौतिक संरचना (भवन, शौचालय, सडक, फर्निचर, कुर्सी, टेबुल) र अन्य संरचनालाई समेत बालमैत्री बनाइनेछ ।

(श) बाल अधिकार, बालमैत्री शासन र बाल संवेदनशीलता अभिवृद्धिसम्बन्धी विषय शिक्षक तथा सबै सरकारी निकायको तालिम पाठ्यक्रममा समावेश गरी अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ ।

(ष) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्ने प्रणाली स्थापना गरिनेछ ।

(ह) सन्तान नभएका दम्पति, एकल महिला तथा पुरुषले धर्मपुत्र धर्मपुत्री लिन चाहेमा स्थानीय बाल अधिकार समिति मार्फत दीर्घकालीन संरक्षणका लागि नियमानुसार धर्मपुत्र धर्मपुत्री सिफारिस तथा लिने दिने व्यवस्था र प्रक्रियालाई प्राथमिकतामा राखी अदालतबाट हुने लिखत प्रमाणीकरण प्रक्रिया समेतलाई सहज तथा प्रभावकारी बनाइनेछ ।

माथि (क) देखि (श) सम्म उल्लेखित कार्यनीतिहरू मध्ये बूँदा (प), (फ) र (ब) प्रत्यक्ष रूपमा बाल सहभागितासँग सम्बन्धित छन् । नीति निर्माण तहमा वाल सहभागिताको प्रावधान आफैँमा महत्त्वपूर्ण छ । यसले भविष्यमा बालसहभागितलाई गुणात्मक रूपमा प्रबर्धन गर्न मद्दत पुर्‍याउँछ । त्यस्तै बालक्लब, बालसमूह, किशोर किशोरी समूह जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिका तथा किशोर किशोरीहरूको सहभागिता बढाउने कार्यनीतिको आधारमा आगामी दिनमा बालबालिकाहरूले बालविवाह, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, माहिला तथा बालबालिका उपर हुने हिंसाको नियन्त्रण जस्ता पक्षहरूमा सक्रिय रूपमा सहभागी भैरहने स्थितिको सृजना हुने अपेक्षा गर्न सकिन्छ ।

## ४. १५ औं योजनाको लक्ष्य प्राप्तिमा रहेको चुनौतीहरू

१५ औं योजना र समग्र बाल अधिकार प्राप्तिमा रहेका प्रमुख चुनौतीहरू यस प्रकार रहेका छन् ।

### (क) परम्परागत सोच र मनोवृत्तिको निरन्तरता

आमरूपमा विगतका आवधिक योजनाहरूले आशातित सफलता प्राप्त गर्न नसकेको परिप्रेक्षमा १५ औं योजनालाई पनि त्यही रूपमा लिने मनोवृति देखिन्छ । कार्यान्वयनमा पूर्णरूपमा नआउँदै भविष्यको आँकलन गर्ने तर काममा भन्दा कुरामा बढी केन्द्रित गर्ने प्रवृति चुनौतीको रूपमा रहेको छ ।

### (ख) बालबालिकाका विषयले पर्याप्त प्राथमिकता नपाउनु

संघियता आउनु अघि केन्द्रमा महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको विषयहरू हेर्ने गरी मन्त्रालय र प्रत्येक जिल्लामा महिला तथा बालबालिका कार्यालय रहेका थिए । तर संघियता कार्यान्वयनमा आएपछि केन्द्रमा मन्त्रालय रहेता पनि जिल्ला स्तरीय कार्यालयहरू खारेज भएका छन् । जिल्ला र स्थानीय स्तरमा आफ्नो कार्यालय नभएकाले मन्त्रालयलाई आफ्नो कार्यक्रमहरू कार्यान्वयनमा लिएर जान केही असहजता भएको छ भने स्थानीय तहमार्फत नै कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने वाध्यात्मक अवस्था छ । साथै, स्थानीय तहको प्राथमिकता उक्त मन्त्रालयका कार्यक्षेत्रका विषयमा भन्दा पनि भौतिक पूर्वाधार विकासतर्फ भएकाले पनि महिला र बालबालिकाका विषयहरूले प्राथमिकता नपाएको गुनासो छ । यस्तो अवस्थामा बाल सहभागिताको विषय ओझेल पर्न सक्ने हुन्छ । यसबाट माथि उल्लेखित क्षेत्रहरूमा नेपालले प्राप्त गरेका उपलब्धिहरूलाई जोगाईराख्ने कुरामा पनि थप चुनौती सृजना भएको छ । यसबाट १५ औं योजनाको लक्ष्य प्राप्तिमा समेत चुनौती थपिन सक्छ ।

### (ग) वार्षिक बजेटसँगको आवद्धता

विगतमा आवधिक योजना एकातिर र वार्षिक बजेट अर्कोतिर रहने आम समस्या विद्यमान रहेको थियो । वार्षिक योजना तर्जुमाका बखत योजना दस्तावेज हेर्दै नहेर्ने, आवधिक योजनामा उल्लेख गरिएका लक्ष्यहरूलाई आवधिक योजनामा टुक्र्याई सोही अनुसार बजेट र कार्यक्रम प्रस्ताव नगर्ने अभ्यासले आवधिक योजनाका लक्ष्यहरू प्राप्त हुन सकेनन् । यो समस्यालाई गंभीर रूपमा सम्वोधन गरी १५ औं योजनाको कार्यान्वयनमा लाग्नु आवश्यक छ । यसको लागि स्थानीय सरकारले पनि १५ औं योजनाको स्वामित्व ग्रहण गर्नु आवश्यक छ । यसको साथै योजनामा उल्लिखित बाल अधिकार प्रवर्द्धन सम्वन्धित उद्देश्य, रणनीति, कार्यनीतिको कार्यान्वयन हुने गरी संघीय, प्रादेशिक तथा स्थानीय सरकारले आवधिक तथा मध्यमकालीन योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र ती कार्यक्रम कार्यान्वयन हुने गरी वार्षिक कार्यक्रमहरू तर्जुमा सुनिश्चित गर्नुपर्ने चुनौती रहेको छ ।

### (घ) योजनाको स्वामित्व

आवधिक योजनाको तर्जुमा राष्ट्रिय योजना आयोगले गर्छ । यसको मतलब यो योजना आयोगको मात्र दस्तावेज हैन । योजना तर्जुमा प्रक्रियामा सबै सम्बद्ध मन्त्रालय र निकायहरूको समेत संलग्नता रहने सन्दर्भमा यो सबैको साझा दस्तावेज हो । तथापि आवधिक योजनाको स्वामित्व लिंदै सोही योजनाको आधारमा वार्षिक योजना तथा कार्यक्रमको तर्जुमा गर्नुपर्ने कुरामा सबै पक्षहरूको गम्भीर चासो, चिन्ता र सक्रियताको आवश्यकता पर्दछ । यसको साथै प्रदेश र स्थानीय तहले पनि १५ औं योजनाको आधारमा आवधिक योजना तर्जुमा गर्नुपर्ने र स्वामित्व लिनुपर्ने हुन्छ । यो कार्यलाई शिघ्रातिशिघ्र अगाडि बढाउनुपर्ने चुनौती रहेको छ ।

### (ङ) दिगो विकास लक्ष्यसँगको अन्तर आवद्धता

१५ औं योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यसँग आबद्ध गरी देशको आवश्यकता र यथार्थतालाई आधार मानिएको छ । १५ औं योजनाको कार्यान्वयन गर्नु भनेको दिगो विकास लक्ष्यको कार्यान्वयन पनि हो । हालसम्मको अनुभवमा दिगो विकासको लक्ष्य र हाम्रा आयोजना र कार्यक्रमहरूबीच स्पष्ट तादाम्यता ल्याउन थप मिहेनत गर्नुपर्ने आवश्यकता छ । आवधिक कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यलाई समेत आधार मानी तर्जुमा गर्नुपर्ने आवश्यकता छ । बालबालिकासँग सम्बन्धित दिगो विकासका लक्ष्यहरूलाई पनि स्थानीय तहले आफ्नै आवधिक योजना र वार्षिक कार्यक्रमसँग आवद्ध गर्दै जानुपर्ने आवश्यकता छ ।

### (च) आयोजना ब्यवस्थापन

आवधिक योजनामा उल्लेख गरिएका लक्ष्यहरूको प्राप्तिको लागि चुस्त, दुरुस्त र सक्षम आयोजना ब्यवस्थापनको आवश्यक पर्छ । अधिकांश आयोजनाहरू समयमै सम्पन्न हुन नसक्नुको मुख्य कारणहरू मध्ये आयोजना प्रमुखहरू बारम्बार परिवर्तन भैरहनु र आयोजनामा काम गर्ने कर्मचारीहरूको क्षमताको अभाव जस्ता पक्षहरूलाई औंल्याईएको छ । राष्ट्रिय गौरवका आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनुको मुख्य कारणमा आयोजना कार्यान्वयन गर्दा देखिएका समस्याहरू समाधानार्थ आयोजना व्यबस्थापनको सक्षमताको अभाव नै हो । बालबालिकासँग सम्बन्धित कार्यक्रमहरू र योजनाहरूको ब्यवस्थापन स्थानीय तहबाट चुस्त रूपमा हुनुपर्ने देखिन्छ । तर हालै मात्र अस्तित्वमा आएका स्थानीय सरकारहरू आफैँमा स्थायित्वको समस्याबाट गुज्रिरहेको सन्दर्भमा १५औं योजनाको कार्यान्वयन चुनौतीपूर्ण हुन सक्छ ।

### (छ) सुखको मापन

१५ औं योजनामा समृद्धि र सुखका २ वटा पाटाहरू छन् । समृद्धि मापन गर्न सापेक्षिक रूपमा सहज छ । तर सुखको मापन गर्ने काम चुनौतीपूर्ण हुन सक्छ । आयोजना दस्तावेजले सुखका सूचकहरू पनि प्रस्ट रूपमा उल्लेख गरेको छ । तथापि सुख भन्ने कुरा भौतिकभन्दा पनि आत्मिक र मनोभावसँग जोडिने भएकाले नागरिकहरूलाई दिईने सेवा सुविधाको गुणस्तरीयता, समयवद्धता, भरपर्दोपना र भ्रष्टाचारप्रतिको शुन्य शहनशीलताले १५ औं योजनाको सफल कार्यान्वयनलाई आधार प्रदान गर्ने हुनाले नागरिकहरूलाई त्यस्तो सेवाको सुनिश्चितता चुनौतीको रूपमा रहन सक्छ । यसको साथै बाल अधिकारको विषय मूलतः सुखको पाटोसँग बढी जोडिएको हुनाले बाल अधिकार कुन हदसम्म प्राप्त हुन सक्यो र १५ औं योजनाको कति योगदान हुन सक्यो भन्ने कुरा यकिन गर्ने काम कठिन हुनसक्छ भने यो थप विवेचनाको विषय हुन सक्छ ।

**(ज) बाल सहभागिता घरबाट सुरू हुन्छ**

बाल सहभागिता सुनिश्चित गर्ने कुरा केवल सरकारको मात्र जिम्मेवारी हैन । सरकारले कानून, नीति तथा योजनाहरू तर्जुमा गर्छ । तर तिनको कार्यान्वयन सफलतापूर्वक त्यसबेलामात्र संभव हुन्छ जुनबेला नागरिक, समुदाय र परिवारको महत्त्वपूर्ण योगदान रहन्छ । हामी संघियतामा पदार्पण गरेपछि अझैपनि स्थायित्वको प्राप्तिको लागि प्रयासरत छौं । यस्तो समयमा सामाजिक मुद्दा ओझेल पर्ने प्रशस्त सम्भावना रहन्छ । साथै बाल अधिकार र विशेषतः बाल सहभागिताको मुद्दाले प्रशस्त ठाउँ पाउनुपर्ने आवश्यकता हुँदाहुँदै पनि अन्य विषयहरूले प्राथमिकता पाउने सम्भावना रहन्छ ।

**(झ) बालबालिकासँग सम्बन्धित सङ्गठनहरूको सक्रियता**

बाल सहभागिताको अभ्यास नेपालमा मूलतः बालक्लब, बालसमूह, बालसञ्जाल आदिमार्फत भैरहेको स्थिति छ । तर बालबालिकाको सहभागिताको गुणात्मकता र ती क्लब, समूह र सञ्जालहरूको सक्रियतामा प्रशस्त प्रश्न उठ्ने गरेका छन् । बदलिँदो शासकीय स्वरूपको परिप्रेक्षमा बालक्लब र तिनको उपयोगको सवालमा थप कार्य गर्नुपर्ने चुनौती रहेको छ ।

**८. अगाडिको बाटो**

(क) १५ औं योजनाको आधारमा प्रत्येक स्थानीय तहले स्थानीय तहको आवधिक योजनाहरू तर्जुमा गर्नुपर्ने हुन्छ । यस्तो योजनामा सामाजिक मुद्दा विशेषतः महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको मुद्दालाई पर्याप्त स्थान दिई विकासमा मूल प्रवाहीकरण गरिनु आवश्यक छ ।

(ख) १५ औं योजनाको सफल कार्यान्वयनमा बाल अधिकारको प्रवर्द्धनले महत्त्वपूर्ण योगदान दिन्छ । मूलतः सुखको पाटोमा यसको योगदान रहन्छ । एउटा स्वस्थ्य र खुसी बालक पूरा परिवार र समुदायको खुसीको कडी बन्न सक्छ । Charity Begins at Home भने जस्तै बाल सहभागिता परिवारबाट सुरू हुनुपर्छ । यसको लागि ब्यापक चेतनामूलक कार्यक्रमहरू स्थानीय तहबाट कार्यान्वयनमा ल्याईनु आवश्यक छ । साथै परिवारले आफ्ना बालबालिकासँग सम्बन्धित विषयमा कुरा वा काम गर्दा बालबालिकाको सहभागितालाई सुनिश्चित गर्नुपर्छ । जस्तो हालै लाखौं विद्यार्थीहरू उच्च माध्यमिक शिक्षाको लागि भर्ना हुने तर्खर गरिरहेको स्थिति छ । ती विद्यार्थीहरूलाई अभिभावकको चाहनाभन्दा पनि उनीहरू स्वयंको ईच्छा बमोजिमको विषय लिएर पढ्न पाउने वातावरणको सृजना गर्नुपर्छ । त्यस्तै कुनै अभिभावकले कोठा र घरमा रङ्ग लगाउने योजना बनाउनु भएको छ भने लगाईने रङ्गको बारेमा आफ्ना छोराछोरीहरूलाई धारणा बनाउन अनुरोध गर्ने र उनीहरूले भने बमोजिमको रङ्ग लगाउन सक्नुहुन्छ ।

(ग) भनिन्छ बालबालिकाको प्रथम विद्यालय उनीहरूका आमा हुन् । शिक्षित आमा आँफैमा अधिकारको हिसाबले शसक्त हुने हुनाले उनीहरूबाट बाल अधिकारको सुनिश्चितता गर्न सहज हुन्छ । तसर्थ १५ औं योजनाको सफल कार्यान्वन गरी बाल अधिकारको प्रवर्द्धन गर्न महिला शसक्तीकरणका योजना तथा कार्यक्रमलाई सँगै अगाडि लिएर जानुपर्ने हुन्छ । यस्तो प्रयासको स्थानीय स्तरमा अझ बढि महत्त्व रहन्छ ।

(घ) बालबालिका प्रतिको हेराई र दृष्टिकोण पनि यस सम्वन्धमा महत्त्वपूर्ण हुन्छ । हाम्रो समाजमा अझैपनि बालबालिकालाई सम्मानित नागरिकको रूपमा व्यवहार गरिंदैन । बालबालिकामाथि अभिभावकको अधिकार (Parental Rights) रहन्छ भन्ने मान्यता अझै पनि हाम्रो समाजमा विद्यमान छ । तर हामीले नेपाल बाल अधिकारसम्बन्धी महासन्धिको पक्षराष्ट्र भएकाले बाल अधिकारको प्रवर्द्धन गर्ने दायित्व अभिभावकको हुन्छ (Parental Resposnibilities over Parental Rights) भन्ने मान्यताका साथ काम गर्नुपर्ने हुन्छ । यो कुरा जनताको चेतना र शिक्षासँग पनि जोडिएको हुनाले पैरवी र जनचेतनाका काम गर्दा यी पक्षहरूमाथि पर्याप्त ध्यान पुर्‍यानुपर्ने आवश्यकता रहन्छ ।

(ङ) अझैपनि बाल सहभागिताको स्पष्ट मापदण्ड बन्न सकिरहेको छैन । परिवार, विद्यालय र समुदायमा बाल सहभागिताको सहजताको लागि बाल सहभागिता सम्वन्धी कार्यविधि बनाईनु आवश्यक छ । यसको पहल महिला, बालाबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट हुनु आवश्यक छ । सोही मापदण्डको आधारमा स्थानीय तहले आ-आफ्नो मापदण्ड तर्जुमा गर्न सक्छन् ।

(च) अपाङ्गता भएका बालबालिकाहरूको स्वास्थ्य स्थितिको कारण पनि उनीहरूको सहभागिता चुनौतीपूर्ण हुने सन्दर्भमा उनीहरूको सहभागितालाई परिभाषित गरिनु आवश्यक छ । साथै उनीहरूको सहभागिताको लागि उपयुक्त वातावरणको सृजना गर्ने काममा सबै सम्बद्ध पक्षको योगदान र सक्रियता अपेक्षित हुन्छ ।

(छ) माटो र बाटो सबैजस्तो स्थानीय तहको प्राथमिकतामा परेको देखिन्छ । स्थानीय तहमा रहेको लामो शून्यता पश्चात् चुनिएर आएका स्थानीय सरकारहरूले भौतिक पूर्वाधारतर्फ बढी लगानी गरी मतदाताको मन जित्ने कोशिस गरिरहेका छन् । तर स्थानीय सरकारले के अनुभूति गर्नु आवश्यक छ भने बालबालिका र तिनको शिक्षा, स्वास्थ्य र पोषण आदिमा गरिएको लगानीले मात्र विकासलाई पूर्ण बनाउँछ र भविष्यको लागि मानव पूँजी निर्माण गर्न सघाउ पुऱ्याउँछ ।

## ९. अन्त्यमा

बालबालिका प्रकृतिका अनुपम उपहार हुन् । उनीहरूको संरक्षण, विकास र सहभागितामार्फत तिनको अधिकारको प्रवर्द्धन गर्न सकिन्छ । सुखी र स्वस्थ बालबालिका राज्यका पूँजी हुन् र उनीहरूबाटै समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्य सम्भव हुनसक्छ । यसको लागि बालबालिकामा लगानी आवश्यक छ भने संघीय सरकारले तर्जुमा गरी कार्यान्वयनमा ल्याएको १५ औं योजनाको मर्म विपरित नहुने गरी प्रादेशिक र स्थानीय सरकारले आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ । त्यस्तो योजनामा महिला तथा बालबालिकाका कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिनु आवश्यक छ । यसको लागि स्थानीय तहले माटो र बाटो को अवधारणाका साथसाथै बाल अधिकार, महिला अधिकार र पोषणलाई प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरूमा जोड दिनु आवश्यक छ । यसको साथै बाल अधिकारको सुनिश्चितता बाल सहभागिता मार्फत हुन सक्ने सन्दर्भमा बाल सहभागितालाई नीतिगत र कार्यक्रमगत रूपमा व्यवस्थित र गुणात्मक बनाउनुपर्ने आवश्यकता छ ।

## सन्दर्भग्रन्थ


- NPC(2017). Sustainable Development Goals, Status and Road Map:2016-2030). Kathmandu: National Planning Commission.
- The United Nations Convention on the Rights of the Child. Extracted from https://downloads.unicef.org.uk/wp-content/uploads/2016/08/unicef-convention-rights-child-uncrc.pdf<_ga=2.181985570.466096479.1592935262-1425549780.1592935262 on 23 June 2020
- नेपालको संविधान, (२०७२)
- रा. यो. आ. (२०७७० पन्धौं योजना) आ.व. २०७६ र ७७ (२०८० र ८१०, काठमाडौं राष्ट्रिय योजना आयोग ।


(लेखक राष्ट्रिय योजना आयोगका सह-सचिव हुनुहुन्छ ।)

# बाल सहभागिता प्रवर्द्धनमा राष्ट्रिय बाल अधिकार परिषद्को भूमिकाः एक समीक्षा



कृष्ण प्र. भुसाल

## १. पृष्ठभूमि

बालबालिकासम्बन्धी ऐन, २०४८ अनुसार गठित तत्कालीन केन्द्रीय बाल कल्याण समितिलाई रूपान्तरण गरी बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्दै बाल अधिकारको सुनिश्चितताको दिशातर्फ अझ बढी प्रभावकारीरूपमा क्रियाशील रहन बालबालिकासम्बन्धी ऐन, २०७५ अन्तर्गत स्थापित राष्ट्रिय बाल अधिकार परिषद् एक विशिष्टीकृत संस्था हो । परिषद्को नामले नै बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण र परिपूर्ति/पालना यसको प्रमुख कार्यक्षेत्र रहेको सङ्केत गर्दछ । विशेषगरी, बालबालिका केन्द्रित नीति निर्माण, विकास निर्माण, योजना, कार्यक्रम, आयोजनामा बालबालिकाको शारीरिक र बौद्धिक क्षमता अनुसारको अर्थपूर्ण सहभागिताले बाल अधिकार सुनिश्चितताको सिलसिलामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

बालबालिकासँग सम्बन्धित समस्या र सवाल आँफैमा फरक विषय हुन् । यदि समस्या नितान्त व्यक्तिगत हुन्छ र तत्काल समाधान पनि गर्न सकिन्छ । तर बालबालिकाको सवालको प्रकृति सामाजिक तथा सामुहिक हुन्छ र सोको समाधान गर्न केही लामो समय लाग्न सक्छ । समाजको संरचना, शक्तिको अभ्यास, सामाजिक मूल्य-मान्यता, परम्परा, आदिले बालबालिकाको सवाल सम्बोधनमा प्रत्यक्षरूपमा प्रभाव पारेको हुन्छ । तसर्थ, त्यस्ता सवालहरूको समाधानका लागि सामाजिक एवम् अन्य बहुआयामिक निर्धारक तत्वहरू पहिचान गर्नुपर्ने हुन्छ । कहिलेकाँही समस्याको तत्काल समाधान गर्न सकिएन भने त्यो व्यक्तिगत तहबाट सामाजिक तहमा पुग्न सक्दछ र सवालको रूप धारण गर्दछ । तसर्थ, हामीले बालबालिकासँग सम्बन्धित समस्या तथा सवालहरू दुवैको पहिचान गरी समाधानको उचित उपाय खोज्नु पर्दछ ।

यस पृष्ठभूमिमा यो लेखले बालबालिकाको समग्र विकासमा सहभागिताको अधिकारसँग सम्बन्धित सवालहरूको पहिचान गरी सोको दीर्घकालीन समाधानको लागि राष्ट्रिय बाल अधिकार परिषद्को भूमिका बारेमा चर्चा गर्ने प्रयास गर्दछ । यो लेखले नेपाल सरकारको आधाकारिक दस्तावेजहरूको साहित्यिक समीक्षा गरी निम्नानुसार प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छ :

- नेपालमा बाल अधिकारको विकासक्रम कस्तो छ ?
- बालबालिकाको विषयलाई सामाजिक विकास प्रक्रियामा किन प्राथमिकता दिनु पर्दछ ?
- विगतका प्रयासहरू कस्ता थिए ?
- बाल सहभागितासँग सम्बन्धित सवालहरूको सम्बोधनमा परिषद्को भूमिका के हुन सक्दछ ?

## २. नेपालमा बाल अधिकारको विकासक्रम

पूर्वीय सभ्यता अनुसार परापूर्वकालदेखि नै बालबालिकालाई धार्मिक तथा साँस्कृतिकरूपमा प्राथमिकता दिइँदै आएको विदितै छ । बालबालिकाको मुखमा डाक बसेको हुन्छ, बालबालिका भगवान सरह हुन्छन्, बालबालिका ईश्वरका अवतार हुन् भन्ने जस्ता लोकोक्ति र लोक भनाईहरूले बालबालिकाप्रति समाजले दर्शाएको भाव प्रष्ट हुन्छ । तथापि, बालबालिकाको पनि छुट्टै मानव अधिकार हुन्छ जुन अधिकारको हरेक बालबालिकाले निर्वाध भोगचलन गर्न पाउनु पर्छ र त्यो कसैको दया र कृपा हैन अधिकारको कुरा हो भन्ने अवधारणाको विकास निकै पछि मात्र भएको हो । विशेषगरी नेपालले संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९ लाई वि. स. २०४७ साल भाद्र २९ गते अनुमोदन गरिसकेपछि बालबालिकाको विषयले कानून, नीति, योजना र कार्यान्वयनमा प्राथमिकता पाउँदै आयो । प्रत्येक बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति गर्नु राज्यको दायित्व हुने लगायत बालबालिकाको बाँच्न पाउने, संरक्षित हुन पाउने, विकास गर्न पाउने र बालबालिकाको निमित्त गरिने हरेक विकासमा बालबालिकालाई पनि सहभागी हुन पाउने अधिकार उक्त महासन्धिमा व्यवस्था भएको छ । बालबालिकाको जीवनमा प्रभाव पार्ने क्षेत्रमा कुनै पनि निर्णय लिंदा उनीहरूको सहभागिता सुनिश्चित गर्नुपर्ने भन्ने जस्ता सवालहरू नेपालमा बाल अधिकारको विकास क्रममलाई सुक्ष्म विश्लेषण गर्दा बाल अधिकारसम्बन्धी महासन्धि अनुमोदन गर्नुभन्दा अगाडिका प्रयास र अनुमोदन गरिसकेपछि राज्यका तर्फबाट भएका संवैधानिक, कानूनी, नीतिगत, संरचनागत, कार्यक्रममगत प्रयासहरूको विश्लेषण गर्नु औचित्यपूर्ण हुन्छ ।

### (क) संयुक्त राष्ट्र सघंको बाल अधिकारसम्बन्धी महासन्धि (१९८९) अगाडि

नेपाली समाजमा बालबालिकालाई महत्त्वपूर्ण हिस्साको रूपमा स्वीकारेको तथ्य नेपालको पहिलो मुलुकी ऐन, वि. स. १९१० मा र मुलुकी ऐन २०१९ मा बालबालिकाको हित र संरक्षणका विषयहरू समावेश गरिनुले प्रष्ट पार्दछ । यसका साथै सरकारी तवरबाट समेत

बालबालिकाको विषयलाई सम्बोधन गर्ने सकारात्मक प्रयासहरू भएका थिए । विशेषगरी योजनावद्ध विकासको थालनीसँगै सामान्यतः शिक्षा र स्वास्थ्यसम्बन्धी कार्यक्रमले बालबालिकाको शिक्षा र स्वास्थ्यको विषयलाई सम्बोधन गरिनुले यो तथ्यलाई थप प्रमाणित गरेको देखिन्छ । यसैगरी बाबुआमा विहीन, अनाथ बालबालिकाको स्याहार तथा सुसारको लागि वि. स. २००८ सालदेखि परोपकार अनाथालय सञ्चालनमा ल्याइनु तथा वि. स. २०२१ सालदेखि नेपाल बाल सङ्गठन सञ्चालनमा ल्याइनुले बालबालिकाको संरक्षणका लागि कल्याणकारी सोचका साथ सामाजिक सेवाका भावले प्रेरित भएर सकारात्मक प्रयासहरू भएको देखिन्छ । बालबालिकाको जन्मदर्ताको अधिकारलाई सुनिश्चित गर्दै वि. स. २०३३ सालमा जन्मदर्तासम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनमा ल्याइनु तथा सातौ योजनादेखि बालबालिकासम्बन्धी नीतिले छुट्टै स्थान पाउनुले नेपाल बालबालिकाको अधिकार प्रति त्यतिबेलादेखि नै संवेदनशील थियो भन्ने ठोस आधार पेश गरेको छ ।

### (ख) संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि (१९८९) पछाडि

नेपालले सयुक्त ंराष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि (१९८९) लाई २०४७ साल भदौ २९ गते (सेप्टेम्बर २०, १९९०) अनुमोदन गरे लगतै बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक मानसिक र बौद्धिक विकास गर्ने समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले वि. सं. २०४८ सालमा बालबालिकासम्बन्धी ऐन पारित भै कार्यान्वयनमा आएको थियो । उक्त ऐनको दफा ३२ को कल्याणकारी व्यवस्था अन्तर्गत बालबालिकाको समग्र विषयहरूको तत्काल सम्बोधनका लागि केन्द्रमा केन्द्रीय बाल कल्याण समिति र हरेक जिल्लामा जिल्ला बाल कल्याण समितिको गठनसम्बन्धी व्यवस्था तथा दफा ३३ मा बाल कल्याण अधिकारीको नियुक्तीसम्बन्धी व्यवस्था उल्लेख भएको थियो ।

नेपाल बाल अधिकारप्रति अझ बढी संवेदनशील हुँदै २०४८ सालमा आठौं योजनामा बालबालिकासम्बन्धी नीतिमा जोड दिइएको थियो । साथै, २०४८ सालमा नै बालबालिकासम्बन्धी १० वर्षे कार्ययोजना तथा पोषणसम्बन्धी १० वर्षे कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको थियो । विशेषतः बाल अधिकारसम्बन्धी महासन्धि अनुमोदन गरेपश्चात् बाल अधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख हुँदै संवैधानिक, कानूनी, नीतिगत, संस्थागत, संरचनागत, कार्यक्रममगत सकारात्मक प्रयास, स्रोत व्यवस्थापन, समन्वय र सहकार्य जस्ता क्षेत्रमा सरकारी, गैरसरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र, सञ्चार माध्यम सबैको संयुक्त प्रयास स्वरूप बालबालिकाको समग्र स्थितिमा सुधार ल्याउन सकिएको छ ।

संस्थागत व्यवस्थाको क्रममा मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समिति लगायत बालबालिका खोज तलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) र बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) लगायतका व्यवस्था भएका छन् । बालबालिकासम्बन्धी ऐन, २०४८ अनुसार गठित तत्कालीन केन्द्रीय बाल कल्याण समितिलाई रूपान्तरण गरी बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धन गर्दै बाल अधिकारको सुनिश्चितताको दिशातर्फ अझ बढी प्रभावकारी रूपमा क्रियाशील रहन बालबालिकासम्बन्धी ऐन, २०७५ अन्तर्गत राष्ट्रिय बाल अधिकार परिषद् स्थापना भई क्रिमयाशील रहेको छ ।

## ३. सामाजिक विकासको प्रक्रिमयामा बालबालिकालाई किन प्राथमिकता ?

कुनै पनि समाजको समग्र विकासको लागि सक्षम जनशक्तिको आवश्यकता पर्दछ । सक्षम जनशक्ति भन्नाले ज्ञानमा निपूर्ण, सिपमा दक्ष र प्रवृत्तिका हिसाबले सामाजिक विकासको लागि प्रतिबद्ध व्यक्तिहरू बुझिन्छ । 'आजको भोलि' नै समाजको लागि सक्षम जनशक्ति तयार गर्न सकिँदैन । यसको लागि लामो समय लाग्न सक्दछ । आजका बालबालिका भोलि समाज विकासका लागि प्रत्यूत्पादक शक्तिमा रूपान्तरण भए भने त्यतिबेला राज्यले ठूलो आर्थिक, सामाजिक तथा मानवीय घाटा व्यहोर्नु पर्दछ । तसर्थ, आजका बालबालिकालाई समाजमा सक्षम जनशक्तिका रूपमा विकास गर्नका लागि उनीहरूमा समय, स्रोत तथा सोचको पर्याप्त लगानी गर्नु आवश्यक हुन्छ । बालबालिका आज रहँदै हुर्कदै आएको वातावरण, सामाजिकीकरण प्रक्रिमयाले राज्यप्रतिको धारणा निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भने बाल्यकालको अनुभवले वयस्क अवस्थाको व्यक्तित्व निर्माण गरेको हुन्छ । बाल्यकालमा नै बालबालिकाले सहभागिताको अधिकारमार्फत लोकतान्त्रिक मूल्यमान्यता, पारदर्शिता, नेतृत्व तथा व्यक्तित्व विकासको अवसरहरू पाएमा सुशासन बलियो हुनेमा कुनै सन्देह छैन । तसर्थ, बालबालिकाको विषयलाई सामाजिक विकासको हरेक प्रक्रियामा उत्तिकै प्राथमिकताका साथ समावेश गर्नु पर्ने यथार्थलाई संवैधानिक, कानूनी, नीतिगत, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक दृष्टिकोणले समेत औचित्यपूर्णदेखिन्छ ।

## ४. बालबालिकाको सहभागितासँग सम्बन्धित प्रमुख सवालहरू तथा परिषद्को अपेक्षित भूमिका

विगतमा कानून प्रदत्त कार्यादेश एवम् नेपाल सरकारको नीति तथा निर्देशनको अधिनमा रही बाल अधिकारको संरक्षण, प्रवर्धन तथा पालनाका लागि साविकको केन्द्रीय बाल कल्याण समितिले आफ्नो भूमिका निर्वाह गरेको थियो । नीति, कार्ययोजना,

निर्देशिका तथा मापदण्डको सन्दर्भमा, बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६०, बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) तर्जुमा, आपतकालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७ तर्जुमा, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ तर्जुमा, आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी न्यूनतम मापदण्ड, २०६९ तर्जुमा तथा कार्यान्वयन, सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ तर्जुमा तथा कार्यान्वयन, बालमैत्री सञ्चार निर्देशिका, २०७३ तर्जुमा तथा कार्यान्वयन, बाल अधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमासम्बन्धी सन्दर्भ सामग्री तयारी र कार्यान्वयन गर्ने जस्ता कार्यहरू भएका थिए । बाल सहभागितालाई प्रवर्द्धन गर्ने सिलसिलामा बालक्लव सञ्चालन लगायत बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रमहरूमा बालबालिकाको सहभागितालाई प्रोत्साहन दिई बालबालिकाको भावना र विचारको कदर गर्ने कार्य उत्साहवर्द्धक रूपमा हुँदै आएको थियो ।

उक्त भूमिका लगायत कानून प्रदत्त कार्यादेश अनुसार हाल राष्ट्रिय बाल अधिकार परिषद्ले आफ्नो भूमिका निर्वाह गर्दैछ । संघीयताको मूल मर्म बमोजिम हुने गरी राष्ट्रिय बाल अधिकार परिषद्ले विगतमा भएगरेका बाल सहभागिताका प्रयासहरूलाई निरन्तरता दिँदै बाल सहभागिताको विषयलाई अर्थपूर्ण रूपमा अगाडि बढाउनु पर्ने आवश्यकतादेखिएको छ ।

यहाँ बाल सहभागिताको विषयमा केही स्पष्ट पार्नु सान्दर्भिकदेखिन्छ । बाल सहभागिता भन्नाले बालबालिकाले आफूसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा सूचना प्राप्त गर्ने, आफ्नो विचार, भावना र अनुभव अभिब्यक्त गर्ने, उपयुक्त हुने सूचनाहरू साथी तथा अन्य बालबालिकालाई प्रसारण गर्ने, सँगठित हुने, बालबालिकाका अधिकारका लागि कार्य गर्ने र बालबालिकाको विचार, सूचना, भावना, सङ्गठन र उनीहरूका सङ्गठन कार्यहरूलाई उपर्युक्त मान्यता दिने प्रकृयालाई नै बाल सहभागिता भनिन्छ । साथै बालबालिकासँग सम्बन्धित विभिन्न विषयहरूमा लगायत योजना तर्जुमा, कार्यान्वयन र अनुगमन जस्ता कार्यहरूमा बालबालिकाको संलग्नता बाल सहभागिता हो ।

सहभागिताले बालबालिकालाई बाल्यकालमा आधारभूत सिपहरू सिक्न, आफूमा अन्तर्निहित क्षमताको पहिचान गर्न, जीवन उपयोगी सिप सिक्न, सहभागिताको संस्कृति प्रवर्द्धन गर्न एवम् बालबालिकाको आत्मविश्वास बढाउन, प्रजातान्त्रिक पद्धतिमा अभ्यस्त गराउन र अन्तरपुस्ता दूरी कम गराउन सहयोग गर्दछ । बालबालिकाको बढ्दो उमेर र परिपक्वता अनुसार उनीहरूको सहभागिताको प्रक्रिया र स्वरूप फरक-फरक हुन सक्दछन् । यसर्थ बाल सहभागितालाई केबल एक क्रिमयाकलाप वा एकपटक गरिने कार्य विशेषभन्दा पनि निरन्तर रूपमा गरिनुपर्ने एक विधि, प्रक्रिमया र संस्कारको रूपमा लिनुपर्दछ ।

बाल सहभागिताको आवश्यकता तथा महत्त्वको सन्दर्भमा केही प्रकाश पारौं । बाल सहभागिता बालबालिकाको मौलिक अधिकार हो । बालबालिकाका सवालमा उनीहरूको अनुभव र विचारहरू नै प्राथमिक सूचनाहरू हुन् त्यसैले यस विषयमा उनीहरूको विचार र अनुभवलाई समेटिनु पर्दछ । बालबालिकाको विषयमा कसले के काम गर्दछ र किन गरिँदैछ भनेर थाहा पाउनु सबै बालबालिकाको पनि अधिकार हो । बालबालिकाका लुकेर रहेका समस्याहरू तथा असल अभ्यासहरू उनीहरूले नै उजगार गर्न सक्छन् । सहभागितात्मक अभ्यासले बालबालिकालाई सानै उमेरदेखि फरक विचार, आस्था र मतकोसम्मान गर्ने, विविधता बीचमा रहेर कार्य गर्ने तथा शान्तिपूर्ण र लोकतान्त्रिक विधिद्वारा विवादहरूको समाधान गर्न सिकाउँछ । त्यसैले बाल सहभागिताले शान्ति र लोकतन्त्रको प्रवर्द्धन गर्दछ । बाल सहभागिताले बालबालिकाको सामाजिक, नैतिक, सम्वेगात्मक तथा बौद्धिक ब्यक्तित्वको पनि विकास हुन्छ । सहभागितात्मक अभ्यासबाट आफ्नो कर्तव्य निर्वाह गर्न र अधिकारको माग गर्न सिक्ने हुँदा आजका बालबालिका भोलिका सचेत र सक्षम नागरिक हुन्छन् । तसर्थ, बालबालिकासँग सरोकार हुने कुनै पनि कार्यहरूमा बाल सहभागितालाई प्रोत्साहन गर्नु जरूरी हुन्छ ।

**बाल सहभागिताको कानूनी तथा नीतिगत आधार**

संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ ले स्वतन्त्र विचारको अधिकार (धारा १२), अभिव्यक्तिको अधिकार (धारा १३), स्वतन्त्र आस्थाको अधिकार (धारा १४), सङ्गठनको अधिकार (धारा १५), सूचनाको अधिकार (धारा १७) जस्ता अधिकार हरूको व्यवस्था गरेको छ । नेपालको संविधान (२०७२) को धारा १६देखि ४८सम्म मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ । संविधानको धारा ३९ मा बालबालिकाको लागि एक छुट्टै मौलिक हकको प्रावधानहरू छन् । जसअन्तर्गत उपधारा (३) ले प्रत्येक बालबालिकालाई बाल सहभागिताको हक सुनिश्चित गरेको छ ।

बालबालिकासम्बन्धी ऐन, २०७५ मा बालबालिकाका मुख्य १३ वटा अधिकारहरू समावेश भएका छन् । ऐनको दफा ८ मा (सहभागिताको अधिकार) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुने, दफा ९ मा प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुने एवम् प्रत्येक बालबालिकालाई प्रचलित

कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुने, दफा १० मा प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुने, दफा १४ मा प्रत्येक बालबालिकालाई निजको उमेर र रूची अनुसारको खेलखेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुने, प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुने तथा प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुने व्यवस्था रहेको छ ।

यसैगरी बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बाल सहभागितासम्बन्धी निम्नानुसारका व्यवस्था गरेको छ

- जिल्ला तथा समुदायमा गठन गरिने बालबालिकासम्बन्धी कुनै पनि समिति वा समूहमा बालबालिकाको प्रतिनिधित्व तथा बालबालिकासम्बन्धी नीति, ऐन तथा नियमहरूमा बालबालिकालाई आफ्नो सरोकारको कुनै पनि विषयमा सुसूचित भई विना भेदभाव परिवारदेखि राष्ट्रिय तहसम्म अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने (बुँदा ८.४०),
- स्थानीयस्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बाल कल्याण गृह, बालगृह, बालसुधार गृहसमेतमा बाल सहभागिता प्रवर्द्धन गर्न बालबालिकाको सङ्गठित समूहको स्थापना र परिचालन गर्न प्राथमिकता दिइने (बुँदा ८.४२),
- विद्यालय, समुदाय, बालगृहलगायत बालबालिका सामूहिक र सस्थागत रूपमा रहने क्षेत्रहरूमा बालक्लब स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, गाउँ तथा नगरपालिकास्तरमा बालक्लब सञ्जालहरू विस्तार गरिने, तिनको दर्ता प्रक्रिया सरल गरी सञ्चालनका लागि आवश्यक आचारसंहिता तथा निर्देशिका जारी गर्ने (बुँदा ८.४३), आदि ।

**बालबालिकाको सहभागितासँग सम्बन्धित प्रमुख सवालहरू तथा परिषद्को अपेक्षित भूमिका**

संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि लगायत अन्य सम्बन्धित अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धि, अभिसन्धि लगायतका दस्तावेजहरूले सिर्जना गरेको दायित्व बमोजिम राज्यको तर्फबाट भएका संवैधानिक, कानूनी, नीतिगत, प्रशासनिक प्रयासको आधारमा, साविकको केन्द्रीय बाल कल्याण समितिले हासिल गरेको अनुभव, असल अभ्यास र सिकाइको आधारमा एवम् राष्ट्रिय बाल अधिकार परिषद्को गठन पश्चात् सँगालेको अनुभवको आधारमा बालबालिकाको सहभागितासँग सम्बन्धित प्रमुख सवालहरू देहाय बमोजिमका रहेका छन्ः

**(क) बालक्लब तथा सञ्जाल**

बालक्लब सञ्चालन व्यवस्था बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित भएको प्रमाणित गर्ने गतिलो सूचक हो । विगतमा बालक्लब तथा सञ्जालहरूले विद्यालय तथा समुदायमा बाल अधिकार तथा बाल सहभागिता प्रवर्द्धन गर्न संलग्न रहेको पाइन्छ । त्यस्तै बालक्लबले गाउँ/नगर बाल संरक्षण तथा सम्वर्द्धन उप-समितिसँग मिलेर बालबालिकाका लागि विभिन्न कार्यक्रमहरू गर्दै आइरहेको पाइन्छ । हालको परिवर्तित सन्दर्भमा बालक्लब तथा तिनका सञ्जालका लागि स्पष्ट व्यवस्था हुन बाँकी रहेको देखिएको छ । साविकको जिल्ला बाल कल्याण समिति खारेज भए पश्चात् बालक्लव दर्ता कहाँ र कसरी गर्ने भन्नेबारे व्यवहारिक अन्यौलता रहेको समेत बुझिएको छ । यसर्थ परिषद्ले बालक्लब वा सञ्जालको दर्ता, नवीकरण, बालबालिकाको संस्था वा सञ्जालको कर्तव्य तथा दायित्व, प्रभावकारी सञ्चालन तथा व्यवस्थापन, संस्थागत विकास, क्षमता अभिवृद्धिसम्बन्धी नीतिगत स्पष्टताको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्दछ ।

**(ख) स्थानीय तहमा बाल सहभागिता**

विगतमा समावेशी सिद्धान्तलाई आत्मसात् गर्दै स्थानीयस्तरमा गठन हुने महिला, जनजाति, दलित आदि विषयगत समितिहरूमा समुदायको सहभागिता रहेजस्तै बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने समितिहरू जस्तैः साविकको बाल संरक्षण तथा संवर्द्धन उप-समिति, शिक्षा समिति, स्वास्थ्य समिति, वडा नागरिक मञ्च, बालमैत्री स्थानीय शासन लगायतका समितिमा बालबालिकाको प्रतिनिधित्वको व्यवस्था गरिएको छ । साथै, स्थानीय तहका विभिन्न कार्यक्रमहरू जस्तै वार्षिक सभा, सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको चरणहरूमध्ये बस्ति, वडास्तरको योजना छनौट तथा प्राथमिकीकरणका चरणहरूमा बालबालिकालाई सहभागी गराइँदै आएको पाइन्छ । तथापि, त्यस्ता समिति तथा कार्यक्रमहरूमा बालबालिकाको सहभागिता अर्थपूर्ण बनाउन अझै प्रयत्न गरिनु आवश्यक छ । त्यस्तैगरी, बाल सहभागिता प्रवर्द्धन गर्दा उनीहरूको अन्य अधिकारहरू विशेषतः शिक्षाको अधिकारमा हेलचेक्र्याइँ भएका कुराहरू

पनि यदाकदा चर्चामा आउने गर्दछन् । यस सन्दर्भमा परिषद्ले बालबालिकाको अन्य अधिकारको समेतसम्मान तथा संरक्षण हुने गरी बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित गर्न प्रदेश बाल अधिकार समिति तथा स्थानीय बाल अधिकार समितिमार्फत प्रदेश तथा स्थानीय तहमा बालबालिकालक्षित सामाजिक सेवा प्रवाहलाई व्यवस्थित बनाउन गठन हुने संरचनामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चितताको लागि सहजीकरणको भूमिका निर्वाह गर्न सक्दछ ।

**(ग) पारिवारिक मामिलामा बाल सहभागिता**

परिवार सहभागिता र शक्ति सम्बन्धको अभ्यास हुने प्राथमिक सामाजिक संस्था हो । तसर्थ, परिवारमा बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने छलफल तथा निर्णय प्रक्रियामा बालबालिकालाई सहभागी गराई उनीहरूको विचार तथा अभिव्यक्तिकासम्मान गरिनु पर्दछ । बालबालिकाको सहभागिताबारे सजग व्यक्तिले आफ्नो घरपरिवारको छलफलमा बाल सहभागिताको अभ्यास गरेको पाइन्छ । तथापि, अझै पनि नेपाली समाजमा आम घरपरिवारमा बाल सहभागितालाई महत्त्व दिएको पाइँदैन । पारिवारिक मामिलामा बाल सहभागिताबारे भएका अभ्यासहरू सहजै बाहिर नआउने हुँदा त्यसबारे स्पष्ट रूपमा उल्लेख गर्न सजिलो छैन । यस सन्दर्भमा परिषद्ले बालबालिकासम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गर्दै परिवारलाई बाल सहभागिता, नेतृत्व विकास, निर्णय निर्माण प्रक्रियासम्बन्धी अभ्यासको महवपूर्ण स्थलको रूपमा विकास गर्न सहजीकरणको भूमिका निर्वाह गर्न सक्दछ ।

**(घ) शिक्षण सिकाई प्रक्रियामा बाल सहभागिता**

विद्यालय तथा शिक्षण सिकाई प्रक्रियालाई बालमैत्री बनाउन प्रशस्त कानूनी, नीतिगत, संरचनागत एवम् कार्यक्रमगत प्रयासहरू भएका छन् । भयरहित सिकाई, दण्डरहित शिक्षा, बालमैत्री विद्यालय, विद्यालय शान्ति क्षेत्र आदि केही प्रतिनिधि अवधारणाहरू हुन । विद्यालयमा आधारित बालक्लब, विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागिता, विद्यालयको योजना, शैक्षिक क्यालेण्डर निर्माणमा बालबालिकाको सहभागिता आदिले शिक्षण सिकाई प्रक्रिमयामा बाल सहभागिताको पुष्ट्याइ गर्दछ । तथापि, कक्षाकोठाको शिक्षण–सिकाई प्रक्रियामा शिक्षक र विद्यार्थीको साझेदारी, शिक्षण विधि कस्तो हुनुपर्दछ भन्ने कुरामा विद्यार्थीको मत लिने तथा विद्यार्थीको शैक्षिक आवश्यकताको परिपूर्ति भए नभएको अवस्थाको बारेमा ठोस काम गर्नु जरूरीदेखिन्छ । यस सन्दर्भमा परिषद्ले विद्यालयस्तरको सिकाइ उपलब्धिमा सुधार ल्याउन, विद्यालयमा हुने हिंसा, दुर्व्यवहार, हेपाई (बुलिङ) मा कमी ल्याउन तथा शिक्षण सिकाई प्रक्रियामा बालक्लब, इकोक्लब, विद्यालय व्यवस्थापन समितिमार्फत अर्थपूर्ण तथा नैतिक सहभागिताको लागि प्रदेश बाल अधिकार समिति एवम् स्थानीय बाल अधिकार समितिको सक्रियतामा महत्त्वपूर्ण योगदान दिन सक्दछ ।

**(ङ) बालमैत्री संरचना तथा शासन**

परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाले प्रदान गर्ने सेवा बालबालिकाको उमेर, स्वास्थ्य स्थिति, विकासको स्तरअनुरूप हुने गरी बाल अनुकूल वा बालमैत्री हुनुपर्दछ । साथै, परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाले प्रदान गर्ने सेवा वा भौतिक संरचना निमार्ण वा पुननिर्माण गर्दा बालमैत्री हुनुपर्दछ ।

साविकको केन्द्रीय बाल कल्याण समितिको अगुवाईमा शुरू गरेको बालमैत्री गाविस अभियान विस २०६८ सालमा मूलप्रवाहीकरण भै बालमैत्री स्थानीय शासनको रूपमा विकास तथा विस्तार भएको छ । वर्तमान संघीय संरचना अनुरूप स्थानीय तहको निर्वाचन सम्पन्न भई स्थानीय सरकारले २०७४ सालदेखि कार्य सम्पादन गर्दै आएको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वडा समितिलाई बालमैत्री वडा बनाउने अख्तियारी सुम्पेकोले सोही बमोजिम स्थानीय तह तथा वडाहरू बालमैत्री स्थानीय शासन पद्धति अवलम्वन गरी घोषणा हुने क्रम निरन्तर रूपमा अघि बढिरहेको छ ।

यस सिलसिलामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि सूचकहरूमा परिमार्जन, अनुगमन, प्राविधिक सहजीकरण गर्न, राष्ट्रिय भवन आचारसंहितामा बालमैत्री संरचनासम्बन्धी प्रावधान समावेश गर्न, बालमैत्री ढङ्गबाट सेवा प्रवाह गर्ने जस्ता क्षेत्रमा परिषद्ले महत्त्वपूर्ण योगदान गर्न सक्दछ । साथै नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सेवा प्रदायक संस्था वा निकायको सेवालाई बालमैत्री बनाउन स्थानीय सहायता प्रदान गर्ने विषयमा समेत परिषद्ले सहजीकरण गर्न सक्दछ ।

**(च) बालबालिका केन्द्रित सूचनाको माग तथा सम्प्रेषण**

बाल सहभागिता भनेको बालबालिकाको जीवनमा प्रत्यक्ष रूपमा असर गर्ने क्षेत्रहरूमा भए गरेका काम कारवाहीको बारेमा जानकारी लिन वा सम्प्रेषण गर्न पाउनु पनि हो । तसर्थ, बालबालिका, बालक्लब, संस्था वा सञ्जालले आफूसँग प्रत्यक्ष सरोकार

राख्ने विषयमा सूचना माग गरेमा प्रचलित कानून बमोजिम बयस्क नागरिक सरह नै परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाले आफूले बालबालिकाका लागि गर्ने कार्य र त्यसले बालबालिकालाई पुऱ्याउने फाइदाका बारेमा बालमैत्री ढङ्गबाट सूचना दिनुपर्दछ । यो कार्यको कानूनी तथा नीतिगत स्पष्टताको लागि परिषद्ले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।

**(छ) बालबालिकाको विचार, भावना वा अभिव्यक्तिको सम्मान**

परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाले बालबालिकालाई प्रत्यक्ष र दीर्घकालिन प्रभाव पार्ने निर्णय गर्नुपूर्व आफ्नो प्रभाव क्षेत्र भित्र रहेका बालबालिका वा तीनका संस्थाको प्रतिनिधिलाई निर्णय गर्न लागेको विषयमा आफ्नो धारणा अभिव्यक्त गर्ने अवसर प्रदान गर्नुपर्दछ । साथै, बालबालिकाबाट अभिव्यक्त भएको विचारको सम्बन्धमा थप जानकारी लिन आवश्यक देखेमा सम्बन्धित समुदाय, विद्यालय, वा सार्वजनिक निकाय वा संस्थाद्वारा बालबालिका, बालक्लब, संस्था वा सञ्जालका प्रतिनिधिहरूलाई बोलाई छलफल गर्ने समेत गर्न सकिन्छ । बालबालिकाले व्यक्त गरेको धारणालाई परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाले उचित मान्यता दिनुपर्दछ । यो मान्यताको कानूनी तथा नीतिगत स्पष्टताका लागि परिषद्ले सहजीकरणको भूमिका निर्वाह गर्न सक्दछ ।

तर, परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाले बाल सहभागिताको नाममा देहायका कामहरू गर्न, गराउन हुँदैन :

(क) बालबालिकाको शैक्षिक क्रियाकलापमा नियमितरूपमा अवरोध पुग्ने तथा बालबालिकाको स्वास्थ्यमा नकारात्मक असर पर्ने गरी कार्यक्रममा सहभागी गराउने,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने गतिविधि वा कार्यमा संलग्न गराउने,

(ग) बालबालिकालाई वयस्कले आयोजना गरेको ऱ्याली, जुलुस, सभा आदिमा सहभागी गराउने,

(घ) कानूनले निषेध गरेका क्रियाकलापहरूको सञ्चालनमा सहभागी गराउने,

(ङ) प्रचलित कानून बमोजिम आफ्नो दायित्व बालबालिका, बालक्लब, संस्था वा सञ्जाल मार्फत गराउन ।

**५. निष्कर्ष**

संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि, सन् १९८९, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवम् बालबालिकासम्बन्धी ऐन, २०७५ ले बाल सहभागिताका विषयलाई प्राथमिकताका साथ सम्बोधन गरेको छ । बाल सहभागिताको मर्म अनुसार विगतमा स्थानीयदेखि जिल्ला स्तरसम्मका सम्बद्ध समितिहरूमा बालबालिकाको प्रतिनिधित्व गराउने र बालबालिकासँग सम्बन्धित योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्ने एवम् कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रिमयामा बाल सहभागितालाई प्रोत्साहन गरेको थियो भने बालक्लव सञ्चालनका लागि स्पष्ट व्यवस्था गरिएको थियो । वर्तमान संघीय संरचनामा बाल अधिकारका सवालहरूलाई समन्वयात्मक ढङ्गबाट अझ बढी प्रभावकारी रूपमा सम्बोधन गर्दै तीनै तहको सरकारको कानून, नीति, कार्यक्रम, लगानी र समन्वयमा बालबालिकाका विषयलाई उत्तिकै प्राथमिकताका साथ समावेश गर्ने कार्यमा क्रिमयाशिल हुन संघमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेशमा प्रदेश बाल अधिकार समिति र हरेक स्थानीय तहमा स्थानीय बाल अधिकार समितिको भूमिका सशक्त हुन आवश्यकदेखिएको छ । साथै, यस भूमिका लगायत कानून प्रदत्त कार्यादेश प्रभावकारी रूपमा सम्पादन गर्नका लागि राष्ट्रिय बाल अधिकार परिषद् एवम् प्रदेश र स्थानीय बाल अधिकार समितिको क्षमता अभिवृद्धि गर्नु नितान्त आवश्यक छ ।

**सन्दर्भ सामग्री**


१. नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६, राष्ट्रिय बाल अधिकार परिषद्

२. बालबालिकासम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७६

३. बालबालिकासम्बन्धी ऐन, २०७५ ।

४. बाल सहभागिता प्रवर्द्धनमा स्थानीय तहको भूमिका, केबाकस, २०७४ ।

५. बाल सहभागिता निर्देशिका, केबाकस, २०६३ ।

६. राष्ट्रिय बाल अधिकार परिषद्को पाँच वर्षीय रणनीतिक प्रारूप (२०७७/०७८-२०८१/०८२)

७. साविकको केन्द्रीय बाल कल्याण समिति तथा राष्ट्रिय बाल अधिकार परिषद्को तर्फबाट विभिन्न सभासम्मेलन तथा कार्यक्रममा आधिकारिकरूपमा प्रस्तुत भएका कार्यपत्र, प्रस्तुतीकरण ।


(लेखक राष्ट्रिय बाल अधिकार परिषद्को प्रशासकीय प्रमुख हुनुहुन्छ ।)

# नेपालको शैक्षिक परिवेशमा बाल सहभागिता



प्रकाश कोइराला

## १. परिचय

ओहो ११ सन् १९८९ मा संयुक्त राष्ट्रसंघ महासभाबाट पारित बाल अधिकार महासन्धिलाई हाम्रो देश नेपालले सन् १९९० अनुमोदन गरेको पनि सन् २०२० सम्म आईपुग्दा ३० वर्ष नाघिसकेछ । त्यहि सन् १९९० सालमा जन्मिएका बालबालिका हाल ३० वर्षका लक्का जवान युवायुवती हुनु भएकोछ । उहाँहरू काहाँकाहाँ के के कुरामा योगदान गर्दै हुनुहोला ?

सन् १९१९ मा एग्लाइन्टाइन जेवले बिजारोपण गर्नुभएको बाल अधिकारको विचारलाई ७० वर्षपछि १९८९ मा संयुक्त राष्ट्रसंघले मूर्तरूप दिन सकेको हो ।

नेपालले बाल अधिकारलाई औपचारिक मान्यतादिएको यी तीन दशकमा हुर्कने कतिले त बाल अधिकार के हो थाहा नै नपाइ ठूला हुनु भयो होला, कतिले बाल अधिकारका बारेमा केही कुरा पढ्न, सुन्न र जान्नपाउनु भयो होला । कति बालबालिकाले त सरकारी निकाय, नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय संस्था, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाले सञ्चालन गरेका बाल अधिकारसम्बन्धी कार्यक्रममा लगातार सहभागी भएर भरपूर सिकाइबाट नेतृत्व विकास गर्ने तथा अन्य विभिन्न अवसरको उपयोग गरेर प्रत्यक्षरूपमा हाल बाल अधिकारसम्बन्धी एक सक्षम र कुशल व्यक्ति तथा सक्रिय अभियन्ता बन्नु भएका उदाहरण हाम्रा अगाडि छन् । कतिले त बालबालिकासँग प्रत्यक्ष काम गर्नका लागि संस्थाहरू खोलेर योगदान गरिरहनु भएको छ । यी सबै खालका क्षमता त बालक्लबमा सहभागी हुन पाएकोले वृद्धि भएको भन्न अतिशयोक्ति नहोला । त्यस्तै कतिले बाबाआमा, शिक्षक, स्वास्थ्यकर्मी तथा अन्य पेशामा संलग्न भएपनि ती सिकाइलाई उपयोगमा ल्याएर बालमैत्री वातावरण सृजना गर्ने बालबालिकालाई केन्द्र विन्दुमा राखेर निर्णय गर्ने गर्नुभएको होला भनेर अनुमान गरौं ।

यस लेखमा बालबालिकाको शैक्षिक परिवेशमा सहभागिता कस्तो रह्यो त भन्ने अनुभवलाई समेट्ने जमर्को गरेको छु । एउटा गहनखालको अध्ययन गरेर लेख्न सकेको भए कति उपयोगि हुनेथियो भन्ने पनि मनमा छ । शैक्षिक परिवेशमा सहभागिताको अध्ययनको आवश्यकतालाई ध्यानमा राखी कोरोनाको असर कम भएपछि हामी प्रक्रियामा अगाडि बढ्न जरूरी छ ।

## २. बाल सहभागितामा संरचनागत प्रयासहरू

नेपालमा बालबालिकाको शिक्षाका लागि भनेर सरकारी संरचनामा प्राथमिक र निम्न माध्यमिक, माध्यमिक विद्यालयहरू खुलेका छन् । अधिकांस बालबालिका विद्यालय जान्छन् पनि । तर नेपालमा शिक्षा अभियान शुरू भएको धेरै पछिसम्म पनि शिक्षाको पहुँच भनेको धनीवर्गमा सीमित थियो । बालबालिकामा पनि छोरीहरूको पढाइमा संलग्नता त एकदम कम थियो । लेखकले वि. सं २०३५ सालमा सल्यान जिल्लाको थारमारे गाउँमा राष्ट्रिय विकास सेवा अन्तर्गत निम्न माद्यमिक विद्यालयमा सेवा गर्ने मौका पाएको थिएँ । त्याहाँ एक कक्षादेखि सात कक्षासम्म व्यापारी र रानीतिज्ञका जम्मा ४ जना छोरीहरू पढ्न आउँथे र यीनमा पनि ३ जना त एउटै परिवारका थिए । दलित जनजाति तथा आदिवासीको त शिक्षामा पहुँच शून्य वा अतिकम थियो । त्यसमा पनि भौगोलिक विकटतामा त विद्यालय पनि खुलेका थिएनन् । सनातन धर्मका अनुयायी ब्राम्हण बालकहरूमात्र (वटुक) मन्दिर परिसरमा स्थापना गराइएको गुरूकुलमा तथा केही संस्कृत विद्यालयमा संस्कृत भाषामा अध्ययन गर्ने गर्दथे भने बौद्ध गुम्बामा पनि बौद्ध धर्म मान्ने बालकहरूले भिक्षु भएर तिब्बती भाषामा अध्ययन गर्ने गर्थे । गायिका आनी छोइङको आत्मकथामा बौद्ध धर्म मान्नेमा केही छोरीहरूले आनी भएर गुम्बामा पूर्णकालिन अध्ययन गरेको कुरा दर्शाउनु भएको छ । इस्लाम धर्म मान्ने बालकहरूलाई पनि मस्जिदमा उर्दु भाषामा शिक्षा दिने गरिन्थ्यो । पहिला त यी गुरूकुलमा धर्मलाई प्राथमिकता दिइने गरिन्थ्यो तर हाल यी सबैमा नेपाल सरकारको पाठ्य पुस्तकसमेत समावेस गराइ पठन पाठन गर्ने गरिएको छ । २०४७ पछि भने छोरीहरूको शिक्षामा निकै प्रगति भएकोछ । यी सबै परिवेशमा गुरूले एकतर्फि सिकाउने बालबालिकाले सुन्ने परम्पराले गर्दा बाल सहभागिताको कुरा त प्रचलनमै थिएन ।

बाल सहभागिताका लागि खेल राम्रो माध्यम हो र खेलबाट बालबालिकामा आत्मविश्वास र आत्मसम्मान बढ्दछ । त्यसताका बालबालिकालाई संरचनागतरूपमा खेलकुदमा सहभागी हुने अवसर भनेको विद्यालयमा र राजाको नाममा सञ्चालन हुने केही विद्यालयस्तरका प्रतिस्पर्धा थिए । माद्यमिक तहका विद्यालयमा केही खेलकुदका सामग्रीको व्यवस्था हुन्थ्यो । धेरै जसो बालबालिका खर्च नपर्ने स्थानीय खेलमा सहभागिता जनाउँथे । बाल सुलभ खेल ढुङ्गा जम्मा गरेर खेलिने गट्टा, डण्डिवियो, कपर्दि, राज्य जित्ने खेल, डोरी नाघ्ने, हाइजम्प, लङ्जम्प, म्याराथुन दौड, आसपास, रूमाल लुकाई, यतियति पानी, गुरू चिन्ने, कविता, कथा, वक्तृत्व प्रतियोगिता, निवन्ध लेखन र वादविवाद प्रतियोगितामा नै सहभागी गराइन्थ्यो ।

हुनत सन् १९८० को दशकमा बालबालिकाको क्षेत्रमा काम गर्न भनेर आएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले बालबालिकाको पोषण, खोप, मातृशिशु स्याहारमा काम गर्न थालेका हुन् । बाल अधिकार महासन्धि अनुमोदन हुनुभन्दा पहिलादेखि नै बालबालिकाको क्षेत्रमा नै काम गर्ने भनेर औपचारिकरूपमा आएका संस्थामा युनिसेफ, विभिन्न देशका सेभ द चिल्ड्रेन फण्डहरू, प्लान नेपाल जस्ता संस्थाहरूले सेवा दिन थाले । नेपालमा जोखिम परिस्थितिका बालबालिका विशेषगरी सडक बालबालिकाको विषयलाई उठान गर्न सिविनले शुरू गऱ्यो । बाबाआमा नभएका बालबालिकाको हेरचाहलाई भनेर कल्याणकारी कार्यक्रम लिएर परोपकार संस्था, बाल सङ्गठन जस्ता संघसंस्थाहरूले पनि बालबालिकालाई स्वास्थ्य, शिक्षामा सेवा दिदैं आएका हुन् । बालबालिका भेला हुने, खेल खेल्ने, ज्ञान सिकाइमा भाग लिने भनेको यिनै संस्थाहरू थिए । तर यी क्रियाकलापमा पनि सबैले बराबरीको अवसर पाउँदैन थिए ।

## ३. बाल सहभागिताका लागि भाइबहिनी कार्यक्रम

संसार भरिनै एउटा पारम्पारिकरूपमा चलेको संस्कार भनौं ठूला दाइदिदीले आफूभन्दा साना भाइबहिनीलाई आमाबाबा काममा गएका बेलामा उनीहरूको सरसफाई, खाजाखानाको ख्याल गर्ने, सुरक्षाको जिम्मा लिने, सङ्गै खेल खेल्ने, कुराकानी गर्ने, भाषा तथा लेखपढ गर्न सिकाउने गरेका हुन्छन् । यस पृष्ठभूमिमा यस्तै सामुदायिक तथा पारिवारिक व्यवहारलाई लण्डनको स्कूल अफ ट्रपिकल मेडिसिनका डाक्टर डेभिड मोर्लेले CHILD-TO-CHILD लाई एउटा सैद्धान्तिक आधार दिएर स्वास्थ्य सरसफाइमा बालबालिकालाई सहभागी गराउने विचार प्रतिपादन गराउनु भएको थियो । सेभ द चिल्ड्रेन फण्ड (यु. के.) सेभ द चिल्ड्रेन फण्ड (नर्वे), सेभ द चिल्ड्रेन फण्ड (यु. एस. ए.), ले सन् १९८६ ताका नै विद्यालयमा स्वास्थ्य शारीरिक तथा सरसफाईमा बालबालिकालाई पनि सक्रिय सहभागी बनाउनकालगि CHILD-TO-CHILD कार्यक्रम सञ्चालन गरेर शिक्षक र बालबालिकालाई प्रशिक्षण दिएर विद्यालयको वातावरण सफा राख्ने, कक्षा कोठा सफा राख्ने आफूभन्दा साना भाइबहिनीहरूको दाँत, कपडा, हात, नङ, शरीर, अनुहार सरसफाइ गरेको छन् छैनन् हेर्ने, नगरेकोलाई गर्न लगाउने, कसरी गर्ने भनेर प्रदर्शन गर्ने, रेकर्ड राख्ने, सफाइमा पहिला तथा दोश्रो आउनेलाई पुरस्कार दिने आदि कार्यक्रमबाट बाल सहभागिताको काम शुरू गरिएको थियो । नेपाल प्याडियाट्रिक सोसाइटिका सदस्यहरूले (डा. हेमाङ्गदिक्षित) CHILD-TO-CHILD का अङ्ग्रेजीमा भएका पढ्ने सामग्रीलाई नेपालीमा अनुवाद गरेर सहयोग गर्नु भएको थियो तर यो सहयोग र सम्बन्ध भने त्यति दीर्घकालिनरूपमा गएन । सैद्धान्तिकरूपमा बाल सहभागिता भनेर नभने पनि सेभ द चिल्ड्रेन यु. के./यू. एस. ए, प्लान नेपाल र रेडबर्नाले यसलाई आफ्ना कार्यक्षेत्रका विद्यालयहरूमा भाइबहिनी कार्यक्रमका नाममा बाल सहभागितालाई सुचारू गर्दै गए । बालबालिकालाई सङ्गठित गर्ने काम त नेपाल रेडक्रस सोसाइटिले पनि विद्यालयहरूमा जुनियर रेडक्रस खोलेर विपदमा सहयोग गर्ने, प्राथमिक उपचार गर्ने सिपको विकास गरेर बालबालिकालाई सामाजिक काममा सहभागी हुने ठूलो अवसर प्रदान गरेको छ । त्यस्तै नेपाल स्काउटले पनि बालबालिकालाई तालिम दिएर व्यक्तित्व विकास वा सामाजिक क्षेत्रमा योगदान गर्ने बनाएको छ ।

## ४. शिक्षाको महत्त्व, शैक्षिक परिवेश र बाल सहभागिता

बाल अधिकार महासन्धिको धारा २८ मा बालबालिकाको शिक्षाका लागि सरकारी पक्षको जिम्मेवारीका बारेमा व्याख्या गरिएको छ भने धारा २९ ले शिक्षाको उद्देश्य उल्लेख छ । सन् २०१६ को तथ्याङ्कअनुसार नेपालमा ३५,२२२ वटा विद्यालय छन् (जस्मा २९,२०७ सरकारी तथा ६,०१५ नीजि विद्यालय छन्) । विद्यालय जाने उमेरका बालबालिकाहरू नीजि विद्यालयमा १७ प्रतिशत पढ्छन् भने ८३ प्रतिशत सरकारी विद्यालयमा पढ्छन् । यस्मा पनि विचविचमा विद्यालय छाड्नेको संख्या फरक फरक छ । बाल अधिकार तथा बाल सहभागिताको कुरा गर्ने हो भने नीजि विद्यालयहरूलाई बाहिरका गैर सरकारी संस्था र सरकारका तर्फबाट कुनै पनि सहयोग हुँदैन । यी सहयोग त मुख्य गरेर सरकारी विद्यालयमा हुन्छ ।

हामीले कसैलाई शिक्षा किन चाहिन्छ भनेर सोध्यौं भने ठूलो मानिस बन्न, डाक्टर, इन्जिनियर, वकिल बन्न, देशको सेवा गर्न, राम्रो जागिर खान, समाज सेवा गर्न भन्ने जवाफ आउँछ । बालबालिकालाई पनि यसरी नै शिक्षाको महत्त्व बुझाउने गरिन्छ । तर सजिलो र अर्थ लाग्ने गरी हेऱ्यौं भने शिक्षाले ज्ञान, प्राविधिक दक्षता, उचित काम र व्यवहार तथा मानसिक, नैतिक, सांस्कृतिक, राष्ट्रियता, तथा कलात्मक विकास गर्न मद्दत गर्छ । यसलाई त महासन्धिले धारा २९ को उपधारा १ को कदेखि ङसम्म स्पष्टरूपमा समावेश गरेको छ ।

साना साना बालबालिका तथा किशोर किशोरीलाई शिक्षाको आवश्यकता वा महत्त्व बताउनका लागि मैले तल बुँदागतरूपमा राखेको छु :

**४.१. आफ्नो व्यक्तिगत योग्यता सिकाइका लागि शिक्षा :** आफ्नो मानसिक र शारीरिक क्षमता, अरूसँग कुराकानी गर्ने सिप विकास गर्न, समस्या पत्ता लगाउन र समाधान गर्न, उचित सम्झौता गर्न, निर्णय गर्ने सिप विकास गर्न, आफ्नो संरक्षण आफै गर्न, सम्वेगको व्यवश्थापन गर्न, व्यवहार परिवर्तन गर्न तथा नेतृत्व विकास गर्न ।

**४.२. आदर र सम्मानका लागि शिक्षा :** अरूको विचार र मान्यतालाई आदर गर्न, हामीमा अनेकता छ भन्ने स्वीकार गर्न, सबै प्राणीप्रति हिंसा रहित बन्न, सबैको अधिकारको संरक्षण प्रवर्द्धन गर्न, भेदभाव हटाउन आदि ।

**४.३. सामाजिक विकासका लागि शिक्षा :** राष्ट्र प्रेम, देशमा रहेका सवै धर्म मान्नेलाई मान्यता, बातावरणको संरक्षण गर्न, सामाजिक कुरीति हटाउन, भावी पुस्ताप्रति उत्तरदायी बन्न, जलवायु परिवर्तनमा सतर्क हुन आदि ।

**४.४. बौद्धिकताको लागि शिक्षा :** स्वतन्त्रता, न्याय सङ्गत, पारदर्शिता, समता र समानताका लागि, शुसाशनका लागि पैरवी गर्न र प्रजातान्त्रिक प्रणालिमा अभ्यस्त हुन ।

माथि उल्लिखित शिक्षाका आधारभूत मान्यतालाई परिपुष्ट गराउने गरी विद्यालयहरूमा बाल सहभागिताको अभ्यास गरिएको छ त ? हामीले गहन चिन्तन गर्नुपर्ने भएको छ ।

### ५. बाल सहभागिताको अवधारणागत स्पष्टताको सवाल :

एकदिन वकिल र विद्यालयका प्र. अ. काबीचमा बाल यौन दुर्व्यवहारको विषयमा कुरा चलिराखेको थियो । यत्तिकैमा वकिलले प्र. अ. लाई हजुर पनि कस्तो केटाकेटी जस्तो कुरा गर्नुभएको भनेर भन्नु भयो । यी दुई वयस्कका बीचमा पनि कुरा बुझ्न बुझाउन सकिएन भने कस्तो केटाकेटी जस्तो भनेर भन्ने चलन छ । किनहोला ? जवाफ सरल छ, हामी वयस्कमा रहेको बालबालिका प्रतिको दृष्टिकोण । वास्तवमा यो खालको कुराकानीले वयस्कहरूले बालबालिकाप्रति कस्तो धारणा बनाएका हुन्छन् भनेर थाहा पाउन सकिन्छ । बालबालिकामा ज्ञानको कमी, जानकारी नभएको, राम्रो नराम्रो छुट्ट्याउन नसक्ने, निर्णय गर्न नसक्ने भन्ने जस्ता सूचक लिएर मूल्याङ्कन गरिराखेका हुन्छन् । अनि यस्तो मान्यताले गर्दा बाल सहभागितालाई सक्रिय बनाउनका लागि कसरी मद्दत पुग्छत ? तर बालबालिकालाई वयस्कले जस्तै गरी चाडै नै परिपक्व बनोस् भनेर आशा गर्नाले चुनौती देखा पर्ने हो । बालबालिका पनि आ–आफ्नो तहमा ज्ञान भएका, सिक्दै गरेका, निर्णय गर्न सक्ने, गल्ति गरेर सिक्ने हुन्छन् भन्ने कुरा बाबाआमा, अभिभावक, शिक्षक, राजनितिज्ञ, अन्य पेशाकर्मीलाई सकारात्मक कसरी बनाउने यो नै चुनौती हो । अर्कोतिर बालबालिकालाई पनि अलिकति जान्ने भए पछि तिमिले नगर, सक्दैनौ, जान्दैनौ भनेर दिमागमा भरिराखेको कुरालाई हटाएर तीमिले सक्छौ, तिमि अघि बढ, क्षमता छ भनेर सिकाउन र ती कुरालाई पन्छाएर सहभागितामा जुट्ने कसरी बनाउने ? अर्को प्रश्न हाम्रा सामु छ ।

### ६. औपचारिक संरचनामा बाल सहभागिताको विकास :

नेपालमा बाल अधिकार तथा बाल सहभागिताबारेको औपचारिक कुरा त बाल अधिकार महासन्धिमा देशले सन् १९८९ मा हस्ताक्षर गरिसकेपछि सुरू भएको हो । बाल अधिकार महासन्धिमा समावेश भएका चारवटा सिद्धान्तहरूमध्ये धारा १२ ले "आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूसँग सम्बद्ध विषयमा स्वतन्त्ररूपले आफ्नो विचार व्यक्त गर्न पाउने व्यवस्था राज्यपक्षले गर्नुपर्छ र त्यस्ता विचारलाई उसको उमेर र परिपक्वता अनुसार उचित मान्यता दिइने छ "भनेर व्याख्या गरेको छ । नेपालमा यही व्याख्यालाई बाल सहभागिता हो भनेर छलफलमा ल्याउन पनि अलि समय लागेको थियो । धेरै जनाको बुझाइमा बाल सहभागिता भनेको बालबालिकाको विचार राख्ने र ती विचारको कदर हुनुपर्ने (धारा १२), बालबालिकाले विभिन्न माध्यमबाट अभिव्यक्ति गर्न पाउने, (धारा १३) सुसुचित हुनपाउनु पर्ने (धारा १७) तथाबालबालिकाले सङ्गठन खोल्न पाउनुपर्ने (धारा १५) कुरालाई बुझेको पाइन्छ ।

हाम्रो देशले पनि बाल अधिकारको क्षेत्रमा लामो अनुभव सङ्गालेको र बाल सहभागिताको अभ्यास गरेको प्रमाणको आधारमा २०७२ को संविधानमा धारा ३९ मा उल्लिखित बालबालिकाको हकको उपधारा ३ मा बाल सहभागितालाई समावेश गरिएको छ । त्यस्तै नेपालको बालबालिकासम्बन्धी ऐन २०७५ मा पनि भाग २ को धारा ८, ९ र १० मा बाल सहभागितालाई समावेश गरिएको छ । यसरी बाल सहभागितालाई संवैधानिक तथा कानुनी मान्यता प्रदान गरेको छ ।

बालबालिकाको क्षेत्रमा काम गर्ने क्रियाशील युनिसेफ, सेभ द चिल्ड्रेन र प्लान इन्टरनेशनल जस्ता संस्थाहरूले 'बाल सहभागिता' भनेको बालबालिकाहरूको उच्चतम हितका लागि उनीहरूको उमेर, क्षमता, रूची, इच्छा र परिवेशअनुसार कुनै पनि पारिवारिक, सामाजिक तथा अन्य विकासका क्रियाकलापले उनीहरूलाई असर पार्ने कुरा छ भने ती सबैमा आफ्ना विचारहरू (सकारात्मक या नकारात्मक) व्यक्त गर्नेदेखि या निष्कर्ष निकाल्ने कार्य वा निर्णय लिनेसम्मको प्रक्रियामा भाग लिने विधि हो भनेर परिभाषित गरेका छन् ।

**बाल सहभागिताको मौलिक सिद्धान्तलाई हामीले ख्याल गरेमा निम्न कुरा पाउँछौ**

**(क) स्वतन्त्र अभिव्यक्ति :** कुनै पनि बालबालिकाले आफ्नो उमेर, आवश्यकता, परिवेश तथा परिपक्वताको आधारमा स्वतन्त्र रूपले विचार, ज्ञान, अनुभव, सिप, तर्क आदि कुरा अभिव्यक्त गर्न पाउने र उनीहरूको कुरा सुनिने हुनु पर्छ ।

(ख) **भय रहित वातावरण :** बालबालिकाहरूले कुनै पनि धम्की, दवाव तथा डरमा नपरिकन आफ्ना सकारात्मक तथा नकारात्मक कुरालाई भन्न, लेख्न, वा अरू कुनै माध्यमद्वारा व्यक्त गर्न पाउनु पर्छ । याहाँ डर भन्नाले शारीरिक तथा मानसिक दुवै कुरामा लागू हुन्छ ।

(ग) **सुसुचित हुने अधिकारः** बालबालिकाहरूले यदि समयमा आवश्यक सूचना नपाएमा उनीहरूले के के कुरामा आफ्ना विचार राख्ने हो कसरी राख्ने हो थाहा हुँदैन र सहभागिता राम्रो हुँदैन । बालबालिकालाई सूचना दिने परिपाटि तयार भएको हुनु पर्छ ।

(घ) **समान अवसर वा बिना भेदभाव :** बाल सहभागितालाई प्रवर्द्धन गर्नका लागि कुनै पनि कारणले कसैलाई पनि वञ्चित गरिनु हुँदैन । उदाहरणका लागि अपाङ्गता, भौगोलिक परिवेश, धर्म, जातजाति, महिला, धनी तथा गरिव आदि । बालबालिकाले पनि यदि अरूलाई भेदभाव गर्न थाल्ने हो भने आफूले को सङ्ग सहभागिता गर्ने त ?

(ङ) **उच्चतम हित :** बाल सहभागिताले बालबालिकाको उच्चतम हितलाई सँधै ख्याल गर्न पर्छ । हुन त यस्लाई अर्थपूर्ण सहभागिताको नाम पनि दिइएको छ । बालबालिकाले भनिहालेका हुन् भन्दैमा सबै कुरा जायज हुन्छ भन्ने हुँदैन । तर उनीहरूलाई तर्क सङ्गत ढङ्गले सम्झाउनु पर्छ ।

## ७. बाल सहभागिताको बुझाई

त्यसैले कति वयस्क तथा सिनियर अधिकारी, राजनीतिज्ञ, शिक्षकहरूले पनि बाल अधिकारको कुरा गर्न लागेमा बालक्लब त गठन गरेका छन् भनेर बताउने गर्नुहुन्छ । तर बाल सहभागिता त साध्य वा लक्ष्य नभएर यो त लक्ष्यमा पुग्ने एउटा साधन, प्रक्रिया तथा प्रणाली हो । बाल सहभागिता मैले त गएको बुधबार वक्तृत्वकला प्रतियोगितामा भाग लिएको हो अब भयो भन्ने हैन कि त्यो अनुभवलाई अझ परिमार्जन गरी अरू विषय वा क्षेत्रमा पनि बढाउँदै लाने भाषा, बोली, अन्तरव्यक्ति सम्बन्ध, अरूप्रति गरिने आदर, विश्लेषण गर्न सक्ने क्षमता, विषयगत दक्षता बढाउँदै जानुपर्छ भने अरूलाई पनि सहभागी हुनका लागि सहयोग गर्दै जानुपर्छ । शिक्षा क्षेत्रमा कसरी बाल सहभागिता बढाउने भनेर अलमल भएमा पनि महासन्धिको सहयोग लिन सकिन्छ । शिक्षासम्बन्धी धारा २८ र २९, स्वास्थ्य सेवासम्बन्धी धारा २४, अपाङ्ग बालबालिकासम्बन्धी धारा २३, शरणार्थी बालबालिकासम्बन्धी धारा २२, बाल संरक्षणसम्बन्धी धारा १९, बाल मजदुरका बारेको धारा ३२, लागू पदार्थको दुरूपयोगसम्बन्धी धारा ३३, यौन शोषणसम्बन्धी धारा ३४, बेचविखनसम्बन्धी धारा ३५ जस्ता धाराहरूलाई टेकेर हामी बाल सहभागितालाई प्रवर्द्धन गर्न सक्दछौं ।

संसारका बालबालिका लागि हामीले यति दूरदर्शी, बौद्धिक तथा स्पष्ट निर्देशन सहितको महासन्धिका रूपमा विश्व दस्तावेज पाएका छौं । म फेरी पनि ती महान् विद्वानहरू जसले संसारका बालबालिकालाई मन, मस्तिष्क, हृदयमा राखेर यति राम्रो दस्तावेज निकालेकोमा धन्यबाद दिन चाहन्छु । आज यसैका आधारमा यति धेरै कानून, अनुसन्धान, तालिम पुस्तिका, बहस, विश्व विद्यालय तथा कलेजमा पाठ्यक्रम, पुस्तक, बाल अधिकारमा दक्ष मानव श्रोतको विकास भएकोछ । बाल अधिकार विषयमा पि. एच. डि. गर्ने गरी कोर्सहरू बनेका छन् ।

## ८. बाल सहभागिताका लागि विधि तथा टुल्सको विकास

१९९० पछि विद्यालयहरूमा सेभ द चिल्ड्रेन (यु. के., यु. एस. ए. तथा जापान), प्लान नेपाल तथा रेडबर्ना नेपालले भाइबहिनी कार्यक्रमलाई नै बाल समूहमा (बालक्लब) रूपान्तरण गरेर स्वास्थ्य र शारीरिक शिक्षामा सहभागी बनाउने चाँजोपाँजो मिलाउदै गए । बाल सहभागिता त भनिन्छ तर के विषयमा बाल सहभागितालाई उत्प्रेरित गर्ने, कुन विधिबाट सहभागी हुन आह्वान गर्ने, औजारहरू के के छन्, कसरी बालबालिकासँग उपयोग गर्ने, सबै जना नयाँ भएकाले अलमल धेरै भयो । सुरूसुरूमा त बालबालिका तथा शिक्षकहरूलाई, सहजकर्तालाई नै बाल अधिकार के हो, यो किन, महासन्धिले के के भनेको छ भनेर भाषागतरूपमा र विषयको गहिराइमा पुग्नलाई सेभ द चिल्ड्रेनका, रेडबर्नाका, प्लान नेपालका तथा युनिसेफका कर्मचारी साथीहरूलाई समय लाग्यो । बाल सहभागितालाई भन्दा पनि बाल अधिकारका विषयमा बढी जनचेतना फैलाउने काम भयो । बाल अधिकारका बारेमा छलफल गर्ने क्रममा केही विधि र टुल्सहरू प्रयोग गर्न लागिएको थियो । नेपालमा एक्सनएड् नेपालले गाउँका समुदायलाई विकास कार्यमा सहभागी गराउनका लागि पि. आर. ए. (सहभागितामूलक ग्रामीण लेखाजोखा) को प्रयोग र अभ्यास गरेर अनुभव बटुलेको थियो । बालबालिकासँग पनि तिनै विधि र औजारमध्ये छनौट गरेर बालबालिकालाई सहभागी बनाउन थालियो । सिन्धुली जिल्लामा एक्शन एडले लिसनिङ्ग टु स्मलर भ्वाइसेस अध्ययनमा विभिन्न टुल्स उपयोग गरेर बालबालिकाको विचार, चाहना, चुनौती, सिप, ज्ञान आदिको विश्लेषण गर्नका लागि बालबालिकालाई नै सहभागी बनाइएको थियो । यस्ले बालबालिकालाई सहभागी बनाउने टुल्सको परीक्षण पनि गर्न पाइयो ।

यसैगरी सन् १९९५ मा सेभ द चिल्ड्रेनले बाल केन्द्रित सहभागिता मूलक अध्ययन गर्न भनेर दिल्लीमा दुइ चरणमा गरेर २० दिनको

प्रशिक्षण दिनुका साथै सहभागीलाई अध्ययन गर्न लगाएको थियो । यसबाट पनि अरू टुल्सको उपयोग र परीक्षण गर्ने मौका पाइयो । यति बेलासम्म त संसारका विभिन्न देशबाट विधि, तरीका पनि आदान प्रदान हुनथाले । नेपालमा पनि सेभ द चिल्ड्रेन (युके) ले १९९५ मा बाल केन्द्रित सहभागितामूलक अध्ययनको तालिम सञ्चालन गरेर मानवश्रोतको विकास गर्ने मौका पायो । यति बेलासम्ममा त टुल्सको झोला नै बनेको थियो । यिनमा अभिनय, सामाजिक नक्शा, आवत जावत नक्शा, शरीरको नक्शाङ्कन, लेखन विधि, परिवारिक रूख, बस यात्रा, वादविवाद, धकल्ने र तान्ने तत्वको विश्लेषण, खेल, दौँतरी छलफल, स्नोबलिङ्, कथा, अपूरो कथा, समूह छलफल आदि प्रयोग गरिएको थियो । यी टुल्सको प्रयोग गर्दा विभिन्न सामग्रीको पनि उपयोग गर्न सिकाइयो । बाल सहभागिताका लागि विधि, सामग्री र टुल्सको परीक्षण भएपछि त स्थानीय शिक्षक, गैर सरकारी संस्थाका कर्मचारीलाई प्रशिक्षण दिएर व्यापक परिचालन गर्न लागियो । विद्यालय र समुदायमा गठन भएका बालकलबका सदस्यलाई बाल सहभागिता केमा र कसरी गर्ने भन्ने कुरामा प्रशिक्षण पनि शुरू भयो ।

बाल सहभागिताको क्षेत्रमा नेपालले अरू देशको अगाडि निकै फड्को मारेको थियो । एक हिसाबले त नेपालले धेरैलाई बाल सहभागिता सिकाउने थलोको रूपमा चिनियो भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल सहभागिताका गोष्ठी, प्रशिक्षण, सेमिनार, अनुसन्धान पनि यहिं हुन थाले । अझै व्यापक बनाउनका लागि सन् २००० मा बाल सहभागिताका लागि कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) को स्थापना भयो र हालसम्म पनि बाल सहभागिताका लागि सहजीकरण प्रशिक्षण, तालिम निर्देशिकाको उत्पादन तथा वितरण गर्दै आएको छ । यद्यपी बाल सहभागिता र बालक्लब एक आपसमा पूरक शब्दका रूपमा लिइएको छ ।

## ९. शैक्षिक संस्थामा बाल सहभागिता

वयस्क शिक्षक, प्रशासक, नीति निर्माणकर्ता, न्यायीक व्यक्तित्व र अभिभावकहरू त आफै पनि "खुकुरीभन्दा कर्द लाग्ने बाबुभन्दा छोरा जान्ने/आमाभन्दा छोरी जान्ने" (आमा छोरीको कुरा लेखकको विचार) भन्ने भनाइमा हुर्केको समूह हो । सायद संसारका छोरा छोरीहरू बाबु आमाभन्दा जान्ने हुँदै नगएको भए संसारको विकास यति उचाइमा पुग्ने थिएन । कर्दको पनि उस्को आफ्नै परिवेशको महत्त्व र मान्यता छ । छलफल र सहभागिता भन्दाबढी निर्देशित विचारमा हुर्केकाले आफूले पनि बालबालिकालाई उस्तै परिवेसमा राख्न चाहने हुनाले सहभागितामा संलग्न गराउन अलि कठिन छ । बालबालिकाको क्षमता त उनीहरूले जानेको कुराबाट के जानेका छन् भनेर सुरू गर्नुपर्छ जब कि हामीहरूको संस्कारमा त बालबालिकाले केही पनि जान्दैनन् भन्ने लाग्छ र उनीहरूको विचार राख्न पनि दिइदैन । तथापी हामी सबैको लामो प्रयासमा बाल सहभागिता प्रति केही चेतना र अभ्यासको उपयोग भएकोछ ।

नेपालमा बाल सहभागिताको प्रवर्द्धन तथा अभ्यास गर्ने सामुहिक तथा औपचारिक थलो भनेको विद्यालय नै हुन् । सन् १९९० को र २००० को दशकमा झण्डै सबै खालका निकायहरू जसले बालबालिकालाई केन्द्रविन्दुमा राखेर काम गरेका थिए आइ. एन. जि. ओ., यु. एन., अन्तर्राष्ट्रिय विकास संस्थाका साझेदार संस्था, एन. जि. ओ. सरकारी निकाय, नेपाल रेडक्रस, अभिभावक विहिन बालबालिकालाई आश्रय दिने संस्थाआदि सबैले बालक्लबको गठन गर्न प्रेरित गर्ने गरेको पाइन्छ । यसमा पनि कति त विषयगत काम गर्ने संस्थाहरूले जस्तै वातावरण संरक्षण, एच.आइ.भि.एड्सले, चेलिबेटी बेचविखन, बालश्रम, कमैया मुक्ति, कमलरी मुक्ति, घरेलु कामदार, मनोरञ्जन क्षेत्रमा संलग्न बालबालिका पनि किशोर किशोरीलाई सङ्गठित गरेर सहभागिताको प्रवर्द्धन गर्न लागे । साच्चै भन्ने हो भने नेपालमा कति बालक्लब खुले त भन्ने आँकडा यकिन छैन । अनुमानितरूपमा २२,००० जति खुलेको कुरा हुने गरेको हुन्छ तर पनि दिगो भए/नभएको थाहा भएन ।

विद्यालयमा खोलिएका बालक्लबहरूले विभिन्न स्तर र तहमा बाल सहभागितालाई सक्रिय बनाउँदै आफ्नो पनि क्षमताको विकास गर्दै आएका छन् । यिनका अनुभवहरूलाई मनन गरेर कतिपय ठाँउमा समुदाय स्तरमा पनि बालक्लबको स्थापना तथा सञ्चालन भएकाथिए तर सहयोगी पक्षबाट तिनिहरूलाई पूर्ण सहयोग, सहजीकरण तथा अनुगमन हुन नसकेकोले क्रियाशील हुन सकेनन् र विचैमा बन्द भए । सरकारी विद्यालयहरूमा यति धेरै बालक्लबको स्थापना भएता पनि निजी विद्यालयहरूमा बाल अधिकारका लागि बालक्लबको सुरूवात भएन, अरू कसैको सहयोग पनि भएन । धेरै पहिला तनहुँ जिल्लाको दमौलीमा बालिकाको लागि सुरक्षित क्षेत्र भन्ने कार्यक्रमअन्तर्गत सरकारी विद्यालयमा कार्यक्रम सञ्चालन भएको थियो र एउटा निजी विद्यालयमा कार्यक्रम शुरू गरियो । दोश्रो पटकको कार्यक्रममा प्रधानाध्यापकले अबदेखि नआउनु किनकि तपाईंहरूको अधिकारमुखि कार्यक्रमले बालबालिकाको अनुशासन भङ्ग भयो । अनि हामीले कार्यक्रम बन्द गऱ्यौं । तर केही निजी विद्यालयमा अरू समितिहरू बनाएर विभिन्न क्रियाकलाप गरेको पाइन्छ ।

विद्यालयमा बालबालिकाहरूले कुनै संस्थाको सहयोगमा समावेशी बालक्लबको (वयस्ककै संरचनामाः अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सह-सचिव र दुइ देखि चार जना साधारण सदस्य) गठन गर्ने चलन ज्यादै चल्यो । यसक्रममा सदस्यहरूलाई बाल अधिकार, बाल संरक्षण, नेतृत्व विकास सिप विकासमा प्रशिक्षण, विद्यालयमा सहयोगी क्रियाकलापको व्यवस्थापन, पालिका

स्तरमा सञ्जालको निर्माण, वयस्कका औपचारिक संरचनामा प्रतिनिधित्व गराउने गरिन्थ्यो ।

### १०. प्रारम्भिक बाल विकास र बाल सहभागिता

शिक्षामा प्रारम्भिक बाल विकास कक्षा सरकारी तथा निजी विद्यालयमा तीन, चार वर्षका साना साना बालबालिकालाई सिकाउँदा प्रणाली नै सहभागितामूलक खालको छ । खेल सामग्री, कथा, गीत, नाचगान गर्दै बालमैत्री तरिकाबाट सक्रिय सहभागिता गर्न लगाइ उनीहरूको संस्कार, संचार गर्ने तरिका, उत्सुकता जगाउने, साथी बनाउने, स्वस्थकर बानीमा परिवर्तनगरी आत्मविश्वास बढाएको छ । सेतो गुँरास जस्ता गैरसरकारी संस्थाले व्यपक रूपमा बाल विकासका लागि सहजकर्ताको प्रशिक्षण गरेर साना बालबालिकाको सहभागिता सुनिश्चित हुने गरी योगदान पुऱ्याएकोछ । कतिपयमा त बाल विकासका विद्यार्थीलाई प्राथमिक तहमा गएपछि कठिन हुन्छ किनभने फेरि निर्देशित सिकाइमा पर्छन् । अर्थात् सिकाइको तरिकामा फरक पर्न जान्छ ।

### ११. शैक्षिक क्षेत्रमा भएको बाल सहभागिताबाट भएका परिवर्तनहरू,

#### ११.१. व्यक्तिगत योग्यता अभिवृद्धिमा सहयोग

बालक्लबका सदस्यहरूले आफू समूहमा आइसकेपछि इज्जतका लागि पनि विषयगत पढाइमा ध्यान दिन थालेको, मेहनत गर्न मन लाग्ने भएको बताएका छन् । पढाइमा, होमवर्क गर्न पनि एक आपसमा छलफल गर्ने बानी पर्न थालेको छ । क्लबमा संचालन हुने जीवन उपयोगि सिपको तालिममा सहभागी हुनाले अरूसङ्ग कुराकानी गर्ने, सम्बन्ध बढाउने, नरम हुने समस्या पत्तालगाउन र समाधान गर्न, उचित सम्झौता गर्न, निर्णय गर्ने सिप विकास गर्न, आफ्नो संरक्षण आफै गर्न, सम्वेग को व्यवस्थापन गर्न, व्यवहार परिवर्तन गर्न तथा नेतृत्व विकास गर्न सिकाइएको छ । शिक्षकसँग प्रश्न गर्न, समूहमा छलफल गर्न हिम्मत बढाएको छ । विद्यालय भित्र तथा बाहिर सरसफाइमा पालै पालो संलग्नता, कक्षा कोठामा डस्टविनको उपयोग, विद्यालयमा शिक्षक तथा विद्यार्थीका लागि आचार संहिता सहभागितामूलक तरिकाले बनाउनु, पालना गरेको नगरेको अनुगमन गर्ने बानी बसेको छ । बालक्लबले नै अतिरिक्त क्रियाकलाप संचालन गर्ने, नयाँ नयाँ खबर राखेर भित्ते पत्रिकाको प्रकाशन गर्ने, अरूलाई पनि समाचार लेख्न उत्प्रेरित गर्ने गर्न थालेका छन् । सहभागी हुन विद्यालयमा अरूलाई पनि उत्प्रेरित गर्ने , पढाइमा कमजोर भएकालाई आफूह प्रारम्भिक बाल विकासले पढ्नमा सहयोग गर्ने, स्कूल आउनलाई अभिप्रेरित गर्ने, कपि कलम, किताब वितरण गर्ने, गरिव विद्यार्थीलाई छात्रवृत्तिको लागि सिफारिस, विद्यालय भर्नामा जनचेतना जगाउने जस्ता काममा संलग्न हुन थालेका छन् ।

#### ११.२. जन चेतना अभिवृद्धिमा योगदान

बालबालिकालाई दिइने बाल अधिकार तथा बाल संरक्षणको तालिमले गर्दा विद्यालयमा शिक्षा पाउने अधिकार सबैको हो मान्यताको विकास भएको छ । कहिंकतै छोरीहरूलाई विद्यालयमा पठाउनु भएन भने समूह मिलेर ती बालिकाको घरमा गएर आमा बाबालाई मनाएर ती बालिकालाई पढ्ने अवसर दिलाइएको धेरै उदाहरण छन् भने, अपाङ्गता रहेका बालबालिका प्रति पनि सकारात्मक व्यवहार गर्न उत्प्रेरणा पुगेको छ । सबै बालबालिकासँग केही न केही भिन्न भिन्न सिप, ज्ञान छ भन्ने मान्यता बढेको छ र समूहमा कामगर्ने परिपाटि बढेकोछ । भेदभाव र लैंङ्गिक हिंसामा छलफल गर्न लागेका छन् भने किशोरीले पनि आ-आफ्ना विषयमा जस्तै महिनाबारी, बाल विवाह, प्रजनन स्वास्थ्यमा खुलेर छलफल गर्ने गरेको उदाहरण छन् । विद्यालयमा बालिकाको लागि अलग्गै शौचालय हुनु पर्छ भनेर पैरवी गर्न किशोरहरू नै अघि सहरेका छन् र व्यवस्थापन समितिलाई दवावदिने बनाउन लगाउने गरेका छन् । विद्यालयमा बुलिङ्गका बारेमा छलफल गर्ने र यसको न्यूनीकरणमा योगदान पुऱ्याउने गर्न थालेका छन् । कति विद्यालयमा बाल संरक्षण समिति गठन भएका छन् । उनीहरूले कुनै घटना भएमा रिपोर्ट गर्ने गरेकाछन् ।

त्यस्तै गरेर बालक्लब सञ्जालका सदस्यहरूले सरकारका तर्फबाट तयारगर्ने बाल अधिकारको आवधिक प्रतिवेदन तयार गर्दा सहभागी भएर आफ्ना विचारहरू राख्ने गरेका छन् । यसले प्रतिवेदनको मान्यता बढाएको हुन्छ । उनीहरूले गैर सरकारी संस्थाले तयार गर्ने वैकल्पिक प्रतिवेदनको तयारीमा पनि योगदान पुऱ्याएकै छन् । बाल सञ्जालका प्रतिनिधिहरूले बलबालिकाको क्षेत्रमा गरिने अध्ययन, अनुसन्धानमा पनि भाग लिएर निकै राम्रा योगदान गरेकाछन् र विभिन्न निकायबाट उनीहरूसँग विचार विमर्श गर्ने परिपाटी र मान्यता बढेको छ । यस्ले गर्दा बृहत रूपमा बालक्लबले बाल अधिकार संबन्धी सिकाइमा सहभागिता जनाउने मौका पाएकाछन् ।

#### ११.३. सामाजिक विकासमा बालबालिकाको योगदान

सामाजिक कुरिति हटाउन बाल विवाह, छुवाछुत, लैंङ्गिक हिंसा, बेचबिखन विरूद्ध सडक नाटक गरेर जनचेतना फैलाउने काममा बालबालिका सक्रिय छन् । गाँउ टोलमा सरसफाइ गर्ने, वृक्षारोपणमा भागलिने, रितिरिवाजलाई जीवन्तता दिन सबै धर्म, जातजातिका चाडबाडमा भागलिने, द्यौसीभैलो खेलेर आर्थिक सङ्कलन गर्ने र त्यो पैसाले विभिन्न सामाजिक काम गर्ने,

बालबालिकालाई शैक्षिक सामग्रीको वितरण गर्ने जस्ता काममा पनि बालबालिका लागेका छन् । पानीका मुहानहरू सरसफाई गर्ने, बाटोघाटो मर्मत गर्ने जस्ता सामाजिक काममा पनि बालबालिकाले सहभागिता जनाउँदै आएछन् । बालमैत्री स्थानीय शासनका टोल, वडाको कार्यक्रममा भाग लिने आफ्ना विचार राख्ने काममा बालबालिका पछि परेका छैनन् । बालबालिका लागि राष्ट्रिय योजना बनाउने प्रक्रियामा पनि बालबालिका सहभागी हुने गरेकाछन् । विभिन्न समिति जस्तै शिक्षक अभिभावक समिति, विद्यालय व्यवस्थापन समिति, वडा समिति जस्ता समितिहरूमा पनि उनीहरूको प्रतिनिधित्व रहने गरेको छ । सञ्जाल निर्माण गरेर सिकाइलाई आदान प्रदान गर्ने र माथिल्ला निकायमा बालबालिकाका मुद्दामा पैरवी गर्ने काममा पनि बालबालिकाको सक्रियता बढेको देखिन्छ ।

## १२. निष्कर्ष

माथिको विश्लेषणबाट गएका तीन दशकमा शैक्षिक सिकाइका क्रममा बालबालिकाको सहभागिता उल्लेख्य रूपमा बढेको पाइन्छ र बालबालिकाको योगदानको सह्राहना पनि भएको छ । यस समयावधीमा थुप्रै बालबालिकाहरू यू.एन. सभा लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय सभा समारोहमा भाग लिएर आफूले आर्जन गरेका अनुभव आदान प्रदान गरिसकेका छन् । बालबालिकाको यस स्तरको सहभागिता नेपालको लागि गौरवको कुरा हो ।

यद्यपी शैक्षिक गतिविधिमा बाल सहभागितालाई अझ बृहत गराउनका लागि र सबै बालबालिकालाई समान अवसर दिलाउनका लागि निजी विद्यालयलाई बाल अधिकारसम्बन्धी गतिविधिमा समावेश गराउन जरूरी छ । यसैगरी बालक्लबबाट बालबालिका सहभागी गराइँदा कार्यकारी सदस्यहरूको पहुँच बढी हुने र साधारण सदस्यहरू निरूत्साहित हुने स्थितिको अन्त्यका लागि सहभागिताको अवधारणालाई सहि ढङ्गले बालबालिकाबीच पुऱ्याउनु आवश्यक छ ।

## सन्दर्भ सामग्रीहरू


१. बाल अधिकारसम्बन्धी महासन्धि १९८९
२. बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८, नेपाल सरकार, स्थानीय विकास मन्त्रालय
३. स्थानीय निकाय एवम् समुदाय स्तरमा बाल सहभागिता प्रवर्द्धन तथा बाल संरक्षणको लागि सहयोगी पुस्तिकाः नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, वर्ल्ड भिजन इन्टरनेशनल नेपाल
४. बाल सहभागिता प्रवर्द्धनका लागि सहभागितामूलक विधिहरूको सङ्गालोः बाल सहभागिताका लागि कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम)
५. Never too young, by Judy Miller, Save the Children
६. Ending Corporal Punishment of children, Making it Happen; Save the Children
७. Training of Facilitators on Children, Citizenship and Governance: Save the Children
८. सजाय रहित शिक्षण सिकाइतरिकासम्बन्धीशिक्षकतालिमकार्यक्रम : प्रशिक्षक प्रशिक्षण निर्देशिकाः नेपाल सरकार, शिक्षातथा खेलकुदमन्त्रालय, शैक्षिकजनशक्तिविकास केन्द्र र सेभ द चिल्ड्रेन
९. Learning to work together, A Handbook for Managers on Facilitating Children's Participation in Action to address Child Labour: Regional working Group on Child Labour 2003
१०. नेपालको सम्विधान (२०७२)
११. बालबालिकासम्बन्धी कानून २०७५, नेपाल
१२. बालबहस, बाल सहभागिताका लागि कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम)
१३. The Political Participation of Children, Edited by Rakesh Rajani August 2000
१४. A report on world fit for children 8-10 may 2002. UN assembly.
Extracts from The Children's Clubs of Nepal: a democratic experiment
Jasmine Rajbhandary, Roger Hard and Chandrika Khatiwada
१५. The Children's Clubs of Nepal: A Democratic Experiment 2 October 2001
२०२० जुन १६, १२.२५ पि. एम्.


(लेखक बाल अधिकार अभियन्ता तथा कन्सोर्टियम नेपालको सल्लाहकार हुनुहुन्छ ।)

## बाल सहभागिताका लागि हिजोका क्षमता अभिवृद्धि तालिमहरू, उपलब्धि र सिकाईहरू


जियम श्रेष्ठ

### बल सहभागिता

संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९ ले बालबालिकाको भावनाको कदर हुनु पर्ने कुरालाई सिद्धान्तको रूपमा अङ्गिकार गर्दै केही धाराहरूबाट यस कुरालाई प्रश्ट्याएको देखिन्छ । खासगरी महासन्धिको धारा १२ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूसँग सम्वद्ध विषयमा स्वतन्त्र रूपले आफ्नो विचार व्यक्त गर्न पाउने व्यवस्था राज्यपक्षले गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ । साथै बालबालिकाका विचारलाई उनीहरूको उमेर र परिपक्वता अनुसार उचित मान्यता दिइनेछ भन्ने कुरा पनि त्यहाँ उल्लेख छ । यस प्रयोजनको लागि बालबालिकालाई असर गर्ने कुनै पनि न्यायीक वा प्रशासनिक काम कारवाहीमा सम्बन्धित राष्ट्रिय कानुनमा भएका प्रावधान बमोजिम प्रत्यक्ष रूपमा वा प्रतिनिधिद्वारा वा कुनै उपयुक्त निकायद्वारा विशेषतः सुनुवाई हुने अवसर प्रदान गरिनेछ भन्ने मर्म त्यहाँदेखिन्छ । साथै धारा १३ मा अभिव्यक्तिको स्वतन्त्रता, धारा १४ मा विचार, विवेक र धर्मको स्वतन्त्रता, धारा १५ मा सङ्गठनसम्वन्धी स्वतन्त्रता, धारा १६ मा गोपनीयताको हक र धारा १७ मा सूचनासम्बन्धी हकले बालबालिकाको सहभागिताको सम्पूर्ण अधिकारलाई परिभाषित गरी तिनलाई अधिकारका रूपमा सुनिश्चित गरिएको छ । वास्तवमा बाल सहभागिता प्रजातान्त्रिक अभ्यासको आधार हो र यसले प्रजातन्त्र र नागरिक स्वतन्त्रताको अनुभूति दिलाउँछ ।

### नेपालमा बाल सहभागिता र बाल सहभागितामा कार्यरत संस्थाहरूको साझासमूह (कन्सोर्टियम) को शुरवात

नेपालमा बाल सहभागिताको कुरा यहि बेलादेखि शुरू भयो भनेर किटान गर्न कठिन छ । तैपनि मोटामोटीरूपमा बालबालिकाका लागि काम गर्ने संघसंस्थाहरूले बालबालिकाका लागि काम गर्ने क्रममा बालबालिका एक आपसमा (CHILD-TO-CHILD) को शुरूवात १९८९ तिरबाट भएकोदेखिन्छ । पछि बाल अधिकार महासन्धिको घोषणा पश्चात् यसले गति लिएकोदेखिन्छ । पछि, नेपालमा १९९७ तिर यसको व्यापक प्रचार प्रसार भयो । १९९७ मा युनिसेफको पहलमा ग्राजिना बोनाटीले सहजकर्ताहरूका लागि तालिमको आयोजनागर्दा कन्सर्न नेपालको तर्फबाट मैले पनि भाग लिने मौका पाएको थिएँ भने उहाँ सँगै बालचेतना समूहलाई सहजीकरणमा सहयोग गर्ने जिम्मेवारी पाएको थिएँ । रोजरहार्टको सहभागिताको भऱ्याङ्, ग्यारी ल्यानसडाउनका सिद्धान्तहरू र अनुसन्धानमा बाल सहभागिता र तिनका भनाई कसरी लिने भनेर लागेका जुडिथ इन्यू लगायतको प्रभाव नेपालको बाल सहभागिताको आन्दोलनमा देखापर्न थालेको थियो । नेपालमा रोजरहार्ट लगायत चन्द्रिका खतिवडा र जास्मिन राजभण्डारीको टिमले १९९७/१९९८ मा गरेको बालक्लव सर्भेक्षण महत्त्वपूर्ण मानिन्छ । यसै रिपोर्ट सँगसँगै तत्कालिन अवस्थामा कन्सोर्टियमलाई हुर्काउने काममा पीटर डिक्सन, नूपुर भट्टचार्य, विजय सैजू, प्रकाश कोइराला, चन्द्रिका खतिवडा, गौरी प्रधान, माधव प्रधान, जास्मिन राजभण्डारी, उदयलक्ष्मी प्रधानाङ्ग, शकुन्तला सुब्बा आदिको महत्त्वपूर्ण योगदान रहेकोछ । सन् २००० पछि बाल सहभागिताका लागि दक्षिण एशियाली टास्कफोर्स र यसले बाल सहभागिता अभिवृद्धिको क्षेत्रमा पुऱ्याएको योगदान पनि स्मरणीय छ । यस टास्कफोर्सले २००० र २००६ मा क्रमशः मा कोलम्बो र काठमाडौंमा सहजकर्ताहरूका लागि तालिमको आयोजना गरेको थियो । त्यस दक्षिण एशियाली तालिममा सहयोगीको रूपमा कामगर्ने मौका पनि पाएको थिएँ ।

त्यस्तै कन्सोर्टियमको तर्फबाट बाल सहभागिता र बालक्लवका सहजकर्ताहरूको तालिमको सवालमा शुरूमा नेतृत्व गर्नु हुने प्रकाश कोइरालाज्यू लगायतको टिम र त्यसमा हाम्रो पुस्ताका धेरै साथीहरूले शुरूदेखि नै सहयोगीको भूमिका निभाउँदै आएका थिए । बाल सहभागिता र बालक्लब सहजीकरणसम्बन्धमा क्षमता अभिवृद्धिका लागिको सो तालिम प्याकेज वास्तवमा नै प्रभावकारी सिद्ध भयो र लोकप्रिय बन्दै गयो ।

### तत्कालिन अवस्थामा बल सहभागिता प्रवर्द्धनको आवश्यकता

समुदाय तथा राज्यका बिभिन्न तहमा बालक्लवको प्रचार प्रसार हुँदै गएपनि बालबालिकालाई परिवर्तनका बाहकको रूपमालिएर काम गर्न थालेपछि मात्र सहभागितामा वृद्धि भएको मान्न सकिन्छ । यसरी एकातिर बाल सहभागिता अवधारणाले मान्यता पाउन थाल्यो भने अर्कातिर बालबालिकालाई साना वयस्कको रूपमा प्रयोग गरिने जोखिम पनि त्यत्तिकै बढ्न थाल्यो । बालक्लवलाई सहभागिताको दायरामा कसरी समाहित गर्ने भन्ने समस्या भने रहिरह्यो । बालक्लबलाई प्रयोग गर्ने तर त्यसलाई सहि तरिकाले नबुझ्ने परम्परा थियो । परिवारको अवस्थाका बारेमा जानेर वा नजानिकन नै बालबालिकालाई सहभागिता गराउने, काममा लगाउने, आवश्यकता अनुरूप सहयोगीको रूपमा प्रयोग गरी यो सामाजिकीकरणको चरण भनेर पन्छिने परंपरा पनि यदाकदादेखिन

थालेको थियो । वयस्कको फाइदाको लागि हो भने सहभागिता गराउने तर फाइदा नहुने कुरामा सहभागिताको कुरा बिर्सने चलन हामीकहाँ छ । त्यसैले बाल सहभागिताको प्रवर्द्धन आवश्यक छ । बालक्लव तथा सहभागितालाई प्रवर्द्धन गर्न सहजकर्ताहरू हुने तर उनीहरू सक्षम भएनन् भने बालबालिकालाई उनीहरूको अधिकार, उनीहरूको कर्तव्य, बाल सहभागिताको विषयसम्बन्धी ज्ञानमा फरक बुझाई भएमा आशातीत उपलब्धि हासिल हुन नसक्ने कारणले सहजकर्ताहरूका लागि आवश्यक सिप उपलब्ध गराउन सकेमा बालक्लबको क्षमतामा अभिवृद्धि हुने र बाल सहभागिताको विषयलाई सरोकारवालाहरू माझ प्रतिस्थापित गर्दै लानसकिने भएकोले कन्सोर्टियमले सहजर्ताहरूका लागि तालिमको शुरूवात गऱ्यो । धेरै वर्षसम्म यो प्रक्रिया निरन्तर अगाडि बढ्यो र थुप्रै सक्षम जनशक्ति तयार पनि भयो । यो जनशक्तिले बाल सहभागिता अभिवृद्धिमा राम्रो भूमिका खेल्यो । बाल सहभागितालाई व्यवहारमा ल्याउन बालबालिकाहरूको समूहले एउटा माध्यमको भूमिका खेल्यो । विकासमा सहभागिताको आवश्यकता महसुस भैरहेको राम्रो अवसरका बेलामा बालबालिकाहरूको संरक्षणका लागि स्वपैरवी गर्नका लागि र समाजमा परिवर्तनकारी भूमिका निभाउनका लागि बालबालिकाको सहभागिता र उनीहरूको क्लबलाई राम्रो माध्यमको रूपमा स्वीकार्न थालियो । यसले बाबालबालिकाका दविएका आवाजहरू प्रस्फुटित गर्न टेवापुग्यो ।

**बाल सहभागिता अभिवृद्धिका लागि सहजीकरणको सवाल**

बाल अधिकारका लागि कार्यरत संस्था तथा विद्यालयहरूले बाल सहभागितालाई प्रवर्द्धन गर्दै लाने क्रममा एकरूपता र सहिमार्ग अत्यावश्यक छ । बाल सहभागिताका व्यावहारिक पक्षलाई सैद्धान्तिक पक्षसँग जोडेर घर परिवारदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बाल सहभागितालाई जोड्दै तिनका विचार तथा धारणाको कदर गर्न सहजीकरणले धेरै भूमिका खेल्ने कुरा निर्विवाद छ । खास गरी बालक्लबको सङ्गठनात्मक विकास प्रक्रियालाई अगाडि बढाउन र निश्चित अवस्था पश्चात् आफै सक्षम बनाउँदै लानेक्रममा सहजकर्ताको भूमिका अति महत्त्वपूर्ण हुन्छ । बालक्लबबाट बिस्तारै बाल सहभागिताका आयामहरूमा आफ्नो पाइला अगाडि बढाइ यसलाई मूर्त रूप दिनेकार्यमा बालबालिकाका समूहलाई सक्षम बनाउन आवश्यक छ । खासगरी अभ्यासका पहिलो चरणमा स्वयम् बालबालिका तथा वरिपरिका वयस्कलाई यो विषयमा जानकारी गराउन र अभ्यासमा ल्याउन पनि त्यत्तिकै आवश्यक छ । त्यसपछि सैद्धान्तिक विषयमा ज्ञान दिलाउन, अधिकारका बारेमा सजग बनाउन सचेत बनाउन र आफ्नो अधिकार र कर्तव्यलाई गहन रूपमा बुझ्न र बुझाउनसक्ने बनाउन पनि सहजकर्ताको सहयोग चाहिन्छ । सहजकर्ताले सहजीकरण गर्ने क्रममा के सहजीकरण गर्ने, कसरी सहजीकरण गर्ने, बालबालिकालाई सहजीकरण गर्दा थप के कुरामा ध्यान दिने भन्ने विषयमा प्रष्ट हुन आवश्यक छ । आफ्ना धारणा लाद्ने बानी त्यागेर आफू तटस्थ बसेर आएका वैकल्पिक उपायहरूबाट उपयुक्त छान्न सरल बनाई बालबालिकालाई निर्णय गर्न दिएर सहकार्य गर्नु पर्ने हुन्छ । यस कामका लागि ज्ञान र सिपको अति नै महत्त्व रहन्छ । त्यसमाथि बालबालिकासँग मिलेर सकजीकरण गर्नुपर्ने भएकोले बालबालिकाको कुरा बुझ्ने र बालबालिकाका कुरा सुन्न झर्को नमान्ने र घुलमिल हुन सक्ने गुण हुन पनि आवश्यक छ । यी बिभिन्न कारणले गर्दा सहजकर्तालाई सहजीकरण सिप आवश्यक छ । त्यसका साथै सहजीकरण सिपका लागि तालिम आवश्यक छ । कन्सोर्टियमले आफ्नो स्थापनाकालदेखिनै सहजकर्ताहरूको क्षमता अभिवृद्धिका लागि समर्पित हुंदै आएको छ । अहिलेको अवस्थासम्म आउँदा बाल सहभागिताका लागि थुप्रै बालबालिकाहरूले यसको अभ्यास गर्दा गर्दै अब तिनिहरू धेरै जना वयस्क भै सकेको र बाल सहभागिताका लागि कामगर्न सक्ने अवस्थामा पुगेकोछ ।

**बाल सहभागिता अभिवृद्धिका लागि क्षमता विकासको आवश्यकता र तालिम सञ्चालन**

नेपालमा बाल अधिकारका क्षेत्रमा संलग्न संस्थाहरूले बाल अधिकारको विषयलाई अगाडि लाने क्रममा बाल सहभागितालाई पनि महत्त्वपूर्ण पाटोको रूपमा लिने गरिन्छ । यसैक्रममा बालबाबालिकाका क्लबहरूलाई सहयोग गरिरहेका संस्थाका सहजकर्ताहरूको क्षमता विकास अत्यावश्यक थियो । यसैलाई ध्यानमा राखेर कन्सोर्टियमले आफ्ना साझेदार संस्थाहरूको अनुभव र सिकाइलाई एकत्रित गर्दै बालक्लबलाई अगाडि बढाउँदै बाल सहभागिताको वृद्धि गर्न सहजकर्ताहरूको क्षमता विकास आवश्यक भएको महसुश गरेर तालिमको शुरूवात गरियो । धेरै वर्षसम्म यस कामलाई निरन्तरतादिने प्रयास गरियो र धेरैहदसम्म सफल पनि भयो । यसबाट बालबालिकाहरूसँग प्रत्यक्ष रूपमा कामगर्ने जनशक्तिको क्षमता वृद्धिमा टेवापुग्यो र बालक्लवको गुणस्तरमा पनि टेवापुग्यो । यसले बालक्लबको स्थायित्वमा समेत सकारात्मक टेवापुग्यो र यसबाट बाल सहभागिता र खास गरी बाल संरक्षणका लागि बाल सहभागिताको धारणाको विकास भयो ।

**बाल सहभागिता श्रोत संस्थाको रूपमा कन्सोटियमको अभियान**

वास्तवमा बाल सहभागितालागि कार्यरत संस्थाहरूको साझा समूह कन्सोर्टियमको उद्देश्यलाई नियाल्ने हो भने यसको एउटा महत्त्वपूर्ण उद्देश्य नै यस क्षेत्रमा रहेका जनशक्तिलाई तालिममार्फत सशक्त गराउने रहेकोछ ।

बाल सहभागिताकानिमित्त कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) ले आफ्नो स्थापनाकालदेखि नै आफ्ना सदस्य संस्थाहरू तथा त्यहाँ कार्यरत सहजकर्ताहरूको क्षमता अभिवृद्धिका लागि सहजीकरण सिप तालिम सञ्चालन गर्दै आइरहेको थियो । पछिल्ला केही समय खासगरी २०१२ पश्चात् भने सहजकर्ता तालिम भन्दापनि समग्र बाल सहभागिताको अभ्यासमा समय बितेकोदेखिन्छ । यसरी तालिममा सहभागीभएका सदस्यहरूले बालक्लवको सहजीकरण लगायत समुदायमा बाल सहभागिता अभिवृद्धिका लागि थप क्रियाशील हुन मद्दत पुऱ्याएको छ । धेरै समूहलाई प्रदान गरेको तालिमले थुप्रै बालबालिकाहरूको समूह निर्माण तथा घर, विद्यालयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहसम्म, बाल सहभागितालाई पुऱ्याउन धेरैहदसम्म सफल भएको छ । हाल बालक्लबको संख्या २३ हजारभन्दा बढी भैसकेको अवस्था छ ।

कन्सोर्टियमले तयार गरेका तालिम प्राप्त युवाहरूको एक समूहले "बाल सहभागिताकानिमित्त राष्ट्रिय स्रोत व्यक्तिहरूको समूह (एनआरपिजि)" को स्थापना भएकोछ । यसै समूहको पहिलो पाइला स्वरूप यसले २०१२ मा कन्सोर्टियमले आयोजना गरेको सहजीकरण सिप तालिमको सहजीकरण सफलतापूर्वक सम्पन्न गरेको थियो । यो पहिलो प्रयासले एनआरपिजिको आगामी यात्राका निमित्त गोरेटो खनेकोछ र विश्वास छ कि यो गोरेटो एउटा फराकिलो बाटोमा गएर जोडिनेछ ।

**बाल सहभागिता अभिवृद्धिका लागि नयाँ अवसरहरूको खोजिमा वर्तमान अवस्था**

वास्तवमा नेपालको संविधानको धारा ३९ (३) ले बालबालिकाको सहभागिताको हक सुनिश्चित गरिसकेको अवस्था छ । यसबाट बालबालिकाको अभिव्यक्तिको फँाट फराकिलो हुंदै गइरहेको पनि छ । त्यस्तै बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई प्रभावपार्ने विषयमा परिवार, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागिहुने अधिकार हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ । यसै गरी सोही ऐनको दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तरगत प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ भन्ने उल्लेख गरिएको छ । त्यस्तै धारा १० मा पनि संस्थाखोल्ने र शान्तिपूर्वक भोला हुनपाउने अधिकार अन्तरगत बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेलाहुने अधिकार हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ । यसै धाराको उपदफा २ को (१) को बुँदामा बालक्लब तथा संस्था खोल्नेसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था छ । यसरी बाल अधिकारका कुरा अब कानूनद्वारा नै स्थापित हुनपुगेको अवस्थाछ । यसरी कानूनी दायरामा आउनु सकारात्मक मान्न सकिन्छ । बालमैत्री स्थानीय शासनको प्रावधानले केही स्थानीय तहमा अभ्यास गर्नेप्रयास पनि नभएको होइन । तर पनि सहभागितालाई परिस्कृत गर्ने ठाउँ र सचेत हुने ठाउँ समेत अझै प्रसस्त बाँकिछ ।

नयाँ राजनैतिक परिवेशमा स्थायी प्रकृतिको सरकार सबैको आशाको विषय हो । हामीले त्यो पाएका पनि छौं तर अझै देशमा धेरै कुराको तालमेल मिल्न सकेको छैन । यसको प्रभाव बाल सहभागितामा पनि परेको अवस्था छ ।

बालबालिकाले संविधान र कानूनतः पाएको हक र अधिकारलाई स्वस्फूर्त रूपमा प्रणाली भित्रै विकास गर्दै लान आवश्यक छ । तर व्यवहारमा त्यो कहिले सम्भव होला भनेजस्तो अवस्था छ । पहिला बनिसकेका बाल संरक्षण संरचना र त्यस भित्र सञ्चालनको प्रयास गरिएका प्रणाली भत्किएको तर नयाँ संरचनामा जिम्मेवार निकाय कुनहो त, कहाँकहाँ छन त भन्ने कुरा अझै अन्यौल नै भई रहेको अवस्थाले गर्दा बाल अधिकार र बाल सहभागिताका कुरामा अब धेरै काम गरिसक्यौ अब हामी ढुक्क छौं भन्न सकिने वातावरण अझै अनुभव गर्न पाएका छैनौं । यसले गर्दा कन्सोर्टियम जस्ता बाल सहभागितामा कार्यरत सञ्जालको जिम्मेवारी अझै थपिएको छ । नत्र बालबालिकाको अधिकार, संरक्षण र सहभागिता जस्ता विषयलाई अब कानूनमाआई सक्यो, जिम्मेवारी सकियो सबै कुरा स्थानीय निकायले गरिहाल्छ भनेर सोच्दै सबैले बिर्सिने पो होकि भन्ने डरभै रहेकोछ । किनकि धेरै स्थानीय निकायका पदाधिकारीहरूको आसयमा आफ्नो क्षेत्रको विकास गर्नु पर्छ र विकास भनेकै निर्माण हो भन्ने धारणा छ । विद्यालयहुना साथ बालबालिकाका सबै समस्या टरिहाल्छ भन्ने खाले सोच पनि बढ्दै गएको पनि देख्नसकिन्छ । त्यसैले बाल सहभागिताको अभिवृद्धिको सवाल अझै पनि ओझेलमा परिरहेको पाइन्छ । हुने खानेका बालबालिकाहरूकोलागि पनि सहभागिताको विषय आवश्यक छ, उनीहरू पछाडि छन् भन्ने कुरा धेरैको चासोको विषयमा पर्दैन । झन् निमुखा र गरिब वस्तीका न्यून आय भएका परिवारका बालबालिकाका कुरा गर्ने हो भने स्थिति अझै गम्भीर छ । भरखरै बिभिन्न तहको बजेट घोषणा भयो । यस प्रक्रियामा कति बालबालिकालाई समावेश गरियो उनीहरूको आवाज सुनियो त भन्ने कुरा खोतल्ने हो भने त्यति सन्तोषजनक अझै पाइएको

अवस्था छैन । त्यस्तै यस विषयमा कति बजेट बालबालिका र उनीहरूको सहभागिताका लागि विनियोजन गरियो भनेर खोतल्ने हो भने त्यति आशाजनकदेखिंदैन । त्यसैले बाल सहभागिता अभिवृद्धि तथा सहजकर्ताहरूको क्षमता अभिवृद्धिको सवाल झन् आवश्यक हुनगएको छ ।

**केही नयाँ अवसरहरू**

बालबालिकाकानिम्ति कार्यरत संस्थाहरूको साझा समूह कन्सोर्टियमले आफ्नो मूल उद्देश्यलाई बिर्सिन हुंदैन । तर पैरवीको विषय समय सापेक्ष फरक भएर जानेहुंदा पुराना एजेन्डामा श्रोत पाईदैन । श्रोत व्यवस्थापन कसरी गर्ने भन्ने चुनौती सँधै रहन्छ । त्यसैले समय सुहाउँदो तरिकाले बाल सहभागिता अभिवृद्धि गर्ने प्रयास गरिरहनु आवश्यक छ । देश अहिले कोरानाको कहरमा जकडिएको आवस्था छ । सामाजिक दूरी जीवनको एउटा महत्त्वपूर्ण हिस्सा बन्न गईरहेको छ । बन्दाबन्दीले घर भित्र थुनिन वाध्य छौं । यस परिस्थितिमा बाल सहभागिताको विषयलाई पनि नयाँ ढङ्गले सोचेर कोरोनाको कहर पछाडि बाल सहभागिताको उपाएमा ध्यानदिनु पनि त्यतिकै आवश्यक छ ।

बाल सहभागिताको मर्म अनुसार के कुरा बाल सहभागिता भित्र पर्दछन् कुन कुरा पर्दैनन् भन्ने विषयमा पनि प्रष्ट हुन आवश्यक छ, सहजकर्ताहरू । केही बालक्लबका भाइ बहिनीहरूले हामीले २० लाखको प्रस्तावना गाउँपालिकालाई दिएको तर पासै गरेन भन्ने खालका गुनासो आउन नदिन सहजकर्ताले के गर्नु पर्दछ, भन्ने जस्ता विषय पनि आजको दिनमा सान्दर्भिक हुन सक्छ । तर आजभोलि यी समस्याहरू हटाउन बाल सहभागिताका न्यूनतम मापदण्डका कुरा पनि आइरहेको अवस्था भएपनि त्यसलाई व्यवहारमा उतार्न अझै थप ध्यान दिन आवश्यक छ । यस्तो परिवेशमा अबका दिनमा बाल सहभागिता अभिवृद्धि तालिममा कन्सोर्टियमको भूमिका अझै महत्त्वपूर्ण हुने कुरा निर्विवाद छ ।

**कन्सोर्टियमलाई केही सुझावहरू**

१. बाल सहभागिताको मूल मर्मलाई बुझेर व्यवस्थाभएका नीतिलाई लागू गर्न सरल हुनेगरी स्थानीय तहमा बालक्लबहरू सञ्चालनमा टेवापुग्ने गरी सहजकर्ताको तालिम आयोजना गर्ने ।
२. उपत्यकाबाट टाढा हुनेलाई काममा पनि समस्यान पर्नेगरी लागत पनि कम भएपुग्ने किसिमले विशेष मोडुलहरूबाट अनलाइन तालिमहरू सञ्चालन गर्ने ।
३. समय सापेक्षरूपमा प्रविधिको प्रयोग गर्न छुट्टै बाल सहभागितासम्बन्धी जानकारी दिने खालका, सहजीकरणमा सहयोग पुऱ्याउनसक्ने खालका याप्स् (APS) को निर्माण गर्ने र यसको प्रयोग कर्ता बढाउन प्रयास गर्ने ।
४. कन्सोर्टियमलाई प्रविधिमूलक एउटा श्रोत संस्थाको रूपमा उपलब्धभएका समग्रीहरूलाई यलष्लिभ मा उपलब्ध गराउने ताकि सहजकर्ता लगायत अरू सरोकारवालाहरू समेत लाभान्वित हुन सकियोस ।
५. बालक्लब कहाँ कुन अवस्थामा छ भन्ने थाहा पाउन सकिनेगरी प्राविधिक संस्थाहरूसँग सहकार्य गरी स्ट्रीट म्यापिङ्गको व्यवस्था गर्ने र सहजकर्ताहरूको लागि अनुभव पोख्ने थलोको विकास गर्ने ।
६. बाल सहभागिताको कुरासँगसँगै बाल अधिकार तथा बाल संरक्षण पनि सँगै आउने हुंदा यसलाई व्यवसायिक रूपमा नै यो विषय सिकाउने सहजकर्ता तयार गर्ने थलोको रूपमा परिस्कृत गर्दैलाने र त्यसमार्फत नै कुनै अमुक संस्थाको सहजकर्ता मात्र नभई जिज्ञासु सबैलाई सिकाउन सक्ने व्यवस्था जस्ता कार्यहरू गर्न आवश्यकदेखिन्छ ।

(लेखक बाल अधिकार अभियन्ता तथा कन्सोर्टियम नेपालको पूर्व अध्यक्ष हुनुहुन्छ ।)

## बाल सहभागिता नीतिगत व्यवस्था र व्यवहारिक अभ्यासका अनुभवहरू



मिलन धरेल

बाल अधिकारको सैद्धान्तिक मार्गदर्शन नै बालबालिकाको जोखिमता र बालबालिकाको क्षमताको विचमा सन्तुलित व्यवस्था कायम गर्नु हो । यद्यपी बाल अधिकार महासन्धि १९८९ को अनुमोदनको ३० वर्ष बितिसक्दा पनि बाल अधिकार संरक्षण तथा सम्वर्द्धनको प्रणालिगत व्यवस्थाका कैयन् प्रयासहरू भए पनि अधिकांश ती प्रयासहरू बालबालिकाको जोखिमता र बालबालिकाको क्षमतविचको सन्तुलनलाई व्यवस्थित गर्ने कार्यमा भने अन्यौलमै रहेको देखिन्छ । यसबाट नेपाली बाल अधिकार तथा बाल सहभागिता र बाल संरक्षण अभियानहरू पनि अछुतो रहेको छैन ।

नेपालले बाल अधिकार महासन्धि अनुमोदन गरेको राष्ट्रिय राजनीतिक परिस्थतिले यसको कार्यान्वयन व्यवस्थालाई निर्देशित गरेको देखिन्छ । ३० वर्षीय निरंकुश पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दै राजासहितको बहुदलीय प्रजातन्त्र प्राप्त गरेको उक्त परिवर्तन उदारबादी लोकतन्त्रका पक्षधर शक्ति (काँग्रेस) हरू तथा साम्यबादी समाजबादी सामाजिक रूपान्तरणका पक्ष लिने कम्युनिष्टहरूको सहकार्यमा सञ्चालित संयुक्त जनआन्दोलनको उपलब्धि रहेको थियो । विश्व कम्युनिष्ट आन्दोलनले पाइरहेको असफलतासँगै विश्वभर उदारबादी अझ नवउदारबादी राजनीतिक र आर्थिक प्रणालीहरू बलियो भइरहेका थिए । नेपालमा पनि संयुक्त जन आन्दोलन पछिको अन्तरिम सरकारको प्रतिनिधित्व तत्कालिन उदारबादी प्रजातन्त्र पक्षका नेपाली काँग्रेसका सन्त नेता कृष्णप्रसाद भट्टराई र सामाजिक क्षेत्रको जिम्मेवारी सोही पक्षका शेख इद्रिसले लिनुभएको थियो ।

उदारबादी व्यवस्थाले नागरिक र राज्यविचको सम्बन्धलाई राजनीतिक र सम्प्रभुत्ताको सम्बन्ध नमानी उपभोक्ता र सेवाप्रदायक (Client -Traders) सम्बन्धको रूपमा बुझ्ने गर्दछ । २०४६ को परिवर्तन र त्यसपश्चात् निर्वाचित सरकारहरू लगातार नवउदारबादी नेतृत्वमै लामो समय रहेको सन्दर्भमा २०४८ मा तयार गरिएको बालबालिकासम्बन्धी कानून कल्याणकारी दृष्टिकोणबाट बन्नु अस्वभाविक थिएन । अझ निरंकुश पञ्चायती प्रशासन प्रणालीबाट शिक्षित, दिक्षित तथा अभ्यस्त कर्मचारीतन्त्रले, जसले आफूलाई राजाको सिन्दुर लगाएको मान्थ्यो, नागरिकलाई रैतीभन्दा माथि राखेर स्वीकार्न नसकेको सन्दर्भमा बालबालिकालाई नागरिक स्वीकार्ने र उनीहरूको नागरिक, राजनीतिक अधिकारको संरक्षण गर्ने कानूनी व्यवस्था गर्ने अपेक्षा गर्न सकिने सम्भावना नै थिएन । परिणामतः नेपालको बालबालिकाको हित गर्न बनेको ऐन २०४८, बिल्कुलै बालबालिकाको लागि कल्याणकारी ऐन रह्यो भने, उक्त ऐनले बालबालिकाको नागरिक हैसियत, ब्यक्तित्व र हुर्कदो क्षमतालाई स्वीकार्ने राष्ट्रिय नीति बन्न सकेन । २०४८ को बालबालिकासम्बन्धी ऐनले बालबालिकाको सहभागितालाई स्वीकार गर्न सकेन भने अर्कोतर्फ परिवार, शिक्षक वा बालगृहहरूलाई बालबालिकाको सर्वाधिकार प्राप्त संरक्षकको रूपमा स्वीकार गर्दै बालबालिकालाई परिवार वा संरक्षकको नियन्त्रणमा रहन सक्ने सम्पत्तिको रूपमा स्थापित गरिदियो ।

२०४८ को राजनीतिक परिवेशको अर्को पक्षमा भने विकास परियोजनाहरूबाट सहायता प्राप्त गर्दै खुला परिवेशमा बालबालिकाको समूह गठन गर्ने र ती समूहहरूलाई सामाजिक सचेतना तथा परिवर्तनको पक्षमा परिचालन गर्ने कार्यहरूमा गैरसरकारी संस्थाहरू लागिपरे । नवउदारबादी, समाजबादी, उदारबादी वा विभिन्न राजनीतिक सोचबाट निर्देशित विकास सहायताहरूले बालबालिकाको क्षेत्रमा गरिने लगानीमा पनि बालबालिकाको सक्षमता, सहभागिता र संलग्नतालाई गैससहरूको आंङ्कि निकायको रूपमा प्रवर्द्धन र स्थापित गर्ने गरी नै सहायताहरू परिचालन गरे । यसरी २०४६देखि २०५६सम्मको परिस्थितिमा बाल सहभागिता गैससहरूको विकास योजना र विषयहरूका सामाजिक सन्देशबाहक समूहकै रूपमा परिचालित भए । बाल सहभागिताको कार्यान्वयन मूलतः बाल समूहहरू निर्माण गर्ने, विषयगत प्रशिक्षणहरू दिई विषयगत रूपमा परिचालन गर्ने र बाल समूहहरूलाई निश्चित संस्थाहरूको वर्गीय संस्थाको रूपमा विकास गर्ने अभ्यासहरू ब्यबहारमादेखिए । एकातर्फ राष्ट्रिय कानून बालबालिकाको नागरिक हैसियतलाई अस्वीकार गर्ने, अर्कोतर्फ विकास परियोजनाहरू बालबालिकालाई आवद्ध समूहको रूपमा परिचालन गर्ने प्रतिस्पर्धामा बालबालिकाको स्वतन्त्र पहिचान र संस्थागत पहिचानका सवालहरू छायाँमा परे ।

नवलपरासीमा स्थापित जागृत बालक्लब र यसका सदस्यहरूले तिलोत्तम पौडेलको नेतृत्वमा बालबालिकाको राजनीतिक र नागरिक अधिकारको दाबी गर्दै बालबालिकाको सङ्गठनको कानूनी स्वीकार्यतालाई अदालतमै खोज्न पुगेपछि, बाल अधिकारकर्मीहरू, शासनप्रणाली, विकास साझेदार तथा अन्य सरोकारवालाहरू माझ बालबालिकाको सङ्गठन स्वतन्त्रता र नागरिक अधिकारको बहस सृजना भयो । सर्वोच्च अदालतको बालबालिकाको सङ्गठन स्वतन्त्रताको संरक्षण र कानूनी स्वीकार्यताको पक्षमा मिति २०५८ श्रावण २५ (९ अगस्ट, २००१) मा भएको बालसमूहहरूको सूचिकरण गर्न गरेको फैसलाले कानूनी रूपमै बालबालिकाको नागरिक र स्वतन्त्र पहिचानलाई स्थापित गर्ने कार्य गऱ्यो ।

वि. सं २०५२ मा शुरू भएको माओवादी सशस्त्र विद्रोहले मुलुकले नचिनेका भूगोल, नागरिक र अस्वीकार गरेका सवालहरू (समावेशिता, संघीयता, स्थानीय स्वायत्तता) लाई राष्ट्रिय पहिचान र बहसमा ल्याउँदै थियो भने अर्कोतर्फ सशस्त्र द्वन्द्वको मूल्य भर्खरै स्थापित हुँदै गरेको बालबालिकाको नागरिक हैसियत, राज्यसँगको नागरिक सम्बन्धहरूलाई टुटाउँदै पनि थियो । २०५७/५८ पश्चातको समयमा अधिकांश ग्रामीण भेगहरूमा बालक्लब र बाल समूहका कार्यक्रमहरू निषेधित वा स्वनिषेधित भइसकेका थिए भने, राज्यका निकायहरू क्रमश : सदरमुकाम केन्द्रीत भइरहँदा नयाँ पुस्ताका बालबालिकाले राज्यका निकायसँगको आफ्नो स्वतन्त्र सम्बन्ध गुमाउँदै गइरहेका थिए । सशस्त्र द्वन्द्व र शाही निरंकुशता चरम बिन्दुमा पुग्दा बाल समूहहरू लगभग बन्द भइसकेका वा संघ संस्थाका परियोजना प्रतिवेदनका सूचीहरूमा नै सीमित भइसकेका थिए । नेपाली बाल अधिकार तथा बाल सहभागिताको आन्दोलनका लागि २०५७देखि २०६३सम्मको अवधी लगभग शून्य समयको अवधीको रूपमा रहेको मान्न सकिन्छ ।

२०६२।६३ को दोस्रो जनआन्दोलनको सफलताले नेपालको राजनीतिक प्रणाली र नागरिक राज्य सम्बन्धलाई उपभोक्ता र सेवाप्रदायक (Client-Traders) बाट पुनः एकपटक राजनीतिक सम्बन्धमा रूपान्तरण गरिदियो । सिँगो राजनीतिक परिवर्तनसँगै बालबालिकाको राज्यसँगको सम्बन्धको हैसियतमा पनि रूपान्तरण आयो । परिणामतः अन्तरिम संविधानले पहिलोपटक स्पष्ट रूपमा बालबालिकाको अधिकारलाई संवैधानिक रूपमा नै सुनिश्चित गर्‍यो । यद्यपी उक्त संवैधानिक व्यवस्था पनि बालबालिकाको सभागिता र स्वतन्त्र नागरिक हैसियतभन्दा पनि मूलतः बाल संरक्षण, बाल बञ्चितिकरण र विभेदका अभ्यासहरूप्रति प्रतिकार्यमुखी व्यवस्था नै रहेको पाइन्छ ।

२०६६देखि शुरू भएको बालमैत्री स्थानीय तह अभियानले बालबालिकालाई राज्यप्रणालीसँग स्वतन्त्र पहिचानसहित जोड्ने कार्य गर्न सफल भयो । यसले प्रशासन तथा नीति निर्माणका तहमा रहेका ब्यक्तिहरूमाफ पनि बालबालिकाको क्षमता र उनीहरू केवल परिचालन हुने समूह होइनन् बरू स्वतन्त्र नागरिक हैसियत भएका नागरिकहरू हुन् भन्ने मान्यतालाई जबर्जस्त ढङ्गले स्थापित गरिदिएको छ । यद्यपी पछिल्ला दिनहरूमा बालमैत्री अभियानमा बाल सहभागिता प्रणालीको एक अनिवार्य चलनको रूपमा मात्र लिइँदा बाल सहभागिताको लगानी र उपलब्धिहरू माथि भने प्रशस्तै पश्न चिन्हहरू खडा भएकाछन् ।

संरचनागत प्रणालीबाट निर्देशित भएका प्रशासन, नीति निर्माता र बाल अधिकारकर्मी तथा विकासे संस्थाहरूले बाल सहभागितालाई पनि एक संस्थागत संरचनागत प्रणालीमै सीमित गरी बुझ्ने प्रवृत्तिले गर्दा बाल समूहलाई पनि औपचारिक संस्थागत प्रणाली, शक्ति प्रतिस्पर्धा, पदीय प्रतिस्पर्धा जस्ता अभ्यासमै अल्फाउने खालका नीतिहरू बनाउने र लागू गर्ने कार्यहरू भए । बाल समूहका जिल्ला र राष्ट्रिय सञ्जालहरू बनाउने, यस्ता सञ्जालहरूको गठन हुँदा पदीय प्रतिस्पर्धाका लागि गलत क्रियाकलाप, भ्रष्टाचार तथा विकृतिहरूलाई अभ्यास गर्ने, बाल सञ्जालका नेतृत्वहरू उच्च पदीय मान मर्यादा खोज्ने र सोही अनुरूप अराजकता देखाउने कार्यहरूका साक्षी नेपाली बाल अधिकार आन्दोलन बन्न पुग्यो । यस किसिमका अभ्यासहरूबाट गुज्रिएका बालबालिकाहरू आज पनि निषेधको राजनीति, अराजकता तथा शक्ति प्रतिस्पर्धामा नै बढी चासो राख्ने र संलग्न हुने गरेको पाइन्छ । बाल सहभागिताको अभियानमादेखिएको यस किसिमका मुलभूत कमजोरीहरूको एकीकृत परिणाम पछिल्ला दिनहरूमा भएको पाइन्छ । यसरीदेखिएका नकारात्मक परिणामका कारण बाल सहभागिताबाट प्राप्त अभूतपूर्व उपलब्धिहरू, हजारौं बालबालिकामा भएको सकारात्मक सोच र ब्यक्तित्वको विकास, स्थानीय सामाजिक विकासमा आएका रूपान्तरणकारी परिवर्तनहरू छायाँमा पर्न गएकोदेखिन्छ र सडक लोकप्रियताबाद (Street Populism) प्रवृत्ति हावी हुँदै गएको देख्न सकिन्छ ।

नेपालको संविधान (२०७२) ले पहिलोपटक नेपाली बालबालिकाहरूको स्वतन्त्र नागरिक हैसियतलाई राष्ट्रको सर्वोच्च कानूनमै स्वीकार गर्दै प्रत्येक बालबालिकालाई सहभागिताको हक हुने कुरा सुनिश्चित गरेको छ । यसै संवैधानिक व्यवस्थाका आधारमा बनेको बालबालिकासम्बन्धी ऐन २०७५ ले विगतका ऐनहरूभन्दा कैयन प्रगतिशील व्यवस्थाहरू उल्लेख गरेको छ । बालबालिकाको अधिकार विशेष गरी बालबालिकाको सहभागिताको अधिकारलाई बृहत्तर र संश्लेषित गरी सङ्गठन खोल्ने स्वतन्त्रता, सूचना प्राप्त गर्ने हक, सुनवाइको अधिकार, गोपनियताको अधिकार तथा बालबालिकाको कर्तब्यका रूपमा स्पष्ट उल्लेख गरेको छ । सर्वोत्तम हितको व्यवस्था, बाँच्न पाउने, पहिचान र नामको अधिकारका साथै भेदभाव विरूद्धको अधिकार जस्ता अधिकारहरूको व्यवस्था गरी बालबालिकाको सहभागिताको अभ्यासलाई सुनिश्चित गर्न कानूनी आधारहरू नै सुनिश्चत गरेको छ ।

बदलिएको राजनीतिक शासन व्यवस्था, दृष्टिकोण र क्षमता आदिका आधारमा परिस्थितिको बस्तुगत विश्लेषण गर्दै आगामी दिनमा बाल सहभागिताका नितिगत ब्यवस्था र अभ्यासहरूलाई पनि रूपान्तरण गर्दै लैजानु जरूरी छ । विगतका अनुभवहरूबाट सिक्दै बालबालिकाको सहभागिताको अभ्यासलाई आगामी दिनमा रूपान्तरणमुखी ढङ्गले सञ्चालन गर्न निम्न कार्यहरू अगाडि बढाउन उपयुक्त हुन्छ :

- बालबालिकाको सङ्गठन स्वतन्त्रतालाई कानूनी रूपमा सुनिश्चित गर्दै स्थानीय तहमार्फत उनीहरूको सङ्गठनको कानूनी पहिचान र अभिलेखिकरण सुनिश्चित गर्ने व्यवस्था गर्ने ।

- बालबालिकाको सहभागिता (सूचना प्राप्त गर्ने, निर्णय प्रभावित गर्ने र विचारको सुनवाइको हक) लाई खुला रूपमा असँगठित बालबालिकाका लागि पनि उपलब्ध हुन सक्ने गरी प्राविधिक, कार्यक्रमिक तथा नीतिगत व्यवस्था गर्ने ।
- बालबालिकाको सङ्गठन दलीय, संस्थागत वा अन्य कुनै पनि दृष्टिबाट वर्गीय इकाइको रूपमा लिने, प्रयोग गर्ने र विकास गर्ने कार्यलाई पूर्ण निषेधित गर्न कानूनी र नितिगत व्यवस्था गर्ने ।
- बालबालिकाको सङ्गठन र सँगठित परिचालन तथा सहभागिता शान्तिपूर्ण, मर्यादित, विधिको शासनलाई स्वीकार गर्ने, लोकान्त्रिक र सहिष्ण तथा बहुलबादी रूपमा अगाडि बढाउन विद्यमान तालिम, प्रशिक्षण तथा सचेतना सामाग्रीहरूमा परिमार्जन गर्ने ।
- बालबालिकाको सहभागिता केवल सृजनात्मक, र कलात्मक कार्यका लागि मात्र नभइ राष्ट्रिय एकता, सामाजिक रूपान्तरण, समृद्धि तथा समाजबादी व्यवस्थाका पक्षमा संलग्न गराउन आवश्यक सैद्धान्तिक वैचारिक अभियानलाई बालबालिकाहरूमाझ तीब्र बनाउने ।
- सूचना प्रविधि (विशेष गरी इन्टरनेट र अनलाइन) को पहुँच र प्रयोग तथा यससँग जोडिएका जोखिमतालाई सन्तुलित ढङ्गले सम्बोधन गर्ने व्यवस्था गर्ने ।
- गोपनियताको हकलाई बालबालिकाको आधारभूत अधिकारको रूपमा विकास गर्ने ।
- बालबालिकाको कर्तव्य, सामाजिक र पारिवारिक दायित्वबोध, विद्यालय तथा अन्य बालबालिकाहरूप्रतिको कर्तव्य र असल संस्कार अभ्यासलाई प्रवर्द्धन गर्न स्थानीय अभियानहरू सञ्चालन गर्ने ।
- बालबालिकाहरूविच देशभित्रै, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सञ्जालीकरण, अनुभव आदानप्रदान जस्ता अभ्यासहरूलाई कार्यक्रमिक रूपमा अगाडि बढाउने ।

बाल सहभागिता परियोजना सञ्चालनको माध्यममात्र होइन, वा विकास योजनाको एक चरण मात्र होइन, यो असल नागरिक उत्पादन गर्ने एक महत्त्वपूर्ण सामाजिक राजनीतिक प्रक्रिया हो भन्ने कुरालाई हामी सबैले आत्मसात् गर्न जरूरी छ ।

(लेखक बाल अधिकार अभियन्ता तथा कन्सोर्टियम नेपालको पूर्व अध्यक्ष हुनुहुन्छ ।)

# बाल इजलास गठन गर्ने अभियानका केही अनुभवहरू

शिव पौडेल

कानूनको विद्यार्थीको बालन्यायसँगको सम्बन्ध अपराध शास्त्र वा कानूनको अध्ययनबाट हुने गर्दछ । हामीले पढ्दा त्रिभुवन विश्वविद्यालयको कानून सङ्कायमा बालन्याय छुट्टै विषयका रूपमा थिएन । तर अपराध कानून, खासगरी मुलुकी ऐनको दण्ड सजायसम्बन्धी व्यवस्थामा र २०४८ सालमा जारी भएको नेपालको पहिलो बालबालिकासम्बन्धी ऐन, २०४८ मा बालबालिकालाई सजायमा छुट दिने व्यवस्थाहरू थिए । त्यसभन्दा बढि बालन्याय प्रणालीको बारेमा कुनै जानकारी मैले विद्यार्थीको रूपमा पाइन ।

मैले २०५५/५६ सालमा दिल्ली विश्व विद्यालयमा पढ्दा कानून सङ्कायमा बाल बिँज्याइ वा जुभेनायिल डेलिन्क्वेन्सीको पाठ्यक्रम देखेँ । मैले नजिकिने मौका पाएको प्रोफेसर वेद कुमारीले बाल बिँज्याईका बारेमा विद्यावारिधी गरेको र सो सम्बन्धमा पुस्तक पनि लेखेकाले त्यस बारेमा सामान्य जानकारी हासिल गर्ने मौका मिल्यो । अझ दिल्लीको एक स्थानमा भएको बाल थुनुवा गृहलाई बाहिरबाट हेर्दा यस भित्र कसरी व्यवहार गरिँदो हो भन्ने कौतुहलता रहि नै रह्यो । संयोग मान्नुपर्दछ, २०५५ (सन् १९९८ को शुरूआति तिर) मा नेशनल ल स्कूल, बैङ्गलोरमा जाँदा एलएलबी पढ्ने विद्यार्थीले जोडतोडका साथ बाल अपराधसम्बन्धी कानूनको मस्यौदामा छलफल गरेको देख्दा मलाई एकातर्फबाट विद्यार्थीहरूको हौसला, उनीहरूको विषयमा दखल वा दृष्टिकोणले प्रेरित गर्‍यो भने अर्कोतर्फ आफूले उक्त अभ्यासहरू नगरेकोमा पछुतो वा ग्लानीको अनुभव भयो ।

स्नातकोत्तर सकेपछि म प्रो पब्लिक (जनहित संरक्षण मञ्च) मा काम गर्न थालेँ । उक्त काम मूलतः लैङ्गिक न्याय र समानताको विषयमा थियो तर त्यसबेलाको प्रो पब्लिकमा जनहितसम्बन्धी मुद्दाहरू प्रशस्तै भएकाले विभिन्न विषयमा छलफल हुन्थ्यो । न्यायाधीशहरूकोबीचमा न्याय प्रभावकारीरूपले सम्पन्न गर्ने विभिन्न विषयमा छलफल हुँदा मूलतः महिला, बालिका र एकाध बालकका विषय पनि समेटिएका हुन्थे ।

यसैक्रममा काठमाडौं त्रिपुरेश्वरमा एक बाल श्रमिक साङ्लो सहित फेला पर्‍यो र त्यसको मुद्दामा सिविन-नेपालसँगै प्रो पब्लिक पनि सरिक भयो । उक्त मुद्दामा प्रो पब्लिकका तर्फबाट एकजना मित्र अधिवक्ताले प्रतिनिधित्व गर्नुभयो । यस घटनाक्रमबाट हामीलाई बालबालिकाको क्षेत्रमा केही गर्न पाए हुन्थ्यो भन्ने लाग्न थाल्यो । त्यसबेला पत्रपत्रिकाले छाप्ने एउटा समाचार भनेको प्रहरी हिरासत, थुना वा कारागारमा बालबालिकालाई राखे भन्नेसम्बन्धी विषय रहन्थ्यो । प्रो पब्लिकमा एक वर्ष काम गरेपछि म बालन्याय र अधिकारमा पूर्णकालिक काम गर्ने भएर सेभ द चिल्ड्रेनमा गएँ । त्यसबेला सेभ द चिल्ड्रेनले क्यापक्रन भन्ने संस्थासँग बालबालिकाको निमित्त कानूनी सहायता परियोजना सञ्चालन गरेको थियो, त्यसैगरी डेनिस सरकारको सहयोगमा सेलर्ड र काठमाण्डौं स्कूल अफ ल मा बाल न्यायसम्बन्धी अर्को परियोजना पनि सञ्चालित थियो । बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको रूपमा सिविन प्रख्यात थियो र सेभ द चिल्ड्रेनको साझेदार संस्था पनि थियो ।

बालन्यायमा राष्ट्रव्यापी काम गर्ने दृष्टिकोणले क्यापक्रनसँगको सहकार्यमा देशमा जहाँ जहाँ बालबालिकाहरूका मुद्दा छन् वा बालबालिका थुनामा छन् उनीहरूलाई तालिमबाट प्रारम्भ गरियो । उक्त तालिमको क्रममा कानून व्यवसायी मित्रहरू बालबालिका ऐन, नियमावली र बालन्यायसम्बन्धी संयुक्त राष्ट्रसंघीय मापदण्ड र अभ्यासहरूसँग अपरिचित भएको पाइयो । कानून व्यवसायीहरूको सभाले नेपाल सरकार वा सर्वोच्च अदालतले बाल इजलाससम्म भएपनि गठन गर्दा उपयुक्त हुने भन्ने राय पनि दियो । अब बाल इजलासका निमित्त सेभ द चिल्ड्रेनको प्रयास पर्याप्त थिएन । यसै समयमा काठमाण्डौं स्कूल अफ लको नेतृत्वमा बालन्यायको अन्तराष्ट्रियसम्मेलन भयो । उक्तसम्मेलनमा भाग लिने सरकारी वा न्यायिक निकायहरूले पुनः एकपटक बाल इजलास गठन गर्ने र बाल सुधार गृह स्थापना गर्ने कुरालाई दोहोर्‍याउनु भयो । यसबेलासम्म बब्लु गोडिया र केशब खड्काको मुद्दामा सर्वोच्च अदालतले बालसुधार गृह गठन गर्नु र अन्य केही मुद्दामा बालबालिकालाई हतकडी नलगाउनु आदि आदेशहरू सर्वोच्च अदालतबाट जारी भैसकेका थिए । त्यस्तै बालसुधार गृह स्थापनाका निमित्त यूसेप भन्ने संस्थाले अग्रसरता देखाएको थियो । यी सबै प्रयासहरूलाई एकसूत्रमा नबाँधेसम्म बालन्याय प्रणाली सुदृढ वा प्रारम्भ हुने अवस्था थिएन ।

बालइजलास गठन हुनुपर्दछ भन्ने विषयमा सर्वोच्च अदालत, तत्कालिन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा छलफल भयो तर अगाडि बढ्न सकेन । केन्द्रीय बाल कल्याण समितिका तत्कालिन कार्यकारी निर्देशकले अग्रसरता लिइसकेपछि बालन्यायको विषयमा मन्त्रालयमा समिति बनाएर अगाडि जाने तयारी प्रारम्भ भयो । पहिलो पटक दुईवटा समिति गठन गरेर अध्ययन प्रारम्भ गर्‍यौं । उक्त दुई समितिमा एउटा क्षमता अभिवृद्धिसम्बन्धी समिति थियो भने अर्को बाल इजलास गठनसम्बन्धी कार्यविधि बनाउने समिति थियो ।

सेभ द चिल्ड्रेनको न्यूनतम आर्थिक सहयोगले बाल न्याय कार्यविधि मस्यौदा र परामर्शको प्रारम्भिक काम अघि बढ्यो ।

उक्त मस्यौदा कार्यमा मूलतः भारतले अभ्यास गर्दै गरेको बालन्याय प्रणालीलाई आधार बनाइयो र संयुक्त राष्ट्रसंघले जारी गरेका मान्यताहरूलाई ठाउँ दिन प्रयास गरियो । उक्त कार्यविधि पारित गर्न विभिन्न सरकारी गौँडाहरूमा अधिकारीहरूलाई बुझाउँदै, सम्झाउँदै हिड्नुपर्ने बाध्यता थियो । विषय नयाँ थियो र इजलास, बालसुधार गृहको गठनले राज्यको ढुकुटीमा भार पार्दछ भन्ने धारणा ब्याप्त थियो (अझै पनि बालबालिका माथिको खर्चलाई व्ययभार बढाउने भनी हेय गरिन्छ) ।

बाल न्याय सम्पादन कार्यविधि जारी भयो । समितिहरूले क्षमता अभिवृद्धिसम्बन्धी प्रारम्भिक खाका तयार गरे तर मन्त्रालयले बजेट छुट्टयाउन सकेन । यसका निमित्त विकासका साझेदारबाट बजेट प्राप्त गर्नुपर्ने भयो । म आफै कार्यरत सेभ द चिल्ड्रेनले बजेट विनियोजन गर्न मानेन । तसर्थ, प्लान इन्टरनेशनलको सहयोगमा हामीले एउटा प्रस्ताव नर्वे सरकारमा पठायौं र केही श्रोत प्राप्त गऱ्यौं । बालबालिकासम्बन्धी ऐनले परिकल्पना गरेका इजलास गठनमा उक्त परियोजनाले प्रमुख भूमिका निभायो । तर, उक्त परियोजना सञ्चालन गर्न मैले सेभ द चिल्ड्रेनको जागिर छाडेर केन्द्रीय बाल कल्याण समितिमा जानु पर्ने भयो । उक्त अवस्थामा नयाँ मानिएको उक्त विषयमा विषयगत नेतृत्व लिने मानिस पाइएन । यसपछि सरकारी समितिको तर्फबाट मैले बालन्याय प्रणाली गठन गर्न सवै सरकारी निकायसँग मिलेर काम गर्ने अवसर पाएँ ।

सर्वोच्च अदालतले प्रत्येक जिल्ला अदालतका एक नम्बर वा सबैभन्दा बरिष्ठ न्यायाधीशलाई बाल इजलासको न्यायाधीश तोकिसकेको थियो तर न्यायधीशहरू, स्रेस्तेदार, फाँटवाला, सरकारी वकिल तथा कानून व्यवसायीहरूलाई बालन्यायका न्यूनतम विषयमा जानकारी दिन जरूरी थियो । पहिलो चरणमा दशवटा इजलासलाई नमूना इजलासको रूपमा लिएर अगाडि जाने सहमती भए अनुरूप सर्वोच्च अदालत फूलकोर्टबाट उक्त निर्णय पास गऱ्यो । राष्ट्रिय न्यायीक प्रतिष्ठानको नेतृत्वमा न्यायीक क्षेत्रका सरोकारवालाहरूको निमित्त तालिम पाठ्यक्रम बनाएर तालिम दिइयो । त्यसैगरी प्रहरी प्रधान कार्यालयसँगको सहकार्यमा प्रहरी कर्मचारीहरूलाई पनि तालिम दिइयो । बालमनोविज्ञ र सामाजिक कार्यकर्ता तयार गर्नु त्यतिबेलाको ठूलो चुनौती थियो । त्यसका निमित्त सामाजिक कार्यको स्नातक सञ्चालन गरिरहेको सेन्ट जेभियर्स कलेज थापाथलीसँगको सहकार्यमा दुई महिने सामाजिक कार्यको तालिम पाठ्यक्रम तयार गरियो भने त्रि.वि.का प्राध्यपक एवम् बालमनोचिकित्सक समेतको सहकार्यमा बालमनोविज्ञानको ६ महिने तालिम पाठ्यक्रम तयार गरेर भिन्न भिन्न संस्थाहरू मार्फत पहिलो चरणमा दश जिल्लामा बाल इजलासका निमित्त मानवश्रोत तयार गरियो ।

यसै अनुरूप प्रत्येक इजलासलाई १ लाखका दरले सामान्य फर्निचर र एउटा सिसिटिभि क्यामेरा जडित कम्प्युटर किन्ने गरी उक्त परियोजनाबाट खरिद गरियो र इजलासहरू गठन भए । त्यस प्रक्रियाबाट प्रारम्भ भएको बाल इजलास अहिले त्यही अनुसारको न्यूनतम स्वरूपमा ५० भन्दा बढि जिल्लामा इजलासमा रहने न्यायाधीश, समाजसेवी, बालमनोविज्ञ सहित चल्न सक्ने अवस्थामा छ । यसै वर्ष सर्वोच्च अदालतले मलाइ केन्द्रीय बालन्याय समितिमा चयन गरेको छ । जब अभियान शुरू गरियो त्यसबेला शुरूवात गर्नुपर्ने आवश्यकता थियो तर हाल आएर शुरूवात गरिएका सवै कुराहरूलाई संस्थागत गर्नुपर्ने थप चुनौती छ ।

बालन्यायको अभिन्न अङ्ग बालसुधार गृह हो । यस सम्बन्धमा दुईवटा रोचक प्रसँग मेरो मानसपटलमा घुमिरहन्छ । पहिलो, २०६३/२०६४ को कुरा हो बुढानिलकण्ठमा बालबालिकाको भेला भएको थियो । भेलाको समापनमा म पनि सहभागी थिएँ । भेलामा देशमा १५ वटा जति जिल्लाबाट ५० जना जति बालबालिका भेला भएका थिए । उनीहरूको एउटा सुझाव बालन्यायमा सरकारले काम गर्नुपर्दछ भन्ने थियो । मलाई यस कुरामा चाख लाग्यो र उहाँहरूलाई “बालन्याय” मा सरकारले के के काम गर्नुपर्दछ भनी लेखेर आफ्नो मनका कुरा व्यक्त गर्न अनुरोध गरेँ । आधाजति बालबालिकाले उक्त कुरामा खासै कुनै कुरा लेख्न सकेनन् । शायद उनीहरूलाई लेखेर व्यक्त गर्ने विधि उपयुक्त लागेन होला । अरू आधा बालबालिकाले बालन्याय भित्र बालबालिकाका सम्पूर्ण अधिकारहरूलाई पूरा हुनुपर्ने भनी बताए र एकदुईले मात्र प्रहरी र थुनामा परेका बालबालिकाका कुरा गरे । मैले त्यसपछि बालन्याय भन्ने कुरा कसरी थाहा पायौं भन्दा उनीहरूले त्यसै दिन विहान कुनै वक्ताले “बालन्याय अति आवश्यक विषय हो” भनेर भन्नुभएको र त्यसै कुराले आफूहरू प्रभावित भएको बताए । यस घटनाले बाल सहभागितालाई सुनिश्चित गर्न सहजिकरणको कति महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने कुरा मलाई बोध गरायो । बालबालिकाका आफ्ना वा समुदायका कुराहरू पत्ता लगाउन उसलाई उक्त समुदाय कै परिवेशमा घोत्लिन उत्प्रेरित गर्ने विधिहरूको प्रयोग गर्नुपर्ने हुन्छ । साझा मञ्चहरूमा उनीहरूको बालशुलभताका कारणले नयाँ नयाँ कुराहरू सिक्न र भन्न उत्सुक हुन्छन् र मानव स्वभावका कारणले जुन कुरा सबैलाई प्रिय, आकर्षित हुन्छ त्यही कुरा भनौं भन्ने लाग्दछ । तसर्थ, सभा,सम्मलेन चाहे त्यो वयस्कका हुन् वा बालबालिकाका त्यसले प्रायोजित वा आयोजकको विषय बोक्ने संभावना हुन्छ । तसर्थ, तटस्थता विना बाल सहभागितामा बस्तुनिष्ठ हुन सकिदैन रहेछ । यस घटनापछि प्रायसः बालभेलामा मैले बालबालिकाको कुरा सुन्नुभन्दा पहिला उक्त भेलामा बालबालिकालाई के भनेर, के उद्देश्यका लागि ल्याइएको थियो, उनीहरूलाई कस कसले औपचारिक र अनौपचारिक रूपमा के के भने भन्ने कुराहरूको समेत जानकारी लिन थालेको छु ।

दोश्रो प्रसँग, बालसुधार गृह भित्रका बालबालिकासँगको हो । सजाय तोकिएर आइसकेका बालबालिका आफूलाई कस्तो देख्न चाहन्छ वा उ के बन्न चाहन्छ भन्ने कुराको निमित्त ३ दिन उनीहरूसँग कार्यशाला गरी बिताएको थिएँ । यस क्रममा मैले सिकेको पहिलो कुरा हाम्रो कानूनी प्रणालीमा बालबालिका दोषी ठहरिएपनि बालबालिकाले आफूलाई भित्रबाट दोषी मानेको हुँदैन । यसको कारण उसले आफूले गरेका कामलाई गलत नमान्ने वा उक्त कामबाट कसलाई के हानी भयो भनेर थाहा नहुने रहेछ । तसर्थ, समाजमा निषेध गरिएका कुराहरू किन निषेध गरिए र निषेध नगर्दा समाज कस्तो हुन्छ भन्ने कुनै समाजको चरित्र उसलाई बताउनु पर्दोरहेछ र हाम्रो न्यायप्रणालीमा त्यस कुरा बालबालिकालाई बताइएको पाँइदैन । यदि अपराधिक घटना घट्दा बालबालिका एक्लै थिएन वा त्यो अपराध समाजमा घटिरहे अपराध हो भने बालबालिकाको मनोविज्ञानले उसलाई आफूले दण्डित हुनुपर्ने काम गरेको भन्ने लाग्दो रहेनछ । दोश्रो कुरा सहमतिमा हुने बालबालिका विचको यौन क्रियाकलापमा बालक विरूद्ध मात्र मुद्दा चल्दा उसलाई आफूले कुनै अपराध नगरेको तर आफूलाई कानून प्रणालीले फसाएको महसुस हुँदो रहेछ । यसपछिका बाल सुधार गृहका विभिन्न छलफलहरूमा मलाई महसुस भएको कुरा एकपटक बालन्यायको वा सुधार गृहको सम्पर्कमा बालबालिका आइसकेपछि उसलाई समाजमा पुनर्स्थापना गर्न निकै मुस्किल पर्ने रहेछ । तसर्थ, बालसुधार गृह भित्र मनोवैज्ञानिक तथा व्यवसायिक शिक्षाको जग निकै बलियो हुनु पर्दोरहेछ ।

निष्कर्षः बालइजलास गठन गर्नु बालन्यायको अन्तिम कडी होइन संस्थागत व्यवस्थाको प्रारम्भिक कडी मात्र रहेछ ।

(लेखक बाल अधिकार अभियन्ता हुनुहुन्छ ।)

## बाल अधिकार, बालमैत्री स्थानीय शासन र बाल सहभागिता



तिलोत्तम पौडेल

### बाल अधिकार

विश्वव्यापीरूपमा बालबालिकाका सन्दर्भमा आवाज बुलन्द भईरहेको बेला सन् १९८९ नोभेम्बर २० मा संयुक्तराष्ट्रसंघीय महासभाले ५४ वटा धारा भएको बाल अधिकारसम्बन्धी महासन्धि पारित गरेको थियो । त्यसलई नेपाल सरकारले सन् १९९० सेप्टेम्बर १४ (२०४७ भाद्र २९) मा प्रतिवद्धता सहित अनुमोदन गरेको थियो । आमाको गर्भदेखि १८ वर्षको उमेरसम्म बालबालिकाले प्राप्त गर्ने मुख्य कुराहरू बाच्न पाउने, संरक्षण हुन पाउने, विकास गर्न पाउने र सहभागिता हुन पाउने मूलभूत अधिकारहरू नै बाल अधिकार हुन् । बालबालिकाको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने आधारभूत अधिकारको प्रत्याभूति दिलाउनु नै बाल अधिकार हो ।

### बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन भनेको नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धिमा प्रतिवद्धता जाहेर गरेको छ । नेपालको संविधान, ऐन कानूनहरूमा पनि बालबालिकाको विषयहरू उल्लेख गरेको छ । यसलाई कार्यान्वयन गराउन मुख्य भूमिका, पहिलो प्रयास स्थानीय सरकारको हुने गर्दछ । स्थानीय तहबाट यिनै योजना, बजेट निर्माण, योजना कार्यान्वयन गर्नको साथै स्थानीय तहबाट पूरा गर्न नसकिने योजनालाई माथिल्लो तहसम्म पुर्‍याई स्वीकृति गर्न भूमिका समेत रहेको हुन्छ । त्यस्तो बालमैत्री शासन हो जहाँ बाल बचाउ, बाल संरक्षण, बाल विकास, अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीयकरण गरी स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धती नै बालमैत्री स्थानीय शासन हो ।

नेपालमा संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिको अनुमोदन पश्चात् संयुक्त राष्ट्रसंघीय निकाय, नागरिक संघ सङ्गठन, विकासका साझेदार संस्थाहरूले तथा स्वत स्फूर्त रूपमा राज्यको तर्फबाट बालबालिकाको लागि भईरहेका कार्यलाई थप व्यवस्थित गर्ने उद्देश्यले बालमैत्री स्थानीय शासन कायम गर्न लागि नेपाल सरकारले वि. सं. २०६८ असार २१ मा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा बालमैत्री स्थानीय शासन कार्यविधि, पारित गरी लागू गरेको छ । हाल यसलाई समय सापेक्ष परिमार्जन गर्ने तयारी भईरहेको छ ।

स्थानीय तहलाई बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्न सघाउँदछ । नेपालको संविधानमा भएको बाल अधिकारसम्बन्धी व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५, बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको पन्ध्रौँ योजना (२०७६/०७७ - २०८०/०८१) लगायत अन्य कानून, नीति तथा कार्यक्रमहरूले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ । स्थानीय सरकारको रूपमा रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रूपमा स्थापित भैसकेको अवस्थामा बाल अधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अर्न्तभूत गर्दै कार्यान्वयनमा लैजाने आधार स्तम्भ भनेको नै बालमैत्री स्थानीय शासन हो ।

### नेपालमा बाल मैत्री स्थानीय शासनको पृष्ठभूमि

पहिलो विश्वयुद्ध पश्चात् सबैभन्दा पीडित र प्रभावित तथा प्रताडित भएका समूह भनेको बालबालिका भएका कारण विश्वभरी नै बाल अधिकारको विषयको उठान भए पश्चात् बाल अधिकारसम्बन्धी महासन्धि पारित भयो । जसले बालबालिकाको अधिकारको सुनिश्चित गर्नका लागि कानूनी आधार स्थापित भएको थियो । विश्वका १९३ राष्ट्रले अनुमोदन गरेको यस महासन्धिले बालबालिकाको अधिकारका चार खम्बालाई पहिलो प्राथमिकतामा राखेको छ । बाल अधिकारकोसम्मान, संरक्षण र सम्वर्द्धन गर्न राज्यको तर्फबाट गरिने कानूनी, संस्थागत, संरचनागत, कार्यक्रमगत प्रयासलाई बालमैत्री बनाउने सोच नै बालमैत्री स्थानीय शासन हो । यो अवधारणाका आधारमा स्थानीय तहले बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था समेतलाई जनाउँदछ । साविकको केन्द्रीय बाल कल्याण समितिले बालमैत्री गाँउ विकास समिति घोषणा अभियान २०६४ सालबाट प्रारम्भ गरी यस विषयमा केन्द्रीय तहदेखि साविकको जिल्ला बाल कल्याण समिति र गाउँ बाल संरक्षण समितिलाई समेत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको थियो । बालबालिका समेतको सहभागितामा बालमैत्री गाँउ विकास समिति निर्माण गर्ने सूचाङ्कहरूको विकास गरी यो कार्य प्रारम्भ गरिएको थियो । ती सूचाङ्कहरूलाई समेत समायोजन गरी तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लागू गरी ६४ वटा साविकको जिल्ला विकास समिति र ३२ वटा नगरपालिकाहरूलाई तालिम दिई बालमैत्री स्थानीय शासन पद्धति अगाडि बढाउने कार्य प्रारम्भ भयो । नेपाल सरकारले बालमैत्री स्थानीय शासन अवलम्वन गरेकोमा संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिले समेत प्रशंसा गरेको थियो ।

नेपालको सन्दर्भमा बालमैत्री स्थानीय शासन नयाँ सोच एवम् अवधारणा हो । बाल अधिकार प्रवर्द्धनका लागि विगतमा संवैधानिक, कानूनी एवम् संस्थागत व्यवस्थाको थालनी भएको भएतापनि यस अवधारणाले कार्यान्वयनमा मूर्तरूप प्राप्त गर्न बाँकी नै छ । तत्कालीन स्थानीय विकास मन्त्रालय, तत्कालीन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, युनिसेफ नेपाल, केन्द्रीय बाल कल्याण समिति र सेभ द चिल्ड्रेन, वल्डभिजन इन्टरनेशनल मात्र हैन स्थानीय तहमा रहेका बालसमूह,क्लव महिला समूहहरू, नागरिक संघसङ्गठनहरू यस अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास गरे पश्चात् बालमैत्री स्थानीय शासनको अवधारणा कार्यान्वयनमा आएको हो । यसका लागि नेपालको अन्तरिम संविधान, २०६३ ले आधारभूत मानव अधिकारको प्रत्याभूति गर्नुका साथै समानताको हक (धारा १३) मा कसैलाई कानूनको समान संरक्षणबाट बञ्चित नगरिने तर बालबालिकाको संरक्षण, सशक्तीकरण र विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने कुरा उल्लेख थियो । त्यस्तै तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय योजना तर्जुमा गर्दा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरू छान्न प्राथमिकता दिनुपर्ने उल्लेख गरेको थियो (दफा ४३, १११, २०१) भने त्रि-वर्षीय अन्तरिम योजनामा नमूनाको रूपमा केही जिल्लामा बालमैत्री कार्यक्रम लागू गरिने, बालमैत्री अभियानको स्पष्ट खाका र सूचकहरू बनाई योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता बढाउने तथा स्थानीय निकायहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने कुरा उल्लेख गरिएको थियो । यसैगरी, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, युनिसेफ र नेपाल सरकारको राष्ट्रिय कार्ययोजना लगायतका दस्तावेजहरूले समेत यस अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास गरिएको थियो । यसैको सन्दर्भमा २०६८ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति जारी भयो । उक्त रणनीतिको आधारमा बालमैत्री स्थानीय शासन लागू गर्न सुरू गरियो । पहिलो पटक नेपालको पहिलो कानूनी मान्यता प्राप्त जागृति बालक्लव नेपाल स्थापना भएको साविक प्रगतिनगर गाविस नवलपरासीमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यन्वयन, कार्यविधि २०६८ ले निर्दिष्ट गरेका सूचकहरू पूरागरी २०७० पौष ९ गते साविक नवलपरासीको प्रगतिनगर गाविस हालको देवचुली न.पा.को वडा नं. १० र १५ तत्कालीन संघीय मामिला तथा स्थानीय विकसा मन्त्री विद्याधर मल्लिकको प्रमुख आतिथ्यतामा पहिलो स्थानीय निकायको रूपमा घोषणा पश्चात् यसले अभियानकै रूप लिन थालेको हो ।

यसैगरी पछिल्लो समयमा २०७२ सालमा जारी गरिएको नेपालको संविधानमा मौलिक हकको रूपमा बाल अधिकारलाई धारा ३९ मा उल्लेख गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१२) (२) (१) (ग) ले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाका वडाहरूलाई दिईएको छ । बालमैत्री स्थानीय शासनको सार भनेको नै बालबालिकाको लागी नीति र योजना, बालबालिकाको लागि बजेट, बालबालिकाको आवाजकोसम्मान र स्थानीय शासन प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता हो । बालमैत्री स्थानीय शासन लागू भएमा बालबालिकाको लागि स्थानीय योजना निर्माण हुन्छ । बालबालिका लागि छुट्टै योजनाहरू निर्माण भई बालबालिकासम्बन्धी स्थानीय तहमा स्थिति-पत्र तथा बालबालिकासम्बन्धी घटना तथा मुद्दाहरूको प्रभावकारी रूपमा सम्बोधन गर्न र बालबालिकाको अधिकारको सुनिश्चत गर्नको लागि आधार स्तम्भ तयार हुन्छ । यसै कुरालाई ध्यानमा राख्दै नेपालमा बालमैत्री स्थानीय शासन सुरू भई निरन्तरता पाईरहेको देखिन्छ ।

## बालमैत्री स्थानीय शासन र कानून

२०७२ सालमा जारी गरिएको नेपालको संविधानको भाग ३ को मौलिक हक अन्तर्गत धारा ३९मा बालबालिकाको हक उल्लेख गरिएकोले पनि बालमैत्री स्थानीय शासन जरूरी भएको पुष्टि गरेको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ खारेज भई बालबालिकासम्बन्धी ऐन, २०७५ जारी भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (बालमैत्री स्थानीय तह घोषणाका लागि अधिकारको प्रत्यायोजन) गर्ने जिम्मेवारी दिन तथा बालबालिकासम्बन्धी राष्ट्रिय नीति (२०६९), बाल न्याय सम्पादन (कार्यविधि) नियमावली (२०७६), बालबालिकासम्बन्धी नियमावली (२०७६), बालश्रम (निषेध र नियमित गर्ने) नियमावली (२०६२), बालन्याय कार्यविधि नियमावली (२०६३), बालबालिका (विकास तथा पुनस्थापना) कोष नियमावली (२०५३), बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति (२०७२), बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ लगायतको विषय तथा राष्ट्रिय योजना आयोगको १५औँ आवधिक योजनामा पनि यो विषयले स्थान पाउनुले बालमैत्रीको विषयले थप महत्त्व पाएको छ । राज्यको पुनर्संरचनासँग बालमैत्रीमा सबैको चासो र चिन्ता बढेको कुरालाई मध्यनजर राख्दै २०६८को रणनीति र कार्यविधिलाई पुनरावलोकनको कार्य अन्तिम अवस्थामा पुगेको छ ।

## बालमैत्री स्थानीय तह र बाल सहभागिता

बालमैत्री स्थानीय तह र बाल सहभागिताको विषयमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८ मा उल्लेख गरिएको छ । जसमा उल्लेख गरिएको छ - आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने उल्लेख

भएको छ । यसैगरी दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत – (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ, र (२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ भन्ने व्यवस्था भएको छ । दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार अन्तर्गत – (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ, र (२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्नेसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । यी व्यवस्थाहरूबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानूनद्वारा नै स्थापित हुन पुगेको छ ।

सबै बालबालिकाले आफूसँग सरोकार भएका गतिविधिमा बालभेला मार्फत निर्णय र कार्यन्वयन प्रक्रिया सबै चरणहरूमा समान हैसियतमा आफ्नो उमेर र क्षमता अनुसार आफ्नै इच्छाले सहभागी हुनु नै बाल सहभागिता हो । बालमैत्री स्थानीय शासन यस्तो पद्धति हो जहाँबाट नीति निर्माण, योजना प्रक्रियाहरू सुरूवात हुने गर्दछ । बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासन पद्धति भएको अन्य कार्यक्रमको तुलनामा बालमैत्री स्थानीय शासनबाट प्रवर्द्धन भईरहेको दावि गर्न सकिन्छ । बालमैत्री स्थानीय शासनको घोषणा, सुरूवात प्रवर्द्धन भईरहेको स्थानीय तहहरूमा बालबालिकाको विषयमा सुनवाई भएको सहभागिता र लगानी वृद्धि भएको, बाल अधिकारको विषय सबैको सरोकारको विषयको रूपमा स्थापित हुनु, बालक्लवको संस्थागत विकास हुनुले बालमैत्री स्थानीय शासनले बाल सहभागितामा योगदान पुर्‍याएको भन्न सकिन्छ । यतिमात्र हैन बालमैत्री प्रवर्द्धन सँगैसँगै २०५५ सालमा विना नागरिकता बाल संस्था दर्ता माग गर्दै नवलपरासीको जागृति बालक्लव नेपालले दिएको मुद्दा उपर बालक्लव दर्ता गर्न २०५८ मा फैसला भएपनि त्यसको सङ्गठन निर्माण सहजीकरण गर्ने मार्गदर्शन बन्न नसकेको सन्दर्भमा संघीय मामिला मत्रालय एक रूपता कायम गरी बालसमूहक्लव मार्फत बालमैत्रीलाई थप प्रभावकारी बनाउने उद्देश्यले २०७४मा बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शनको नमूना जारी गरी स्थानीय तहसम्म पठाउनले पनि बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा बाल सहभागिता र बालक्लवको व्यवस्थापनलाई मजबुत बनाउन खोजेकोदेखिन्छ ।

बालबालिकाको सहभागिता भनेको खाली तिनलाई आफ्नो आवाज मुखरित गर्न दिनु मात्र होइन । बरू वयस्कहरूले तिनका कुरा सुन्नुपनि हो भन्ने रोजर हाटको भनाई अरूको तुलनामा बालमैत्री स्थानीय शासन बढी हुन्छ । बालमैत्री स्थानीय शासनमा बाल सहभागिताको रोजर हार्टको भर्‍याङ्को अवधारणा पनि छलफल गर्ने गरिन्छ । सरोकारवालासँगको सम्बन्ध समन्वय र सरोकार बढि हुने गर्दछ । अधिकार, सामाजिक राजनैतिक र आर्थिकको विकासमा टेवा पुर्‍याउने तर्कको आधारमा बहस, छलफल हुने र सामाजिक सदभाव, सौहादर्ता, भावि नेतृत्व प्रजातान्त्रिक शासन व्यवस्था, मानवीय पुजीसँग समेत जोडेर छलफल गरिन्छ । बालमैत्रीमा तत्कालीनभन्दा पनि दीर्घकालीन सोचमा जोड दिँदै खर्च होईन लगानी हो भन्ने सन्दर्भमा बढि छलफल गरिने भएकोले बालमैत्री स्थानीय शासनले बाल सहभागिता प्रवर्द्धन गर्दछ ।

बालमैत्री स्थानीय शासनको प्रबर्द्धन, बालबालिकाका लागि आवश्यक सेवामा उपलब्धता, गुणस्तरमा उल्लेखनीय सुधार सेवामा सुनिश्चितताको लक्ष्य र बाल अधिकार सवालहरूमा, स्थानीय शासन प्रक्रियालाई संस्थागत र सेवाको निश्चितता र निरन्तरताको विषयमा हुने भएकोले बाल सहभागिता दिगो हुन्छ भन्ने विश्वास गर्न सकिन्छ ।

**बालमैत्री स्थानीय शासनका सिद्धान्तहरू**

बालमैत्री स्थानीय शासनका विषयमा काम गर्दै गर्दा हामीले विभेद रहीत वातावरणमा काम गर्नु पर्दछ । नेपालको संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको छ कि : "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातिय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ" जुन आधारमा रहेर हामीले बाल सहभागिताको विषयमा पनि विभेदको अन्त्य गरी समानतालाई ध्यानदिनु पर्दछ । यसका साथै बालबालिकाको सर्वाङ्गिण विकासलाई मध्य नजर राखी बालमैत्री स्थानीय शासनको अवधारणालाई अबलम्बन गरिएको हो । बालबालिकाको सर्वोत्तम हितलाई हामीले सबै तह र तप्काबाट पहिलो प्राथमिकतामा राख्नु पर्दछ । बालबालिकासम्बन्धी सरोकारित सम्पूर्ण विषयमा बालबालिकाको विचार सुन्नुपर्दछ र बाल सहभागितालाई अनिवार्य रूपमा प्रबर्द्धन गरिनु पर्दछ । यसका साथै बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गरी योजनाहरू निर्माण गर्नको लागि सन्निकटताको सिद्धान्तलाई पनि अपनाउनु पर्दछ । जसले बाल अधिकारको प्रवर्द्धन गर्नको लागि बाल सहभागिताको सुनिश्चितता गर्दछ । बालमैत्री स्थानीय शासनको विषयमा छलफल गर्दा हामीले विर्सन नै नहुने विषय भनेको समान सहभागिता, समावेशीकरणको सिद्धान्त र समुदायमा आधारित विकासको सिद्धान्तलाई अवलम्वन गरिनु पर्दछ । अनिमात्र बालमैत्री स्थानीय तहको विषयमा कुरा गर्नु पर्दछ ।

**बालमैत्री स्थानीय शासन अवलम्वनका आधारहरू**

साझेदार संस्थाहरूलाई अभिमुखीकरण र सामूहिक प्रतिवद्धता जाहेर गर्नसक्नु पर्दछ । बालमैत्री स्थानीय शासन प्रवर्द्धन योजना/कार्ययोजना तर्जुमा गर्दा बालबालिकाको सहभागिता अनिवार्य हुनुपर्दछ । बालबालिकाको अधिकारलाई सुनिश्चितता गर्नको लागि कुल पूंजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकम विनियोजन सहितको लगानी योजना तयारी गर्नु पर्दछ । बालमैत्री स्थानीय शासनका सूचकहरूको स्थानीयकरण र न्यूनतम् सेवा सूचकहरूको निर्धारण गरी योजना तर्जुमा तथा नीतिहरू निर्माण गर्नु पर्दछ । बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था गर्नको लागि लागि स्थानीय तहलाई जिम्मेवारी दिएको हुन्छ । सोही अनुसार बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने सभाको निर्णय गरी काम गर्नु जरूरी हुन्छ ।

**बालमैत्री स्थानीय शासन र रणनीति**

बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्न सरकारले मूल प्रवाहीकरण नीति गत वकालत, पैरवी र सचेतना, संस्थागत विकास, क्षमता विकास, सहकार्य र साझेदारी प्रवर्द्धन सामुदायिक परिचालन, सामाजिक जवाफदेहिता र पारदर्शिता, सामाजिक समावेसीकरण, सूचना शिक्षा र सञ्चारको माध्यमबाट व्यवहारमा परिवर्तन अनुगमन मूल्याङ्कन गर्ने रणनीति तय गरेको छ । यी सबै विषयमा स्थानीय तहले केन्द्रबाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रम आ-आफ्नो क्षेत्रको सन्दर्भ अनुसार लागू गर्ने, बालमैत्री स्थानीय शासनसम्बन्धी नीति तर्जुमा, बालमैत्री सम्पर्क व्यक्ति तोक्ने, बालमैत्री योजना र कार्यक्रमको नेतृत्व लिने, बजेट विनियोजन गर्ने, दीर्घकालीन नीति बनाई वार्षिक र आवधिक योजनामा समावेस गर्ने, नियमित अनुगमन, मूल्याङ्कन, समन्वयात्मक र एकीकृत ढंङ्गबाट सम्बन्धित कार्यक्रम सञ्चालन गर्दै सेवालाई बालमैत्री बनाउने, बालक्लव समूहहरूको विकासमा सहयोग, आवधिक प्रगति समीक्षा नियमित हुने र सबै गतिविधिमा बालबालिकाको समेत परामर्श लिईने कार्यले गर्दा यसले बालबालिकाको सहभागिता र लगानी दिगो बन्दछ ।

**बालमैत्री स्थानीय शासन र यसका खुड्किलाहरू**

बालमैत्री स्थानीय शासनका हाल कार्यन्वयनमा ७ वटा तहगत खुडकिला रहेका छन् । प्रारम्भिक चरणमा, निर्धारित सूचकमा आधारित भई पालिकामा बालबालिकाको अवस्था विश्लेषण, आवधारणा, अभिमूखीकरण, सरोकारवालासँग प्रतिवद्धता, बालमैत्री कानून, नीति, रणनीति, कार्यविधि निर्देशिका आचार संहिता निर्माण गरिन्छ । दोस्रो चरणमा बालमैत्री स्थानीय शासनको संस्थागत प्रवन्ध, सम्पर्क व्यक्तिहरूको चयन र जिम्मेवारी, निश्चित सूचनाको आधारमा बुँदा छनोट र लागू गर्ने पालिकाको निर्णय, बालसमूह, बालक्लव तथा समुदायमा आधारित संघसंस्था, समूह गठन र परिचालन, बालकोष स्थापना र सञ्चालन, बालबालिकाको वस्तुगत प्रोफाइल तयारी र प्रकाशन गरिन्छ । तेस्रो चरणमा सूचकहरूको स्थानीयकरण, न्यूनतम सूचकको निर्धारण, बजेटमा बालबालिकाको लागि बजेट लगानी गर्ने कम्तिमा १५ प्रतिशत लगानी योजना वार्षिक र आवधिकको तर्जुमा, स्थानीयतहको आवधिक, दिर्घकालीन र वार्षिक योजना तर्जुमा, चौथो चरणमा माथि भएको चरणहरू क्रमशः नीति तथा योजनाहरू कार्यन्वयन गर्ने समन्वय सहकार्य गर्ने, छलफल, अभिमूखीकरण, सञ्चालन गर्ने, लगानी योजना कार्यन्वयन गर्दै बालमैत्रीको सूचक अनुसार नतिजा प्राप्ति गर्ने हुनुपर्दछ । यसैगरी पाचौँ चरणमा भएका कार्यहरूको अनुगमन, मूल्याङ्कनहरू गर्ने, प्रतिवेदन तयारीहरू गर्ने, उपलब्धिको प्रमाणीकरणमा ध्यान दिनुपर्दछ । छैटौँ चरणमा बालमैत्री घोषणा हो । यसमा घोषणापछि निरन्तरता र दिगो बनाउने योजना सहित घोषणाको लागि अनुमति र निरन्तरताको विषयमा जोडदिइन्छ । सातौँ चरणमा भनेको बालमैत्री स्थानीय शासनको रणनैतिक योजनाको कार्यान्वयन र निरन्तरता तथा बालमैत्री स्थानीय शासन प्रक्रिया सूचक अनुसार नतिजा प्राप्ति भईराख्ने सुनिश्चितता भएकोले यी चरणहरू नियमित भई राख्ने भएकोले पनि बालबालिकासँगको स्थानीय तहको समन्वय छलफल भईरहन्छ र बाल सहभागिता अभिवृद्धिमा टेवा पुऱ्याउदछ भन्ने सोचका साथ बालमैत्री स्थानीय शासन भएको घोषणा गर्ने गरिन्छ ।

**बालमैत्री स्थानीय शासन र सूचकहरू**

बालमैत्री स्थानीय शासनलाई प्रभावकारी बनाउन विगतको अनुभवहरूलाई आत्मसात गर्दै सेवा प्रवाहसम्बन्धी २७, संस्थागत विकाससम्बन्धी १२ सूचक छन् । जस्मा संस्थागत विकास १२ वटा सूचक, बाल बचाउ १० वटा, बाल संरक्षणका ५ वटा सूचक, बाल विकास ६ वटा र बाल सहभागिता ६ वटा छन् । बालमैत्री स्थानीय शासनका आधारभूत सूचक ३९ रहेकामा हाल विस्तारित सूचक १२ गरी ५१ वटा गरिएको छ ।

**ती सूचकहरू निम्न रहेका छन्**

**(क) बाल बचाउ**

१. गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात् आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछ ।

२. गर्भवती महिलाले टिटानस विरूद्धको २ वटा खोप लगाएका हुनेछन् ।

३. गर्भवती तथा सत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ बटा) खाएका हनेछन् ।

४. गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्करी गराइएका हुनेछन् ।

५. ६ महिनासम्मको शिशलाई आमाले अनिवार्यरूपमा पूर्ण स्तनपान गराएका हुनेछन् ।

६. छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सल खुवाइएको हुनेछ ।

७. एक वर्ष भित्रका प्रत्येक बालबालिकाले पूर्ण खोप प्राप्त गरेका हुनेछन् ।

८. एचआईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाल ब्ख्एचयउजथबिहष्क पाएका हुनेछन् ।

९. सबै घरपरिवारले आयोडिनयुक्तनुनको प्रयोग गरेका हुनेछन् ।

१०. कमतौल, पड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरूको संख्यामा कमि आएको हनेछ ।

११. अति कडा कुपोषण र मध्यम कुपोषण भएका बालबालिकाको संख्यामा कमि आएको हनेछ ।

१२. सबै घरधुरीमा खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ ।

१३. चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानुरखुवाउनु अघि सावुन पानीले हात धने परिपाटीको विकास भएको हुनेछ ।

१४. प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका हुनेछन् ।

**(ख) बाल संरक्षण**

१. वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ ।

२. निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पूर्नस्थापना भएको हुनेछ ।

३. बाल विवाह नियन्त्रण भएको हुनेछ ।

४. घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरूद्ध हुने हिंसा, वेचबिखन, शोषण, वेवास्ता र दुर्व्यवहारमा उल्लेख्य कमी आएको हुनेछ ।

५. बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ ।

६. छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथामा कमी आएको हुनेछ ।

७. स्थानीय तहरसमुदायले १४ वर्षमुनीका बेसहरा बालबालिका (भएमा) को संरक्षण गरेका हुनेछन् ।

**(ग) बाल विकास**

१. ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने)

२. ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा १देखि कक्षासम्म) पूरा गरेका हुनेछन् ।

३. प्रत्येक विद्यालयमा पानिको सुविधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ ।

४. सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा फर्निचर, खेलमैदान, खानपाना धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् ।

५. प्रत्येक विद्यालयमा अतिरिक्त कयाकलापसम्बन्धी कार्यक्रम सञ्चालन भएका हुनेछ ।

६. सरसफाई युक्त विद्यालय कायम गर्न सबै विद्यालयले कुहिने र नकुहिने फोहोर अलग अलग विर्सजन गर्ने व्यवस्था गरेका हुनेछन् ।

**(घ) बाल सहभागिता**

१. गाँउपालिका र नगरपालिकाका तहमा समावेसी आधारमा बाल सजाल गठन भइ क्रियाशील । न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् ।

२. गाँउपालिका र नगरपालिकाका वस्ती वा टोल र विद्यालयहरूमा समावेसी आधारमा बालक्लव गठन भै क्रियाशील (न्युनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हनेछन ।

३. ५ कक्षाभन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ ।
४. स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लव र सञ्जालको प्रतिनिधित्व रहनेछ ।
५. स्थानीय तहमा रहेका बालबालिकासम्बन्धी सरोकारका संरचनारसमितिहरूमा १२देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ ।
६. बालभेलावाट माग भै आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हनेछन ।

**(ङ) संस्थागत विकास**

१. वडा र गाउँ र नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भै क्रियाशील रहेका हुनेछन् ।
२. स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् ।
३. गाउँपालिका र नगरपालिकाको प्रत्येक वडामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ ।
४. बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना निर्माण र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।
५. स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँरनगरपालिका तहमा बालभेला आयोजना गरि बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ ।
६. स्थानीय तहमा बालबालिकासम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

**(क) बाल बचाउ**

१. एउटा सन्तान र अर्को सन्तानको जन्मातर कम्तीमा ३ वर्षको हुनेछ ।

**(ख) बाल संरक्षण**

१. गाउँपालिका र नगरपालिका क्षेत्रमा सडक बालबालिकाको संख्यामा कमी आएको हुनेछ ।
२. बडा, गापा र नपामा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् ।
३. कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृह सञ्चालनमा ल्याएको हुनेछन् । (उप र महानगरको लागि मात्र)

**(ग) बाल विकास**

१. प्रारम्भिक बाल विकास केन्द्रहरूले स्थानीय तहले तोकेका न्यूनतम् मापदण्ड पूरा गरेका हनेछन् ।
२. विद्यालयले कक्षा ६देखि १०सम्मका विद्यार्थीहरूको लागि बालमैत्री, वातावरणमैत्री र विपत व्यवस्थापनसम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हनेछन् ।
३. आधारभूत शिक्षा पश्चात् विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरूले जीवनउपयोगी शिक्षा (व्यसायिक तथा सिपमूलक तालिम प्राप्त गरेका हुनेछन् ।

**(घ) बाल सहभागिता**

१. वडा र स्थानीय तहले उत्कृष्ट कार्य गर्ने बालक्लव र सञ्जाललाई वार्षिक रूपमासम्मान र पुरस्कत गरेका हुनेछन् ।

**(ङ) संस्थागत विकास**

१. स्थानीय तहमा रहेका प्रहरी कार्यालय, चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाई रहेको हुनेछ ।
२. विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् ।
३. नगर कार्य पालिका र गाउँ कार्यपालिका वडा कार्यालय र प्रत्येक स्वास्थ्य संस्थामा एक बालमैत्री कक्ष रहेको हुनेछ ।
४. बसपार्क, सिनेमा हल, खेल मैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ ।

यी सूचकहरूलाई स्थानीय तहले स्थानीयकरण गर्ने र थप गर्नसमेत सक्नेछ ।

**बालमैत्री स्थानीय तह घोषणा भएका वडा, नगरपालिकाहरू**

नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६ वर्तमान संघीय संरचना अनुरूप स्थानीय तहको निर्वाचन सम्पन्न भई स्थानीय सरकारले २०७४ सालदेखि कार्य सम्पादन गर्दै आएको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वडा समितिलाई बालमैत्री वडा बनाउने अख्तियारी सुम्पेकोले सोही बमोजिम स्थानीय तह तथा वडाहरू बालमैत्री स्थानीय शासन पद्धति अवलम्वन गरी घोषणा हुने क्रम निरन्तर रूपमा अघि बढिरहेको छ ।

हालसम्म प्रदेश २ को सप्तरी जिल्ला अन्तर्गत कञ्चनरूप नगरपालिका, प्रदेश ३ को दोलखा जिल्ला अन्तर्गत भिमेश्वर नगरपालिका, गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) अन्तर्गत देवचुली नगरपालिका र प्रदेश ५ को नवलपरासी जिल्ला अन्तर्गत सुनवल नगरपालिकाका बालमैत्री नगर पालिकाको रूपमा घोषणा भएका छन् भने यी बाहेक अन्य ४० वटा भन्दा बढी स्थानीय तहका एक/एक वडा स्वतस्फूर्त बालमैत्री घोषणा गरेका छन् । केही स्थानीय तहले बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि तर्जुमा गरी सोही बमोजिम बालमैत्री घोषणा गरिएका छन् । बाल अधिकारको विषयमा स्थानीय सरकारबाट यो अवधिमा भएको प्रयास उल्लेखनीय रहेको छ । समग्रमा, बालबालिकासँग सम्बन्धित समिति, नीति तथा योजना निर्माणका कार्यहरू लगायत विभिन्न कार्यक्रमहरूमा विचार र अभिव्यक्तिलाई समाहित गर्न बालबालिकाको सहभागितालाई अभिवृद्धि गरिँदै आएकोदेखिएको छ । बालबालिकाको विषयमा संवेदनशील हुँदै वडा लगायत स्थानीय तहबाट बालमैत्री वडा तथा स्थानीय तह घोषणा गर्ने कार्य बढ्दो क्रममा रहेको छ (संघीय, प्रदेश र स्थानीय तहमा बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने विषय नीति कार्यक्रम र बजेट समेत आउन थालेको छ । यसले बालबालिकाको अर्थपूर्ण सहभागितामा योगदान पुर्‍याइरहेको छ ।

**निष्कर्ष**

बालमैत्री स्थानीय शासन बाल अधिकार प्रवर्द्धन सँगै बाल सहभागिता प्रवर्द्धन गर्दछ । बालबालिकाका सवालहरूमा बालबालिकाको परिपक्वता र क्षमताको आधारमा स्थानीय शासन प्रद्धतिमा बाल सहभागिता हुने र स्थानीय तहका सेवा प्रवाहहरूमा सम्बन्धित निकायलाई जवाफदेही र उत्तरदायी बनाउँदै बाल अधिकार प्रति वयस्कहरूको सकारात्मक सोचको विकास र सहज वातावरण सिर्जना गर्दै बालबालिका माथि हुने सबै प्रकारका हिंसा दुर्व्यवहार, शोषण, विभेद, बाल विवाहको अन्त्य गर्न समेत योगदान पुर्‍याउँदछ ।

बाल अधिकार सम्बन्धमा भएको महत्त्वपूर्ण प्रयासहरूको कार्यन्वयनमा योगदान पुर्‍याउन, दिगो विकास लक्ष्य हासिल गर्न, राष्ट्रिय स्तरमा बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति, प्रदेशमा प्रदेश बालमैत्री स्थानीय शासन समिति स्थानीय तहमा बालमैत्री स्थानीय शासन गाउँ नगर समिति वाड स्तरमा बालमैत्री स्थानीय शासन वार्ड समिति, बालमैत्री स्थानीय शासन समुदाय स्तरीय समितिको गठन गरिने र त्यस्ता समितिमा स्थानीय तहको समितिहरूमा बालकबालिका समेत सहभागिता हुने हुँदा यसले बाल सहभागितामा थप योगदान पुर्‍याउँदछ ।

प्रत्येक समितिका आ–आफ्नो काम कर्तव्य र अधिकार छन् । त्यो अधिकार क्षेत्रभित्र रही संघीय प्रदेश, स्थानीय तहमा सम्बन्धित अन्य सरकारी निकाय विकासका साझेदार संस्थाहरू, नागरिक संघसङ्गठन उद्योग व्यवसायीहरू राजनीतिक पार्टी, विद्यालय, स्वास्थ्य कार्यहरू जिल्ला समिति, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएसन, गैर सरकारी संस्था महासंघ जिल्ला बालक्लव सञ्जालहरूसँग समेत छलफल हुने बालबालिकाका आवाजहरू बालबालिकाको लागि स्थानीय विकास योजना, बालबालिकाको लागि छुट्टै लगानी योजना, बालमैत्री स्थानीय शासनसम्बन्धी नीतिहरू तर्जुमा र परिमार्जन, बालबालिकासम्बन्धी स्थिति पत्र तयारी र प्रकाशन लगायतका सबै कार्यमा बाल सहभागिता सुनिश्चित हुने, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने स्थानीय तहलाई पुरस्कार,सम्मान र कदरपत्रहरू प्रदान गरिने, घोषणा पश्चातपनि अनुगमन नियमित भईरहने समेत भएकोले बालमैत्री स्थानीय शासनले बाल सहभागिता अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुनाले बाल सहभागितालाई दिगो बनाउन नेपाल सरकारका तीनै तहका सरकार, विकासका साझेदार संघसंस्था, नागरिक संघसङ्गठन, सञ्जाल, बालक्लवका पूर्व सदस्यहरू, बालक्लव, शिक्षक अभिभावक बुद्धिजिवी, व्यावसायीहरू, स्वास्थ्यकर्मी, सञ्चारकर्मी र स्वयम् बालबालिकाको सक्रिय सहभागिताका साथ अघि बढ्दै जान सकेमा बालमैत्री स्थानीय शासनले बाल सहभागितालाई अझै अर्थपूर्ण, दिगो बन्न सक्छ त्यसको निम्ति सबै हातेमालो गरी अघि बढ्न जरूरी छ ।

**सन्दर्भ सामाग्री**


- बालबालिकाको स्थिति प्रतिवेदन, २०७६
- मस्यौदा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४
- बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति र कार्यविधि, २०६८
- बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चको विभिन्न कार्यपत्रहरू । आदि ।


(लेखक बाल अधिकार अभियन्ता तथा NCFLG Forum को अध्यक्ष हुनुहुन्छ ।)

## बाल संरक्षणको सुनिश्चितताका लागि अनिवार्य शर्त : बाल सहभागिता



ऋतु भट्ट

बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि बालबालिकाको अर्थपूर्ण सहभागिता अत्यन्तै महत्त्वपूर्ण कार्य र अनिवार्य शर्त हो । बाल अधिकार महासन्धि १९८९ का प्रमुख चार सिद्धान्तहरूमध्ये बालबालिकाको भावना र विचारको कदर तथा सुनवाइ पनि एक हो भने बाल अधिकारका प्रमुख चार स्तम्भ मध्ये बाल सहिभागिता एक प्रमुख स्तम्भ पनि हो । बाल सहभागिताले बालबालिकाको अधिकार संरक्षण र सम्मान मात्र नभई सहभागिताको अभ्यासले बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि सबल परिवेश निर्माण गर्न पनि सहयोग पुग्दछ । बाल अधिकार महासन्धिको पक्षराष्ट्रको रूपमा नेपालले संविधान तथा बालबालिकासम्बन्धी ऐनमा नै बाल सहभागितालाई बालबालिकाको हक अन्तर्गत स्वीकार गरेको छ । यसले गर्दा बाल सहभागिताको कार्यान्वयन कानूनी रूपमा पनि अनिवार्य शर्त हो भन्ने स्पष्ट हुन्छ । बालबलिकासम्बन्धी ऐन, २०७५ ले आफनो परिवार वा समुदाय, विद्यालय वा अन्य सार्वजनिक संघसंस्थाको बालबालिकासँग सम्बन्धित विषयहरूमा निर्णय लिंदा उनीहरूको सहभागिताको, अभिव्यक्तिको तथा सूचनाको अधिकारसम्मान र अभ्यास गरिनुपर्ने व्यवस्था गरेको छ ।

बाल संरक्षणका व्यवहारिक कार्य तथा अवधारणागत बहसहरूमा मुख्यतया दुइखालका सोचहरू व्याप्तदेखिन्छन् । पहिलो सोच हो संरक्षणबादी दृष्टिकोण (Protectionist Approach) । यस दृष्टिकोणका समर्थकहरू साना बालबालिका संरक्षणको जोखिममा रहेका छन्, उनीहरूले आफ्ना समस्याको सही पहिचान गर्न सक्दैनन् भन्ने मान्यता राख्दछ । त्यसैले, यस दृष्टिकोणका अभियन्ताहरू, अविभावक तथा बाल संरक्षणका लागि जिम्मेवार ब्यक्ति, निकाय र संघसंस्थाहरू बालबालिकाको संरक्षण गर्ने र बालबालिकाको लागि सुरक्षित परिवेश बनाउने जिम्मेवारी र अख्तियार प्राप्त हुन्छन् भन्ने अभ्यासलाई प्रवर्द्धन गरिरहेका हुन्छन् । यस धारणाका समर्थक र पक्षमा संलग्नहरू बालबालिकाको हित तथा संरक्षणका लागि वयस्कहरूले जुनसुकै पनि निर्णय र संरक्षणात्मक कार्यहरू गर्न सक्छन् भन्ने विचारको पक्षपोषण गर्दछन् । संरक्षणबादी दृष्टिकोणका समर्थकहरू बालबालिकाको हुर्कदो क्षमतालाई पहिचान र मान्यता दिन तयार हुँदैनन्, स्वतन्त्र व्यक्तित्वको रूपमा स्वीकार गर्न सक्दैनन्, सँधै जोखिममा रहेका र पीडित कमजोर व्यक्तित्वको रूपमा बालबालिकालाई लिने गर्दछन् ।

संरक्षणबादी दृष्टिकोणका साथ बाल संरक्षणका सवालमा कार्यरत सामाजिक कार्यकर्ताहरूले बालबालिकाको समस्याको सवालमा आफनो मात्र बुझाई र क्षमता अनुसार निश्कर्षहरू निकाल्ने र सोही आधारमा हस्तक्षेपका विधिहरू तय गर्ने गर्दछन् । बालबालिका स्वयम्सँग परामर्श नगरी, उनीहरूको वास्तविक सामाजिक, पारिवारिक, भौगोलिक, आर्थिक तथा साँस्कृतिक परिवेशको पर्याप्त जानकारी नलिइ लागू गरिने संरक्षणका कार्यहरूले तत्काल बालबालिकाको हित गर्न सफल भए पनि अन्ततः बालबालिकालाई परनिर्भर, वयस्कहरूको नियन्त्रणमा पुऱ्याउँदछ भने कतिपय अवस्थामा यस्ता कार्यक्रमहरू बालबालिकाको पहुँच, बुझाई तथा स्वीकार्यताभन्दा बाहिर हुने गर्दछ । यसले गर्दा बाल संरक्षणका कार्यहरू निरन्तर असफलताको मार्गतर्फ जाने खतरा हुन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने सन् १९९० देखि २००० सम्म सञ्चालित बालश्रम विरूद्धका कार्यक्रमहरू र विद्यमानमा बालविवाह विरूद्ध सञ्चालित कार्यक्रमहरू, छाउपडी तथा महिनावारी विभेदका विरूद्ध गरिएका केही कार्यक्रमहरूमादेखिएका असफलताहरू संरक्षणबादी दृष्टिकोणबाट सञ्चालित कार्यक्रमहरूको परिणाम हुन् भन्न सकिन्छ ।

बाल संरक्षणको सन्दर्भमा प्रचलित अर्को दृष्टिकोण हो बाल सहभागिता सहितको बाल संरक्षण (Protection with Participation) । यस दृष्टिकोणले बालबालिकाको समस्याको वास्तविक अवस्थिति, उनीहरूको ब्यक्तिगत परिस्थिति र उपलब्ध विकल्पहरू मध्ये सर्वोत्तम विकल्पहरूको पहिचान गर्न स्वयम् बालबालिकाहरू नै सक्षम छन् भन्ने मान्यता राख्दछ । यस दृष्टिकोणका समर्थकहरू वयस्क तथा संरक्षणका निकायहरू बालबालिकाको परामर्श र विचारको उचित सुनवाइ गर्दै संरक्षणका कार्यहरू गर्न जिम्मेवार र अख्तियार प्राप्त छन् भन्ने तथ्यलाई समर्थन गर्दछन् । यस दृष्टिकोणले बालबालिकालाई वयस्क वा संरक्षण कार्य गर्ने निकायको नियन्त्रणमा नभइ सम्पर्कमा र ती निकाय र ब्यक्तिहरूले केवल सेवा प्रदायकको भूमिका निर्वाह गर्न सक्छन् भन्ने विचारलाई पक्षपोषण गर्दछन् ।

दोस्रो विचारका समर्थकहरू बालबलिकाहरूलाई बाल संरक्षणमा सहभागिता गराउँदा उनीहरूको निर्णय लिने प्रकियामा क्षमता अभिवृद्धि हुने, आत्मविश्वास बढ्ने, ब्यक्तिगत तथा सामाजिक दायित्व वहन गर्न सक्षम हुँदै जाने, विधिको शासन, लोकतान्त्रिक प्रणाली, सहिष्णुता, उत्थानशीलता र असल संस्कारको पनि प्रवर्द्धन हुने मत राख्दछन् ।

नेपालमा बालमैत्री स्थानीय तह अभियान, घरेलु बालश्रम निवारणमा सञ्चालित भएका घरेलु बाल श्रमिकहरूको समूह गठन तथा संलग्नता, मुक्त कम्लरीहरूको सङ्गठन निर्माण र अभियान, र विगतमा भएका बाल श्रमिकहरूको राष्ट्रियसम्मेलन र त्यसबाट

निर्देशित कार्यहरू, किशोरकिशोरी समूह प्रवर्द्धन र कार्यहरू यस अभ्यासका केही उदहारणहरू हुन् ।

तसर्थ बालबालिकाको संरक्षण र बाल अधिकारको संवर्द्धनमा हामीले आफ्ना अभ्यासहरू संरक्षणबादी बनाउने वा सहभागिता सहितको संरक्षणको पक्षमा उभिने एक महत्त्वपूर्ण सवाल हो । लोकतान्त्रिक गणतन्त्रका पक्षमा उभिएका नागरिक सङ्गठनहरूले संरक्षणबादी दृष्टिकोण भन्दा सहभागितासहितको संरक्षणको अभ्यास र विचारलाई नै अवलम्बन गर्नु जरूरी हुन्छ । यस दृष्टिकोणका साथ कार्य गरिरहँदा बालबालिकाहरू स्वयम् आफूहरूले आफनो क्षमता र सिपका आधारमा समस्याको समाधान खोज्न सक्षम छन् र सक्षम बनाउन जरूरी छ भन्ने मान्यतालाई सदैव मस्तिष्कमा राख्न जरूरी हुन्छ । बालबालिकाको सहभागिताको व्यवहारिक कार्यान्वयन गर्न पक्कै पनि सहज छैन, यो खर्चिलो, समय लाग्ने हुन सक्छ । तर बाल सहभागिताको उचित र सही अभ्यासबाट प्राप्त हुने परिणाम दिगो, सामाजिक रूपान्तरणमुखी, शान्ति र सद्भाव तथा लोकतान्त्रिक प्रणालीको प्रवर्द्धन गर्ने खालको हुन्छ, जुन अन्य अभ्यासबाट प्राप्त हुन सक्दैन ।

बाल हिंसा र जोखिमता सबै ठाउँमा व्याप्त रहेको हुँदा बालबलिकालाई नै आफनो सुरक्षा गर्न तथा जोखिमलाई न्यूनीकरण गर्नका लागि उनीहरूको भूमिकाको बारेमा सोच्न तथा व्यवहारिक कार्यक्रमहरू कार्यन्वयनमा ल्याउन जरूरी छ । बालबलिकाहरूलाई चाहिने भन्दा धेरै सुरक्षित बनाउने नाममा हामी व्यस्कहरूले उनीहरूको ब्यक्तित्व विकासमा, श्रोतमा हुने पहुँचमा तथा आफ्ना निर्णय गर्ने क्षमतामा बाधा पुर्‍यारहेका हुन सक्छौं भन्नेतर्फ सचेत हुन जरूरी छ र बाल सहभागिताको नाममा बालबलिकालाई बिरालो बाँध्ने शैलीका साथ प्रयोग र परिचालन गर्ने कार्यलाई रोक्न र अन्त गर्न जरूरी छ ।

बाल संरक्षणमा बालबलिकाको सार्थक र सुरक्षित सहभागिताका लागि अवलम्बन गर्न हाम्रो घर परिवार, संस्था, समुदायमा गर्न सकिने केही उपायहरू यसप्रकार प्रस्ताव गरिएको छ :

१. वयस्कहरूले आफ्ना बालबलिकालाई बाल संरक्षणको विषयमा जानकारी दिने, सुरक्षा घेरा तयार पार्नका लागी सिप सिकाउने, आत्मविश्वास बढाउने र सबै भन्दा महत्त्वपूर्ण उनीहरूलाई विश्वास गर्ने पद्धतिको विकास गर्ने ।

२. बालबलिकाको व्यवहार वयस्कहरूले तयार गरेको वातावरणले निर्धारण गर्ने गर्दछ । त्यसैले वयस्कहरूले आफना बालबालिकासँग आफनो निर्णय तथा भनाई राख्दा उनीहरूको पनि भावनाको कदर गर्दै राख्नुपर्दछ । यसले गर्दा बालबलिकाहरूले आफना भावना तथा कुराहरू नडराइकन आफना अभिभावकहरूलाई राख्न सकोस र हिंसा वा अन्य दुर्घटनाका जोखिमहरूको बारेमा अग्रिम सूचना पाई बालबलिकालाई जोगाउन सकियोस ।

३. बाल सहभागिता मानव अधिकार हो, त्यसैले गर्दा बाल संरक्षण कार्यका सन्दर्भमा बन्ने नीति तथा कार्यक्रमहरूमा बालबलिकाको अर्थपूर्ण सहभागितासहित उनीहरूको भनाई राख्ने तथा सुनवाई गर्ने वातावरण तयार पार्न सरकार तथा सम्बन्धित निकायहरूले आवश्यक कार्यक्रम, बजेट तथा समय छुट्टयाउन जरूरी हुन्छ ।

बल सहभागिताको अभ्यासलाई बालबालिकाको सामाजिक, साँस्कृतिक तथा आर्थिक परिवेशले पनि प्रभावित पार्ने गर्दछ । बाल संरक्षणमा गरिने बाल सहभागिता यस पक्षबाट झनै प्रभावित हुन्छ । तसर्थ, बाल संरक्षण र बाल सहभागितामा कार्यरत संघसंस्थाहरूले बाल संरक्षणका कार्यहरूमा बाल सहभागिताको अभ्यास गर्दा बालबालिकाको सामाजिक, साँस्कृतिक, आर्थिक एवम् भौगोलिक लगायतका परिवेशलाई पनि मध्यनजर गर्न र यसप्रति संवेदनशील हुन जरूरी हुन्छ ।

(लेखक बाल अधिकार अभियन्ता तथा NCPA को अध्यक्ष हुनुहुन्छ ।)

## स्थानीय तहमा बाल सहभागिता कार्यविधि : आवश्यकता र नेपालमा भएका केही अभ्यासहरू



विष्णु ब. खत्री

बालबालिका परिवार र समाजका खुशी हुन् । बालबालिका भएको परिवार आफैमा रमाइलो बनेको हुन्छ । बालबालिका भएको परिवारका सदस्यहरूमा एकखालको रमाइलो वातावरण बनेको हुन्छ । बालबालिका भएको परिवारमा समय बिताउन समस्या हुदैन । बालबालिकाकै कारण धेरै परिवारका सदस्यहरूले परिवारमा रमाइलो वातावरणमा जीउन पाएका हुन्छन् । विशेषगरी परिवारका ज्येष्ठ नागरिकहरूको त बालबालिकाहरू नै साथी बनेका हुन्छन् । प्राय सबै परिवारका ज्येष्ठ नागरिक र बालबालिकाकोबीचमा रमाइलो मित्रता बनेको हुन्छ । परिवारमा सबैको चाहना हुन्छ बालबालिकामा असल सँस्कारको पुस्तान्तरण गरौं । परिवारमा बालबालिकाको नजिक हुन् वा उनीहरूको साथी बन्नका लागि परिवारमा एक खालको नदेखिने प्रतिष्पर्धा नै हुन्छ । यस्तै अभ्यासले बालबालिकाहरू परिवारमा बालापनमा हुर्किन पाएका हुन्छन् ।

परिवार बाल सहिभागिताको पहिलो स्थान हो । परिवारमा बालबालिकाका कुरा सुन्ने, बालबालिकासँग कुराकानी गर्ने, छलफल गर्ने र बालबालिकासँग सम्वन्धित विषयहरूमा उनीहरूको भावनाको सुनुवाइ रसम्मान गर्ने सँस्कारले नै उनीहरूमा आत्मबलको विकास गर्दछ । यस्ता अभ्यासले परिवारका सदस्यहरूबीच एकआपसमा छलफल र आदानप्रदान गर्ने संस्कारको पनि विकास भएको हुन्छ । बाल सहभागिताको पहिलो सूचक बालबालिकासँग परिवारका सदस्यहरूले दैनिक समय कति बिताउछौं, उनीहरूलाई कति सुन्दछौ, उनीहरूका भावनाहरूको कतिसम्मान गर्दछौ र के कस्ता विषयमा खुलेर कुराकानी गर्दछौं भन्ने हो । के हाम्रो परिवारमा बालबालिकासँग अन्तरकृयात्मक कुराकानी हुन्छ? के परिवारका छोरा र छोरी दुवैले परिवारका सदस्यहरूसँग कुराकानी गर्ने, सँगै खेल्ने, समय विताउने जस्ता कामहरू गर्न पाएका छन्?के बालबालिकाको भावना र विचारलाई परिवारमा उत्प्रेरित गरिएको हुन्छ? यस्ता विषय बाल सहभागिताका लागि आवश्यक छ । बालबालिकाको सृजनशीलताको विकासका लागि परिवारका सदस्य बालबालिकासँगै बसेर उनीहरूका विभिन्न कृयाकलापमा सहभागी हुनुपर्दछ । हामी बालबालिकाबाट पनि सिक्न सक्दछौं भन्ने मान्यता राख्यौ भने परिवारमा बाल सहभागिता बढ्न सक्दछ । कतिपय सवालहरूमा बालबालिका अभिभावकका पनि गुरू बन्न सक्दछन् । परिवारमा पाउने यस्ता वातावरणले नै भविष्यमा असल नेतृत्व लिन र व्यावसायिक जीवनमा आउने जिम्मेवारीलाई सहज रूपमा सम्पन्न गर्न आत्मबल, हौसला, प्रेरणा र आवश्यक सिपको समेत विकास भएको हुन्छ । वास्तवमा बालबालिकाका लागि आवश्यक जीवन उपयोगी सिपहरू परिवारका यस्तै अभ्यासहरूबाट उनीहरूले सिकिरहेका हुन्छन् ।

समुदाय तहमा बाल सहभागिताका थुप्रै असल उदाहरणहरू रहेका छन् । समुदाय तहमा हुने छलफल र निर्णय प्रकृयामा बालबालिकाको सहभागिता हुने गरेको छ । हाम्रा बाजे, बज्यै, आमा र बुबाको बानी व्यवहार याद गऱ्यौ भने समाजका कतिपय छलफल कुराकानीमा घरका साना बालबालिकाहरूलाई लिएर जाने गरेको अभ्यास थियो । त्यस्ता छलफलहरूमा बालबालिकाहरूलाई पनि सोध्नु पर्दछ भनेर सोधिएका थुप्रै उदाहरणहरू हुन्थे । बालबालिकाहरूले झुठो बोल्दैनन भन्ने विश्वासका आधारमा समाजका धेरै कृयाकलापमा बालबालिकालाई सोध्ने र त्यसका आधारमा योजना बन्ने, अध्ययन अनुसन्धान हुने वा कुनै काम गर्नुपर्ने भए त्यसैका आधारमा गर्ने गरिएका उदाहरण हाम्रै परिवारमा प्रशस्त थिए र छन् । यद्यपी त्यतिबेला नीतिगत रूपमा बाल सहभागितासम्वन्धी कुनै कानूनी व्यवस्था थिएन तर व्यवहारमा हिजोको दिनमा पनि बाल सहभागिता थियो । म सानो हुँदादेखि घरपरिवारका कृयाकलापहरूमा मेरो अभिभावकहरूले छलफल गर्ने गरेको र कतिपय मेरो उमेरगत जिम्मेवारी दिएर सो पूरा गर्न लगाएको मेरो अनुभव ताजा नै छ । लाग्दछ ती अनुभव आज मेरो व्यक्तिगत र व्यावसायिक जीवनमा उपयोगी भएको छ । मैले हासिल गरेको त्यो अनुभव आज मैले बालबालिकासँग गर्ने व्यवहारमा काम लागेको छ ।

वि. स. २०४६ मा देशमा प्रजातन्त्र आएसँगै सामाजिक संघसंस्थाहरूले खुल्ला रूपमा आफ्ना कृयाकलापहरू सञ्चालन गर्न पाउने वातावरण बन्यो । वि. स. २०४८ मा बालबालिकासम्वन्धी ऐन नै आयो । यसपछि समुदाय तहमा बालक्लबहरूको गठन र सवलीकरणमा प्रशस्त काम भएको छ । यस अघि पनि समुदायमा बालक्लबहरू भने थिए तर बालक्लबहरू यती सकृय र सवल थिएनन् । म आफै पनि विद्यालय र समुदायमा रहेको बालक्लबको संस्थापक र सकृय सदस्य थिएँ । मेरो गृह जिल्ला पाल्पामा म आफै संस्थापक रहेको जनचेतना बालक्लव आजपनि सकृय छ । बालक्लव र युवा क्लबहरूको सकृयताबाट मेरो समुदायमा पारेको प्रभाव र बालबालिकालाई समुदायका अभिभावकहरूले हेर्ने दृष्टिकोणका सम्वन्धमा कोभिड-१९ को लकडाउनका समयमा गाउँका विभिन्न सरोकारवालाहरूसँगको अन्तरकृयामा पुनर्ताजगी गर्ने अवसर प्राप्त गरे । बालक्लब र युवा क्लबमा रहेर विताएका समय, प्राप्त गरेका अनुभव र समुदायका लागि गरेको लगानी वास्तवमै एउटा महत्त्वपूर्ण इतिहास हो । समुदायले आज पनि त्यसको सम्झना गरिरहन्छ भन्ने थाहा पाउँदा अन्त्यन्त खुशी लागेको छ । बालक्लबलाई सिकाइ र नेतृत्व विकासको अवसरका रूपमा

लिएका हामीहरू आज जहाँ छौ त्यो विद्यालय र समुदायमा रहेका क्लबहरूको (सानो उमेरमा बालक्लब र युवा उमेरमा युवा क्लब) योगदानकै नतिजा हो । विकास साझेदारहरूले सहजीकरण र सवलीकरण गरिएका बालक्लबहरूको अभिलेखीकरण र प्रवर्द्धन गरे । तर स्वतस्फूर्त रूपमा समुदायमा बनेका बालक्लबहरू, समुदायका सदस्यहरू वा अभिभावक, विद्यालयका शिक्षक, समुदायमा आधारित संस्थाहरू, वडा कार्यालयहरूले सहजीकरण गरी बनेका बालक्लबहरूको भने अभिलेखीकरणदेखिदैन । बालक्लबहरूको इतिहास, यसका सदस्यहरू र समाजमा पारेका सकारात्मक प्रभावहरूका सम्वन्धमा अध्ययन, अनुसन्धान र अभिलेखीकरण सबै स्थानीय तहहरूले गर्नु आवश्यक छ । हिजोका दिनमा बाल सहभागितासँग सम्वन्धित कुनै विशेष कानूनी व्यवस्था नहुँदा पनि राम्रा प्रयासहरू भएका थिए । यस्ता राम्रा प्रयासहरूको अनुभवका आधारमा आज बाल सहभागिता सम्वन्धी छुट्टै विशेष व्यवस्था गरिनुपर्ने आवश्यकतादेखिएको छ ।

बालक्लबहरूको सकृयताले उनीहरूको आफ्नै क्षमता विकासमा प्रशस्त सहयोग पुगेको छ । बालबालिकामा आएका सकारात्मक परिवर्तनका देशैभरी उदाहरणहरू छन् । बालक्लबहरूमा सकृय बालबालिकाहरूको विद्यालयको नतिजामा सुधारदेखिएको छ । बालक्लबमा रहने बालबालिकाहरूमा अधिकार र कर्तव्यकोवोधदेखिन्छ । परिवार, विद्यालय र समाजप्रति जिम्मेवार बन्नका लागि बालबालिकालाई बालक्लबले सिकाएको छ । खराव वा जोखिमपूर्ण बानी व्यवहारबाट बच्न र आफ्ना अभिभावक, परिवारका सदस्य र विद्यालयका गुरूहरूप्रति आदरसम्मान सिकाउन पनि बालक्लबको महत्त्वपूर्ण योगदान रहेको छ । जीवनको योजना बुन्न र त्यसको प्राप्तिका लागि सकारात्मक हुन तथा कुनै पनि विषयवस्तुलाई समालोचनात्मक विश्लेषण गर्न बालक्लबले सिकाएको छ ।

नेपालमा बालमैत्री स्थानीय शासन सम्वन्धी अवधारणालाई अवलम्वन गरिएपश्चात् विशेषगरी पछिल्लो दशकमा बालक्लबहरूको सकृयता,योजना निर्माण प्रकृयामा बालबालिका र स्थानीय स्तरमा बाल सहभागिता व्यवस्थित भएकोदेखिन्छ । तत्कालिन स्थानीय निकायहरूले आफ्नो १४ तहको योजना निर्माण प्रकृयामा बाल भेलालाई समेत समावेशगरी समुदाय तहदेखी नै बालबालिकाहरूको सवालहरू बालबालिकाहरूको आफ्नै सहभागिता र नेतृत्वमा सङ्कलन गरी कार्यान्वयनका लागि सिफारिस गर्ने कामको शुरूवात भएको पाइन्छ । बालमैत्री स्थानीय शासन सम्वन्धी अवधारणाले सरकारको तल्लो तहमा बालबालिकाहरू प्रत्यक्ष रूपमा योजना निर्माण प्रकृयामा सहभागिताको सुनिश्चित गरेको छ । यसका साथै सो अवधारणाले बाल अधिकारका चारवटै बाकसमा रहेर विभिन्न सुचकहरूमा बालबालिकाहरूको अधिकारको सुनिश्चित गर्ने लक्ष्य राख्दछ । बाल अधिकारको सुनिश्चिताका लागि संरचनात्मक व्यवस्था र त्यस्ता संरचनाहरूको प्रभावकारीता पनि बालमैत्री स्थानीय शासनले सुनिश्चित गर्ने लक्ष्य राख्दछ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ तथा कार्यान्वयन कार्यविधी २०६८ जारी भएपश्चात् बालमैत्री स्थानीय शासनको अवधारणालाई व्यवस्थित तरिकारले स्थानीय निकायसम्म पुग्न योगदान पुग्यो । नयाँ संविधान निर्माणपछि बनेको संघीय संरचनामा पनि स्थानीय सरकारको ७ तहको योजना निर्माण प्रकृयामा बालबालिकाको सहभागिताको सुनिश्चित हुने व्यवस्था गरिएको छ । बालक्लबका प्रतिनिधिहरूको विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति जस्ता स्थानीय संरचनाहरूमा समेत उपस्थितिले समुदायमा रहेका विद्यालय तथा स्वास्थ्य केन्द्रहरूको व्यवस्थापन, त्यस्ता संरचनासँग सम्वन्धित सूचना र सेवाहरूसम्म बालबालिकाको पहुँच र विद्यमान संरचनाहरूका सम्वन्धमा बालबालिकामा बुझाइको विकासले जिम्मेवार नागरिक निर्माणमा योगदान पुग्न गएकोदेखिन्छ ।

नेपालको वर्तमान संविधान बाल अधिकारका हिसाबले ऐतिहासिक संविधान हो । संविधानमा नै बाल अधिकारका सवालहरूलाई मौलिक हक कै रूपमा पहिलो पटक धारा ३९ मा व्यवस्था गरिएको छ । सोही धाराको उपधारा ३ मा बाल सहभागिताको व्यवस्था गरिएको छ । राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (ञ)(५) मा "बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यानदिने" भन्ने व्यवस्था गरिएको छ । संविधानमा बालबालिकाको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गर्नका लागि बालक्लबहरू, बालक्लबका सञ्जालहरू, बालबालिकाका सवालमा कृयाशील संघ संस्थाहरू र बाल अधिकार अभियान्ताहरूले लामो नीतिगत पैरवीको काम गरेका थिए । संविधानमा बालबालिकाका सवालहरूलाई मौलिक हकका रूपमा सम्वोधन गर्नका लागि गरिएका प्रयासहरूको एक अभियान्ता र सो उपलब्धिको साक्षीका रूपमा आफूलाई उभ्याउन पाउँदा खुशी लागेको छ ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ को बुँदा ८.३८ देखि ८.४५ सम्म बाल सहभागितासम्बन्धी प्रावधानहरू रहेका छन् । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८ मा सहभागिताको अधिकार, दफा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार र दफा १० मा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार र दफा १४ मा खेदकुद, मनोरंजन तथा साँस्कृतिक सहभागिताको अधिकारको व्यवस्था गरिएको छ । बालमैत्री स्थानीय शासनका सूचकहरूमा स्थानीयतहको योजना निर्माण प्रक्रियामा बाल सहभागिता, विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समितिमा बाल सहभागिता, बालक्लव तथा सञ्जालमा बाल सहभागिता लगायतका सूचकहरूको व्यवस्था गरिएको छ । पन्ध्रौ योजनाको बालबालिका तथा किशोरकिशोरी शीर्षकको रणनीति तथा कार्य नीतिमा विभिन्न बूँदाहरूमा बालबबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने उल्लेख गरिएको छ । दिगो विकासका लक्ष्य नं. १६.७ मा

सबै तहमा जवाफदेही, समावेशी, सहभागितात्मक र प्रतिनिधिमूलक निर्णय प्रक्रिया सुनिश्चित गर्ने प्रतिवद्धता रहेको छ । नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १२ मा स्वतन्त्र विचारको अधिकार, धारा १३ मा अभिव्यक्तिको अधिकार, धारा १४ मा स्वतन्त्र आस्थाको अधिकार, धारा १५ मा सङ्गठनको अधिकार र धारा १७ मा सूचनाको हकको व्यवस्था गरिएको छ । यी सबै उपलब्धिहरूमा बालक्लव, बालक्लव सञ्जाल र तिनीहरूका सदस्यहरूको सुझाव, सल्लाह र प्रत्यक्ष भुमिका रहेको छ । नेपालमा बालक्लव, बालक्लव सञ्जाल र त्यसका क्षमतावाल सदस्यहरूको प्रभावकारी पैरवीको काम नभएको भए यती उपलब्धि संभव हुने थिएन । नेपालमा बनेका बालबालिकासँग सम्वन्धित कानून, नीति, नियमहरूको निर्माणमा बालबालिकाहरू स्वयम्ले प्रशस्त योगदान पुऱ्याएका छन् । नेपालको बाल अधिकार अभियानमा समुदाय तहमा रहेका बालक्लवका सदस्य स्वयम्ले नेतृत्व लिइरहेका प्रशस्त उदाहरण छन् । संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि, अन्य मानव अधिकार महासन्धिहरू, मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा आदिमा समुदाय तहका बालबालिकाका सवाललाई अन्तरराष्ट्रिय मञ्चसम्म पुऱ्याउन बालबालिका आफैले तयार गरेका बालबालिकाका छुट्टै प्रतिवेदनले नेपालका बालबालिकाका सक्षम छन् भन्ने प्रमाणित गरेको छ ।

नयाँ संविधान र संघीयताको अभ्यासले तीनै तहको सरकारलाई एकल र साझा अधिकार सूची दिएको छ । नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गर्दै स्थानीय तहहरूले पनि बालबालिकासँग सम्वन्धित विभिन्न कानून, नीति, नियम तथा कार्यक्रमहरू बनाइरहेका छन । बाल अधिकार, बाल संरक्षण, बाल कोष व्यवस्थापन तथा सञ्चालन, बाल विवाह अन्त्य, बाल श्रम अन्त्य, शिक्षा लगायतका बालबालिकासँग सम्वन्धित सवालहरूमा स्थानीय तहहरूमा नीतिगत व्यवस्थाहरू भएको पाइन्छ । यस्ता नीतिगत व्यवस्थाहरूमा पनि बालक्लव, सञ्जाल र तिनीहरूका सदस्यहरूको सहभागिताका विषयहरू समेटिएका छन् । यद्यपी स्थानीय तहले बाल सहभागितासँग सम्वन्धित छुट्टै कार्यविधी नै निर्माण गरी कार्यान्वयन गर्ने कामको शुरूवात भने प्रदेश नं २, सर्लाही जिल्लाको गोडैता नगरपालिकाले गरेको हो । गोडैता नगरपालिकाले बाल सहभागिता सम्वन्धी कार्यविधी २०७६ कार्यपालिकाबाट पारित गरेको छ । यो ऐतिहासिक कार्यको सहजीकरण कन्सोर्टियम नेपालले गरेको थियो । स्थानीय तहमा बाल सहभागितालाई सुनिश्चित र व्यवस्थित गर्ने ऐतिहासिक यो कार्यविधिको मस्यौदा समूहको संयोजकका रूपमा जिम्मेवारी पूरा गर्न पाएकोमा पूर्व बालक्लव सदस्य, बाल अधिकार अभियन्ता र बाल अधिकार अनुसन्धानकर्ताको हैसियतले मेरो जीवनको एउटा महत्त्वपूर्ण खुशीको क्षण रहेको छ । चाँडै नै यो असल अभ्यास धेरै स्थानीय तहहरूमा पुग्दैछ । दैलेखको गुँरास गाँउपालिका, बाँकेको नेपालगञ्ज उप-महानगरपालिकाले पनि बाल सहभागिता सन्वन्धी कार्यविधिको मस्यौदा गरिसकेको छन् । प्रदेश नं २, प्रदेश नं ५ र सुदूर पश्चिम प्रदेशमा पनि बाल सहभागिता सम्वन्धी कार्यविधीको मस्यौदा भईसकेको छ । अहिले देशका थुप्रै स्थानीय तहहरू, प्रदेश सरकारहरू र संघीय सरकारले समेत बाल सहभागितालाई सम्वोधन गर्न छुट्टै नीतिगत व्यवस्था गर्ने तयारी गरिरहेका छन् । यसले बाल अधिकारकोसम्मान र बाल सहभागिताको सुनिश्चित गर्न थप योगदान पुग्ने नै छ ।

सबै स्थानीय तहमा बाल सहभागिता सम्वन्धी कार्यविधिको व्यवस्थाले बाल अधिकारसँग सम्वन्धित विभिन्न सवालहरूको सम्वोधन गरी बाल सहभागितालाई सुनिश्चित गर्न, बालबालिकालाई उनीहरूसँग सरोकार राख्ने विकास र शासनका सबै गतिविधिको निर्णय र कार्यान्वयन प्रक्रियाको सबै चरणमा समान हैसियतमा स्वेच्छापूर्वक सहभागी सुनिश्चित गर्न, बालबालिकाको सर्वोत्तमहित कायम् गर्न उनीहरूको विचार र भावनाको कदर गर्दै आफ्ना बारेमा गरिने क्रियाकलाप तथा योजनामा अर्थपूर्ण सहभागिता र पैरवीका लागि उनीहरूको सँगठित हुन पाउने समेतको अधिकारको सुनिश्चित गर्न स्थानीय तहहरूले तर्जुमा गर्ने बाल सहभागिता सम्वन्धी छुट्टै कानूनी व्यवस्थाले योगदान पुग्ने अपेक्षा छ । बाल सहभागिता बालबालिका प्रतिको विश्वास हो । हामीले आफ्नै बालबालिकालाई विश्वास गर्न सकेनौ भने उनीहरूलाई जिम्मेवार नागरिक बनाउन सक्दैनौ । बाल सहभागिता बालबालिकाको अधिकार हो र यसले उनीहरूलाई समाजको सवल र सक्षम नागरिक बन्नका लागि आधार प्रदान गर्दछ । बालबालिकाको क्षमतालाई प्रस्फुटन हुन दिएर राष्ट्रको सवल र सक्षम नागरिक बन्ने आवश्यक वातावरण सृजना गर्नका लागि बाल सहभागिता सुनिश्चित गर्नै पर्दछ । समाजको समग्र विकास, गरिवी र भोकमरीको अन्त्य, सामाजिक न्याय र मानव अधिकारकोसम्मान भएको समाज निर्माणका लागि आजै बाल सहभागितालाई प्रवर्द्धन गर्नु जरूरी छ । बालबालिकासँगको साझेदारीमा नै हामीले एउटा असल समाजको परिकल्पना र निर्माण गर्न सक्दछौं । उमेर अनुरूप विभिन्न तहमा हुनुपर्ने बाल सहभागितालाई प्रवर्द्धन गर्न, घरपरिवार, विद्यालय, समुदाय र विभिन्न तहको सरकार र त्यसका विभिन्न निकायहरूमा बाल सहभागितालाई नीतिगत, संरचनागत, स्रोत र व्यवहारमा पनि कार्यान्वयन गर्नका लागि बाल सहभागिता सम्वन्धी कार्यविधिले अवस्य सहयोग पुऱ्याउने छ । सबै मिलेर बाल सहभागितालाई सबै स्थानीय तहहरू र सबै तहका सरकारहरूमा नीतिगत रूपमा सम्वोधन गर्नका लागि साझेदारी गरौं ।

(लेखक बाल अधिकार अभियन्ता एवम् अनुसन्धानकर्ता हुनुहुन्छ ।)

## बालक्लब सहजकर्तादेखि कन्सोर्टिय अध्यक्षसम्मको यात्रा



किरण थापा

सन् २००० जनवरीमा बाल विकास समाज (बाविस) मा एकजना सहजकर्ताको रूपमा प्रवेश गरेसँगै म नेपालको बाल अधिकार अभियानमा समाहित हुँदै आएको छु । आजसम्म आइपुग्दा यस अभियानमा लागेको दुइदशक बितेको छ । यस दुइदशकको अवधिमा म कार्यरत बाविस र नागरिक समाजका संघसंस्थाका सङ्गठनहरूका विभिन्न पदमा रही यस अभियानलाई सक्दो योगदान पुर्‍याउँदै आएको छु । यही अभियानमा लागेर मैले जीवनलाई चाहिने कैयन् महत्त्वपूर्ण कुराहरू सिकेको छु । यस लेखमा मैले वितेका दुइ दशकलाई मेरो आफ्नै अनुभव र उपलब्धिका कसीमा हेर्ने प्रयास गरेको छु ।

मेरो बाल अधिकारका क्षेत्रमा लाग्ने यात्राको ढोका खोलिदिने काम बाविसले गरिदिएको आरम्भमा नै उल्लेख गरिसकेको छु । त्यसबेला बाविसले मलाई अन्तर्राष्ट्रिय श्रम सङ्गठन आइ. एल. ओ.को सहयोगमा सञ्चालन गरेको आईपेक परियोजनामा अनौपचारिक कक्षाको सहजकर्ताको पदमा नियुक्त गरेको थियो । भक्तपुरको फौखेल र दुवाकोटमा सञ्चालित ईंटा भट्टामा कार्यरत बाल श्रमिकको लागि अनौपचारिक कक्षा सञ्चालन गर्थे । हरेक दिन २ घण्टाको बीचमा २ वटा अनौपचारिक कक्षामा जम्मा ४० जना बालबालिकाहरूलाई सहजीकरण गर्ने जिम्मेवारी थियो मेरो । ईटाभट्टाको बीचमा पर्ने एउटा घर भाडामा लिइएको थियो र त्यही घरको एउटा कोठामा ४ वटा परालको सुकुल विछ्याएर ती बालबालिकाहरूको लागि दैनिक २ वटा कक्षा सञ्चालन गर्थे म । हो, त्यही सुकुलबाट मैले बाल अधिकारको क्षेत्रमा काम गर्न सुरू गरेको थिएँ । संयोग नै भन्नु पर्छ, आज बाल अधिकार महासन्धि पारित भएको ३० वर्ष पूरा भएको छ । कन्सोर्टियमले बाल सहभागिताको अभियान शुरू गरेको अर्थात् कन्सोर्टियम स्थापना भएको २० वर्ष भएको छ भने मैले बाल अधिकारको अभियानमा संलग्न भएको पनि २० वर्ष भएको छ ।

बाविस संस्थामा अनौपचारिक शिक्षा सहजकर्ता, बालक्लव सहजकर्ता, फिल्ड सुपरभाइजर, फिल्ड संयोजक, कार्यक्रम सुपरभाइजर, कार्यक्रम अधिकृत, कार्यक्रम संयोजक, सिनियर कार्यक्रम संयोजक, प्रमुख कार्यक्रम संयोजक हुँदै कार्यक्रम निर्देशक अर्थात् कार्यालय प्रमुखको रूपमा मैले १८ वर्ष ४ महिना १० दिनसम्म बाल अधिकारको क्षेत्रमा अनवरत एक बाल अधिकार अभियन्ताको रूपमा सक्रिय भएँ । उक्त संस्थामा सुकुलदेखि काम शुरू गर्दै कार्यालय प्रमुखको कुर्सीमा रही कार्यरत रहँदादेखि नै मैले संस्थागत प्रतिनिधित्व गर्दै राष्ट्रिय बाल संरक्षण संजाल, कन्सोर्टियम नेपाल जस्ता राष्ट्रिय संजालहरूमा आफ्नो व्यक्तिगत पहिचान बनाउन सफल भैसकेको थिएँ । उक्त अवसर र मेरो व्यक्तिगत योगदानलाई फर्केर हेर्दा आफूले ठूलो उपलब्धि हासिल गरेको महशुस हुन्छ । बाल अधिकारको क्षेत्र इमान्दार र लगनशील व्यक्तिको लागि उत्कृष्ट सिक्ने थलो हो भन्ने कुरा मेरो आफ्नै जीवनको विगतका यात्रा अनुभवलाई नियाल्दा पनि प्रमाणित हुन्छ । साथै राम्रो कर्मको कदर हुने यो क्षेत्रमा मेरो जीवनको पछिल्ला दुइ दशकमा मैले व्यक्तिगत रूपमा धेरै अवसरहरू प्राप्त गरेको छु । यस बीचमा मैले धेरै संस्थामा विभिन्न जिम्मेवारीमा रही काम गर्ने अवसरहरू पनि प्राप्त गरेको छु । म बाविसमा कार्यरत रहँदा मलाई विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट विभिन्न प्रस्ताव तथा अवसर पनि आएका थिए । तर मलाई लाग्यो, नागरिक समाजको एक अभियन्ताको रूपमा कार्य गर्नुको आत्म सन्तुष्टी जस्तो अरू केही हुन सक्दैन । त्यसैले मैले आफूलाई एउटा संस्थाको कर्मचारीको रूपमामात्र सीमित राख्न चाहिन र मैले संस्थागत जिम्मेवारीका साथसाथै आफूले हासिल गरेका ज्ञान, सिप तथा क्षमतालाई अन्य संस्था तथा संस्थाहरूको साझा चौतारीको रूपमा रहेका बाल अधिकारसम्बन्धी विभिन्न सञ्जालहरूमा आवद्ध भई अनुभव साट्न र योगदान पुर्‍याउन चाहें र त्यो चाहना पूरा पनि भयो ।

सन् २००३ माम बाविसमा बाल क्लव सहजकर्ताको जिम्मेवारीमा थिएँ । उक्त जिम्मेवारीअनुसार बाल विकास बाल क्लव जुनियरका बालबालिकाहरूलाई हरेक शुक्रबार २ बजेदेखि ५ बजेसम्म सहजीकरण गर्ने गर्थे । त्यति बेलासम्म मैल आन्तरिक रूपमामात्र सहजीकरण सिपसम्बन्धी तालिमलिएको थिएँ । अन्य संघ संस्थाको आयोजनामा हुने तालिम, गोष्ठी, सेमिनार तथा त्यस किसिमका कुनै पनि कार्यक्रममा सहभागी हुने अवसर नै प्राप्त गरेको थिइन । सोही वर्षको मार्च महिनातिर मैले कन्सोर्टियम नेपालले आयोजना गर्ने त्यति बेलाको लोकप्रिय बालक्लब सहजीकरणसम्बन्धी तालिममा सहभागी हुने अवसर प्राप्त गरें । पहिलो चरण ७ दिनको, दोस्रो चरण फिल्डमा र तेस्रो चरण ५ दिनको गरी ३ चरणमा विभाजित उक्त तालिमको बारेमा मैले कहिल्यै सुनेको पनि थिइन । जब म तालिम लिन गएँ र प्रशिक्षकहरूबाट १२ दिनको तालिम प्राप्त गरेर फर्के, त्यसपछि त मेरो जोशजाँगरमा नै ठूलो परिवर्तन आयो । किनकी तालिमको क्रममा त्यतिबेलाका ५ विकास क्षेत्रका साथीहरू हुनुहुन्थ्यो । उहाँहरूको अनुभव र प्रशिक्षकले सहजीकरण गर्नुभएको विधिहरूलाई राम्रोसँग नोट बनाएको थिएँ । त्यसपछि मैले बालक्लब सहजीकरणमा मात्र ध्यान नदिइकन सरकारी विद्यालयमा बालक्लव गठन, बालक्लव सहजीकरण, बालप्रत्रिका तथा भित्तेपत्रिका प्रकाशन लगायतका काममा जिम्मेवारी वोधकासाथ लागिपरें । जबकी त्यो सम्पूर्ण कार्यहरू मेरो आफ्नो चाहनाले गरेको थिएँ र त्यस बापत मलाई संस्थाले

कुनै पारिश्रमिक दिंदैन थियो । समय क्रमसँगै मेरो पदोन्नति हुँदै गयो, जिम्मेवारीहरू पनि हेरफेर हुँदै गयो तर मैले बालक्लव सहजीकरण गर्ने कार्यलाई भने छोडिन । यसै परिप्रेक्ष्यमा बाविसको प्रतिनिधित्व गर्दै बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कर्न्सोटियम) नेपालको कार्यक्रमहरूमा पनि सहभागी हुन थालें । सायद, त्यस समयमा कन्सोर्टियम नेपाल दर्ता नभएको कारणले पनि होला साधारण सभा हुँदैन थियो । साधारण सभाकै शैलीमा प्लेनरी बैठक वर्षमा १ पटक आयोजना हुन्थ्यो । प्लेनरी बैठकमा मेरा अग्रज दाजुहरू माधव प्रधान, डा. विजय सैंजु, रमेश श्रेष्ठ, प्रकाश कोईराला, चन्द्रिका खतिवडा तथा दिदीहरू नुपूर भट्टाचार्य, सकुन्तला सुब्बालगायतको कुराहरू सुन्नपाइन्थ्यो । म २००४ देखि नै कन्सोर्टियम नेपालले आयोजना गर्ने यस किसिमको कार्यक्रममा बाविसबाट सहभागी हुने गर्थे । सन् २०१० मा कन्सोर्टियम दर्ता नभए पनि साधारण सभाको अभ्यास राम्रोसँग हुन शुरू भयो । सन् २०११ मा कन्सोर्टियमको साधारण सभा भक्तपुर गेष्ट हाउसमा आयोजना भएको थियो । उक्त साधारण साभामाम पनि सहभागी थिएँ । त्यही साधारण सभाले २ वर्षको लागि अर्को नेत्तृव पनि चयन गर्नेरहेछ । यस बारेमा म अनभिज्ञ नै थिएँ तर कार्यक्रम स्थलमा पूगेपछि त्यति बेलाका अध्यक्ष मिलन धरेलले मलाई तपाईं जस्तो यूवापनि नेतृत्वमा आउनुपर्छ र यसको लागि तयार हुनुहोस् भनेपछि म पनि हौसिएँ । सोही साधारण सभाबाट कन्सोर्टियम बहुपदीय प्रणालीमा गएको थियो । साथै उक्त साधारण सभाबाट म सह-सचिवको रूपमा निर्वाचित भएँ । त्यसपछिका दिनहरूमा मैले संजालहरूको महत्त्व, उक्त चौतारीबाट प्राप्तहुने अवसर, संजालहरूमर्फत गर्न सकिने योगदान तथा नीतिगत रूपमा हुने संलग्नता र राजनैतिक पँहुचको बारेमा राम्रोसँग अध्ययन गर्ने मौका पनि पाएँ । सोही अनुरूप म आफैं स्वयम्सेवी भावनाका साथै बाल अधिकार अभियानको विभिन्न मोर्चामा समेल हुने क्रममा कन्सोर्टियमको २ पटक महा-सचिव, उपाध्यक्ष हुँदै हाल अध्यक्ष पदमा सेवारत छु । साथै यसबीचमा राष्ट्रिय बाल संरक्षण सञ्जालको सचिव, महा-सचिव हुँदै उपाध्यक्षसम्म नेतृत्वतहमा रही योगदान गरेको छु । यसका साथै सफा ईटा समूह सञ्चालक समितिको संयोजक, सिजपको कार्यसमिति सदस्य, नेपाल गुडवीभ फाउण्डेशनको महा-सचिवपदमा रही बाल अधिकार अभियान संलग्न रहेको अनुभव पनि मसँग छ ।

कन्सोर्टियम नेपालको अध्यक्षसम्म आइपुग्दा मलाई अग्रज व्यक्तित्वहरू, मेरा सहकर्मी साथीहरू, सरकारी निकायका प्रतिनिधिहरू र विकास साझेदार संस्थाका व्यक्तिहरूले ठूलो सहयोग गर्नुभएको छ । मेरो नेतृत्वमा केही महत्त्वपूर्ण योजनाका साथ अभियानहरू पनि सञ्चाल नभएको छ र त्यसले अझै परिस्कृत तरिकामा बाल अधिकारका साथै विशेषगरी बाल सहभागिताको सुनिश्चितताको लागि विविध अभियानका कार्यक्रमहरू पनि सञ्चालन गर्ने योजनामा रहेका छौं । आशा छ, बाल अधिकारको क्षेत्रमा २० वर्षको मेरो व्यक्तिगत अनुभव, सिनियर बाल अधिकारकर्मी तथा अग्रजहरू र सहकर्मी साथीहरूको साथ, सहयोग र हौसला तथा सुझावले मेरो जोश जाँगरमा अझै थप ऊर्जा दिनेछ ।

(लेखक बाल अधिकार अभियन्ता तथा कन्सोर्टियम नेपालको अध्यक्ष हुनुहुन्छ ।)

## बालक्लबका पूर्व सदस्य : अवसर की चुनौती ?



सन्जोग ठकुरी

"कोहि पनि व्यक्ति असल नागरिकको रूपमा जन्मदैनन्, कुनैपनि राष्ट्र लोकतान्त्रिक राष्ट्रको रूपमा जन्मिएको हुँदैन । यी दुवै त समयको गतिसँगै अघि बढ्ने प्रक्रियाहरू हुन् । यो प्रक्रियामा युवापुस्तालाई आरम्भ देखि नै संलग्न गरिनु पर्दछ । त्यो समाज जसले युवापुस्ताको यो आवश्यकतालाई नजरअन्दाज गर्दछ उ आफ्नो र उसको विकासको जीवनरेखा पनि काट्दछ ।"

– कोफी अन्नान, पूर्व महासचिव, संयुक्त राष्ट्रसंघ

तत्कालिन केन्द्रीय बाल कल्याण समिति (हाल राष्ट्रिय बाल अधिकार परिषद्) ले हरेक वर्ष प्रकाशन गर्ने नेपाली बालबालिकाको स्थिति प्रतिवेदन अनुसार नेपालमा वि. सं. २०६७ देखि २०७६ सालको बालक्लबको तथ्याङ्क हेर्दा गएको १० वर्षको नेपालमा बालक्लबको वृद्धिदर वार्षिक ९.२ प्रतिशत देखिन आउँछ । यस अर्थमा नेपालमा बालक्लबको संख्या बढ्दो क्रममा रहेको छ र बालक्लबमा आवद्ध हुने बालबालिकाको संख्या पनि बढ्दै गइरहेको छ । यदि हरेक वर्ष प्रत्येक बालक्लबबाट एकजना बालक वा बालिका उमेरको हदबन्दीको आधारमा बालक्लबबाट बिदा हुन्छन् भनेर मान्ने हो भने गएको १० वर्षमा झण्डै २ लाख बालक्लबका पूर्व सदस्यहरूले बालक्लबबाट बिदा लिई समुदायमा रहेका छन् भनी मान्न सकिन्छ तथापि यो सरकारको तथ्यांकमा आएका बालक्लबहरूको जानकारीको आधारमा मात्र हो । यो तथ्याङ्कले के प्रष्ट पार्छ भने बालक्लबका पूर्व सदस्यहरू समुदायमा बढ्दो क्रममा छन् । यदि नेपालमा बालक्लब रणनीतिक समीक्षा २०६८/२०६९, काठमाडौं उपत्यकामा भएको बालक्लबमा बाल सहभागिताको अवस्था २०१० जस्ता अध्ययन प्रतिवेदनहरूलाई आधार मान्ने हो भने यो बालक्लबका पूर्व सदस्यहरूको एउटा हिस्सा बालक्लबलाई प्राथमिकतामा राख्ने संस्थाहरूसँग सन्तुष्ट छैनन् । तसर्थ बालक्लबको अबको अभियानमा सबै समूहले बालक्लबबाट हुर्कने यी युवाहरूको बारेमा पनि विशेष ख्याल राख्नु पर्ने कुरा स्पष्ट छ । पूर्वका एक बालक्लबका पूर्व सदस्यले नाम नबताउने सर्तमा बालक्लबहरू नामको लागि स्वतन्त्र भनिए ता पनि सहयोगी गैसस र दातृ निकायले पूर्ण स्वायत्त हुन नदिएको लेखकसँगको टेलिफोन सम्पर्कमा बताउनु भएको छ ।

राष्ट्रिय युवा नीति २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा भनी परिभाषित गरेको छ जसले नेपालको जनसंख्याको ४०.३५% हिस्सा ओगटेको छ । युवाको विषयमा व्याख्या गरिरहँदा एउटा चाखलाग्दो कुरा भने बालबालिकाको व्याख्या पनि हो । नेपालको बालबालिकासम्बन्धी ऐन २०७५ ले १८ वर्ष मुनिकालाई बालबालिका भनि परिभाषित गरेको छ जुन बाल अधिकारसम्वन्धी महासन्धिसँग पनि मेल खान्छ । विश्व स्वास्थ्य सङ्गठनले १० देखि १९ वर्ष उमेर समूहलाई किशोरकिशोरी भनी परिभाषित गरेको छ । यसरी हेर्दा हाम्रा बालबालिकाहरूको एउटा समूह बालबालिकाका साथसाथै किशोरकिशोरी पनि हुन आउँछ र युवा पनि । ठूलो परिमाणमा रहेको युवाको यो समूहमा बालक्लबबाट हुर्केका युवाहरूले पनि स्थान ओगटेका छन् । युवा अभियानमा बालक्लबका पूर्व सदस्यहरूको अनुभव र सिपको पनि माग रहेको छ । तसर्थ उनीहरूलाई कसरी बालक्लब अभियानको बारेमा सकारात्मक बनाउने, नेपालको बाल अधिकार आन्दोलनले बालक्लबका पूर्व सदस्यहरूको विचारलाई कसरी मनन गर्ने र अबको बाटो के हुन सक्ला भन्ने सेरोफेरोमा मैले तल चर्चा गरेको छु :

**सार्क राष्ट्रमा युवा**

| देश | युवा उमेर |
|---|---|
| अफगानिस्तान | १८ देखि ३० वर्षसम्म |
| नेपाल | १६ देखि ४० वर्षसम्म |
| पाकिस्तान | १५ देखि २९ वर्षसम्म |
| बङ्गलादेश | १८ देखि ३५ वर्षसम्म |
| भारत | १५ देखि २९ वर्षसम्म |
| भुटान | १३ देखि २४ वर्षसम्म |
| माल्दिभ्स | १४ देखि ३५ वर्षसम्म |
| श्रीलङ्का | १५ देखि २९ वर्षसम्म |

(स्रोतः युवा बुलेटिन २०७१, युवा तथा खेलकुद मन्त्रालय)

### (क) बालक्लबका पूर्व सदस्य : कसको जिम्मेवारी ?

बालक्लबका पूर्व सदस्यहरूद्वारा नेतृत्व गरिएको चार युवा संस्थाहरू युवालय, चङ्गा फाउन्डेसन, क्रियशन सोसाइटी नेपाल र जागृती बाल तथा युवा सरोकार नेपालद्वारा सन् २०१७ मा नेपालमै पहिलोपटक बालक्लबका पूर्व सदस्यहरूको राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो । त्यहाँ भेटिएका अधिकाँश बालक्लबका पूर्व सदस्य साथीहरूको कुराकानी सुनेपछि हामी कहाँसम्म फैलिएर बसेका रहेछौं भन्ने थाह पायौ तर अधिकाँशको गुनासो थियो जहाँ दातृ निकाय र गैसस छन् त्यहाँको बालक्लबले अवसर पनि पाए र बाल अधिकारका बारेमा बृहत् ज्ञान पनि । तर हामीकहाँ कोहि आएनन् । बाल अधिकार त हाम्रो पनि थियो, हामी पनि सहभागी हुन चाहन्थ्यौ नीति, नियममा छलफलहरूमा तर न हामी बालक्लब हुँदा थाहा भयो न त पूर्व सदस्य हुँदा ।

जब हामी बाल अधिकार अभियानका साथीहरूसँग बालक्लबका पूर्व सदस्यको मुद्दा उठाउँछौ यो युवाको विषय भयो,

अब १८ वर्षपछि पनि कसरी हामीले हेरिरहने भन्ने गरिन्छ भने युवा अभियानमा गयो बालक्लबका पूर्व सदस्यलाई बाल अधिकार अभियानले नै हेरेन भन्ने सुनिन्छ । तर आवश्यक पर्दा दुबै क्षेत्रबाट यी युवा जमात प्रयोग पनि नभएका भने होइनन् । यसरी हेर्दा टेबलटेनिसको बल जस्तो यताउता घुमिरहने तर कसैले पनि जिम्मेवारी नलिने समूह हो बालक्लबका पूर्व सदस्य ! त्यसैले त हामीसँग उनीहरूको बारेमा तथ्यांक छैन र आवश्यकता महसुस पनि गरिएको छैन । आजको दिन सम्म यस विषयमा पहलकदमी भएको कहिं कतै देखिदैन ।

## (ख) बालक्लबको महत्त्वको बारेमा सुस्पष्टता

बालक्लबका पूर्व सदस्यहरूको एउटा अधिक सुनिने गुनासो हो, हामी भन्दा सिप, दक्षता र अुनभवमा कमजोर मानिसले संस्थामा जागरि पाउनु । केन्द्रीय बाल कल्याण समिति र कन्सोर्टियमले संयुक्त रूपमा गरेको अध्ययनको क्रममा मोरङका पूर्व सदस्यहरूले बालक्लबमा आवद्ध हुँदा गैरसरकारी संस्था (गैसस) क्षेत्रमा सुरक्षित जागिर पाइन्छ भन्ने अवास्तविक अपेक्षा राखेकाले निराश हुनु परेको बताए (बालक्लबको रणनीतिक समिक्षा २०१०/११, हे पेज ५८) । उनीहरूको तर्क छ, हामीलाई गैससको जस्तो पदहरू दिइयो, योजना बनाउन, कार्यक्रम गर्न लगाइयो जसले हामीलाई स्वतः गैससको लागि तयार गरिएको महसुस गरायो । अर्थात् हामीले बालक्लबको औचित्य र महत्त्वको बारेमा उनीहरूलाई समयमा नै अवगत गराउन चुकेछौं । बालक्लब भनेको भोलिका त्यस्ता वयस्कहरू निर्माण गर्नु हो जो बालबालिकाको अधिकार प्रति संवेदनशील हुनेछन् तर के हाम्रा बालक्लबका सदस्यहरूले पनि यहि कुरा सिकिरहेका छन् या तपाई हामीलाई हेरेर भोलि गैससमा जागिर खाने सपना बुनिरहेका छन् ? हुन त यसै विषयलाई मध्यनजर गर्दै तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शन र बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ मा विभिन्न प्रकारको नेतृत्व प्रक्रियालाई उल्लेख गरेको छ तर यस किसिमको प्रणालीको आवश्यकता र महत्त्वको विषयमा आवश्यक चर्चा नहुँदा सहयोगी निकायहरूले पुरातनशैलीकै ढर्रामा बालक्लबको नेतृत्वको गठनलाई प्रोत्साहित गरिरहेका छन् । जसले कुनै न कुनै रूपमा बालबालिकाहरूलाई एउटा निश्चित उमेरपछि गैसस नै विकल्प हो भन्ने कुरा सिकाइरहेको छ ।

अर्को महत्त्वपूर्ण विषय भनेको हामीले बालक्लबको स्थापना सबैलाई गैससमा संलग्न गराउन गरेका पनि होईनौं बरू बाल संवेदनशील जनशक्ति तयार पार्नका लागि हो । केन्द्रीय बाल कल्याण समितिका पूर्व बाल अधिकार अधिकृत नवीनचन्द्र घिमिरे भन्नुहुन्छ, "हाम्रो बालक्लब अभियानले बालक्लबका पूर्व सदस्यहरूलाई बाल संवेदनशील पत्रकार, प्रहरी, व्यावसायी, उद्योगी, शिक्षक, चालक, मनोसामाजिक परामर्शदाता बनुन् भनेर सिकाउनु पर्ने हो, तर हामी चुक्यौ । "

## (ग) उत्तरदाता कि योगदानकर्ता

नेपालको बाल सहभागिता र बालक्लब अभियानले पाएको उर्वर गतिमा धेरै बालक्लबका सदस्यहरूले विभिन्न नीति, योजना, कार्यक्रम र कानूनको तयारीको क्रममा हुने अध्ययन, अनुसन्धान, छलफल, परामर्शमा सहभागी भई आफ्ना विचार व्यक्त गर्ने अवसर प्राप्त गरेका छन् । तर यस्ता सहभागिताले मात्र भोलिका दिनमा उनको जिविकालाई सहयोग नगर्न पनि सक्दछ । उनीहरूलाई उनीहरूले जानेका सिपको प्रयोग गर्ने मञ्च र अवसर पनि दिनु आवश्यक छ जहाँ उनीहरूले आफ्नो सिपको प्रयोग र त्यसलाई तिखार्ने मौका पाउन् । हातेमालो बालक्लब, ललितपुरमा यस लेखक सदस्य हुने समयमा एउटा सुन्दरता के थियो भने कोहि पनि सदस्य कुनै पनि तालिम कार्यक्रममा सहभागी भए पश्चात् उसले अनिवार्य रूपमा बालक्लबमा आएर सो तालिम सञ्चालन गर्नु नै पर्दथ्यो जसले हामीमा सहजीकरणको क्षमता विकास गराउँदै लग्यो र आज आएर हामी जस्ता धेरै साथीहरूको जिविकोपार्जनको स्रोत बन्न पुगेको छ त्यो सिप । हामीले हाम्रो बालक्लबमा पनि यसरी नै सिकाइ, अवसर, नेतृत्वहरू हस्तान्तरण गर्न सकेको खण्डमा केही सिमित युवा मात्र नभई सबै युवाहरू (जो बालक्लबमा थिए) लाभान्वित हुने थिए । आज बालक्लबका केही पूर्व सदस्यहरू रूष्ट छन् तर बाल अधिकार अभियान एउटा अभिभावकको रूपमा उनीहरूका असल कुरालाई समर्थन गर्दै खराब कुराबाट सही मार्गमा ल्याउनुका साटो उल्दो खेदो खनेर बस्नु हाँस्यासपद र लज्जासपद विषय हो भनेर केन्द्रीय बाल कल्याण समितिका पूर्व बाल अधिकार अधिकृत नवीनचन्द्र घिमिरे बताउनु हुन्छ । हामीले बालक्लब र पूर्व सदस्यहरूलाई आवश्यकता पर्दा भरपुर प्रयोग गरेका छौं तर सैद्धान्तिक र रणनीतिक रूपमा भिजन सहित जस्तो तयारी हुनु पर्ने थियो त्यसमा भने चुकेका छौं, यहाँनिर नै हाम्रो ठूलो गल्ति भयो, घिमिरेले थप्नुभयो ।

**युवा सहभागिताको परिभाषा**

युवाको परिभाषा विशेषगरी युवाहरूको नागरिक अधिकार, व्यक्तिगत विकास र समाजका उनीहरूको सक्रिय सहभागितासँग जोडिएको छ । युवा सहभागिताको सिद्धान्तका आधारहरू निम्नानुसारका छन् :

- सशक्तीकरण
- उद्देश्यपूर्ण संलग्नता
- समावेशी

स्रोत : http://yerp.yacvic.org.au

## (घ) व्यवसायिक सिप

प्रज्ञा म्यानेजमेन्ट नामक संस्थाले किशोरकिशोरीका लागि राष्ट्रिय कार्ययोजना निर्माण गर्ने क्रममा सन् २०१२ मा देशका विभिन्न जिल्लाहरूमा गई किशोरकिशोरीहरूसँग छलफल गर्दा उनीहरूले वित्तिय साक्षरताको अपरिहार्यताको बारेमा बताएका छन् र जसको सुझाव अनुरूप किशोरकिशोरीको लागि बनेको राष्ट्रिय कार्य योजनामा शिक्षा र सिप तथा जीविकोपार्जन, रोजगार र वित्तिय साक्षरता जस्ता विषयहरू मूल स्वरूपमा आएको छ । अर्थात् हामीले बालक्लबमा भावी दिनमा गर्ने कार्यक्रममा बाल अधिकार, बाल सहभागिता, बाल दुर्व्यवहार जस्ता विषयहरूका साथसाथै वित्तिय साक्षरता, उद्यमशीलता, व्यावसायिक सिप जस्ता विषय पनि समाविष्ट गरिनु पर्दछ जसले युवावस्थामा जिविकोपार्जन तर्फ उनीहरूलाई सहयोग पुऱ्याओस् । सेभ द चिल्ड्रेन, यूनिसेफ, सिविन जस्ता संस्थाहरूले किशोरकिशोरी (खासगरी १५-१९ वर्षका) हरूका लागि यस बारेमा कार्यक्रम गर्न सुरू गरिसकेको छ । स्मरणरहोस् राष्ट्र बैंक र केही निजी बैंकहरूले पनि यस अभियानमा सघाउँदै आएका छन् । तर नेपालको बाल अधिकारको मूलधारमा यो विषयले अझै प्रवेश पाउन सकेको छैन जसका कारण बालक्लबबाट ग्राजुयट भएसँगै हरेक वर्ष एउटा ठूलो जत्था निराश बन्न पुग्छ । प्रदेश ४ की एक पूर्व सदस्यले आफूले बाल अधिकार तालिम मात्र सिकेको तर व्यावसायिक कुरा नसिकेकोमा पछुतो लाग्ने बताइन् । "आखिर जीवन जीउन पैसा चाहिने रहेछ, त्यसको प्रयोग र उपयोगको बारेमा त बालक्लबमा छलफल नै भएन । जब १८ वर्ष सम्म थियौं बालक्लबमा रमायौं, अब आएर पो झल्याँस भएँ ।"

## (ङ) युवाक्लब वा युवा संस्थासँगको सञ्जालीकरण

एउटा प्रश्न : विद्यालयबाट १० कक्षा पढेपछि जसरी बालबालिकाहरू खुशी हुँदै विद्यालयलाई धन्यवाद दिदै कलेज पढ्न तिर लाग्छन् त्यसरी नै यतिका वर्ष बाल अधिकारबारे सिकाइ दिएकोमा बालक्लबलाई धन्यवाद दिदै बालक्लबका पूर्व सदस्यहरू किन अघि बढ्दैनन् ? किन उनीहरू सहयोगी संस्थाहरूले पछिसम्म पनि आफूलाई हेरिरहनु पर्ने माग गर्छन् होला ? पूर्व तिरका एक बालक्लबका पूर्व सदस्यले नाम नबताउने शर्तमा गैससहरूकै कमजोरी भएको बताउनु हुन्छ । जसरी विद्यालयले १० कक्षा पनि कलेज पढ्नुलाई विकासको मानकको रूपमा लिएको छ तर गैससहरूले बोलिमा मानक भनेपनि त्यसका लागि न संरचनागत अभ्यास थालेका छन् न त संस्कार नै सुरू गरिएको छ । तर यसको ठिक विपरित अर्का पूर्व सदस्य अशोक सिवाकोटी भने असन्तोष मानवीय गुण भएका कारण यस्तो भएको बताउँछन् । अलग्गिनु कहिल्यै पनि मानिसका लागि सहज भएन त्यसैले युवा उमेरमा पनि उनीहरू बालक्लब र संस्थासँगै जोडिरहन चाहन्छन् । त्यसो भए समस्या के हो त ? समस्या हो समयमै यसरी हुर्किदै गइरहेका सदस्यहरूलाई सल्लाहकार बनाउने, युवा समूहसँग जोड्ने योजना नबनाउनु । नेपालका केही गैससहरूले बालक्लब भित्रै आफ्नै संस्थाको सहयोगमा खुलेका बालक्लबबाट हुर्केका युवाहरूको समूह स्थापना गरेका छन् भने कतै बालक्लबका पूर्व सदस्यहरू युवा संस्थामा पनि परिणत भएका छन् जसमा हातेमालो सञ्चार अन्तर्गतको हातेमालो युथ ग्रुप, सिविसको सहयोगमा गतिशील युवा मञ्च, सिविनको सहयोगमा लुनिभा बाल सरोकार केन्द्र, बाल विकास समाजसँग आवद्ध भएको एउटा समूहले स्थापना गरेको याभ नेपाल यसैका उदाहरणहरू हुन् । पहिलो त यस्ता राम्रा पहलहरूको बारेमा चर्चा हुन जरूरी छ । त्यस्तै यदि आफ्नै पहलमा सकिँदैन भने पनि जिल्लामा भएका युवा समूह, संस्था वा संजालसँगको समन्वय एउटा महत्त्वपूर्ण पहलकदमी हुन सक्दछ । जसले अब कता जाने भनेर अलमलमा परेका युवालाई बाटो देखाउन मद्दत गर्नेछ । आफ्नो सिप र क्षमताको आधारमा युवालय, जागृति बाल तथा युवा सरोकार नेपाल झैं उनीहरू आफै संस्था स्थापना गरेर बालबालिका तथा युवाका क्षेत्रमा क्रियाशील पनि हुन सक्दछन् ।

## (च) बालक्लबभित्र युवा विषय

बालक्लबमा हुने ठूला उमेरमा किशोरकिशोरीहरू अर्थात् १६ देखि १८ वर्षका युवाहरू पनि भएकाले संस्थाले युवा लक्षित कार्यक्रमहरू पनि अघि बढाउँदै जानु पर्दछ । जिल्लामा भएका युवा सूचना केन्द्र, युवा सञ्जाल, युवा संस्थासँगको अन्तरक्रियाले बालक्लबका ती सदस्यहरूलाई युवाका विषयमा स्पष्ट बनाउँदै लग्दछ । यस्ता छलफलका लागि मञ्च वा अवसर हामीहरूले जुटाइदिन सक्छौं । साथै, यसै उमेरहरूबाट युवाहरूलाई बालक्लबबाट चटक्क छाडेर जानका लागि भन्नुको साटो बालक्लबको सहजीकरण, स्रोत व्यक्ति वा सल्लाहकारको रूपमा सम्मान गरियो भने बालक्लबका पूर्व सदस्यहरू हाम्रा लागि स्रोत पनि हुन सक्दछन् । यसका लागि युवाका विषयहरूमा पनि लगानी गरिनु पर्दछ । तर बालक्लबका पूर्व सदस्यहरू सहयोगी निकायको सहयोग युवा सङ्गठनहरू वा युवा क्रियाशीलताका लागि न्यून मात्र उपलब्ध भएको र दिगो नभएको बताउँछन् ।[1] यसको अर्को पाटो भनेको नेपालको बाल अधिकार आन्दोलनले युवा अभियानसँग हातेमालो गर्नु पर्ने पनि आवश्यक देखिन्छ । जसले गर्दा सामाजिक

१ हे. पेज १२६, नेपालमा बालक्लब रणनीतिक समिक्षा २०६८/२०६९, केन्द्रीय बालकल्याण समिति र कन्सोर्टियम, २०६९, काठमाडौं ।

क्षेत्रमै लागिरहन चाहने युवाका लागि यो सुनौलो अवसर हुन सक्दछ । तर बाल अधिकार अभियानले हुर्कदै गरेको युवाका लागि युवा संस्था मात्र नभएर उद्यमशील, व्यापारका क्षेत्रमा क्रियाशील युवा तथा उनीहरूको संस्था र सञ्जालसँग पनि क्रियाशील गर्न गराउन आवश्यक छ ।

## (छ) परियोजना हैन बालक्लब र युवा

> सबभन्दा खुशीको कुरा त के भने, युवाको कुल जनसंख्यामध्ये ४९ प्रतिशत युवा १६ देखि २५ वर्षसम्मका रहेका छन् । जुन कुल जनसंख्याको १९.९७ प्रतिशत हो । यो उमेर लगभग २० वर्षसम्म युवा नै रहनेछ ।
>
> स्रोत : अवस्थी, लोकराज, "युवा रोजगारी र आर्थिक अधिकार", युवा बुलेटिन २०७१, युवा तथा खेलकुद मन्त्रालय, २०७१ ।

आदरणीय नूपुर दिदी, प्रकाश दाइ, उद्धव दाइ, चन्द्रिका दाइहरूसँग बस्दा कहिलेकाँहि उहाँहरूले बालबालिकाको सहभागिताको क्षेत्रमा चाहेको जस्तो मानव संसाधनको विकास गर्न नसकेको कुरालाई आत्मसात, आत्मआलोचना र गुनासो पोख्नु हुन्छ । हुन पनि बालक्लब कैयन् गैरसरकारी संस्थाको लागि दातृ निकायको परियोजना ल्याउने कसी मात्र भएको छ त्यसले ल्याउने ठूलो समस्या भनेको बालक्लबका भाइबहिनीमा नेतृत्वको विकास नभई वितृष्णा हुने, बालक्लबबाट हुर्केका युवाहरूमा संस्थाप्रति प्रतिशोधको भावना जागृत हुने, बाल अधिकारले तय गरेको भन्दा गलत बाटोतिर जाने हुन जान्छ । तत्कालिन केन्द्रीय बाल कल्याण समितिका कार्यकारी निर्देशक तारक धिताल पनि, "राष्ट्रियदेखि स्थानीयस्तरमा बालबालिकाका विभिन्न विषयहरूमा कार्यक्रमहरू सञ्चालन गर्दा तिनलाई दिगो र परिणाममुखी बनाउन सरकारी, गैरसरकारी एवं विकासका साझेदार तथा दातृ संस्थाहरूमा दूरदृष्टि एवम् सोचको कमी रहेको छ र प्रायः निश्चित 'परियोजना' मा नै सिमित रहेकाछन्"[२] भन्ने कुरा मान्नु हुन्छ । अहिले अर्को पनि चर्चाको विषय बनेको छ बालक्लबका पूर्व सदस्यहरूको सञ्जाल निर्माणको । बालक्लबका पूर्व सदस्यहरूको सञ्जाल बन्नु जरूरी छ वा छैन, उनीहरूको सञ्जाल भएको खण्डमा बाल सहभागिताको यो अभियानलाई कत्तिको सार्थक तुल्याउन मद्दत गर्नेछ ? यी छलफलका विषय हुन् । यहाँनिर मेरो तर्क पनि यिनै प्रश्नहरूको खोजीमा छ । बालक्लबका पूर्व सदस्यहरूको संजाल किन? यदि यसले बाल सहभागिताको प्रवर्द्धन नै गर्ने हो भने हामीसँग राष्ट्रियस्तरको सञ्जाल कन्सोर्टियम छ, राष्ट्रिय बालक्लब संजाल रहेको छ । अब यीनले युवाको लागि काम गर्ने हो भने हाम्रो देशमा झण्डै सातवटा युवाहरूको संस्थाका संजालहरू रहेका छन् । बरू ध्यान दिनुपर्ने कुराहरू भनेको चैं बालक्लबबाट हुर्केका युवाहरूलाई संस्था, संजालमा ठाउँ दिने, उनीहरूलाई समयानुसार सिप विकास गराउने, युवाहरूको कार्यक्रमको लागि आफू र संस्था सेतु बनेर खडा हुने, बालक्लबका पूर्व सदस्य भनेको बाल अधिकार वा भनौ सामाजिक क्षेत्रमा मात्र सिमित हुनु पर्दैन भन्ने कुरा पहिलै देखि सिकाउने जस्ता कार्य गर्नुपर्ने हुन्छ । त्यसका लागि माथि उल्लेखित संस्था तथा संजालहरूले एकआपसमा समन्वय गर्न सक्दछन् ।[३] तसर्थ परियोजनामुखी भएर बालक्लब र बालक्लबका पूर्व सदस्यमाथि लगानी गर्ने हो भने त्यो दिगो हुने छैन ।

## (ज) बालक्लबको अनुभव प्रयोग गर्ने मञ्च

बालक्लबका पूर्व सदस्यहरू बालक्लबले नेतृत्व सिप, सार्वजनिक वक्तृत्व सिप, सिर्जनात्मक आलोचनात्मक सोचाई सिप तथा सञ्जालीकरण सिप लगायत विस्तृत प्रकारका सिपहरू विकसित गर्नका लागि उनीहरूलाई सघाएको कुरा बताउँछन् ।[४] तर यति हुँदाहुँदै पनि उनीहरूले बालक्लबमा सिकेका सिपहरू सिक्ने मञ्च सहयोगी निकाय तथा संस्थाले नदिएको गुनासाहरू पनि छन् । उनीहरू भन्छन्, "हाम्रा योग्यताहरूका बाबजुद हामीले गैससहरूमा कामको अवसर नै पाउन सक्दैनौं । उपयुक्त पदहरू रिक्त भएको बेलामा पनि हामीलाई छनौट गरिँदैन, बरू बालक्लबसम्बन्धी कुनै अनुभव नभएको व्यक्ति सहजकर्ता बन्दछ ।"[५] तसर्थ बालक्लबको अनुभवलाई सामाजिक क्षेत्रमा लगाउन चाहने युवाहरूको लागि सहजीकरण गरिदिने र अवसर दिने जिम्मेवारी सहयोगी निकायहरूको पनि हुन आउँदछ । कम्तिमा अनुभवविहिन व्यक्तिको छनौट भन्दा यसरी अनुभवबाट खारिदै आएका युवाको छनौट गरिएमा उनीहरूको बालक्लब र यस अभियानप्रतिको अपनत्वले कार्यक्रमलाई थप बल पुग्दछ । बालक्लबका एक अभियन्ता लोकन्द्र शाक्य भन्छन्, "बालक्लबको पुरानो शैली र परम्परा परिमार्जन गर्दै बालक्लबको संस्कारबाट हुर्किएका बालक्लबका पूर्व सदस्यहरूलाई अवसर दिने हो भने यसले बाल सहभागिताको अभियानमा महत्त्वपूर्ण योगदान दिनेछ ।"[६]

---

२ धिताल, तारक, "नेपालमा बाल अधिकार महासन्धिको अवसर र चुनौती", नेपालमा बाल अधिकार २०७२, सिविस

३ ठकुरी, सन्जोग, "लक्का जवान बाल सहभागिता", नेपालमा बाल अधिकार २०७२, सिविस

४ नेपालमा बालक्लब रणनीतिक समिक्षा २०६८/२०६९, केन्द्रीय बालकल्याण समिति र कन्सोर्टियम, २०६९, काठमाडौं

५ हे. पेज ५८, चौथो अनुच्छेद

६ शाक्य, लोकन्द्र, बालक्लबसँग बिताएका : पलहरू, बालसखा प्रकाशन, मोरङ्, २०६८

**निष्कर्षमा**

नेपालको युवा अभियान नेपाली बाल अधिकार र बालक्लब जत्तिको पुरानो र व्यस्थित छैन । राजनीतिक हिसाबले हेर्ने हो भने युवाहरूको देन राणा शासन अन्त्यदेखि प्रजातन्त्र हुँदै लोकतन्त्रसम्म आइपुग्दा महत्त्वपूर्ण रहि आएको छ तर संस्थागत तथा नागरिक समाजको युवा अभियान भने नेपालको कान्छो अभियानको रूपमा रहेको छ भन्दा अनुपयुक्त हुनेछैन । यो अभियानलाई सचेत, जागरूक र क्षमतावान युवाहरूको खाँचो हुन्छ । विभिन्न अध्ययनको क्रममा बालक्लबका पूर्व सदस्यहरूले बालक्लबमा लागेकाले आफ्नो क्षमताका विकास भएको, विभिन्न संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध विकास गर्नमा मद्दत पुगेको, समाजमा योगदान दिने अवसर पाएको कुरा बताएका छन् । जागृति बालक्लबका पूर्व अध्यक्ष तिलोत्तम पौडेल, "बालक्लबमा छँदा सिकेको सिप र क्षमताबाट खारिएर नै म एउटा बालक्लबदेखि नेपालको ५३ वटा जिल्लामा रहेको ९२ वटा संस्था युव संस्थाको छाता सङ्गठन आयोनको नेतृत्वदायी तहमा पुग्न सफल भएको" बताउँछन् ।[७] यी र यस्ता युवाहरूको विशेष खाँचो मुलुकको मूलधारको युवा अभियानमा रहेको छ । तर हामीलाई तिलोत्तमहरू मात्र पनि हैन, उद्योगका क्षेत्रमा, व्यापारका क्षेत्रमा, सञ्चारका क्षेत्रमा, राजनीतिमा, सरकारी सेवामा क्रियाशील हुनुपर्छ भन्ने सोच भएका ठूलो युवा जमातको खाँचो छ अन्यथा नेपालको बाल अधिकार आन्दोलनले बढ्दो पूर्व सदस्यको न संख्या थेग्न सक्छ न उनीहरूको आशा अपेक्षा । बालक्लब हामीले परिकल्पना गरेको बालबालिकाको लागि सुहाउँदो विश्व बनाउनका लागि बालक्लबका पूर्व सदस्यहरूलाई पर्खाल नबनी पुल बनुन् भन्ने हाम्रो सोच हो भने हाम्रो तयारी पनि पुल बनाउने नै हुनु पर्दछ ।

> यस मूल्यांकनको क्रममा बालक्लबबाट सशक्त भएका बालबालिकाहरू हाल युवाका रूपमा समाजको परिवर्तन र शान्ति निर्माणमा सक्रिय रूपमा क्रियाशील रहेको देखिन आएको छ ।
> स्रोत : Page 87, Evaluation of Child and Youth Participation in Peacebuilding Nepal, Global Partnership for Children & Youth in Peacebuilding, 2015

**सन्दर्भ स्रोत**


- ठकुरी, सन्जोग र अन्य, बालक्लबमा बाल सहभागिताको अवस्था, काठमाडौं उपत्यकामा गरिएको अध्ययन प्रतिवेदन, हातेमालो सञ्चार, ललितपुर, २०१०
- नेपालमा बाल अधिकार २०७२, सिविस, काठमाडौं,
- नेपालमा बालक्लब रणनीतिक समीक्षा २०६८/२०६९, केन्द्रीय बाल कल्याण समिति र कन्सोर्टियम, २०६९, काठमाडौं
- नेपाली बालबालिकाको स्थिति २०७०, केन्द्रीय बाल कल्याण समिति, ललितपुर
- नेपाली बालबालिकाको स्थिति २०७१, केन्द्रीय बाल कल्याण समिति, ललितपुर
- नेपाली बालबालिकाको स्थिति २०७२, केन्द्रीय बाल कल्याण समिति, ललितपुर
- युवा बुलेटिन २०७१, युवा तथा खेलकुद मन्त्रालय, २०७१
- राष्ट्रिय युवा नीति, २०७२, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- शाक्य, लोकन्द्र, बालक्लबसँग बिताएका : पलहरू, बालसखा प्रकाशन, मोरङ्, २०६८
- A Report of Field Consultations for NPA of Adolescents, Pragya Management, 2012
- Evaluation of Child and Youth Participation in Peacebuilding Nepal, Global Partnership for Children & Youth in Peacebuilding, 2015
- Population and Housing Census of Nepal 2011, Central Bureau of Statistics, Government of Nepal
- Retrieved from http://yerp.yacvic.org.au/get-started/involve-young-people/youth-participation-and-engagement-explained


(लेखक बाल अधिकार अभियन्ता तथा हामी दाजु भाइ को अध्यक्ष हुनुहुन्छ ।)

७ पौडेल, तिलोत्तम, "बालक्लबले मलाई जागरूक युवा बनाएको छ", नेपालमा बाल अधिकार २०७२, सिवि

## बाल सहभागिता प्रवर्द्धनका लागि बालभित्ते पत्रिका र कमिक्स



निरिजना भट्ट

### १. आफ्नो प्रतिभा प्रर्दशनका लागि रोजेको बालक्लब र भित्तेपत्रिका

नाच्न साह्रै मन लाग्ने जसको कारणले हातेमालो बालक्लबसम्म पुगियो । मामाको दुई छोरी अनि हामी दुई दिदी बहिनी सधै घरमा नाचिरहन्थ्यौं । गीतहरूमा हामी चार जना मिलेर नाच तयार पार्थ्यौं । एकदिन एकजना साथीले बालक्लबमा तिमीहरूको नृत्य प्रर्दशन गर्न पाईन्छ भनेपछि हामी चारै जना शुक्रबारको दिन विद्यालय छुट्टटी भएपछि हातेमालो गयौं । त्याहाँ जाँदा हामी जस्तै विद्यालयमा अध्ययन गर्ने धेरै साथीहरू पायौं । साच्चै नै साथीले भने जस्तै हामीले पहिलो दिनको परिचयमा हाम्रो रूची नृत्य हो भन्यौ र नाच पनि देखायौं । विस्तारै थाहा भो बालक्लब के हो ? त्यहाँ जाँदा बालबालिकालाई के फाईदा हुन्छ ? हामी हातेमालो बालक्लब हरेक शुरूबार जान थाल्यौ र धेरै कुरा सिक्दै गयौ ।

बालक्लब गएको लगभग एक महिना भएको थियो होला, बाल भित्ते पत्रिका बनाउन कथा, कविता र लेखहरू लेख्ने कुरा भयो सबै साथीहरूबीच । त्यो शुक्रबार लगभग ५० जना सदस्यहरू थियौं । हामीले त्याहाँ भित्ते पत्रिका के हो ? कसरी बनाइन्छ भन्ने जानकारी पनि पायौ । धेरै जना भएको कारण पत्रिका दुई वटा निकाल्ने कुरा भो । एउटा विषयगत र एउटा मिसाएर । मैले विषयगत पत्रिका तयार गर्ने जिम्मा लिएँ । बाल अधिकारका विषयलाई समेटेर पत्रिका बनाउने भयौ र सबै जना मिलेर कविता, कथा, समाचार जानकारीहरू तयार पारी भित्ते पत्रिका तयार पार्‍यौं । मनमा रहेका आफ्ना कुराहरू साथीहरूले भित्ते पत्रिकामा उतारे । यसबाट वयस्क दाइ दिदीहरूलाई क्लबका सदस्यहरूको समस्याबारे छलफल गर्न मद्दत पुग्यो । यस वौद्धिक कार्यबाट मेरो पढाईमा समेत धेरै सहयोग पुग्यो ।

बालक्लबमा जाँदैमा बाल सहभागिता भयो हुने होइन । त्याहाँ हुने विभिन्न क्रियाकलापमा भाग लिने, आफ्नो कुरा राख्ने र अरूको भावना र विचारलाई सुन्ने पनि गर्नु पर्दोरहेछ भन्ने कुरा चाहिँ मैले मज्जाले सिके । भित्ते पत्रिकाका लागि लेख्दै गरेका कति कथाहरू, कति कविताका भावहरू अनि कति नाटकहरू आफ्नै थिए, मेरा र साथीहरूका जुन हामीले अभिभावक, शिक्षक ,साथी र वयस्क दाजु दिदीलाई भन्न पनि सकेका थिएनौं । यसरी हाम्रो आफ्नै मनका कुरा राख्ने एक माध्यम बन्यो भित्ते पत्रिका ।

बालबालिकाको वौद्धिक विकासका लागि अति उपयोगी रहेको भित्ते पत्रिका निमार्णमा कसैको हस्तक्षेप हुँदैन । भित्ते पत्रिका छाप्न लग्नु नि पर्दैन र कसैलाई देखाएर अनुमति पनि लिनु पर्दैन, यो त बालबालिकाको लागि बालबालिकाले निर्माण गर्ने सामग्री हो । यो निमार्ण गर्दा सामुहिक कार्य हुने गर्दछ जसले गर्दा बालबालिकाको समूहमा काम गर्ने सिपको पनि विकास हुन्छ । कथा, कविता, चुट्टकिला, नाटक लेख्ने मात्र होइन भित्ते पत्रिकामा उतार्ने र त्यसलाई सजाउने काम पनि बालबालिका कै हुन्छ साथै भित्ते पत्रिकाको न्वारन गरेर नाम दिने काम पनि उनीहरूले नै गर्छन् । यसरी भित्ते पत्रिका बाल सहभागिताको एउटा राम्रो माध्यम हुनसक्तछ र यो दिनानुदिन लोकपृय पनि बन्दै गएको छ । बालबालिकाका रचना, भावना र विचारले सजिने यस भित्ते पत्रिकालाई वयस्कहरूले अध्ययन गरेर मनन् गरेमा बालबालिकाको अर्थपूर्ण सहभागितामा ठूलो योगदान पुग्ने देखिन्छ । यसलाई जनचेतना अभिवृद्धिका लागि पनि उपयोग गर्न सकिन्छ ।

### २. सचेतना अभिवृद्धिका लागि कमिक्स (चित्रकथा)

भित्ते पत्रिका जस्तै कमिक्स (चित्रकथा) पनि बालबालिकाले आफ्नो मनका कुरा अभिव्यक्त गर्ने एउटा सशक्त माध्यम हो । यसमा बालबालिकाले कथाहरूलाई चित्रको माध्यमबाट अभिव्यक्त गर्ने गर्दछन् । यसरी कमिक्सको निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता रहन्छ भने यसलाई विभिन्न तरिकाले सचेतना अभिवृद्धिका लागि पनि उपयोग गर्न सकिन्छ । थोरै खर्च लाग्ने चित्रकथा विधिबाट भएका महत्त्वपूर्ण उपलब्धिका केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ ।

### २.१. कमिक्स (चित्रकथा) बाट विद्यालय, परिवार र समुदायमा परिवर्तन

केही वर्ष अगाडि भक्तपुरका १४ वटा बालक्लबहरूले आफू पढ्ने विद्यालयहरूमा परिवर्तन ल्याउने माध्यमका रूपमा कमिक्सको सहरा लिने योजना बनाए । योजना अनुसार सत्यकथामा आधारित चित्रकथा तयार पार्ने र विद्यालय तथा समुदायले देख्ने गरी ठाउँ ठाउँमा टाँस्ने । यसरी विद्यालयमा हुने घटनामा आधारित रहेर बालबालिकाले बनाएका चित्रकथाले विद्यालय, समुदाय र परिवारलाई झक्झकाउन शुरू गर्‍यो । विद्यार्थीले आफ्नो शिक्षक विरूद्ध बोल्न गाह्रो हुन्थ्यो तर चित्र कथाबाट देखाउन कुनै अप्ठ्यारो परेन । कति यौन दुव्यवहारका घटनाहरू समेत चित्रकथाले सबैका सामु ल्याइदियो । बालबालिकाले एकपछि अर्को

गम्भीर कुराहरू चित्रकथाको माध्यमबाट ल्याउन थालेपछि वयस्कहरूको सोचमा परिवर्तन शुरू भयो र विद्यालयमा परिवर्तन देखिन थाल्यो । चित्रकथाबाट विद्यालयस्तरमा परेको जबरजस्त प्रभावको यो एउटा राम्रो उदाहरण थियो । बालबालिकाको सिर्जनशील अभिव्यक्ति बढ्ने भएकाले उनीहरूले आफ्नो पढाइमा पनि चित्रकथाको सहयोग लिन सक्तछन् ।

परिवारको स्तरमा पनि चित्रकथाको माध्यम बालबालिकालाई आफ्ना कुरा अभिव्यक्त गर्न र परेको समस्या बताउन प्रभावकारी भएका उदाहरणहरू छन् । भक्तपुरकै अनुभव लिंदा घरमा दाजुबाट भएको दुव्यवहारलाई आमा, बुबाको सामु भन्न गाह्रो भैरहेका बेला कमिक्स एक साथी बन्न पुगेको थियो एक बालिकाका लागि । यसबाट उनलाई आफूमाथि भएको अन्याय विरूद्ध आवाज उठाउन सहज भएकोथियो । कार्याशालामा चित्र कोर्दै गर्दा, कथा लेख्दै गर्दा लेख्ने नानीका आखाँबाट तपतप आँसु चुहिएको घटनाले हाम्रा बालबालिका विशेषगरी बालिकाहरूभित्र कतिधेरै पीडा गुम्सिएर बसेको रहेछ भन्ने थाहा हुन्छ । यसरी घटना पहिचान भएपछि पीडितलाई सहयोग पुऱ्याउन पनि सजिलो हुने नै भयो ।

आफ्ना नानी बाबुका चित्रकथा हेरेर अभिभावकमा आएको परिवर्तनका उदाहरणहरू पनि हामीसँग प्रसस्त छन् । कमिक्सको कार्याशाला सकिएपछि सहभागीहरूले बनाएका चित्रकथाको प्रदर्शनी हेरीसकेपछि अभिभावकहरूले आफूहरूले आफ्ना नानी बाबुहरू उनीको पढाइमा कुनै सहयोग नै गरेको रहेनछौं भन्ने महशुस गरेको र उहाँहरूमा परिवर्तन आएका थुप्रै उदाहरणहरू हामीसँग छन् । बालबालिकाको पढाइको ख्याल नगरी घर आउने बित्तिक्कै टि.भि. खोल्ने बानी परेका अभिभावकहरूले तुरून्तै आफ्नो बानी फेरेको र कहिल्यै विद्यालय नजाने अभिभावक आफ्ना छोरा छोरीको कुरा बुझ्न विद्यालय जान थालेको सूचनाले चित्रकथाबाट अभिभावक तथा समुदायमा पर्ने गहन प्रभावको अन्दाज लगाउन सकिन्छ ।

## २.२. बाल विवाह रोकथामका लागि कमिक्स (चित्रकथा)

बाल विवाहको विषयमा चित्रकथा लेखन कार्यशाला सञ्चालन भैरहँदा सहभागी बहिनीहरूले गरेका अभिव्यक्तिले मलाई बाल विवाह विरूद्धको जन जागरणका लागि पनि चित्रकथा सशक्त माध्यम हुने पक्का भयो । एउटा कार्याशालामा एक जना विवाहित बहिनीले बनाएको कमिक्स बालविवाह सम्बन्धमा मार्मिक लाग्छ मलाई । बहिनीले पढाई छोडेर विवाह गर्नुका एउटै कारण थियो विवाह र विवाहपछि गहना लगाउन पाइन्छ र राम्री बन्न पाईन्छ भन्ने सोच । आमाले पनि उनको दिमागमा त्यही राखि दिनुभयो । तर विवाह पछिका दिनहरू उनका लागि कष्टकर बन्दै गए । यी सबै घटनाक्रम चित्रमा उतारेकी ती बहिनी भन्दै थिइन्, "दिदी यो कमिक्स मैले विवाह गर्नु भन्दा पहिले अरू कसैले बनाएको भए र मैले हेर्न पाएको भए, म पक्कै पनि विवाह गर्दिन थिएँ ।" यस घटनाबाट बाल विवाहको रोकथामका लागि चित्रकथालाई माध्यम बनाएर धेरै बालबालिकासँग पुग्ने हो भने अभिभावकमा पनि ठूलो प्रभाव पर्ने देखिन्छ ।

छोरा छोरीको सानैमा विवाह गरिदिए गरिबीको मार कम हुन्छ भन्ने सोच राखेका अभिभावकलाई पनि बालविवाहले परिवारको गरिवी घटाउदैन बरू झन् बढाउँछ भन्ने बुझाउन पनि बालबालिकाले विधिपूर्वक बनाउने चित्रकथा सार्थक हुनसक्तछन् ।

## २.३. बालश्रम न्यूनीकरणका लागि कमिक्स (चित्रकथा)

मेरा कुरा भन्ने माध्यम केही छैन ? मेरा कुरा सुन्ने फुसर्द कसैलाई पनि छैन ? भन्ने धेरै बालबालिकाले आफ्ना कुरा सबै सामु ल्याएका छन् कमिक्स बनाएर । इट्टा भट्टासम्म बालबालिका किन जान्छन् ? त्यँहा कस्तो व्यवहार हुन्छ ? बालबालिकाको मनमा के छ? उनीहरूलाई कस्तो वातावरण चाहिएकोछ ? यी विषयमा आफूले काम गरिरहेको ठाउँ, आफ्ना अभिभावक , विद्यालय वा साथीहरूलाई भन्ने आँट र परिवेश नपाएका बालबालिकाले चित्रकथालाई माध्यम बनाएर अभिव्यक्त गर्दा त्यस क्षेत्रमा काम गर्ने बालबालिकाको अवस्था छर्लङ्ग भएको थियो र समस्या समाधानमा मद्दत पुगेको थियो ।

ईटाभट्टामा काम गर्ने एउटा परिवारकी बहिनीले मलाई भनेकी थिइन् "दिदी, मलाई त्यस्तो केही त भएको छैन, तर ईट्टा लिन आउने दाइले सधै जिस्काएको कुरा भने मलाई मन पर्दैन । त्यसैले मलाई आमा बुबा सङ्ग जानै मन लाग्दैन । अब आमा बुबालाई भनौ भने मलाई नै नराम्रो भन्नु होला त्यसैले केही भन्दिन । अब म त्यसको बारेमा लेखेर हामी बस्ने ठाँउमा राख्छु । अनि त आमा बुबालाई पनि थाहा हुन्छ । त्यो दाइलाई पनि । साथै साहुलाई पनि ।" यसबाट श्रमिक परिवारका बालबालिकाको संरक्षणका लागि पनि चित्रकथा सहायक हुने देखिन्छ ।

**२.४. यौनिक यौनिङ्ग अल्पसंख्यकमाथि हुने हिंसाका बारेमा जानकारी लिन कमिक्स (चित्रकथा)**

नेपालमा यौनिक अल्पसंख्यक माथि हुने हिंसाका बारेमा विस्तारै चर्चा हुन थालेको छ । यद्यपी उनीहरू लामो समय देखि पीडामा रहँदै आएका थिए । उनीहरूका समस्या बुझ्न र उनीहरूको आफ्नै अभिव्यक्तिको माध्यम पनि चित्रकथा हुनसक्ने प्रमाणित भएको छ ।

**२.५. राष्ट्रप्रतिको सम्मान जगाउन चित्रकथा**

चित्रकथाको माध्यमलाई जस्तोसुकै विषयमा पनि आफ्ना भावना अभिव्यक्त गर्न/गराउन सकिन्छ । यसमा बालबालिकामा राष्ट्रप्रतिको सम्मान जगाउन गरिएको कार्याशाला उदाहरणका लागि लिनसकिन्छ । केही वर्ष अघिको राष्ट्रिय बाल दिवसका अवसरमा १०० जना बालबालिकाको सहभागितामा गरिएको कार्यशालाबाट जुन उपलब्धि हासिल भयो, त्यो धेरै महत्त्वपूर्ण छ । तत्कालिन जिल्ला बाल कल्याण समितिद्वारा आयोजित उक्त कार्यशालामा बनेका चित्रकथाहरूलाई प्रकाशन गरी सम्माननीय राष्ट्रपति ज्यूलाई हस्तान्तरण गरिएको थियो । अपाङ्गतामा रहेका बालबालिका सहितको समावेशी यस कार्यशालामा सहभागी बालबालिकाले 'मैले देख्न चाहेको नेपाल' भन्ने शिर्षक दिइएको थियो ।

यसरी लोकपृय अभिव्यक्ति माध्यमका रूपमा चित्रकथा लेखनलाई जनस्वास्थ्य, रोग, पोषण आदि जस्ता विषयमा पनि जनचेतना अभिवृद्धिका लागि उपयोग गर्न सकिन्छ र यस क्षेत्रमा बालबालिकाको सहभागिता बढाउन सकिन्छ । यसैगरी बालबालिकासँगको अन्तरक्रिया वा कन्सलटेसनमा पनि चित्रकथालाई माध्यम बनाइ बालबालिकाको अवस्था थाहा पाउन सकिन्छ ।

चित्रकथाको माध्यमबाट आफूलाई भैरहेको हेपाईलाई सार्वजनिक गर्न र आफू त्यसप्रकारको हिंसाबाट बच्न मद्द पुगेका कैयन् उदाहरणहरू हामीसँग छन् ।

**३. निचोड**

बालबालिकाबीचमा लोकपृय बनेको र उपयोगी सिद्ध भैसकेको भित्ते पत्रिका र चित्र कथालाई बाल सहभागिता प्रवर्द्धनका लागि महत्त्वपूर्ण औजारका रूपमा थप प्रयोग गर्न जरूरी भएको छ । अहिलेसम्मका अनुभवले बाल संरक्षणमा पनि सकरात्मक प्रभाव पारिरहेको सन्दर्भमा भित्ते पत्रिका र चित्रकथा भावी दिनमा पनि उत्तिकै लाभदायक हुनसक्तछन् । समग्रमा भन्दा सामाजिक परिवर्तनका लागि यी औजारहरू सदैव उपयोगी छन् ।

(लेखक बाल अधिकार अभियन्ता एवम् सिविन नेपालसँग आवद्ध हुनुहुन्छ ।)

## बालिकाको नेतृत्वमा बनेको सिड प्रतिवेदन तयारीमा मेरो आफ्नै अनुभव



नेहा गुरूङ

सन् १९७९ डिसेम्बर १८, मा संयुक्त राष्ट्रसंघले ग्रहण गरी २२ सेप्टेम्बर, १९८१मा लागू भएको महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्वन्धी महासन्धि, १९७९ (सिड) लाई नेपालले २२ अप्रिल १९९१ मा अनुमोदन गरी २२ मे १९९१देखि लागू भएको थियो । महासन्धिको प्रावधान अनुसार नेपालले सिड समितिलाई हरेक ४ वर्षको अवधीमा महिला तथा बालिकाको अवस्थामा भएको प्रगति आवधिक प्रतिवेदनका रूपमा बुझाउनुपर्छ । नागरिक समाजका संघसंस्थाहरूले पनि छाँया प्रतिवेदन पठाउन पाउने प्रावधान रहेको छ । यस क्रममा सन् २०१८ मा नेपालका तर्फबाट सिड प्रतिवेदन पठाउने काम भयो । यसमा सरकार, नागरिक समाजका संघसंस्थाका साथमा बालिकाहरूको नेतृत्वमा समेत सिड प्रतिवेदन तयार गरी पठाउने काम गरियो । यसरी बालिकाहरूको नेतृत्वमा तयार पारिएको सिड प्रतिवेदन निर्माणमा सघाउनका लागि काठमाडौं उपत्यकाबाट ३ जना बालिकाहरू छानिएका थिए जसमध्ये म पनि एक थिएँ । हामी तीन जनामा म नेहा गुरूङ, काठमाडौं जिल्ला बालक्लब सञ्जालको प्रतिनिधि, समीक्षा कार्की, भक्तपुर जिल्ला बालक्लब सञ्जालको प्रतिनिधि र धिरकुमारी सिंह, ललितपुर जिल्ला बालक्लब सञ्जालको प्रतिनिधि थियौं । हाम्रो जिम्मेवारी लेखनको थियो । कन्सोटियम् नेपालले यस कार्यका लागि सहजीकरणको भूमिका निर्वाह गरेको थियो ।

प्रतिवेदन तयारीका क्रममा हामीलाई सिड र छाँया प्रतिवेदनबारे तालिम दिएको थियो । अन्य १४ जना बालिका साथीहरू सहितको समूहलाई सिड, प्रतिवेदन र तालिम सञ्चालन र सहजीकरणगर्ने तरिका सिकाइएको थियो । यसपछि देशका विभिन्न ठाउँमा गएर बालिका तथा किशोरीका समस्याहरू सङ्कलन गरी प्रतिवेदन तयारी गर्नु पर्ने थियो । हाम्रा साथीहरूले ठाउँ ठाउँबाट बालिका तथा किशोरीहरूबीच परामर्श गोष्ठी सञ्चालन गरी उनीहरूका समस्या, त्यसको समाधान आदिबारे छलफल गरी हामीलाई काठमाडौंमा पठाइदिनुभयो । यसरी प्राप्त सामग्रीहरूलाई हामी ३ जना मिलेर प्रतिवेदन तयार गरेका थियौं ।

बालिकाको नेतृत्वमा सिड प्रतिवेदन सायदै विश्वमा पहिलो पटक तयार गरिएको थियो । यस ऐतिहासिक काम गर्ने अवसर पाउँदा आफूलाई एकदमै भाग्यमानी ठानेको छु । यो प्रतिवेदन तयार गर्नुअघि म बालक्लबमा नयाँ थिए र खासै ती सबैकुरामा जानकारी थिएन । झन् सिड शब्द त सुनेको पनि थिएन । यसरी प्रतिवेदन तयार पार्ने क्रममा मैले धेरै नयाँ नयाँ कुराहरू सिक्ने मौका पाएँ । राष्ट्रसंघमा प्रतिवेदन पठाउने प्रक्रियाका बारेमा थाहा पाउनु मेरो लागि ठूलो कुरा थियो । म आफूले पहिलो पटक परामर्श गोष्ठी सञ्चालन गर्दा ममा धेरै नै आत्म विश्वास बढेको थियो । तालिम हल भित्र उपलब्ध कागजहरू र अन्य सामानहरूको प्रयोग गर्दै सहजीकरण गर्नु मेरोलागि रोमान्चक अनुभव थियो ।

सिड प्रतिवेदन तयारीमा लाग्दाको अनुभवले ममा धेरै परिवर्तन आएको पाएँ । यस प्रक्रियाबाट मैले धेरै नयाँ साथीहरू बनाएँ, मैले ठूला ठूला बाल अधिकारकर्मीसँग भेटघाट र कामगर्ने मौका पाएँ, धेरैकुरा जानियो, धेरै अवसर पाए । मैले आफ्नो जीवनकालको सानै उमेरमा यतिठूलो जिम्मेवारी वहन गर्ने मौका पाएँ । हामीले लेखेको प्रतिवेदन मार्फत सिड कमिटीका प्रमुख लगायतका व्यक्तिहरू समक्ष नेपाली बालिकाहरूले भोग्नु परेका समस्याहरू राख्न पायौं । यसले मलाई ज्यादै खुशी र गौरवान्वित बनायो ।

मलाई यस्तो अवसर पाउन सहयोग गर्ने मेरो परिवार, काठमाडौं जिल्ला बालक्लब सञ्जाल र कोन्सोटियम नेपालप्रति कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी चन्द्रिका खतिवडा सर, निना महर्जन दिदि, निरिजना भट्ट दिदी, अमित श्रेष्ठ दाइ, विवेक दाइ, अञ्जना दिदी, समीक्षा कार्की, कुमारी सिंह सहित मेरा १४ जना बालिका साथीहरू, सहभागी साथीहरूबाट मैले धेरै कुराहरू सिकेको छु । म उहाँहरू सबैलाई धन्यवाद दिन्छु ।

(लेखक बालक्लव सदस्य हुनुहुन्छ ।)

## बालबालिकाको नेतृत्वमा तयार पारिएको युपिआर प्रतिवेदन तयारीमा मेरो अनुभव



मन्दिरा श्रेष्ठ

बालक्लबको सदस्य बन्न कसलाई मन छ ? भन्दा धेरै कुरा थाहा नभएपनि मलाई मन छ, भनी हात उठाएको आज ९ वर्षपछि सम्झँदा आफूलाई निकै खुशी लाग्छ । आफ्नो हक अधिकार र कर्तव्यको बारेमा जान्दै र बालक्लबमा लागेर बिग्रिएला है भन्ने शङ्कालाई अहिलेसम्म आइपुग्दा निवारण गरिसकेकी छु । बालक्लबमा लागेर मैले प्राप्त गरेका सफलता र प्राप्त अवसरहरूबाट घर परिवार र समुदाय खुशी छ । यहाँ लागेपछि मैले आफूलाई र आफ्नो सानो दुनियाँलाई जान्ने र बुझ्ने मौका पाएँ । यही क्रममा मैले कन्सोर्टियम नेपालद्वारा आयोजित बालबालिकाको नेतृत्वमा तयार भएको विश्वव्यापी आवधिक समीक्षा (तेस्रो चक्र) प्रतिवेदनसम्वन्धी राष्ट्रिय कार्यशालामा सहभागी हुने मौका पाएँ । त्यहिबापत म सम्पूर्ण नेपाली बालबालिकाको प्रतिनिधित्व गर्दै नेपालको तर्फबाट प्रतिवेदन पेश गर्ने समूहको टोली नेताको रूपमा छनोट भएँ ।

विश्वव्यापी आवधिक समीक्षामा संयुक्त राष्ट्रसंघका १९३ वटा सदस्य राष्ट्रहरूको आवधिक रूपमा ती राष्ट्रहरूले मानव अधिकारको क्षेत्रमा गरेका प्रगति र सुधारका निम्ति गरिनुपर्ने आवश्यक पहलहरूको पुनरावलोकन गरिन्छ । यसक्रममा हाम्रो देशको बालबालिकाको सहभागिताले हाम्रो राष्ट्रको स्थानीय/सामाजिक स्तरमा बाल अधिकारको अवस्था र बालबालिकाको सवाल बालबालिकाकै शब्दमा बालबालिकाकै नेतृत्वमा अन्तराष्ट्रिय स्तरमा पुर्‍याउनुका साथै नेपाल सरकारको बालबालिका प्रतिको दायित्व पूरा गर्न मद्दत गर्छ । युपिआर रिपोर्टिङ्को इतिहासमा पहिलो पटक बालबालिका आफैंले आफ्नो अधिकारको रिपोर्ट पेश गरे ।

कन्सोर्टियम नेपालका साथै अन्य विभिनन संघसंस्थाको सहयोगमा प्रदेश स्तरीय बाल भेला गरेर सातै प्रदेशका बालबालिकाहरूका मुद्दा सङ्कलन गरेपछि सहभागी तिनै बालबालिकालाई भेला पारेर स्थानीय स्तरमा बाल बाल भेला गरिएको थियो । त्यसपछि राष्ट्रिय स्तरको कार्यशालाको आयोजना गरेर सबै क्षेत्रबाट बालमैत्री तरिकाले गीत, कविता, नाटक, कथा, निवन्ध, चित्र, गजल, इत्यादिको माध्यमबाट बालबालिकाको क्षेत्रमा भएका समस्या उपलब्धि र सुधार गर्नुपर्ने पक्षहरू जम्मा गरिएका थिए । यस बाहेक हामीले बालिकाको नेतृत्वमा तयार पारिएको सिड प्रतिवेदन, बालबालिकाको नेतृत्वमा तयार पारिएको बाल अधिकार प्रतिवेदन लगायतका सामग्रीहरू खोजी गरेर अध्ययन गर्‍यौं यी सामग्रीका कैयौं कुराहरूलाई प्रतिवेदनमा समेट्यौँ । सामाजिक सञ्जालमा ग्रुप बनाएर र साथै बाह्रचोटि बैठक बसेपछि हामीले रिपोर्टलाई पूर्णता दियौं ।

यो नेपालको तर्फबाट पठाईने पहिलो बालबालिकाको नेतृत्वमा बनेको (चाइल्ड लेड) रिपोर्ट भएको कारणले हामी सबैमा एउटा ठूलो जिम्मेवारी थियो । यसमाथि आफू नै टोली नेता भएकोले ममाथि धेरैको विश्वास अडिएको झै लाग्थ्यो । यसको साथै रिपोर्ट लेख्ने समूहका साथीहरूको परीक्षा नजिकिएको कारणले र म आफू पनि नर्सिङको विद्यार्थी भएको कारणले कलेजको पढाइ र अस्पतालको ड्युटिमा खटिनुपर्ने कारणले रिर्पोटलाई समय दिन अलि गाह्रो भएको थियो । यो विषय आफैमा नयाँ भएको कारणले यसको बारेमा विस्तारमा बुझ्न नै केहि समय लाग्यो । तर हामीसँग यो जिम्मेवारीवोध गर्नलाई साथ दिनुहुने प्राविधिक सहयोग समूहको विशिष्ट व्यक्तिहरू हुनुहुन्थ्यो । जसले म लगायत मेरा साथीहरूलाई सुरूदेखि अन्त्यसम्म नै मार्गनिर्देश भै रह्यो । यसरी सबैको साथ सहयोगले हामीले प्रतिवेदन समयमा नै लेखिसक्यौं र सम्बन्धित निकायमा पेश गर्न सफल भयौँ ।

पहिले बुझ्दा निकै नै कठिन लागेको यो काम सबैको साथ, सहयोग र समर्थनले निकै सरल र सहज तरिकाले पूरा गर्न सक्यौँ । यो समय अवधिमा उहाँहरूसँग बिताएका ती पलहरू र सिकेका ती ज्ञानहरू सधैँ यादगार रहने छ । कन्सोर्टियम नेपालको अफिसमा पुग्ने वितिकै गौरव दादा र अरज दादाको न्यानो स्वागत रहने गरेको छ । कन्सोर्टियममा पाइएको न्यानो अभिवादन र सहयोग नेहा दिदी र निरिजना दिदीको हरपलको साथ, किरण सर, दिपक सर, विष्णु सर, मोहन सर, सन्तोष सरहरूको हौसला र समूहका साथीहरू सुवोध, स्वतीकार, प्रेक्षा, पवित्रा र मासुमको समर्पण र दृढताले मलाई म आफूले उहाँहरूलाई निराश गराउनु हुन्न भनेर प्रेरणा मिल्थ्यो जसकारणले निर्धक्कका साथ आफ्नो भूमिका निभाउन सक्थैँ ।

अन्तिममा यो वर्ष सातै प्रदेशका बालबालिकाको कुरा समेटेर नेपालको तर्फबाट पहिलो चाइल्ड लेड रिपोर्ट पेश गर्ने ऐतिहासिक कार्यमा आफूले मुख्य भूमिका खेल्न पाएकोमा आफूलाई निकै भाग्यमानी ठान्दछु । मलाई विश्वास छ कि, नेपालले बाल अधिकार महासन्धि पारित गरेको ३० वर्ष भए सँगै हामी बालबालिकाहरूको लागि अझ थुप्रै सुनौला अवसरहरू आउने छन् । तर त्यो अवसरलाई कसरी सदुपयोग गर्ने हाम्रै हातमा छ । हामीलाई बाटो देखाउनेहरू धेरै हुनुहुन्छ तर त्यो बाटोमा पहिले आफू हिंड्न सक्ने हुनुपर्छ । मेरो लागि त यो जीवनको पहिलो खुड्किलो हो । अझ थुप्रै खुड्किलो पार गर्नु छ । थुप्रै कुरा सिक्नु छ, सिकाउनु छ । यस्तै थुप्रै तीतामीठा अनुभवहरू बटुल्नु नै छ, आखिर यहींबाट त कुरा सिकिने हो । त्यसैले मेरो जीवनको पानामा मधुर मुस्कान ल्याउने र सधैँ हौसला प्रदान गरिरहने यो अनुभवको लागि कन्सोर्टियम नेपाललाई धेरै-धेरै धन्यवाद ।

(लेखक समग्र किशोरी सञ्जालको सदस्य हुनुहुन्छ ।)

# नेपालका हालसम्मका संविधानमा बालबालिकासम्बन्धी व्यवस्था



मानवराज बराल

## १. परिचय

संविधान भनेको देशको मूल कानून हो । संविधानले शासक र शासितबीचको सम्बन्ध निर्धारण गर्दछ । नेपाली बृहत् शब्दकोशमा बताइए बमोजिम संविधान भनेको राज्य, राष्ट्र, कुनै उच्च संस्था आदिको सङ्गठन, विघटन, सञ्चालन, स्थगन आदिको व्यवस्था गर्ने नियमहरू लेखिएको मूल विधान, मूल कानून अथवा देशका सम्पूर्ण ऐन कानूनको मूल स्रोत हो । नेपाली शब्द सागरमा बताइए बमोजिम संविधान भन्नाले देश-राज्य-राष्ट्र आदिको व्यवस्थासम्बन्धी कार्य, नियम आदि सम्पूर्ण कुराको स्पष्ट उल्लेख गरिएको मूल विधान, राष्ट्रिय सम्पूर्ण ऐन कानूनको मूल स्रोत, प्रवन्ध, व्यवस्था बन्दोबस्त हो भने नेपाली कानूनी शब्दकोशले उल्लेख गरेअनुसार संविधान भनेको देशको मूल कानून, राज्य वा कुनै संस्था आदिको सङ्गठन, सञ्चालन र व्यवस्था गर्न बनेको मूलभूत ऐन र एउटा राजनीतिक साथै कानूनी लिखत पनि हो । यसरी हेर्दा संविधान भनेको कानूनहरूको पनि कानून हो भन्नेदेखिन्छ ।

नेपाल सरकार वैधानिक कानून, २००४देखि हिसाब गर्दा नेपालको संवैधानिक इतिहासले सात दशकको यात्रा पार गरिसकेको छ । करिब सत्तरी वर्षमा सातओटा संविधान जारी भएका छन् । औसतमा दशकको एउटा संविधान जारी हुनु भनेको देशमा संवैधानिक अस्थिरताको सूचक हो । राणाकाल, पञ्चायतकाल, बहुदलीय व्यवस्था र गणतन्त्रात्मक शासन व्यवस्थासमेत गरी ४ ओटा शासन व्यवस्थाका अवस्थामा जारी गरिएका ती संविधानहरू के बालमैत्री छन् त ? भन्ने कुरा यस अध्ययनमा समस्याका रूपमा आएको छ भने सो कुराको जवाफ खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ । यस अध्ययनले कानून निर्माण गर्नेदेखि कानूनको अध्ययन गर्नेसम्म सबैलाई वा बालबालिकाको क्षेत्रमा चासो राख्ने जो कोही र स्वयम् बालबालिकालाई पनि विभिन्न ढङ्गले सहयोग गर्छ । त्यसैले, यस अध्ययनको औचित्य तथा महत्त्व रहेको छ । यो लेख विशेषतः पुस्तकालयीय अध्ययनमा आधारित छ ।

## २. हालसम्मका संविधानमा बालबालिकासम्बन्धी व्यवस्था

### २.१. नेपाल सरकार वैधानिक कानून, २००४

नेपाल सरकार वैधानिक कानून, २००४लाई संविधान नै नभनिए पनि यसको प्रकृति संविधानको जस्तो भएकाले यसलाई नै नेपालको पहिलो संविधान मानिएको छ । तत्कालीन राणा प्रधानमन्त्री श्री ३ पद्म शमसेरले भारतबाट कानूनविद् झिकाएर जनतालाई अधिकार दिएको भ्रम पारी राणा विरोधी आन्दोलनलाई साम्य बनाउन निर्माण गरेको यो विधान जारी भइकन पनि लागू भएन । यस विधानमा बालबालिकासँग मिल्दाजुल्दा कुनै पनि अधिकार उल्लेख थिएनन् । यस संविधानमा बालबालिकाका लागि कुनै अधिकार उल्लेख नहुनु खास नौलो विषय थिएन किनभने राणाशासनको त्यो युग निरङ्कुशताको चरम थियो । उक्त शासनमा जनअधिकारको खोजी गर्नु आफैँमा दुर्लभ हुन्थ्यो ।

### २.२. नेपाल अन्तरिम शासन विधान, २००७

नेपाल अन्तरिम शासन विधान, २००७ तत्कालीन राजा त्रिभुवनद्वारा २००७ साल चैत्र २९ गते घोषणा भएको थियो । यस विधानमा ७ भाग, ७३ धारा, १ अनुसूची रहेका छन् । यस संविधानको धारा ५ नागरिकहरूको सामाजिक व्यवस्थाअन्तर्गत उपधारा (ङ) मा मजदूर स्त्री पुरूषको स्वास्थ्य र बाल तथा केटाकेटीको कलिलो उमेरको दुरूपयोग हुन नदिने र नागरिकहरूलाई आर्थिक परिस्थितिले निजहरू उमेर वा बललाई नसुहाउने रोजगार गर्न वाध्य गर्न नदिने, उपधारा(च) मा स्वार्थ साधन तथा आर्थिक र नैतिक पतनबाट बाल्यावस्था र युवावस्था सुरक्षित राख्ने र धारा २१मा चौध वर्षभन्दा कम उमेरका कुनै बालकलाई पनि कुनै कारखाना वा खानीको काममा लाउन वा अरू कुनै जोखिमी काममा लाउनु हुँदैन भन्ने कुरा उल्लेख गरिएको थियो । राणा शासनको अन्त्यपछि अर्को संविधान जारी नहुन्जेलका लागि जारी गरिएको यस संविधानमा थोरै भए पनि बालबालिकालाई अधिकार प्रदान गरिएकाले त्यस बखतका नीति निर्माताहरूमा चेतनाको विस्तार हुन थालेको बुझ्न सकिन्छ ।

### २.३. नेपाल अधिराज्यको संविधान, २०१५

नेपाल अधिराज्यको संविधान, २०१५ निर्माणका लागि बेलायती संविधानविद् सर आइभर जेनिङ्सलाई सल्लाहकार नियुक्त गरिएको थियो । ६ परिच्छेद, १० भाग र ७७ धारा रहेको यो संविधानमा पनि सार्वभौमसत्ता श्री ५ मै निहित थियो । २०१५ फागुन १

गते तत्कालीन राजा महेन्द्रले जारी गरेको नेपाल अधिराज्यको संविधान २०१५मा पनि बालबालिका वा सोसँग मिल्दोजुल्दो कुनै पनि अधिकार उल्लेख थिएन । दोस्रो विश्वयुद्धपछि सिङ्गो संसारले आर्थिक क्रान्ति गरिरहँदा नेपालको संविधानमा भने बाल अधिकार पनि सुनिश्चित हुन नसक्नु आफैँमा अचम्मलाग्दो रहेको देखिन्छ ।

## २.४. नेपालको संविधान, २०१९

वि. सं २०१७ पौष १९मा निर्वाचित सरकारलाई अपदस्थ गरी तत्कालीन राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था लागू गरे । ऋषिकेश शाहको अध्यक्षतामा बनाइएको समतिले तयार पारेको यो संविधान २०१९ साल पौष १ गते राजा महेन्द्रबाट जारी भयो । यस संविधानको भाग ३मा रहेका मौलिक हकमा पनि बालबालिका वा सोसँग मिल्दोजुल्दो कुनै पनि अधिकार उल्लेख थिएन । यसले पनि नेपाल सरकार वैधानिक कानुन, २००४ र नेपाल अधिराज्यको संविधान, २०१५मा जस्तै बालबालिकाको अधिकारलाई कुनै स्थान दिइएको पाइँदैन ।

## २.५. नेपाल अधिराज्यको संविधान २०४७

पञ्चायती व्यवस्थाको विरोधमा समय-समयमा भएका राजनीतिक विद्रोह र २०४६ सालको जन आन्दोलनको परिणामस्वरूप नेपालमा बहुदलीय व्यवस्थाको पुनर्वहाली भयो । विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित मस्यौदा समितिबाट बुझाइएको संविधानमा हेरफेर गरी तत्कालीन राजा वीरेन्द्रले २०४७ साल कार्तिक २३ गते यो संविधान जारी गरे । त्यस समयको उत्कृष्ट संविधान मानिएको यसमा बालबालिकाकै लागि भनेर कुनै अधिकार नदिइए पनि धारा ११ समानताको हकअन्तर्गत राज्यले नागरिकहरूकाबीच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ भनी सकारात्मक विभेदको भने व्यवस्था गरिएको थियो ।

त्यसैगरी धारा २० शोषण विरूद्धको हक को उपधारा (२) नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन भनी बालश्रम न्युनीकरणलाई संविधानले स्थान दिएको पाइन्छ । यो संविधान जारी हुनु अगावै नेपाल सरकारले राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि १९८९ अनुमोदन गरिसकेको भए पनि संविधानमा बालबालिकाकै लागि भनेर कुनै हक अधिकार नदिइनुले तत्कालीन अन्तरिम सरकारले बाल अधिकारलाई वेवास्ता गरेको बुझ्न सकिन्छ । तथापि, तत्कालीन श्री ५ को सरकारले २०४८ सालमा ६ ओटा परिच्छेद र ५९ ओटा दफासहितको बालबालिकासम्बन्धी ऐन, २०४८ जारी गर्‍यो । जसमा बालबालिकालाई कठोर सजाय दिन नहुने साथै क्रुर र यातनापूर्ण व्यवहार गर्न नहुने व्यवस्था गरिएको थियो । यसका साथै केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको गठनको व्यवस्था पनि यसै ऐनमा गरिएको थियो । यसकारण, बाल अधिकार महासन्धि १९८९ अनुमोदन गरिसकेपछि नेपालमा पनि बाल अधिकारको बहसले उचाई लिएको कुरालाई भने नकार्न सकिन्न । यसरी हेर्दा यस संविधानमा बालबालिकाकै लागि भनेर कुनै हक अधिकार नदिइए तापनि यो संविधान बाल अधिकारका क्षेत्रमा भने विशेष महत्त्वकोदेखिन्छ ।

## २.६. नेपालको अन्तरिम संविधान, २०६३

दशवर्षे सशस्त्र द्वन्द्व र २०६२/६३ को जन आन्दोलनको बलमा पुनर्स्थापित प्रतिनिधि सभाले २०६३ माघ १ गते सर्वोच्च अदालतका पूर्व न्यायाधिश लक्ष्मणप्रसाद अर्यालको अध्यक्षतामा गठन भएको समितिले दिएको मस्यौदालाई अन्तिम रूप दिई नेपालको अन्तरिम संविधान, २०६३ जारी गर्‍यो ।

राजतन्त्रको अन्त्य गर्दै जारी भएको यो संविधानको धारा १३(३)को स्पष्टिकरणमा सकारात्मक विभेदका आधारमा बालबालिकालाई पनि विषेश व्यवस्था गर्ने भनी उल्लेख गरिएको पाइन्छ ।

त्यस्तै धारा २२ को बालबालिकाको हकसम्बन्धी उपधारा १मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक,उपधारा २ मा प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक, उपधारा ३मा प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरूद्धको हक र यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुने कुरा र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिलाइने कुरा उल्लेख गरिएको छ । यसैगरी उपधारा ४मा असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक र उपधारा ५ मा कुनै पनि नाबालकलाई कुनै कल कारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने कुरा उल्लेख गरी पहिलोपल्ट

संविधानमा यति विस्तृत रूपमा बालबालिकालाई हक प्रदान गरिएकोदेखिन्छ ।

यसरी नै धारा ३५ राज्यका नीतिहरूको उपधारा(९)मा राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनी राज्यका नीतिहरूमा पनि पहिलोपटक बालबालिकाका हकलाई यही संविधानले अटाएको थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ भन्दा अघिका संविधानहरूको तुलनामा ०६३सालको संविधान निकै बालमैत्रीदेखिन्छ । बाल अधिकार महासन्धि १९८९ अनुमोदन भइसकेको,बालबालिकासम्बन्धी ऐन पनि जारी भइसकेको र बाल अधिकारका लागि विभिन्न बहस सुरू भइसकेको त्यो समयमा बालबालिकाका निम्ति त्यति हकको व्यवस्था हुनु नौलो विषय नभए पनि ०६३ सालभन्दा अघिका संविधानहरूले त्यति पनि व्यवस्था गर्न नसकेका तुलनामा नेपालको अन्तरिम संविधानलाई निकै बालमैत्री मान्न सकिन्छ ।

## २.७. नेपालको संविधान (२०७२)

नेपालको संविधान (२०७२) जनताका प्रतिनिधिहरूबाट जारी भएको पहिलो संविधान हो । ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेको वर्तमान संविधान संरचनागत हिसाबले निकै ठूलो संविधानदेखिन्छ । यसमा कतिपय कुराहरू अन्तरिम संविधान, २०६३ कै समान भएतापनि ३ तहको राज्य संरचना, स्रोतशक्तिको बाँडफाँड जस्ता नयाँ विशेषताहरू पनि थपिएका छन् ।

२०६३साल र सोभन्दा अघिका संविधानहरूमा बाल अधिकारलाई त्यति महत्त्वका साथ नहेरिए पनि नेपालको संविधान (२०७२)मा बाल अधिकारलाई उच्च महत्त्वका साथ राखिएको छ । हाल अस्तित्वमा रहेको यस संविधानको भाग ३को धारा ३९मा १०ओटा उपधारासहित बाल अधिकार सुनिश्चित गरिएकै कारणले नेपालको संविधानलाई संसारकै बालमैत्री संविधान बनाएको यसका जानकारहरू बताउँछन् ।

धारा ३९ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने,प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने, कुनै पनि बालबालिकालाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने, कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने, प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने र असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ भनी बाल अधिकारको सुनिश्तिता गरिएको छ । माथिका हक विपरीतका कार्य कानूनबमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हकसमेत यसै संविधानले सुनिश्ति गरेको छ ।

त्यस्तै राज्यका नीतिहरू धारा ५१को खण्ड झ(३)बमोजिम बालश्रम लगायत श्रमशोषणका सबै रूपको अन्त्य गर्ने, खण्ड ञ (४)बमोजिम बालबच्चाको पालनपोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने खण्ड ञ(५) बमोजिम बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने भन्ने नीति सरकारले लिएका कारण र बालबालिकासम्बन्धी ऐन २०७५को पनि निर्माण भइसकेका कारण अब बालबालिकाले निर्धक्क भई आफ्ना हक अधिकारको उपभोग गर्न पाउने भएका छन् ।

## ३. निष्कर्ष

२००४ देखि हिसाब गर्दा नेपालको संवैधानिक इतिहासले ७ दशकको यात्रा पार गरिसकेको छ । देशको मूल कानूनका रूपमा रहेको संविधान गएको सात दशकमा सातै पटक परिवर्तन भइसकेको छ । ००४ देखि ०७२ सम्म आइपुग्दाका संविधानहरू क्रमशः बालमैत्री हुँदै आउनुपर्नेमा २००७को संविधानको धारा २१मा व्यवस्था भएबाहेक एकैपटक नेपालको अन्तरिम संविधान २०६३मा बालबालिकाको हकको व्यवस्था रह्यो । नेपालको संविधान (२०७२) लाई इतिहासकै बालमैत्री संविधान पनि भनिन्छ । यो अहिलेसम्मकै उत्कृष्ट संविधान (बालबालिकाका लागि) मानिन्छ तर संविधानको उत्कृष्टता कागजमाभन्दा पनि कार्यान्वयनमादेखिने भएकाले राज्य र सबै राजनीतिक दलहरू संविधानको कार्यान्वयनमा जिम्मेवार हुनु आवश्यक छ । बालबालिकासम्बन्धी ऐन २०७५ र बाल अधिकार महासन्धि १९८९लाई कार्यान्वयनमा ल्याई बालबालिकालाई पनि कानूनी राज्यको प्रत्याभूति गराउनु आवश्यक छ ।

(लेखक कन्सोर्टियम नेपालको बाल सल्लाहकार सदस्य हुनुहुन्छ ।)

## बालश्रम रूपान्तरणका क्रममा बाल सहभागिताः सुखद अनुभूति


प्रकाश खतिवडा

**परिचय,**

कुनै पनि देशका बालबालिका त्यस देशको विकासका आधार स्तम्भ हुन् । बालबालिकाको सर्वाङ्गिण विकास बिना देश विकासको परिकल्पना निरर्थक हुन्छ । आजका बालबालिका नै भोलिको समाजको विकासको संवाहक हुने भएकोले सुन्दर, समुन्नत र सभ्य समाजको निर्माणका लागि बाल अधिकारको संरक्षण, सहभागिता र प्रर्वद्धनमा सबैको सक्रियता अत्यन्त आवश्यक हुन्छ । भावी चुनौतीहरूको सामना गर्दै समाज र देशलाई विकासको पथमा अगाडि वढाउन सक्ने नागरिक भनेको आजका बालबालिका नै हुन् ।

हामी सबैलाई थाहा छ बालश्रमले आधुनिक दासताको रूपमा समाजमा जरा गाडेको छ । बालश्रम शोषणले बालबालिकाको आधारभूत मानवअधिकारको हनन् गर्दछ । नेपालको संविधान (२०७२) ले पनि बालश्रमलाई संवैधानिक रूपमा नै निषेधित गरेको छ । बालश्रम शोषणका कारण लाखौं बालबालिका शिक्षालगायतका नैसर्गिक अधिकारबाट वञ्चित छन् । नेपालमा पनि लाखौ बालबालिका श्रममा संलग्न छन् । हामी सबै उपभोक्ता, सुरक्षाकर्मी, सरकारी कर्मचारी, पेशागत व्यवसायी तथा सामाजिक कार्यकर्ताहरूले बालश्रम अन्त्य गर्न, बालश्रमको प्रयोगलाई वहिष्कार गर्न तथा बालश्रमका विरूद्ध आवाज उठाउन आवश्यक छ ।

सुन्दर, समुन्नत र सभ्य समाजको निर्माणका लागि बाल अधिकारको संरक्षण, सहभागिता र प्रर्वद्धनमा सबैको सक्रियता अत्यन्त आवश्यक हुन्छ । भावी चुनौतीहरूको सामना गर्दै समाज र देशलाई विकासको पथमा अगाडि वढाउन सक्ने नागरिक भनेको आजका बालबालिका नै हुन् । ती बालबालिका बालश्रमिक भए भने भावी पुस्ता कस्ता हुने हुन् सम्झदै कहाली लाग्दछ ।

यसरी सामाजिक कलंकका रूपमा रहेको बाल श्रमलाई न्यूनीकरण एवम् निषेध गर्नका लागि नेपालका विभिन्न स्थानहरूमा विभिन्न प्रयासहरू भएका छन् । यसक्रममा तत्कालिन हेटौंडा नगरपालिका र हालको उप-महानगरपालिकालाई बाल श्रम मुक्त नगरका रूपमा घोषणा गरिएको थियो । श्रम क्षेत्रमा रहेका बालबालिकालाई उद्धार र पुनर्स्थापन गरी पुनः श्रम क्षेत्रमा बालबालिका नआउने वातावरण तयार पारेर बाल श्रममुक्त नगर घोषणा प्रक्रियामा ती श्रमिक बालबालिकाको सहभागितालाई पनि उत्तिकै ख्याल गरिएको थियो । यस अभ्यासले बाल संरक्षणका लागि बाल सहभागिता अपरिहार्य रहेको कुराको व्यवहारतः पुष्टि भएको छ । यस लेखमा बाल श्रम मुक्त नगर बनाउने प्रक्रियालाई विस्तारमा उल्लेख गरिनुका साथै यस प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई पनि उल्लेख गरिएको छ ।

**मकवानपुर जिल्ला खासगरि हेटौंडा उप-महानगर पालिकालाई बालश्रम मुक्त गराउने आशा र कार्यको श्रृंखला**

नेपालका खासगरि मकवानपुर जिल्ला भित्रको तात्कालिन हेटौडा नगर पालिकाको सन् २००४देखि २००७सम्मको विश्व शिक्षा र बाल कल्याण समाजको सहकार्यमा निकृष्ट बाल श्रम निवारण कार्यक्रम अर्न्तगत अनौपचारिक शिक्षा र सिप तथा आयमूलक तालिम सचालन गरी ३७२ बालबालिकालाई अनौपचारिक कक्षा (मोडुलर) शिक्षा, ३५ जना लाई सिपमूलक तालिम, ९ जनालाई आफ्नै घर फर्काई पढ्ने वातावरण मिलाइएको र १७५ जनालाई विद्यालय भर्ना गरी बालश्रम निवारणको थालनी गरिएको थियो । लालिमा किशोरी शिक्षा लक्षित अनौपचारिक शिक्षा कार्यत्रक्रमबाट जिल्लाका विद्यालय बाहिर रहेका ५७८० जना बालिकालाई विद्यालय भर्ना गर्न सफल भईएको थियो ।

यसैगरि बाल कल्याण समाज र सिविसले घरेलु बालश्रम निवारण कार्यक्रम अनुरूप २००६देखि हेटौडा नगरपलिकासँगै मिलेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो । बालबालिकाहरू विभिन्न किसिमका समस्याहरूबाट पीडित, ग्रसित र दुःखपूर्ण जीवनयापन गर्न वाध्य भएका थिए । उनीहरू मानवोचित जीवनयापनबाट टाढा रहेका थिए । आफ्नो तथा परिवारको पेट पाल्नका निमित्त कतिपय बालबालिका निकृष्ट प्रकारका बालश्रम (घरेलु कामदार,थोत्रामोत्रा टिप्ने, सडक बालबालिका, गिट्टी कुट्टने, बालुवा चाल्ने, उन कात्ने, बेचबिखनमा परेका, बधुवा मजदूरी गर्न वाध्य थिए भन्ने अध्ययनले बताउँछ । सन् २००७ मा सिविस, बाल कल्याण समाज र हेटौडा नगरपालिकाको संयुक्त आयोजनामा भएको घरेलु बाल श्रमिकको आधारभूत तथ्याङ्कबाट हेटौडा नगर पलिकाभित्र ५९९ जना घरेलु बालश्रमिक भएको तथ्याङ्कले देखाएको थियो । सिविसले घरेलु बाल श्रमिकको अधिकार स्थापितको लागि कार्यक्रम सञ्चालन गर्न नगर पालिकाको जिम्मेवारी भित्र पर्ने बारेमा जनवकालत गरेको कारणले तात्कालिन समयमा नगरपालिकाको बालबालिकाको लागि भनेर पहिलो पटक रू. पचास हजार बजेट छुट्टाईएको थियो, जुन ओहो र आहा भएको थियो । यसपछि नगरपालिकाले घरेलु बालश्रम न्युनीकरणको लागि बजेट विनियोजन गर्न शुरू गरेको पाईन्छ ।

निकृष्ट श्रममा संलग्न बालबालिकाको अधिकारको स्थपितको लागि प्लान ईन्टरनेशनल र बाल कल्याण समाजले सन्

२००८देखि हेटौडा नगरपालिका सँग समन्वय गर्दै निकृष्ट बालश्रम न्युनीकरण परियोजना होप कार्यक्रम सञ्चालन गरेको थियो । तत्कालिन हेटौडा नगरपालिकामा बालबालिकाको अवस्था हेर्दा बालश्रम शोषण चरम सिमामा पुगेको र बाल अधिकार उल्लघनको थुप्रै घटनाहरू उदाहरण बन्न गएको थियो ।

प्लान ईन्टरनेशनल, बाल कल्याण समाज र हेटौडा नगरपालिकाको संयुक्त आयोजनामा सञ्चालन भएको निकृष्ट बाल श्रम न्युनीकरण परियोजना (होप) ले हेटौडा लाई बाल श्रम मुक्त बनाउने अभियानमा कोसे ढुङ्गो सवित भएको थियो । कार्यक्रमले राज्यलाई जिम्मेवार बनाउदै समन्वय र सहकार्यमा काम गर्ने रणनीति बनाईएको थियो । तात्कालिन जिल्ला विकाश समितिको संयोजकत्वमा नीतिगत तहको समिति र नगरपालिकाको संयोजनमा कार्यगत तहको समिति तयार गरी कार्यक्रम शुरूवात गरिएको थियो । सबै भन्दा पहिले काम शुरू गर्न आधारभूत सर्वेक्षण गर्न पर्ने आवश्यकता महशुस भएकोले सन् २००९मा आधारभूत सर्वेक्षण गरियो जस्मा ६५८ जना निकृष्ट प्रकारका श्रम गर्ने बाल श्रमिकहरू रहेको पाईयो । उक्त कुल ६५८ मध्ये (बालक ५१७ र बालिका १४१) बालश्रमिक रहेको पाइए पश्चात् हेटौंडा नगरपालिकाले बाल कल्याण समाज लगायत बालबालिकाको क्षेत्रमा कार्यरत अन्य संघसंस्थाहरू समेतको सहभागिता र सहयोगमा बालश्रम न्यूनीकरण सम्वन्धी रणनैतिक योजना निर्माण गरेको थियो । सर्वेक्षण अनुसार बालश्रमको प्रकृति संख्यात्मक रूपमा हेर्दा घरेलु बाल श्रमिक १२१, सडक बालबालिका ३८ र अन्य ४९९ (ठेला ठेल्ने, गिट्टी कुट्टने, ग्यारेजमा काम गर्ने, बेकरी, होटल, कवाडी, खलासी (सहचालक), भरिया, गाडी धुने, रिक्साचालक, पानी बेच्ने, कालोपत्रे कार्यमा काम गर्ने, जादू देखाउने, शैलुनमा काम गर्ने) पाईएको थियो ।

ती बालबालिकालाई समेटेर विभिन्न अनौपचारिक शिक्षा, बाल केन्द्र, श्रोत व्यवस्थापन केन्द्र स्थापनागरी बालबालिकालाई समेटि सेवा दिने काम भएको थियो । ती केन्द्रहरूबाट श्रमिक बालबालिकालाई शिक्षा, प्राथमिक स्वास्थ्य, सुनौलो भविश्यको छनौट कार्यक्रम, विभिन्न खेल खेल्न पाउने सुविधा, बाल अधिकारको तालिम, विभिन्न शारीरिक र रचनात्मक खेलहरू, दिवाकालिन सुत्न, र जीवन उपयोगी सिपहरू सिकाउँदै बाल श्रम रूपान्तरण कार्य नियमित गरिएको थियो । यसैगरि ती केन्द्रहरूको माध्यमबाट १५७ जनालाई व्यावसाय सुरू गर्न सहयोग, ३८३४ जना जोखिम सहितलाई छात्रवृत्ति सहयोग, ४३ जनालाई आय आर्जन सहयोग, ७६ जनालाई परिवारमा पुनर्स्थापना, १२२ जनालाई क्षमता अभिवृद्धि तालिम, श्रमिक बालबालिकाहरूको बालक्लब २० वटा गठनगरी बालक २११ र बालिका २३४ गरी कुल ४४५ जना निकृष्ट श्रममा रहेका बालबालिका लक्षित भएको पाईन्छ । बाल सहभागिताको अति राम्रो प्रयासको रूपमा श्रमिक बालबालिकाले श्रमिक बालबालिकालाई अनौपचारिक शिक्षामा सहभागी हुन उत्प्रेरण जगाउँदा प्रभावकारी भएको सिकाई भएको छ । श्रमिक बालबालिकाको वचत सङ्कलन गर्ने योजना बमोजिम ८७४ जना (बालक ५८६ र बालिका २८८) ले ९,५९,४३१ सम्म वचत गरेका थिए । उक्त वचत दिव्यतारा बहुउद्धेशिय सहकारी संस्थामा सहुलियत ब्याजदिने (शेयर सदस्यलाई वचतमा दिईएको ब्याजमा थप २ प्रतिशत वृद्धि) गरी जम्मा भएको थियो । जम्मा भएको वचतलाई बालबालिकाले अध्ययन गर्न, परिवारको छाक टार्न, भाइबहिनीलाई पढाउन, परेको बेला आफू र परिवारको सदस्यलाई उपचार गर्न खर्च गर्ने गरेका थिए । वचत गरेको बालबालिका वयस्क भएपछि उक्त रकम बैंकमासम्बन्धितकै खाताखोली वचतमा जम्मा गर्ने व्यवस्थापन मिलाइएको थियो ।

बाल श्रम रूपान्तरण गर्ने क्रममा विद्यालय अध्ययन गरेका बालबालिका, तालिम लिएका बालबालिका, जीवन उपयोगी सिप लिएका बालबालिकाहरू क्रमशः आफ्नो घर फर्केको, अन्य आफ्नै व्यावसाय खोली जीवन निर्वाह गरिरहेका थिए । यसैगरि बालश्रम रूपान्तरण हुने क्रममा केही बालबालिका उमेर पूरा भएपछि शिक्षक बन्न सफल भएको, केही सिप सिकेको बालबालिका उमेर पूरा भएपछि वैदेशिक रोजगारमा गएर राम्रो आम्दानी गर्न सफल भएको, विद्यालय भर्ना हुनेहरू उच्च शिक्षा हासिल गर्न सफल भएका उदाहरण पाउँदा मन प्रफूल्लित हुने रहेछ । आत्म संतोष हुने रहेछ भन्ने अनुभूति सँगालेको छु । बालबालिकालाई श्रममा लगाउने रोजगारदाताहरूलाई बाल अधिकारको बारेमा तालिम दिएको, कामगर्दा सुरक्षाको नीति अवलम्वन गर्नु पर्ने तालिम दिए पश्चात् श्रमिक बालालिकालाई राहत मिलेको पाइएको थियो ।

सिविस काठमाडौंले बाल उद्धार गर्ने प्रकृया, श्रमिक बालबालिकाको संलग्नतामा राष्ट्रिय कार्यक्रम, बाल घोषणा पत्र, हेटौडा नगर पालिकाको बालश्रम निवारण नीति, र बालश्रम मुक्त वडा घोषणाका लागि हरियो भण्डा अभियान लगायतको कार्यमा सहयोग गरेको थियो ।

बालश्रम सभ्य मानव समाजको कलंक समेत भएको र कानूनी रूपमा समेत दण्डनीय भएकोले यस हेटौडा नगर क्षेत्रलाई निकृष्ट बालश्रम मुक्त रहेको अवधारणा बमोजिम सरोकारवाला सरकारी कार्यालय, स्थानीय प्रहरी प्रशासन, गै.स.स., पत्रकार, उद्योग वाणिज्य संघ, होटल एशोसिएशन लगायतका व्यवसायी संस्थाहरूको समेत सहकार्य, सहभागितामा निरन्तर चेतनामुलक कार्यक्रमहरू सञ्चालन गरी अनुगमन गर्दै आएको र स्थानीय समुदाय स्तरका संस्थाहरू, टोल विकास संस्था र नागरिक समाजको

सक्रियतामा बालश्रम प्रयोगका हिसावले ज्यादा समस्या रहेको ११ नं. वडालाई सर्वप्रथम २०१४ जुन १२ मा पहिलो बालश्रम मुक्त वडा घोषणा गरिएको र त्यसैगरी २०१४ नोभेम्बरमा ९ नं. वडालाई बालश्रम मुक्त वडा घोषणा गरिएको र हरियो झण्डा अभियान सञ्चालन गरिएको थियो । उक्त वडाहरूमा स्थानीय स्तरमा गठन गरिएको वडास्तरीय अनुगमन समितिबाट नियमति अनुगमन र सरोकारवाला निकायबाट आवश्यकता अनुसार संयुक्त अनुगमन हुदैं आएको थियो । यो घोषणाको चरणसम्म आइपुग्दा सरोकारवाला सरकारी कार्यालयहरूका अतिरिक्त प्लान इन्टरनेशनल, बाल कल्याण समाज, सिविन, सिविस, टोलविकास सस्थाहरू, वडा नगरिक मन्च, स्थानीय बालक्लव र विद्यालयहरूको विशेष सक्रियता, सहयोग र सहभागिता रहेको थियो ।

हेटौंडा नगरका थप वडाहरूलाई क्रमश निकृष्ट बालश्रम मुक्त वडा घोषणा गर्ने क्रममा तात्कालिन नेपाल नगर पालिका संघका अध्यक्ष एवम् हालका बागमती प्रदेशका मुख्यमन्त्री माननीय डोरमणि पौडेल, बागमती प्रदेशका हालका प्रमुख प्रतिपक्षी दलका नेता माननीय ईन्द्र बहादुर बानिया, संविधान सभा सदस्य माननीय अनन्त पौडेल, तत्कालिन माननीय प्रल्हाद लामिछाने, जिल्ला समन्वय समितिका प्रमुख श्री रघुनाथ खुलाल, तत्कालिन प्रमुख जिल्ला अधिकारिहरू, नगरपालिकाका नगर प्रमुख, प्रदेश सभा सदस्य माननीय जुनेली श्रेष्ठ, माननीय मुनु सिग्देलको समेत विशेष समन्वय, सहयोग र सहभागिता रहेको थियो । तत्कालिन हेटौडा नगरपालिकाका समाजिक विकाश महाशाखा प्रमुहहरू ध्रुब भुजेल र भीमप्रसाद तिमल्सिना, प्लान नेपालका लक्ष्मी पाठक र राम खत्री, नेत्रप्रसाद उपाध्याय, मधुवन्ति तुलाधरको समेत विशेष अविश्मरणीय योगदान रहेको थियो । यसैगरी बाल कल्याण समाजका कमल फुयाल, ममला लामा, माधव खतिवडा समेतको उल्लेखनीय योगदान रहेको थियो ।

तत्कालिन समयमा श्रम कार्यालयको अगुवाईमा मुख्य बजार क्षेत्रमा रहेका होटल लगायतका व्यवसायमा संयुक्त अनुगमन टोलीबाट आवश्यकता अनुसार अनुगमन हुंदै आएको र उद्धार तथा पारिवारिक पुनर्स्थापनाको कार्य समेत हुंदै आएको र बालश्रम प्रयोगका बारेमा उद्योगी व्यावसायी जगत विशेष रूपमा सजग रहेको अवस्थादेखिएको सन्दर्भमा नगरलाई बालश्रम मुक्त नगर घोषणा गर्ने सम्भावना सहजदेखिएको अवस्था रहेकोले धमाधम बालश्रम मुक्त बडाहरू घोषण गर्दै गईएको थियो । बालश्रम मुक्त भनी सबै वडाहरू क्रमशः घोषणा चाहिँ भयो तर एउटा बृहत कार्यक्रमगरी नगरपालिकालाई नै बालश्रम मुक्त नगर भनी घोषणा गर्ने कार्य अधुरै रहेको छ । वर्तमान हेटौडा उप –महानगरपालिकाको जन निर्वाचित नगर प्रमुख, उप प्रमुख र जिम्मेवार पदाधिकारिहरूको कार्यढाँचा र नगरलाई बालमैत्री बनाउने जाँगरले दिशा निर्देश गर्ने छ ।

माथिका अनुच्छेदहरूमा हेटौंडा शहरलाई बाल श्रममुक्त बनाउन गरिएका प्रयासहरूका बारेमा विस्तारमा उल्लेख गरियो । यसरी हेटौंडालाई बाल श्रम मुक्त बनाउने प्रक्रियामा कुनै बल प्रयोग नगरी श्रमिक बालबालिकासँग सम्वन्ध विकास गर्दै बाल अधिकार मुखी अवधारणा अवलम्बन गरी उनीहरूको भावनाको कदर गरिएको थियो । उनीहरूको उद्धारपछि केही समय आवधिक गृहमा राखिँदा पनि उनीहरूको विचार सुन्ने र सोको कदर गरी सहभागिताको हकलाई सदैव प्राथमिकतामा राखिएको थियो । उनीहरूबीच बालक्लबको गठन समेत गरिएको थियो । उनीहरूलाई उपलब्ध गराइएको सिप शिक्षा लगायतका सेवाहरूमा पनि उनीहरूकै इच्छा र भावनालाई कदर गरिएको थियो । यसप्रकार श्रमिक बालबालिकाको अधिकार संरक्षणका क्रममा बाल सहभागितालाई कसरी सँगसँगै लैजान सकिन्छ भन्ने उदाहरण हेटौंडाले प्रस्तुत गरेको छ ।

वर्तमान अवस्थामा कोभिड १९का कारण भोलिका दिनमा सहर बजारमा बाल श्रमिकहरू बढ्न सक्ने आंकलन गरिएको छ र हामी नागरिक समाजका संघसंस्था र स्थानीय सरकारसँगको साझेदारीमा पुनः ती बालबालिकाको संरक्षण र पुनर्स्थापनका लागि लाग्नु पर्ने हुनसक्तछ । यसक्रममा हेटौंडाको उदाहरणलाई आत्मसात् गर्दै बाल संरक्षण र बाल सहभागितालाई सँगसँगै लैजानसक्नु पर्दछ । यसका लागि स्थानीय तहबाट बाल संरक्षणसँगसँगै बाल सहभागिताको नीतिगत ढांचा तयार गरी हामी सबैको समन्वय र सहकार्यलाई सुनिश्चित गरिनु पर्दछ ।

(लेखक बाल अधिकार अभियन्ता तथा कन्सोर्टियम नेपालको कार्य समिति सदस्य हुनुहुन्छ ।)

# मेरा आफ्नै अनुभवहरूको कसीमा बालक्लब हिजो र आज



उषा वि. क.

बाल सहभागिताको प्रवर्द्धनका लागि बालक्लब एउटा सशक्त माध्यमको रूपमा स्थापित भैसकेको छ र यसले एउटा अभियानको रूप धारण गरेकोछ । यस अभियानले स्वभाविक रूपमा विद्यालय र समुदायमा प्रभाव जमाएको छ । अर्थात् बालक्लबहरू विद्यालय र समुदायमा गठन भएर क्रियाशील भैरहेका छन् । यी बालक्लवहरूलाई प्रवर्द्धन गर्ने कार्यमा राष्ट्रिय तथा अन्र्तराष्ट्रिय संस्थाहरूका साथसाथै सरकारको समेत साथसहयोग प्राप्त छ ।

यसरी बालक्लब अभियानको आजको अवस्थालाई हेर्दा निकै अनुकुल अवस्था रहेको देखिन्छ । तर आजको यस अवस्थासम्म आइपुग्नका लागि यस अभियानले धेरै नै आरोह अवरोहहरू पार गरेको छ । विगतमा बालक्लबका लाग्नु त्यति सजिलो काम थिएन । बालक्लबमा लाग्दा बिग्रिइन्छ कि भन्ने भ्रम कायम् थियो । म आफू बालक्लबमा लाग्दा मैले थुप्रै चुनौतहरूको सामना गरेकी छु । पहिलो कुरा त अभिभावकले यसको महत्त्व नबुझिदिंदा घरमा नै मुस्किल हुने रहेछ । कतिपटक त म बालक्लबमा सहभागि हुन घरबाट भागेर गएकी छु । घरको काम सकेर विद्यालयको पढाई, गृहकार्य लगायतको समय व्यवस्थापन गर्न पनि उत्तिकै कठिनाइ परेको सम्झन्छु । मैले यसो विचार गर्दा बालक्बलमा लाग्ने कुरामा बालकलाई भन्दा पनि बालिकाहरूलाई थप कठिनाई पर्ने रहेछ । बालिकालाई आइपर्ने जोखिम बालकका भन्दा फरक र संवेदनशील हुने रहेछन् ।

त्यसबेला बालक्लब आफैमा सक्षम नहुँदा पनि चुनौती थपिएको महसुस हुन्छ । बालक्लब सक्षम नहुनु भन्नाले हामीलाई सहजीकरण गर्ने व्यक्ति नभएको अवस्था र श्रोतको अभाव भन्ने बुझ्नु पर्दछ । यिनै कारणबाट हामीले छलफल गरेको विषय वस्तुलाई पनि लिपीबद्ध गरेर राख्न सकेनौं, जानेनौं । अहिले संझिदा ती छलफलहरू ज्यादै महत्त्वपूर्ण थिए भन्ने लाग्दछ यद्यपी ती बैठक तथा छलफलहरू सिलसिलेवार थिएनन् । बालक्लबमा लागेकाहरूको किशोरावस्था र स्वभाविक रूपमा हुने विपरित लिङ्ग प्रतिको आकर्षण र त्यसको व्यवस्थापन बालक्लबका लागि चुनौती थिए र आजपनि छन् जस्तो लाग्दछ ।

हामी बालक्लबका लाग्नेहरूको आर्थिक अवस्था कमजोर भएको परिस्थितिले पनि चुनौती निम्त्याउने रहेछ कुनै राम्रो काम गर्न खोज्दा । यसले आफू आफू मिलेर केही रकम जम्मा गरौंन त भन्दा कत्ति नसकिने । बालक्लबले आफ्ना गतिविधि सञ्चालन गर्न कतैबाट रकम ल्याउन सकिन्छ भनेर हामी सोच्न सक्ने अवस्थामा पनि थिएनौं, पहुँच पुऱ्याउने त टाढाको कुरा । अहिले त गाउँपालिका/नगरपालिक प्रदेश र संघीय सरकारले समेत बालक्लबहरू आर्थिक रूपमा समेत सघाउन थालेका छन् । यस अनुकुल परिस्थितिमा बालक्लब सहजकर्ताले विशेष ध्यान पुऱ्याउन जरूरी छ ।

म बालक्लबमा लाग्दाका दिनमा मात्र होइन, अहिले पनि अभिभावकहरूमा बालबालिका बालक्लबमा लाग्दा उनीहरूको पढाइ बिग्रन्छ भन्ने सोच गहिरो गरी बसेको छ । यसैगरी यी साना केटाकेटीले के पो गर्न सक्छन् भन्ने आम मान्यताबाट पनि बालबालिकामा अन्तरनिहित क्षमता प्रस्फूटनमा बाधा पुग्दै आएको छ । बालक्लब र बालबालिका प्रतिको यसप्रकारको नकरात्मक सोचलाई परिवर्तन गरी बालक्लबमा लाग्दा बालबालिकाको क्षमतामा थप विकास हुन्छ भन्ने ज्ञान अभिभावकका पुऱ्याउन हामी सबै लाग्नु पर्दछ । यसमा पनि बालक्लबको अनुभव बोकेका र यतिबेर समाजमा आत्मविश्वासका साथ काम गरिरहेका युवाहरू विशेषरूपमा बालक्लबको महत्त्व स्थापित गराउन लाग्नु पर्दछ । हामीले बालक्लबमा लाग्दा बालबाकिलाको शारीरिक र मानसिक विकासमा पुग्ने फाइदाहरूका बारेमा समाजलाई थाहा दिनु पर्दछ । बालक्लब अवधारणको मर्म अनुसार बालक्लब गठन र परिचालन गऱ्यौं भने बालबालिका स्वयम्को नेतृत्व र व्यक्तित्व विकास हुने कुराले अभिभावकलाई आकर्षित गर्दछ । बालक्लबमा लाग्दा बालबालिकाले समय व्यवस्थापन कला सिक्दछन्, बोल्ने कलाको विकास हुन्छ, उनीहरूमा आत्म विश्वास भरिन्छ, समय अनुकुल चल्न सिक्दछन् र जस्तो परिवेशमा पनि घुलमिल हुन र सुरक्षित हुन जान्दछन् भन्ने कुराले जोसुकैलाई पनि लोभ्याउँदछ ।

म बालक्लबमा हुँदाका दिनहरूमा आएका तमाम् अवरोधकाबीच पनि हामीले थुप्रै अतिरिक्त क्रियाकलाप गर्न र सकरात्मक काम गर्न सक्यौं । हामीले बालक्लबमा बसेर पढाइ बिग्रने होइन बरू पढाइमा सघाउ नै पुग्दछ भन्ने मान्यता स्थापित गऱ्यौं । सामाजिक काममा लाग्ने प्रेरणा मैले बालक्लबबाट नै लिएकी हुँ । यसबाट सामाजिक दायित्व वहन गर्ने सोचको विकास हुने रहेछ । बालक्लबले नै कसैसँग पनि बोल्न नडराउने निडर र हक्की बनायो । विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा भाग लिन उत्साही मात्र बनाएन पुरस्कृत हुने बाटो पनि खुलाई दियो । हाम्रा अनुशासित गतिविधिहरूबाट हाम्रा गुरूजन प्रभावित हुनुहुन्थ्यो र यसको सकरात्मक सन्देश विस्तारै अभिभावकसम्म पुग्न थालेको थियो । बालक्लबका गतिविधि कै कारण विद्यालयका विभिन्न कार्यक्रम बालबालिकालाई नै सञ्चालन गर्न जिम्मेवारी दिने व्यवस्था मिल्नु हाम्रा लागि ठूलो अवसर थियो ।

(लेखक बाल अधिकार अभियन्ता तथा कन्सोर्टियम नेपालको कार्यसमिति सदस्य हुनुहुन्छ ।)

## प्रदेश गतिविधि

### बाल सहभागिताको अभियानमा प्रदेश नं. १


स्वस्तिका पोखेल

**प्रारम्भ**

हाल नेपालमा झण्डै ३२ हजार बालक्लबहरूमा झण्डै १४ लाख बालबालिकाहरू सँगठित रहेको अनुमान गरिएको छ । बाल सहभागिताको विषयलाई नेपालको सन्दर्भमा २०६३ को अन्तरिम संविधानबाट नै बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी राज्यले प्राथमिकता दिएको छ । नेपालको संविधान (२०७२) को धारा ३९ को उपधारा ३ मा सहभागिताको अधिकारलाई सुनिश्चित गरिएको छ । तसर्थ नेपालको सन्दर्भमा बालबालिकाको सहभागिता संविधानदेखि घर व्यवहारसम्म चर्चाको विषय बनेको छ ।

हाम्रो समाज ठूलाबाट शासित हुने संस्कारबाट विकास भएको समाज हो । त्यसैले हाम्रो घरमा बालबालिकाहरूको आवाजलाई सुन्ने परिपाटीको विकास यस अघि कहिल्यै भएको थिएन । सन् १९८९ मा बालबालिकासम्वन्धी महासन्धिलाई संयुक्त राष्ट्रसंघले पारित गरे पश्चात् बालबालिकाहरूको अधिकारको विषयले विश्वव्यापी चर्चा पाउन थाल्यो । यसक्रममा नेपालमा वि. सं.२०५१/५२ बाट बाल सहभागिताको आधारका रूपमा बालक्लबहरूको गठन प्रक्रिया तिब्ररूपमा अगाडि बढेकोदेखिन्छ । बालबालिकाहरूको सहभागितामा समूहहरू निर्माण भई सामाजिक विकास तथा व्यक्तित्व विकासका विभिन्न कृयाकलापहरू गर्ने रूपबाट सुरू भएको बालक्लबको यो इतिहास आज सरकारको प्राथमिकता भित्र परेको छ । हिजोको स्थानीय निकायहरूमा बालक्लबहरूको गतिविधी गर्दा र सहयोग माग्दा प्राथमिकतामा नपरेको क्षेत्र आज स्थानीय तहहरूको प्रमुख विषयको रूपमा अगाडि आएको छ ।

### बाल सहभागिता प्रवर्द्धनका लागि हाम्रा विद्यमान कानुनी व्यवस्थाहरू

सन् १९८९ मा संयुक्त राष्ट्रसंघद्वारा अनुमोदन गरिएको बालबालिकासम्वन्धी महासन्धिको धारा १२, १३, १४ र १५ मा व्यवस्था गरिएको बाल सहभागितासम्वन्धी व्यवस्था गरिएको पाईन्छ । नेपालको संविधानको धारा ३९ को ३ मा बाल सहभागिताको अधिकारलाई सुनिश्चित गरेको छ । बालबालिकासम्वन्धी ऐन २०७५ ले बाल सहभागिताको अधिकारलाई व्यवस्थित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहहरूको कार्यक्षेत्र भित्र बालबालिकाको विषयलाई प्राथमिकतामा राखिएको छ ।

### बाल सहभागिता र प्रदेश नं. १ को अवस्था

नेपालको तत्कालिन पूर्वाञ्चल विकास क्षेत्रमा २०५२/५३ सालबाट बाल सहभागिताको अभ्यास भएको पाईन्छ । मोरङ्को वयरवनमा बालएकता समूह, संखुवासभाको मकालु त्रिशक्ति समूह, बालचेतना समूह ताम्कु यस क्षेत्रमा सुरू भएको पहिलो बालक्लबहरू हुन् । आज संघीय संरचना अनुसार प्रदेश नं. १ मा रहेका १४ जिल्ला रहेकाछन् । करिव करिव २५ वर्षपछि आईपुग्दा बाल सहभागिताको अवस्था यस प्रदेशमा उत्साहजनक रूपमा रहेको छ । यस प्रदेशमा परिवारबाट सरकारका संरचनासम्म र अन्तर्राष्ट्रिय स्तरसम्म सहभागिता गराउन सफल भएकोछ । आज यस प्रदेशमा ५९३९ वटा बालक्लबहरू गठन भई यसमा ८९०८५ बालबालिकाहरू आवद्ध रहेकाछन् । त्यसैगरी प्रदेश सरकारले आयोजना गर्ने प्रदेश सरकारसँग बालबालिका कार्यक्रममा प्रदेश सरकारका मन्त्रीहरूसँग प्रत्येक जिल्लाका बालबालिकाहरू साक्षात्कार गर्ने र समस्याहरू प्रत्यक्ष रूपमा सुनाउन पाउने व्यवस्था गरेको छ । प्रदेशको बालबालिकासम्वन्धी विधेयक २०७५ मा प्रदेश स्तरमा बालक्लबहरूको प्रदेश स्तरीय सञ्जालको व्यवस्था र प्रदेश बाल अधिकार समितिमा बालक्लव सञ्जालको तर्फवाट बालबालिकाहरूको प्रतिनिधित्वको सुनिश्चित गरेको छ । स्थानीय तहहरूले बाल अधिकारसम्वन्धी कार्यविधी तयारगरी बालक्लबहरूको गठन, सूचिकृत तथा स्थानीय तहहरूको योजना तर्जुमा प्रकृयामा सहभागिताको सुनिश्चितता गरेको छ । कन्सोर्टियम नेपाल प्रदेश समितिको संयोजनमा यस प्रदेशवाट साईवाक गभर्निङ वोर्डमा प्रतिनिधित्व गराउन सफल भएको छ ।

### बाल सहभागिताको अभियान र कन्सोर्टियम नेपालको भूमिका

बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह कन्सोर्टियम नेपालको स्थापना करिब ३ दशक पुगेको छ । नेपालभर करिब ६० सदस्य संख्या रहेकोमा प्रदेश नं. १ मा सुरूमा यसको सदस्य संख्या ४ मात्र रहेको थियो । गत अधिवेशन पछाडि प्रदेशको संरचनागत व्यवस्थाबाट प्रदेश नं. १ मा यसको सकृयतालाई बढावा दिई यसलाई प्रदेश नं. १ मा परिचित बनाउने अवस्थाको

सृजना भएकोछ । अहिले कन्सोर्टियम नेपालको प्रदेश नं. १ को संरचना १४ वटै जिल्लामा विस्तार भएको छ । हामीले विगत ६ महिनामा १४ जिल्लाका १४ वटा बालबालिकासँग कार्यरत स्थानीय संस्थाहरूलाई सदस्यता प्रदान गरिएको छ भने नेपालमै पहिलो प्रादेशिक सचिवालयको सुभारम्भ भएको छ ।

प्रदेशको बाल सहभागिताको अवस्था र चुनौतीको विषयमा प्रदेश नं १ का १४ वटै जिल्लाका बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरूले अन्तरक्रिया गरिएको थियो ।

कन्सोर्टियम नेपाल, प्रदेश समितिको आयोजना र विभिन्न विकास साझेदार संघ संस्थाहरू वर्ल्ड भिजन इन्टरनेशलन, यु.एन.एच.सी.आर., करूणा फाउण्डेशन, लुथरन वर्ल्ड फेडेरेशन, एस.ओ.एस. यू.एम.एन. मानव अधिकार मञ्च तथा नारी विकास संघको आर्थिक सहयोगमा काठमाडौं बाहिर प्रदेशको जिम्मेवारीमा पहिलो पटक कार्यक्रमको आयोजना गरिएको थियो ।

त्यसै गरी २०७६।८।१८ गते प्रदेश नं. १ मा रहेका बालबालिकासँग कार्यरत संस्थाहरूसँग कन्सोर्टियम नेपालको विषयमा जानकारी तथा सदस्यताका लागि अनुरोध सहित वैठक सम्पन्न भएको थियो । वैठकमा ७ वटा जिल्लाका बालबालिकासँग कार्यरत संस्थाहरूको सहभागिता रहेको थियो । कार्यक्रम विराटनगर स्थित होटल ईर्स्टर्नस्टारमा सञ्चालन भएको थियो । कार्यक्रमका लागि संयोजन सदस्य संस्था मानव अधिकार मञ्च इलामले गरेको थियो । वैठकमा संयोजक स्वस्तिका पोखेल र सह-संयोजक रूद्र थेवेको सहभागिता रहेको थियो ।

कन्सोर्टियम नेपालको अवधारणा तथा यसको सदस्यतासम्वन्धी प्रावधानहरूका विषयमा १४ जिल्लाका बालबालिकासँग कार्यरत संस्थाहरूलाई जानकारी दिने उद्देश्यले १४ जिल्लाका सहभागी संस्थाहरूलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । मिति २०७६/१०/६ गते इलाम जिल्लामा सञ्चालन भएको कार्यक्रममा प्रदेश संयोजक स्वस्तिका पोखेल र सह-संयोजक रूद्र थेवेले सहजीकरण गर्नुभएको थियो ।

यस क्रममा प्रदेश सरकार प्रदेश नं.१ ले यस प्रदेशमा कार्य गर्नका लागि सामाजिक विकास मन्त्रालयमा सूचीकृत हुनु पर्ने प्रदेश कानूनमा व्यवस्था भए बमोजिम आवश्यक कागजात संलग्न राखी सामाजिक विकास मन्त्रालयमा आवेदन गरिएको छ ।

(लेखक बाल अधिकार अभियन्ता तथा कन्सोर्टियम नेपालको प्रदेश संयोजक हुनुहुन्छ ।)

## बाल सहभागिताको सशक्त माध्यमका रूपमा बाल कचहरी



बाले विश्वकर्मा

बालबालिका भविष्यका कर्णधार मात्र होईनन् आजका साझेदार र मानव अधिकारका हकदार पनि हुन् । बालबालिका स्वभाविकरूपमा नै एक निश्चित् उमेरसम्म शारीरिक र मानसिक हिसाबले परिपक्व भइसकेका हुँदैनन् । यसर्थ एक बालक वा बालिकाको जन्मअघि र जन्मपछि उनको बढ्दो शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षमा समुचित विकासका लागि उचित स्याहार र हेरचाहको साथै कानुनी संरक्षणको आवश्यकता पर्दछ । समग्रमा हेर्दा बालबालिकाको बाँच्न पाउने अधिकार, दीर्घ जीवनको अधिकार, सहभागिताको अधिकार र विकासको अधिकारको साथसाथै सबै प्रकारका दूर्व्यवहार, शोषण, भेदभाव, हेला, उपेक्षा र तिरस्कारबाट संरक्षण पाउने अधिकार अनि बढ्दो उमेर र परिपक्वताको सापेक्षतामा आफ्नो विचार अभिव्यक्त गर्ने तथा आफूसँग सरोकार राख्ने विषय तथा सामाजिक गतिविधिहरूको निर्णय प्रक्रियामा सहभागी हनु पाउने लगायतका अधिकारहरूको उपयोग गर्न पाउनु नै साँचो अर्थमा बाल अधिकारको सुनिश्चितता हो र अहिलेको सन्दर्भमा यो सवाल जल्दोबल्दो हिसाबले उठिरहेको छ ।

कचहरी भन्नाले कर्णाली अञ्चल र यसको सेरोफेरोमा परापूर्व कालदेखि नै गाउँ समाजमा कोही कसैलाई अन्याय, अत्याचार, पीडा वा समस्या भएको अवस्थामा सो समाजका गण्यमान्य मानिसको उपस्थितिमा गाउँको कुनै सार्वजनिक स्थलमा बसी समस्या उपर छलफल तथा बहस गरी पीडित र पिडकका समस्या समाधान गर्ने परिपाटिलाई नै कचहरी भन्ने गरिन्छ । यो शब्द कर्णाली अञ्चल र यस आसपासका नागरिकहरू सबैमा चिर परिचित भएकाले पनि कालीकोट जिल्लामा विभिन्न विषयमा छलफल वा छिनोफानो गर्नुपर्ने भयो भने कचहरी वस्ने चलन अहिलेपनि रहेको छ ।

कर्णालीको समाजमा संस्कृति कै रूपमा परिचित कचहरीका माध्यमबाट बालबालिकाहरूका समस्या, सवाल र मुद्दाहरूको समाधानका लागि सरोकारवाला निकायहरूलाई बढिभन्दा बढि जवाफदेही र जिम्मेवार बनाउनका लागि बालकचहरीको अवधारणा आएको हो । बालबालिकाहरूका सवालहरूलाई समुदाय नै बसी छलफल र बहस मार्फत समस्या समाधान गर्ने संस्कृतिको जगेर्ना गर्ने सोचका साथ सन् २०१६ देखि सेभ द चिल्ड्रेन र कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) नेपालद्वारा सञ्चालित सहयात्रा परियोजना अर्न्तगत यो बालकचहरीलाई अभ्यासमा ल्याइएको हो ।

बालबालिकाहरूले भोग्दै आएका समस्यालाई पहिचान गर्ने, सोही विषयमा समुदायमा रहेका बालबालिका र बालबालिकाका समस्या समाधान गर्ने सम्बन्धित सरोकारवालाहरू एकै थलोमा बसी समस्या समाधानका लागि छलफल गर्ने, बहस गर्ने र समाधानका लागि निचोड निकाल्ने गरिएको छ । यसवाट बालबालिकाले आफ्ना समस्याहरू खुलस्तरूपमा राख्न सक्ने र सरोकारवालाहरू पनि बालबालिकाहरू प्रति वढी संवेदनशील र जिम्मेवार हुने वातावरण सृजना भएको पाइएको छ ।

### बालकचहरीको औचित्य

बाल सहभागिताको माध्यमबाट बाल अधिकारसम्बन्धी महासन्धि १९८९ र नेपालको संविधान (२०७२) ले बालबालिकालाई दिएका अधिकारलाई प्रभावकारी कार्यन्वयन गर्न र गराउनका लागि समुदायस्तरमा रहेका बालबालिकाहरूका जल्दाबल्दा सवालको पहिचान गरी सो सवाललाई सामाजिक सरोकारको रूपमा स्थापित गराउने उद्देश्यले बालबालिकाहरूको एक भेलामार्फत एक आपसमा बहस, छलफल तथा अर्न्तक्रिया गर्ने र साझा सवाललाई समाधान गर्ने उद्देश्यले बालकचहरीको आवश्यकता महशुस भएको हो । जसले गर्दा बालबालिकाहरूका सवालहरूलाई सामाजिक सरोकारको रूपमा स्थापित गर्ने, सेवा प्रदायक निकाय र नीति निर्माताहरूको ध्यान केन्द्रित गर्ने, बालबालिकाहरूलाई सशक्तीकरण गरी आफ्ना सवालहरूलाई आफै उठान गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने उदेश्यले बालकचहरीको आवश्यकता भएको हो ।

त्यसैगरी गाउँ, समुदायमा रहेका विभिन्न जातजाति, लिङ्ग, वर्गका बालबालिकाहरू एकै ठाउँमा बसी आफ्ना गाउँ टोलमा भोग्नु परेका र भोगिरहेको समस्यालाई सम्बन्धित निकायमा पुर्‍याउनका लागि यो बालकचहरीले सहयोग पुर्‍याउँछ भने बालबालिकाको क्षेत्रमा सेवा प्रदान गर्ने भनी बसेका सरकारी तथा गैरसरकारी निकायले समेत बालबालिका आवाजहरूलाई सुन्ने र बालमैत्री नीति, कार्यक्रम, योजना तय गर्ने वातावरण सृजना गर्नका लागि पनि यो बालकचहरीले महत्त्वपूर्ण सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

यस बालकचहरीले बालबालिका र सेवा प्रदायक निकायहरूबीच रहेको दूरीलाई नजिक ल्याउनमा सहजीकरण गर्नेछ भने बृहतरूपमा बालबालिकाहरूका सवाललाई सार्वजनिकरण गरेर सचेतना जगाउनका लागि सहयोग पुग्नेछ । त्यसैगरी सरोकारवाला, नीति निर्माता, आम सञ्चार माध्यम, गैरसरकारी निकायबीच यस कचहरीले बालबालिकाका सवालहरूमा सँगसँगै अभियानात्मकरूपमा

कार्य गर्न सहयोग पुग्नेछ ।

बालकचहरीको खास लक्ष्य भनेको बालबालिकाहरूको नेतृत्व क्षमतामा विकास भई सरोकारवाला मार्फत बालबालिकाहरूका आवाज सुनिने वातावरणको सृजना भएको हुनेछ भन्ने रहेकोछ भने यसका उदेश्यहरू निम्न रहेका छन् ।

**बाल कचहरीका उद्देश्यहरू**

बाल अधिकारका सवालमा बहस र छलफल गर्नका लागि साझा मन्चको रूपमा विकास गर्ने, बालमैत्री नीति निर्माण, श्रोत सङ्कलन, योजना निर्माण, कार्यन्वयन र जवाफदेहिता प्रर्वद्धनका लागि पैरवी तथा वकालत गर्ने, बालबालिकाको क्षेत्रमा राज्यका तर्फबाट तय भएका कानून तथ नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्न दवाव सृजना गर्ने र आवश्यक नीति र कार्ययोजना निर्माण गर्नका लागि स्थानीय तहमा पैरवी गर्ने, स्थानीय स्तरमा रहेका बाल अधिकारका सवाललाई बालबालिकामार्फत सम्बन्धित सरोकारवालाहरूसँग पुऱ्याउने बातावरणको सृजना गर्ने, बालबालिकाहरूको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरूलाई बाल संवेदनशील बनाउन र बालबालिकाहरूका आवाजलाई सुन्ने वातावरणको सृजना गर्ने, बालबालिकाका सवालहरूमा जनप्रतिनिधि तथा स्थानीय सरकारलाई जवाफदेही तथा उत्तरदायी बनाउने, शैक्षिक गुणस्तर सुधार गरी सिकाइ उपलब्धि वृद्धि गर्न सरोकारवाला निकायहरूलाई जवाफदेही बनाउन सहयोग गर्ने ।

**बाल कचहरी सञ्चालन प्रक्रिया**

बालबालिकाहरूका विभिन्न सवालहरूमा बालबालिकाहरू र सम्बन्धित सरोकारवालाहरूको संयुक्त उपस्थितिमा सवालहरूलाई सबैको साझा सरोकारको रूपमा स्थापित गराउन र बाल अधिकार संरक्षण र प्रर्वद्धनको अभियानलाई विभिन्न बहस र छलफल मार्फत स्थानीय सरकारका नीति, कार्यक्रम, योजना र निर्णय प्रक्रियामा बालबालिकाहरूका आवाजहरू बुलन्द पार्नका लागि बाल कचहरी गर्ने भएकाले यो प्रभावकारी कार्यान्वयनका लागि निम्न अनुसारका प्रक्रियाहरू अपनाउनु पर्ने हुन्छ । स्थानीय तह (वडा पालिका, नगर पालिका,गाउँ पालिका) को आयोजनामा बालभेला गर्ने र सो बालभेलामार्फत स्थानीय तहमा जल्दोबल्दो रूपमा रहेका बालबालिकाहरूका सवालहरू पहिचानगरी प्राथमीकरण गर्ने । बालभेला मार्फत प्राथमिकतामा परेका बालबालिकाहरूका सवालहरूको उचित सम्वोधन र कार्यन्वयनका भए नभएको वा समयमै समाधान गर्नका लागि त्रैमासिक रूपमा वडा, गाँउपालिका वा नगरपालिका स्तरमा बाल कचहरीको आयोजना गर्ने, बालकचहरी आयोजना हुनुभन्दा एक हप्ता अगाडि समुदाय स्तरमा जल्दोबल्दोरूपमा प्राथमिकतामा परेको सवालका विषयमा बालक्लब सञ्जाल, गाउँ बाल संरक्षण समितिको बैठक बसी कचहरीको सवाल, स्थान, मिति र आमन्त्रण गर्ने सरोकारवाला व्यक्ति वा निकायको छनौट गर्ने । बाल कचहरीमा छलफल गर्नुपर्ने सवाल, स्थान र मिति तय भई सकेपछि सम्बन्धित सरोकारवालालाई आमन्त्रणका लागि पत्राचार गर्ने, सो कचहरीमा आउन पर्ने बालबालिकाहरूलाई पनि जानकारी गराइ विषय वस्तुका बारेमा अग्रिम तयारी गर्ने, कचहरी आयोजना गरिने स्थानमा आवश्यक व्यवस्थापकीय तयारी गर्ने र कचहरी हुने स्थानमा बसाइ व्यवस्थापनलाई ध्यान दिने, जस्तै प्रश्नकर्ता र उतरकर्ताको बसाई कहाँ कता बसाल्ने हो अगाडि नै व्यवस्थित बनाउने, बाल कचहरी सञ्चालन गर्ने सञ्चालकले विषयवस्तुका बारेमा पूर्णरूपमा जानकारी लिनुका साथै पूर्ण तयारी गरेको हुनपर्ने । दुवै पक्षमा बहस वा छलफल गराउन सक्ने ब्यक्तिलाई सञ्चालकको रूपमा जिम्मा दिनु पर्ने, बाल कचहरीमा छलफल भएका विषय वस्तुको पूर्णरूपमा प्रतिवेदन लेखन वा टिपोटका लागि एक जना छनौट गरिराख्ने जसले गर्दा सो कचहरीमा भएमा निष्कर्षलाई माईन्यूटमा दस्तावेजीकरण गर्नेमा सहयोग पुग्छ, बाल कचहरीको समय अवधि बढीमा ४ घण्टाको हुनेछ । लामो अवधीसम्म कचहरीगर्दा बालबालिकालाई एकै स्थानमा बसिरहन नपर्ने हुन्छ र कचहरी छोटो र रमाईलो तरिकाले सम्पन्न हुनेछ, कचहरीको अन्तिममा छलफल र बहस तथा दोहोरो अर्न्तक्रियाबाट आएको निचोड तथा सरोकारवालाले गरेको प्रतिवद्धतालाई उक्त दिनमा माईन्यूटमा निर्णयको रूपमा राख्ने र प्रतिवद्धता कर्ताको हस्ताक्षर गराई राख्ने, बाल कचहरीमा भएका प्रतिवद्धताको कार्यन्वयन भए नभएको पुनः समीक्षा वैठक बस्ने र यदी समस्या समाधान नभएको भए पुनः सोही विषयमा सोही निकाय वा जिम्मेवार व्यक्तिलाई बोलाई बाल कचहरीको आयोजना गर्ने बाल कचहरी अयोजना गर्दा बाल सुरक्षाको सुनिश्चतता गरिएको हुनुपर्ने (जस्तै : अभिभावकलाइ पूर्व जानकारी, सुरक्षित र पायक पर्ने स्थान, आवतजावतको समयमा सुरक्षा आदि)

**बाल कचहरीमा उपस्थित हुने सरोकारवालाहरू**

सवालसँग सम्बन्धित सरकारी तथा गैर सरकारी निकायका ब्यक्तिहरू, स्थानीय तहका पदाधिकारीहरू, बालबालिकाहरू, बालक्लवका पदाधिकारीहरू, बाल संरक्षण समितिका पदाधिकारीहरू, बाल अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिहरू, शिक्षक, अभिभावक, वि. व्य. स, आमा समूह, युवा समूह, सञ्चार माध्यमका प्रनिनिधिहरू, बालबालिकाका सवालसँग प्रत्यक्ष तथा अप्रत्यक्ष

सरोकार राख्ने र छलफलमा सहभागी गराउनु पर्ने व्यक्ति तथा निकायलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

**बाल कचहरी सञ्चालनका सवाल तथा विषय वस्तुहरू**

सम्बन्धित स्थानीय तहका वडा, गाउँ पालिका, नगर पालिकाको बाल भेलाले प्राथमीकरण गरेका सवालहरू, बालविवाह र छाउपडी प्रथा, बालबालिका माथि हुन सक्ने बालयौन दुर्व्यवहार र शारीरिक सजाय, बालबालिकाको क्षेत्रमा विनियोजन गरेको बजेटको प्रभावकारी कार्यान्वयन, सामाजिक समानता र लैङ्गिक समावेशीकरण, अपाङ्गता भएका बालबालिकाका सवालहरू (परिचयपत्र, शिक्षामा पहुँच, बाल सहभागिता, घरेलु हिंसा) एच.आइ.भी एड्स संक्रमित तथा प्रभावित बालबालिका र उनका सवालहरू, बालगृहमा रहेका बालबालिका, आमाबुबा नभएका वा अर्काको घरमा बस्न वाध्य भएका बालबालिका, शिक्षक र विद्यार्थीको विद्यालयमा अनियमिता, विद्यालय शान्ति क्षेत्रको कार्यन्वयनको अवस्था, विद्यालयमा गुणस्तरीय सिकाइ वातावरण, विद्यार्थीको सिकाइ उपलब्धि, आधारभूत तथा अनिवार्य शिक्षा अभियान, विद्यालयमा उपलब्ध हुने छात्रवृत्ति (छात्रा, दलित, अपाङ्गता), अर्थपूर्ण बाल सहभागिता आदि बाल कचहरी सञ्चालनका सवाल एवम् विषय वस्तुहरू हुन् ।

बालकचहरीले बालबालिकाहरूको नेतृत्व विकासका साथै बालबालिकाहरूका आवाज सरोकारवालाहरूसँग बुलन्द गर्नका लागि यो सहज भएको र आगामी दिनहरूमा पनि स्थानीय सरकार सक्रिय भएपछि बालबालिकाहरूका वास्तविक आवाजहरूलाई सुनुवाई गर्न र उनीहरूका योजनाहरूलाई प्राथमिकतामा राख्नका लागि यो बालकचहरीले महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ ।

कालीकोट जिल्लामा बाल कचहरी गर्ने गरिएदेखि सरोकारवालाहरूका अगाडि बालबालिकाहरूको बोल्न सक्ने, आफ्ना सवालहरू निर्धक्कसँग भन्न सक्ने क्षमतामा वृद्धि भएकोछ । सरोकारवाला निकायहरू पनि बालबालिकाहरूप्रति संवेदनशील भई बालबालिकाहरूको स्थानीय तहका हरेक संरचनाहरूमा अर्थपूर्ण सहभागितामा वृद्धि भई बालबालिकाहरूको नेतृत्व विकासमा महत्त्वपूर्ण सहयोग पुगेको छ । यति मात्र होइन, बालबालिकाहरूले भोग्दै आएका समस्याहरूलाई स्थानीय सरोकारवालाहरूले सुन्ने र समयमै समस्या समाधान गर्ने परिपाटिको समेत विकास भएको छ । स्थानीय तहहरूले पनि आफ्नो वार्षिक बजेट विनियोजना तथा तर्जुमा गर्दा बालबालिकाहरूका आवाज सुन्ने, टोल तथा वस्तीस्तरका योजना प्रक्रियामा योजनासहित बालक्लबका भाइबहिनीहरूलाई सहभागी गराई बजेट विनियोजन तथा प्रभावकारी कार्यन्वयन गर्ने गरिएको छ । जसले गर्दा बाल अधिकारसम्बन्धी महासन्धि १९८९ र नेपालको संविधान (२०७२) को धारा ३९ र बालबालिकासम्बन्धी ऐन २०७५ ले प्रदान गरेको सहभागिताको अधिकारलाई कार्यान्व्यन गर्नका लागि बाल कचहरीले महत्त्वपूर्ण योगदान गरेको छ ।

(लेखक सेभ द चिल्ड्रेन कालिकोटको परियोजना संयोजक हुनुहुन्छ ।)

## सुदूरपश्चिममा छाउपडी



सम्झना पार्की

नेपालको पश्चिमतिर अवस्थित सुदुरपश्चिम प्रदेश पिछडिएको क्षेत्र हो । सुदुर पश्चिम प्रदेशमा छाउपडी प्रथाको बिगबिगी छ । सुदूर पश्चिम प्रदेशमा नौवटा जिल्लाहरू छन् । यी जिल्लाहरूमा सबैभन्दा बढि छाउपडी प्रथा रहेको जिल्ला अछाम हो । अछाममा छाउपडीको लागि धेरै नराम्रो अवस्था छ । यदि कुनै महिला अथवा किशोरीको महिनावारी भयो भने आफ्नो बस्ने घरदेखि सय मिटरको दूरिमा छाउगोठ बनेको हुन्छ । त्यहाँ ती महिला अथवा किशोरी महिनावारीको ५ दिनको अवधि बिताउनु पर्ने हुन्छ । यसरी गोठमा बस्न नगए विभिन्न सामाजिक समस्याहरू झेल्नु पर्दछ । यस अवधीमा नत कसैले महिनावारी भएकी महिला/किशोरीलाई छुन्छ, नत आफूले कसैलाई छुन मिल्छ । उनीहरूलाई मन्दिरहरूमा जानसमेत बन्देज हुन्छ । यसबेला महिला/किशोरी अछुत जस्तो भएर बस्नु पर्दछ ।

अछाम जस्तै बाजुरा, बझाङ्ग, बैतडी, दार्चुला जिल्लामा पनि छाउपडी प्रथा चलनचल्तिमा छ । पछिल्लो समयमा केही परिवर्तन आएको देखिए पनि यो प्रथाले समाजमा गहिरो जरा गाडेर बसेको छ । यस क्षेत्रमा क्रियाशील एन. जि. ओ. र आई. एन. जि. ओ. हरुले सञ्चालन गरेका जनचेतनामूलक कार्यक्रमहरूबाट समाजमा परिवर्तन आउन मद्दत मिलेको छ । यो प्रथाको अन्त्यका लागि संघीय, प्रदेश र स्थानीय सरकारहरूले पनि प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिरहेका छन् । यस प्रथाको अन्त्यको लागि हामी सबैको साथ सहयोग आवश्यक छ । यसको बारेमा सबै सरोकारवालाहरूको ध्यान जाओस् । यो प्रथाको अन्त्य गऱ्यो भने धेरै चेलिबेटी तथा महिला, दिदिबहिनीको जिन्दगी (ज्यान) बचाउन सकिन्छ ।

हामी बालबालिका स्वयम् पनि यस प्रथाको अन्त्यका लागि सघाउन सक्छौं । हामी आफू यसबारे सचेत भएर सचेतनाका लागि लाग्न सक्छौं । हामी हाम्रा बाबाआमालाई घरघरमा कुरा बुझाउन सक्छौं । बालक्लबहरूमा लागेर यस्ता काममा लाग्दा हामीलाई सजिलो पर्छ ।

(लेखक कन्सोर्टियम नेपालको बाल सल्लाहकार सदस्य हुनुहुन्छ ।)

## हाम्रा सदस्य संस्थाहरू

| संस्थाहरूको नाम | कार्यरत जिल्ला |
|---|---|
| AFHA | नेपालगञ्ज |
| AWARD Nepal | बझाङ्ग |
| बाल विकास समाज | उदयपुर |
| BASE | कैलाली |
| वेस पाल्पा | पाल्पा |
| CADWC | सिन्धुली |
| CBR भक्तपुर | भक्तपुर |
| CBR ललितपुर | ललितपुर |
| बाल विकास समाज | काठमाडौं |
| चाइल्ड नेपाल | काठमाडौं |
| वाल कल्याण समाज | मकवानपुर |
| चिल्ड्रेन नेपाल | कास्की |
| कन्सर्न नेपाल | काठमाडौं |
| कोअपरेसन सोसाइटी नेपाल | नुवाकोट |
| सरोकार समाज नेपाल | कार्भे |
| सिविन, नेपाल | काठमाडौं |
| सिविस | काठमाडौं |
| देउराली समाज | तेन्हथुम |
| दूरदृष्टी विकास समाज | सुन्सरी |
| ECCA | ललितपुर |
| ECDF | तप्लेजुङ्ग |
| एभरेष्ट क्लब | दैलेख |
| FOHREN | मोरङ्ग |
| FOWEP | काभ्रे |
| गाजा युथ क्लब | बाग्लुङ्ग |
| ग्लोबल एक्सन नेपाल | काठमाडौं |
| गुडवीभ फाउण्डेसन | काठमाडौं |
| हातेमालो सञ्चार | ललितपुर |
| HRDC | जाजरकोट |
| हुकुडेक नेपाल | पाँचथर |
| Human Right Awareness Centre | रोल्पा |
| HUREC | काभ्रे |
| HURF Illam | इलाम |
| इन्द्रेणी समाज केन्द्र | पाल्पा |

| संस्थाहरूको नाम | कार्यरत जिल्ला |
|---|---|
| इन्द्रेणी सामाजिक विकास मञ्च | नवलपरासी |
| Integrated Rural Development Sosiety | गुल्मी |
| IRMC ओखलढुङ्गा | ओखलढुङ्गा |
| जागरण अभियान | सप्तरी |
| जनसेवा समाज | खोटाङ्ग |
| जनसेवा युवा क्लब | रौतहट |
| JCYCN | नवलपुर |
| कालिका विकास केन्द्र | प्युठान |
| कालिका स्वावलम्वन सामाजिक केन्द्र | कपिवस्तु |
| KRIDAC | कालिकोट |
| लु:निभा चाइल्ड कन्सर्न ग्रुप | ललितपुर |
| लुम्वीनी सामाजिक विकास केन्द्र | अर्घखाँची |
| महिला जनचेतना केन्द्र | झापा |
| MATS Nepal | संखुवासभा |
| NNSWA | कंचनपुर |
| Opportunity Village Nepal | काठमाडौं |
| पेस नेपाल | जुम्ला |
| पिस विन | बाजुरा |
| प्रयास नेपाल | धादिङ्ग |
| प्रोटेक्सन नेपाल | बारा |
| RCDC | धनुषा |
| रिलिफ नेपाल | सिन्धुली |
| SAC Nepal | सुर्खेत |
| सामुदायीक विकास मञ्च | धनकुटा |
| Social Rise Help Centre | पाल्पा |
| SODA Bhojpur | भुजपुर |
| SWAN | दाङ्ग |
| SWAN नेपाल | काठमाडौं |
| महिला आपसी सहयोग केन्द्र | लमजुङ्ग |
| YAV Nepal | भक्तपुर |
| Young Star Club | सोलुखुम्बु |
| Youth Club of Narayanghat | चितवन |
| युवालय | ललितपुर |

## प्रदेश संयोजक तथा सह-संयोजकको नामावली

| क्र. सं. | संयोजकको नाम | प्रदेश |
|---|---|---|
| १. | स्वस्तिका पोखेल | प्रदेश नं. १ |
| २. | कोपिला तिमिल्सिना | प्रदेश नं. २ |
| ३. | प्रकाश वसी | वाग्मती प्रदेश |
| ४. | दिपक शर्मा | गण्डकी प्रदेश |
| ५. | वद्री प्रसाद सुवेदी | प्रदेश ५ |
| ६. | लक्ष्मी भट्टराई | कर्णाली प्रदेश |
| ७. | जय बहादुर विश्वकर्मा | सुदूरपश्चिम प्रदेश |
| **क्र. सं.** | **सह-संयोजकको नाम** | **प्रदेश** |
| १. | रूद्र थेवे | प्रदेश नं. १ |
| २. | पुष्कर दाहाल | प्रदेश नं. ३ |

कन्सोर्टियम-नेपाल
Consortium Nepal

## सल्लाहकारहरू


नूपुर भट्टाचार्य


तारक धिताल


कृष्ण सुवेदी


उद्धवराज पौडेल


प्रकाश कोइराला

## पूर्व अध्यक्षहरू


विजयप्रकाश सैंजु


माधव प्रधान


मिलनराज धरेल



जियमबाबु श्रेष्ठ



कुमार भट्टराई



युवराज घिमिरे


सन्तराम डङ्गोल

## हाम्रा केही प्रकाशनहरू


































कन्सोर्टियम-नेपाल
Consortium Nepal

Save the Children